# नेपाली बाल शब्दकोश



3

# नेपाली बाल शब्दकोश

परीक्षण संस्करण

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानो ठिमी, भक्तपुर

पहिलो संस्करण : वि. सं. २०६६, वैशाख

परिमार्जित परीक्षण संस्करण : वि. सं. २०६६, कात्तिक

5266

©पाठ्यक्रम विकास केन्द्र, २०६६

यस शब्दकोश सम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानो ठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

## अनुरोध

यस शब्दकोशमा पाठ्यक्रम विकास केन्द्रद्वारा २०६६ असोज २९ मा आयोजित प्रकाशन सम्पादन शैलीको परिमार्जन विषयक अन्तरक्रियाबाट प्राप्त सुझावका साथै त्रि.वि., पाठ्यक्रम विकास केन्द्रका तर्फबाट अनिवार्य नेपाली स्थायी समितिबाट प्रकाशित शिक्षण निर्देशिका २०६६ तथा साझा प्रकाशनबाट २०६६ असोज अङ्कको गरिमा पत्रिकामा प्रकाशित वर्णविन्यास सम्बन्धी प्रवृत्ति समेतलाई दृष्टिगत गरी नेपाली भाषाको वर्णविन्यासको प्रयोगमा सरलीकरण गर्ने सिलसिलामा सङ्ख्यावाचक शब्द, क्षतिपूर्ति दीर्घीभवनका रूपमा स्विकारिएका शब्दहरूलाई समेत ह्रस्व गरी समावेश गरिएको र दुई दुई अक्षरसम्मका स्वरान्त पूर्वापर घटकले बनेका समस्त शब्दमात्र पदयोग गरी अरू शब्दहरूलाई पदवियोग गरिएको छ । यस प्रकारको परिवर्तनले नेपाली भाषालाई कम्प्युटर प्रविधिमा प्रयोग गर्न र अनलाइन सुविधाको उपयोग गर्न सहजता प्राप्त हुनेछ । त्यसैले उक्त मान्यतालाई आगामी दिनमा पाठ्यपुस्तकहरूमा प्रयोगमा ल्याउन शिक्षक, विद्यार्थी तथा अन्य प्रयोगकर्ता विद्वान्हरूबाट आवश्यक पृष्ठपोषणको अपेक्षा गरिएको छ । यो शब्दकोश परीक्षणका लागि परिमार्जित रूपमा प्रकाशन भएकाले प्राप्त हुने पृष्ठपोषणका आधारमा आगामी संस्करणमा थप परिमार्जन गरी प्रकाशन गरिने व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ ।

सुझाव पठाउने ठेगाना : पाठ्यक्रम विकास केन्द्र
सम्पादन तथा प्रकाशन शाखा
सानो ठिमी, भक्तपुर
इमेल: cdc@ntc.net.np

# हाम्रो भनाइ

शिक्षण सिकाइ प्रक्रियालाई व्यावहारिक, उद्देश्यमूलक र प्रभावकारी बनाउन पाठ्यक्रम, पाठ्यपुस्तकका अतिरिक्त विभिन्न प्रकारका शैक्षणिक सामग्रीहरू आवश्यक हुन्छन्। यस्ता सामग्रीहरूमा शिक्षक निर्देशिका, शिक्षण स्रोत सामग्री, सन्दर्भ सामग्री, स्वाध्ययन सामग्री आदि पर्दछन्। यस्ता शैक्षणिक सामग्रीमध्ये शब्दकोश पनि एक प्रमुख सामग्री हो।

विद्यालय तहमा शिक्षण गरिने विभिन्न विषयमध्ये भाषा शिक्षण पनि प्रमुख विषय हो। विद्यालय तहमा नेपाली, अङ्ग्रेजी विषयका साथै मातृभाषा पनि शिक्षण गर्न सकिने प्रावधान रहेको छ। नेपालको संविधानले नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिएको छ। त्यस्तै शिक्षाको माध्यमका रूपमा पनि यो भाषा प्रमुख रूपमा प्रयोग हुँदै आएको छ। नेपाली भाषा नेपालका अधिकांश मानिसहरूले बोल्ने भाषा हुनुका साथै नेपाली इतर मातृभाषी बिचको सम्पर्क भाषाका रूपमा पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। त्यसैले विद्यालय तहमा नेपाली भाषालाई अनिवार्य विषयका रूपमा शिक्षण गरिँदै आएको छ।

विद्यालय तहको पाठ्यक्रमले नेपाली विषयमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासका साथै व्यावहारिक जीवनमा आवश्यक पर्ने विभिन्न ज्ञान तथा सिपलाई माध्यम बनाएर भाषा शिक्षण गर्ने उद्देश्य लिएको छ। विद्यार्थीमा विकसित हुनुपर्ने भाषिक दक्षताको विकास गराई नेपाली भाषा शुद्धसँग बोल्न र लेख्न सक्ने बनाउने लक्ष्य नेपाली विषयको पाठ्यक्रममा राखिएकाले उक्त लक्ष्य पुरा गर्न नेपाली भाषासँग सम्बन्धित भिन्न शैक्षणिक सामग्रीहरूको प्रयोग आवश्यक हुन्छ।

नेपाल बहुभाषिक देश हो। त्यसैले हाम्रा विद्यालयका कक्षाहरूमा विभिन्न मातृभाषा भएका विद्यार्थीहरू रहेका हुन्छन्। पहिलो भाषाका रूपमा एवम् दोस्रो भाषाका रूपमा नेपाली भाषा बोल्ने बाल बालिका एउटै कक्षामा रहने हुँदा यस्तो अवस्थामा नेपाली भाषा शिक्षण गर्दा विभिन्न कठिनाइहरू उत्पन्न हुने गर्दछन्। तसर्थ पाठ्यपुस्तकमा प्रयोग हुने र दैनिक जीवनमा प्रयोगमा आउने शब्दहरूको शाब्दिक अर्थ, त्यसको शुद्ध उच्चारण र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने कार्यमा सहजता प्रदान गरी नेपाली भाषा शिक्षणको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यले यो बाल शब्दकोश तयार गरिएको हो। मूलतः कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक र पाठ्यसामग्रीमा प्रयोग गरिएका शब्दहरू सङ्कलन गरी यो शब्दकोश तयार गरिएको हो। त्यसका अतिरिक्त सन्दर्भ अनुसार प्रयोगमा आउने अन्य थप शब्दहरू प्रयोग गरी यो शब्दकोश तयार पारिएकाले प्राथमिक तहमा नेपाली भाषा विषयको उद्देश्य प्राप्तिका साथै कक्षा १ देखि ५ सम्मको नेपाली विषय र अन्य विषयको शिक्षणमा पनि यस शब्दकोशले महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यस शब्दकोशले विद्यार्थीका अतिरिक्त शिक्षक र अभिभावकलाई समेत आवश्यक सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिइएको छ। यसको प्रयोगका सम्बन्धमा सम्पादकीयमा छुट्टै उल्लेख भएकाले त्यसका आधारमा शब्दकोशको प्रयोग गर्दा सजिलो पर्ने छ।

विद्यालय तहका पाठ्यपुस्तक र पाठ्यसामग्रीमा आधारित भई तयार पारिएको यो शब्दकोश सरकारी स्तरको पहिलो प्रयास हो । त्यसैले यसमा विभिन्न कमी कमजोरी रहेका हुन सक्छन् । तसर्थ यसको प्रयोग गर्दा शिक्षक, विद्यार्थी, अभिभावक एवम् अन्य प्रयोगकर्ताबाट प्राप्त हुने सुझाव र पृष्ठपोषणका आधारमा आगामी संस्करणलाई परिमार्जन गर्ने उद्देश्य रहेकाले यो संस्करणलाई परीक्षणका रूपमा प्रकाशन गरिएको छ । त्यसैले यस शब्दकोशलाई व्यावहारिक, प्रयोगपरक र बालोपयोगी बनाउन सम्बद्ध सबैबाट आवश्यक सुझाब र पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरिएको छ । यस्ता सुझाब र पृष्ठपोषणहरू लिखित रूपमा उपलब्ध गराउने महानुभावहरूलाई उचित सम्मान गर्दै प्राप्त सुझाबका बारेमा अर्को संस्करणमा उचित स्थान दिई उल्लेख गरिने व्यहोरा सबै प्रयोक्ताहरूसमक्ष अनुरोध गरिएको छ ।

यो शब्दकोश विकास गर्ने क्रममा यस केन्द्रका कार्यकारी निर्देशक हरिबोल खनालका साथै प्रा. डा. हेमाङ्गराज अधिकारी, प्रा. डा चूडामणि बन्धु, प्रा. डा. माधव पोखरेल र प्रा. डा. केदार शर्माको विशेष सल्लाह प्राप्त भएको थियो । यसको सम्पादन मण्डलमा डा. बद्रीविशाल भट्टराई, शम्भुप्रसाद दाहाल, विष्णुप्रसाद अधिकारी, गणेशप्रसाद भट्टराई, पुरुषोत्तम घिमिरे, दुरपदा सापकोटा र लोकप्रकाश पण्डित रहनुभएको छ । शब्द सङ्कलन कार्यमा जयप्रसाद लम्साल, विष्णु घिमिरे, देवी घिमिरे, शिवराज उपाध्याय र माधव ढुङ्गेल समेतको सहयोग रहेको छ । यस शब्दकोशको लेआउट डिजाइन आर्ट पेजले गर्नुका साथै टाइप अनिता मिश्र, सुमा बनेपाली, अनिल कार्की, माधवप्रसाद तिमिल्सिना र उज्ज्वल भोमीले गर्नुभएको हो ।

यो शब्दकोश मूलत: प्राथमिक तहको नेपाली भाषा शिक्षणका सिलसिलामा प्राथमिक शिक्षा पाठ्यक्रमद्वारा अपेक्षा गरिएका व्याकरण र शब्दभण्डार सम्बन्धी उद्देश्य परिपूर्तिमा सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको हो । त्यसैले नेपाली भाषाको शुद्ध प्रयोगका साथै शब्दभण्डारको अभिवृद्धिमा सहयोग पुऱ्याउन यसको बढीभन्दा बढी प्रयोगको अभ्यास आवश्यक हुन्छ । त्यसैले यसको समुचित प्रयोग गर्ने गराउने कार्यमा सहयोग पुऱ्याइ दिनु हुन शिक्षक वर्गसँग यो केन्द्र विशेष अनुरोध गर्दछ ।

शब्दकोशका शब्द सङ्कलनका साथै यस रूपमा ल्याउने क्रममा विभिन्न शिक्षक, प्राध्यापक, विशेषज्ञ एवम् यस केन्द्रका कर्मचारीहरूको महत्त्वपूर्ण सहयोग रहेको छ । तसर्थ यो शब्दकोशलाई यस रूपमा प्रकाशन गर्न सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावलाई पाठ्यक्रम विकास केन्द्र हार्दिक आभार व्यक्त गर्दछ । साथै यसलाई अझ परिष्कृत बनाउने कार्यमा यसको विकास कार्यमा संलग्न सबै महानुभावका साथै यसका प्रयोग कर्ता शिक्षक, विद्यार्थी, अभिभावक एवम् शिक्षासँग सम्बन्धित अन्य सबै बुद्धिजीवी एवम् सरोकार राख्नेहरूबाट रचनात्मक सुझाब प्राप्त हुने अपेक्षा गरिएको छ ।

२०६६, वैशाख

शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानो ठिमी, भक्तपुर

## सम्पादकीय

भाषाको सबभन्दा सानो अर्थयुक्त एकाइ शब्द हो । बाल बालिकाले परिवारका मानिसहरूले बोलेको सुनेर त्यसकै अनुकरण गरी शब्दको उच्चारण गर्दछन् । सुनेका शब्दले बुझाउने वस्तु देखाएर अभिभावकले उनीहरूको मस्तिष्कमा अर्थ भरिदिन्छन् । यसरी बाल बालिकाको मस्तिष्कमा शब्द र त्यसको अर्थ अङ्कित हुँदै जान्छ । बा, आमा, पापा, चाचा जस्ता बालबोलीका शब्दका साथै आफूले प्रयोग गर्ने, खेलाउने वस्तु एवम् शारीरिक अङ्गहरूका नामबाट बाल बालिकाको शब्दभण्डार क्रमश: विकसित हुन्छ । त्यसैले भाषा सिकाइको प्रारम्भ शब्दबाट हुन्छ । मातृभाषामा मात्र नभई दोस्रो भाषा सिकाइका सन्दर्भमा पनि वर्ण पछिको भाषा सिक्ने खुड्किलो नै शब्द हो । समाज, परिवेश र घटनाबाट मस्तिष्कमा शब्दहरू थपिँदै बनेको बाल शब्दभण्डारका शब्दको अर्थपूर्ण सूचना बालबालिकाले क्रमश: सामाजिक व्यवहारबाट बुझ्छन् र त्रुटि निराकरण गर्दै जान्छन् । शब्दको ठोस अर्थ (Concrete Meaning) बुझ्न त्यति गाह्रो हुँदैन तर अमूर्त अर्थ (Abstract Meaning) बुझ्न अलि गाऱ्हो पर्छ । शब्दकोशमा शब्दभण्डारमा रहेका त्यस्ता ठोस वा मूर्त र अमूर्त अर्थ दिने सबै खालका शब्दहरू वर्णानुक्रममा व्यवस्थित गरी तिनको अर्थ र अन्य सूचनाहरू दिइएको हुन्छ । प्रस्तुत शब्दकोश पनि यसरी नै शब्द सङ्कलन, वर्णानुक्रमिक व्यवस्थापन र सूचनाको प्रस्तुति युक्त छ । तसर्थ कोश सम्पादनको सिलसिलामा अँगालेको पद्धति, सीमा, उपयोगिता र लक्षित समूहबारे सङ्क्षिप्त चर्चा तल प्रस्तुत गरिएको छ ।

### शब्द सङ्कलन

प्रस्तुत शब्दकोश प्राथमिक तह (पाँच कक्षासम्म) का बाल बालिकालाई लक्षित समुदाय बनाएर तयार गरिएको हुनाले यसमा तिनको शब्दभण्डारमा हुने र प्राथमिक तहका पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू सङ्कलन गरिएको छ । यसमा मूर्त अर्थ भएका शब्द मात्र नभई वाक्यमा प्रयोग हुँदा शब्दसँग जोडिने विभक्तिहरू पनि रहेका छन् । शब्द सङ्कलन गर्दा खास गरी नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित प्राथमिक तहका पुस्तकका साथै केन्द्रको पाठ्यक्रममा आधारित भई अन्य क्षेत्रबाट प्रकाशित पाठ्यसामग्रीबाट पनि केही मात्रामा शब्द सङ्कलन गरिएको छ ।

### शब्दहरूको व्यवस्थापन

सङ्कलन गरेका शब्द वर्णानुक्रममा सूचीकरण गरिएको छ । वर्णानुक्रममा सूचीकरण गर्दा लेख्य वर्ण र मात्राको क्रम अँगालिएको छ । तिनमा क्रमश: चन्द्रविन्दु, शिरोविन्दु र विसर्ग लागेका तर मात्राहीन शब्द पहिले दिई तत्पश्चात् मात्रायुक्त शब्दहरू सूचीकृत छन् । व्यञ्जनमा प्रयोगमा आउने ऋ दीर्घ ऊ र ए को बीचमा पर्ने हुनाले त्यसलाई सोही क्रममा राखिएको छ । क्ष, त्र, ज्ञ वर्ण हुने शब्द क्रमश: क, त र ज वर्णका शब्द भएको ठाउँमा राखिएको छ । त्यस्तै अन्य संयुक्त व्यञ्जन (उदा. क्य, क्र, क्ल, क्व आदि) भएका शब्द पनि तिनको क्रममा राखी मात्राको क्रमानुसार व्यवस्थित गरिएको छ । यसबारे शब्दकोश प्रयोग विधि बारेमा दिएको खोलुवामा अझ स्पष्ट पारिएको छ ।

### शब्दको सूचना

शब्दले दिने मुख्य सूचना अर्थ हो । यस शब्दकोशमा पनि शब्द र त्यसको अर्थ मुख्य रूपमा दिइएको छ । अर्थ दिँदा एकभन्दा बढी अर्थ भएमा १, २, ३ गरी क्रमश: फरक अर्थ दिइएको छ । अर्थ सकेसम्म सरल भाषामा दिइएको छ तर कतिपय अमूर्त अर्थयुक्त शब्दको अर्थ जटिल हुने भएकाले त्यस्ता शब्दको अर्थ उदाहरण वाक्यात्मक प्रयोगद्वारा बुझाउने प्रयास गरिएको छ ।

एकातिर शब्दकोशले दिने मुख्य सूचना अर्थ हो भने अर्कातिर उच्चारण, व्याकरण सम्बन्धी सूचनाहरू पनि हुन् । त्यसैले यस्ता सूचना पनि शब्दकोशमा दिइन्छ । शब्दकोशको प्रकार, आकार र प्रयोजन अनुसार सूचनाहरू अनेक हुन सक्छन् । यो बाल शब्दकोश भएकाले र परीक्षणका लागि प्रकाशन गरिएकाले पठनपाठनमा संलग्न शिक्षक र विद्यार्थीहरूबाट आउने सुझावका आधारमा अर्को संस्करणमा अरू परिमार्जन र प्रबर्धन गर्ने सोच राखिएको छ । हाल यसमा शब्दको उच्चारण दिइएको छ । वैकल्पिक उच्चारण चिह्न भित्र दिइएको छ । उच्चारणपछि शब्दको अर्थलाई केन्द्रविन्दु बनाएर शब्दवर्गका सूचना (नाम, सर्वनाम, विशेषण आदि) संक्षिप्त रूपमा दिइएको छ । त्यसपछि मात्र अर्थ दिइएको छ ।

## वर्णविन्यास

शब्दकोशको प्रयोग वर्णविन्यास सम्बन्धी सूचनाका लागि पनि हो । सूचीकृत शब्दको वर्णविन्यास हेरेर शब्दकोशबाट यस सम्बन्धी सूचना लिइन्छ । संस्कृत तत्सम शब्दको वर्णविन्यास संस्कृत नियमानुसार नै हुने स्थापित प्रचलनलाई यस शब्दकोशमा पनि अँगालिएको छ । तद्भव र आगन्तुक शब्दको वर्णविन्यासमा प्रकाशक संस्था पाठ्यक्रम विकास केन्द्रद्वारा स्वीकृत प्रकाशन सम्पादन शैली (२०६३) मा स्थापित मान्यतासँगै पाठ्यक्रम विकास केन्द्रद्वारा २०६६ असोज २९ मा आयोजित प्रकाश सम्पादन शैलीको परिमार्जन विषयक अन्तरक्रियाबाट प्राप्त सुझावलाई समेत समावेश गरी सङ्ख्यावाचक शब्द, क्षतिपूर्ति दीर्घीभवनका रूपमा स्विकारिएका शब्दलाई समेत ह्रस्व गरी समावेश गरिएको छ । साथै दुई दुई अक्षरसम्मका स्वरान्त पूर्वापर घटकले बनेका समस्त शब्द मात्र पदयोग गरी अरूलाई पदवियोग गरिएको छ । शब्दकोश परीक्षणका रूपमा प्रकाशन गर्न लागेकाले देशव्यापी सुझाव र अन्य शैक्षिक संस्थाहरू (दस जोड दुई, विश्व विद्यालय) को प्रयोग र मान्यताका साथै वैज्ञानिकता, सरलता, एकरूपता र मानकीकरणका निम्ति स्वीकार्य आधार खोजी आगामी संस्करणमा निष्कर्षमा पुग्ने अठोट लिइएको छ ।

नेपाली भाषामा शब्दकोश त्यति छैनन् । जे जति प्रकाशित छन् तिनमा पनि प्रकारगत विविधता छैन । स्तरण र छनोटविना केही शब्दकोश प्रकाशित छन् । सन्दर्भ ग्रन्थका रूपमा प्रयोग गर्न सकिने वृहत् आकारका र बहुसूचनात्मक त्यस्ता शब्दकोश उच्च शिक्षाका शिक्षार्थीका निम्ति उपयोगी हुने भए पनि तल्लो कक्षाका र विशेषत: प्राथमिक तहका विद्यार्थीका लागि उपयोगी हुने छरिता शब्दकोश नभएको अवस्थामा यो शब्दकोश प्रकाशन भएको छ । हाम्रो जस्तो देशमा एउटै कक्षामा विभिन्न मातृभाषी विद्यार्थी हुने भएकाले यस शब्दकोशको प्रयोगले नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । पठनपाठनमा संलग्न शिक्षक वर्गले मूलत: शब्दको उच्चारण, वर्णविन्यास र अर्थ सम्बन्धी सूचनाहरू स्वयम् विद्यार्थीलाई कोशमा खोज्न उत्प्रेरित गरी भाषा सिकाइमा शब्दकोशको सही रूपमा उपयोग गर्न अग्रसर गराउनु हुने छ भन्ने आशा गरिएको छ ।

## शब्दकोश कसरी प्रयोग गर्ने ?

विद्यार्थी भाइ बहिनीहरू, यो शब्दकोश तिमीहरूका निम्ति तयार गरिएको हो । आफूले नजानेको शब्दका अर्थ र अन्य सूचना थाहा पाउन यो शब्दकोश प्रयोग गर्नुपर्छ । यो सानो छ । तिमीहरूको पुस्तकमा भएका शब्द र तिनको अर्थ यसमा दिइएको छ । त्यति मात्र होइन त्यो शब्द नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, संयोजक, विस्मयादि बोधक वा निपात के हो ? त्यसको चिनारी पनि यस शब्दकोशमा रहेको छ । केही शब्दको अर्थ प्रस्ट पार्न वाक्यमा प्रयोग पनि गरिएको छ । त्यसैले यो शब्दकोश धेरै उपयोगी हुनेछ । तर शब्दकोशमा शब्द खोज्ने तरिका तिमीहरूले थाहा पाउनुपर्छ, नत्र शब्द भेट्न सकिँदैन । शब्द खोज्न सजिलो होस् भनेर गाढा अक्षरमा शब्द दिइएको छ । यस शब्दकोशमा शब्दको वर्णानुक्रम यस प्रकार छ :

(क) स्वरवर्ण : अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ

(ख) व्यञ्जन वर्ण : क ख ग घ ङ
च छ ज झ
ट ठ ड ढ
त थ द ध न
प फ ब भ म
य र ल व
श ष स ह

भाइ बहिनीहरू, तिमीहरू अं, अः, ञ, ण, क्ष, त्र, ज्ञ वर्ण किन आएनन् भनेर छक्क पर्छौ होला । शब्दकोशमा चन्द्रविन्दु ( ँ), शिरोविन्दु ( ं) र दबासविन्दु वा विसर्ग ( : ) लागेका शब्द हरेक वर्णको शब्द सूचीमा पहिले दिइएको हुन्छ, अनि मात्र मात्रा नलागेका र लागेका शब्दहरू क्रमशः दिइएका हुन्छन् । नेपालीमा ञ तथा ण वर्णबाट सुरु भएका शब्द छैनन्, त्यसैले ती वर्ण यस वर्णानुक्रममा नराखेको हो ।

क्ष, त्र, ज्ञ, किन छुट्टै नराखेको होला भन्ने तिमीहरूलाई लाग्न सक्छ । वास्तवमा यिनीहरू एकभन्दा बढी वर्ण मिलेर बनेका संयुक्त वर्ण हुन् । 'क' वर्णभित्र 'क्ष' का शब्द हुन्छन् । 'त' वर्णभित्र 'त्र' का शब्द हुन्छन् । त्यस्तै 'ज' वर्णभित्र 'ज्ञ' का शब्द हुन्छन् । क + ष मिलेर क्ष, त + र मिलेर त्र र ज + ञ मिलेर ज्ञ वर्ण बन्ने भएकाले क्ष, त्र, ज्ञ वर्णबाट बनेका शब्दहरूलाई क्रमशः क, त तथा ज वर्ण भएका शब्दका क्रममा शब्दकोशमा राखिएको छ ।

वर्णमा मात्राहरू लाग्छन् । त्यसैले मात्रा लागेका शब्दहरू क्रमशः खोज्नुपर्छ । जस्तै : कलम, काम, किताब, कुचो इत्यादि । कृपा, गृह, घृणा जस्ता शब्द दीर्घ 'ऊ' पछि राखिएका हुन्छन् । यो पनि थाहा पाई राख्नुपर्छ ।

नेपालीमा 'व' भएका कतिपय शब्दको उच्चारण 'ब' पनि हुन्छ । जस्तै : वन, वायु, विकास आदि । त्यस्तै 'व' नै उच्चारण हुने शब्द पनि छन्, जस्तै : वर, वरिपरि, वारिपारि इत्यादि । त्यसैले यस्ता शब्दलाई व र ब दुवैतिर खोज्नु पर्ने पनि हुन्छ । श, ष, स को उच्चारण पनि एउटै हुन्छ । तर लेख्दा भिन्नाभिन्नै "स" हुने शब्द पनि छन्, जस्तै :

(क) 'श' हुने : शक्ति, शङ्ख, शत्रु

(ख) 'ष' हुने : षट्कोण

(ग) 'स' हुने : सँगालो, सगरमाथा इत्यादि ।

उच्चारण उस्तै हुने भएकाले यी शब्द सुनेको भरमा शब्दकोशमा खोज्दा भेट्न गाऱ्हो हुन सक्छ । त्यसैले कुन 'स' मा लेखिएको छ भन्ने पक्का गरेर वा गुरुसँग सोधेर खोज्नुपर्छ । अथवा 'श' मा नपाए 'ष, स' मा खोज्नुपर्छ । य, र, ल, व सँग अर्को वर्ण जोडिएर शब्दहरू बनेका हुन्छन् । जस्तै : क्यान्सर, ऱ्याल, प्रजातन्त्र, व्लक, प्वाल इत्यादि । तिनमा मात्राहरू लाग्छन् । यस्ता शब्द पनि वर्ण र मात्राको क्रम विचार गरेर खोज्नुपर्छ ।

शब्दकोशमा संक्षिप्त रूपहरू पनि छन् । तिनलाई थोप्लो दिएर राखिएको छ, जस्तै : ना. = नाम, सर्व. = सर्वनाम इत्यादि । संक्षिप्त रूपबारे थाहा पाउन यस शब्दकोशको संक्षिप्त रूपको सूची हेर्नुपर्छ ।

भाइबहिनीहरू, यो शब्दकोश तिमीहरूलाई नेपाली शब्द र तिनको अर्थ थाहा पाउन प्रकाशित गरिएको हो । यसको प्रयोग गर्न जानिएन भने गुरु, गुरुआमाको सहयोग लिनुपर्छ । उहाँहरूले तिमीहरूलाई सिकाई दिनुहुन्छ । त्यसपछि आफैँ शब्दकोश प्रयोग गर्नुपर्छ ।

**शब्दकोशमा प्रयोग भएका संक्षिप्त रूपहरू**

| | |
|---|---|
| अव्य. | अव्यय |
| उदा. | उदाहरण |
| कोक. | कोटिकर |
| क्रि. | क्रिया |
| क्रियो. | क्रियायोगी |
| नायो. | नामयोगी |
| नि. | निपात |
| प्रत्य. | प्रत्यय |
| बाबो. | बालबोली |
| वि. | विशेषण |
| विबो. | विस्मयादि बोधक |
| विप. | विपरीतार्थ |
| विभ. | विभक्ति |
| सर्व. | सर्वनाम |
| संयो. | संयोजक |
| हे. | हेर्नुहोस् |

# अ

अंश-/अम्स, अङ्स/ना. १. भाग, हिस्सा, खण्ड, टुक्रा । २. जायजेथाको भागबन्डा । (उदा. मेरो अंशमा घर पर्‍यो ।)

अँगालो-/अँगालो/ ना.१. दुवै हातले कसैलाई माया गर्दै जिउमा फेरो हाल्ने काम, अङ्कमाल । २. दुई हात फैलाउँदा अटाउने वस्तु । (उदा. एक अँगालो घाँस, एक अँगालो दाउरा)

अँगाल्नु-/अँगाल्नु/ क्रि. अँगालो हाल्नु, हातले कसैको जिउमा फेरो मार्नु ।

अँगेनु-/अँगेनु/ना. हे. अगेनो ।

अँध्यारो-/अँध्यारो/ ना. अन्धकार, अँध्यारो वि. उज्यालो नभएको, मलिन ।


अहँ-/अहँ/ विबो. कुनै कुरा अस्वीकार गर्दा भनिने शब्द, होइन, छैन । (उदा. तिमीले भात खायौ ? अहँ ! खाएको छैन ।)

अकस्मात्-/अकस्मात्/क्रियो. अचानक, एकाएक, एक्कासि । (उदा. अकस्मात् बम पट्केको आबाज आयो ।)

अकाल-/अकाल्/ ना. असमय, कुवेला ।

अकास-/अकास्/ना. हे. आकाश ।

अक्टोपस-/अक्टोपस्/ना. लहरा झैँ फैलिएका आठ खुट्टा हुने समुद्रमा पाइने एक प्रकारको जन्तु ।



अक्ष-/अक्छ्य/ना. पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवका विन्दु जोड्ने काल्पनिक रेखा ।

अक्षर-/अच्छ्यर्, अक्छ्यर्/ ना. १. एक पटकमा उच्चारण हुने वर्ण वा वर्ण समूह । २. अ, आ, क, ख आदि वर्ण ।

अक्सिजन-/अक्सिजन्/ना. जीवजन्तु वा वनस्पतिलाई नभई नहुने वायु, प्राणवायु ।

अखबार-/अखबार्/ना. समाचार छापिएको पत्रिका, समाचार पत्र ।

अगाडि-/अगाडि/ क्रियो. सामुन्ने, सम्मुख, अगि । (ऊ मेरो अगाडि आयो ।)

अगि-/अगि/क्रियो. सामु, अगाडि, अघि ।

अगिल्लो-/अगिल्लो/ वि. अगि रहेको, अगाडिको । (घरको अगिल्लो भाग आकर्षक छ ।)

अगिसरा-/अगिसरा/ वि. हे. अगुवा ।

अगुवा-/अगुवा/ वि. कुनै काम गर्न अगि सर्ने वा तत्पर हुने, बाटो देखाउने ।

अगुल्टो-/अगुल्टो/ना. आगो भएको वा आगो बल्दै गरेको दाउरो ।

अग्लाइ-/अग्लाइ/ ना. अग्लोपन, उचाइ ।

अग्नि-/अग्नि/ ना. हे. आगो ।

अगेनो-/अगेनो/ ना. घरभित्र आगो बाल्नका लागि बनाइएको सानो खाल्टो, आगो बाल्ने ठाउँ, अँगेनु ।

अग्रणी-/अग्ग्रणि/ वि. हे. अग्रसर ।

अग्रसर-/अग्ग्रसर्/वि. कुनै काममा अगि बढ्ने, अगुवा, अगिसरा, अग्रणी ।

अग्लो-/अग्ग्लो/ वि. उँभो बढेको, उचो, उच्च । विप. होचो ।

अघाडि-/अघाडि/ क्रियो. हे. अगाडि ।

अघि-/अघि/ क्रियो. हे. अगि ।

अघिल्लो-/अघिल्लो/वि. हे. अगिल्लो ।

अङ्क-/अङ्क/ना. १. गन्तीमा प्रयोग हुने चिन्न । २. परीक्षा आदिमा पाएको नम्बर । (उदा. उसले जाँचमा ९० प्रतिशत अङ्क ल्याएछ ।)

अङ्कमाल-/अङ्कमाल्/ना. हे. अँगालो ।

अङ्कुस-/अङ्कुस्/ना.१.हे.अङ्कुसे । २. कसैलाई कुनै खराब कामबाट रोक्ने उपाय, नियन्त्रण ।

अङ्कुसे-/अङ्कुसे/ना.कुनै वस्तुलाई अल्झाएर तान्ने बाङ्गो लट्ठी, छाताको लट्ठीको समाउने ठाउँ झैं घुम्रेको लट्ठी । (उदा. उसले अङ्कुसेले तानेर फूल टिप्यो ।)

अङ्ग-/अङ्ग/ ना. शरीरको कुनै भाग । (उदा. मुटु प्राणीको अत्यन्त महत्त्वपूर्ण अङ्ग हो ।)

अङ्गुर- अङ्गुर/ना. लहरामा फल्ने एक प्रकारको स्वादिष्ट फल ।

अचाक्ली- /अचाक्लि/ क्रियो. अति नै बढी, असाध्य, ज्यादै ।

अचानक-/अचानक्/ क्रियो. अकस्मात्, एक्कासि, एकाएक ।

अचार-/अचार्/ना. १. नुन, खुर्सानी, अमिलो आदि हालेर मोलमाल पारी बनाइएको स्वादिष्ट खानेकुरा । गोलभैंडाको अचार मिठो भएछ । वि. २. किचिएको, थिचिएको । (उदा. मोटरले किचेर कुखुराको चल्लोलाई अचार पारेछ ।)

अचेत-/अचेत्/वि. चेत नभएको, होस नभएको, बेहोस । (उदा. अचेत अवस्थामा बिरामी करायो ।)

अचेल-/अचेल्/क्रियो. हिजोआज, हाल ।

अजङ्ग-/अजङ्ग/ वि. १. धेरै ठुलो, विशाल (उदा. अजङ्ग पहाड) । २. भयङ्कर, डर लाग्दो । (उदा. अजङ्ग ओडार)

अजम्मरी-/अजम्मरि/ ना. कहिल्यै बुढो नहुने र कहिल्यै नमर्ने अवस्था/ वि. कहिल्यै बुढो नहुने तथा नमर्ने । (उदा. कुनै प्राणी पनि अजम्मरी छैनन् ।)

अज्ञात-/अग्ग्याँत्/ वि. थाहा नभएको, नजानेको, नबुझेको ।

अज्ञान-/अग्ग्याँन्/ना. ज्ञान नभएको स्थिति, अनजान अवस्था । (उदा. अज्ञान हटाउन शिक्षा चाहिन्छ ।)

अज्ञानता-/अग्ग्याँन्ता/ना. ज्ञान नभएको अवस्था, मूर्खता ।

अज्ञानी-/अग्ग्याँनि/वि. ज्ञान नजान्ने, अबोध ।

अझ-/अझ/ क्रियो. अरू बढी, झन् ज्यादा (उदा. अझ अगाडि बढिस् भने पिटाइ खान्छस् ।)

अटाउनु-/अटाउनु/क्रि. अट्न सक्ने हुनु; अट्नु, समेटिनु ।

अटुट-/अटुट्/ वि. नटुटीकन भइरहने, निरन्तर, अखण्डित, अविच्छिन्न । (उदा. अटुट उपचार गरेमा क्षयरोग निको हुन्छ ।)

अट्नु-/अट्नु/ क्रि. कुनै भाँडो, ठाउँ आदिमा स .न मान्छे आदि रहनु, अटाउनु, समेटिनु । (उदा. त्यस बसमा ३५ जना मान्छे मात्र अट्छन् । मेरो झोलामा १० ओटा किताब अट्छन् ।)

अटेरी-/अटेरि/वि. भनेको नमान्ने, भनेको नटेर्ने ।

अठोट-/अठोट्/ना. कुनै कामको निश्चय, पक्कापक्की, ठहर । (उदा. उसले आजदेखि विद्यालय जाने अठोट गऱ्यो ।)

अडकल-/अड्कल्/ना. कुनै काम वा वस्तु यति वा उति छ भनी गरिने अन्दाज, अनुमान ।

अडिनु -/अडिनु/ क्रि. कुनै वस्तु केही छिन रहनु, स्थिर हुनु, अड्नु, थामिनु, रोकिनु । (उदा. गुड्दै गरेको भकुन्डो छेउमा गएर अडियो ।)

अडेस-/अडेस्/ना. हे. अडेसो ।

अडेसो-/अडेसो/ना. अड्याउने वा आड दिने कुनै वस्तु, अडेस, आधार, आड, भर ।

अड्डा-/अड्डा/ना. १ कार्यालय, अफिस, अदालत । २. अखडा, केन्द्र । (उदा. गफीहरूको अड्डा)

अड्याउनु-/अड्याउनु/क्रि. कुनै वस्तुमा अर्को वस्तु टेकाएर वा अल्झाएर राख्नु । अडेसो लगाउनु, टिकाउनु ।

अतालिनु-/अतालिनु/क्रि. आत्तिनु, हडबडाउनु, घबराउनु । (उदा. परीक्षामा ऊ धेरै अतालिन्छ ।)

अत्तोपत्तो-/अत्तोपत्तो/ना. ठाउँ, ठेगाना, सुरसार, सुइँको, भेउ, सङ्केत । (उदा. भिडमा को कहाँ छ भन्ने अत्तोपत्तो भएन ।)

अत्यन्त-/अत्त्यन्त/क्रियो. ज्यादै, साह्रै, धेरै (उदा. अत्यन्त राम्रो, अत्यन्त सुन्दर ।)

अत्याचार-/अत्त्याचार्/ना. नियम कानुन नटेरी गरिने खराब काम, ज्यादती, दुराचार, थिचोमिचो, उपद्रो, अचाक्ली ।

अत्याधुनिक-/अत्त्याधुनिक्/वि.ज्यादै आधुनिक, अत्यन्त नयाँ । (उदा. अत्याधुनिक विमान, अत्याधुनिक कम्प्युटर)

अथवा-/अथबा/संयो. शब्द, वाक्य आदि जोड्ने शब्द, वा, या । (उदा. किताब अथवा कापीमा कोर्ने बानी राम्रो होइन ।)

अदब- अदब्/ना. आफूभन्दा ठुलाबडाप्रति गरिने आदर, मर्यादा, शिष्टाचार, अनुशासन । (उदा. उसले हाकिमसँग अदबसाथ कुरा गऱ्यो ।)

अदम्य-/अदम्म्य/वि. दमन गर्न वा तह लगाउन नसकिने । (उदा. अदम्य साहस, अदम्य उत्साह)

अदलबदल-/अदल्बदल्/ना. वस्तु, ठाउँ आदिको हेरफेर, फेरबदल ।

अदालत-/अदालत्/ना. मुद्दा मामिला हेर्ने वा न्याय दिने अड्डा, न्यायालय । (उदा. उसले अदालतमा मुद्दा हालेछ ।)

अदुवा-/अदुवा/ना. तरकारी, अचार आदिमा पिसेर मसलाका रूपमा हालिने एक प्रकारको कन्द वा त्यसको बोट । (उदा. अदुवा हालेको तरकारी स्वादिलो हुन्छ ।)

अदृश्य-/अद्रिस्स्य/वि. बाहिर नदेखिने, लुकेको, अज्ञात, रहस्यमय ।

अधबैसे-/अध्बैँसे/वि. आधा बैँस बितेको, बैँस ढल्केको, प्रौढ । (उदा. अधबैसे मान्छे)

अधिक-/अधिक्/वि. धेरै, ज्यादा, बढी ।

अधिक कोण-/अधिक् कोण्/ना. समकोणभन्दा ठूलो र बृहत् कोणभन्दा सानो कोण ।

अधिकार-/अधिकार्/ ना. कुनै वस्तु वा सम्पत्तिमा हुने व्यक्तिको स्वामित्व, हक । (उदा. पढ्न पाउनु बाल अधिकार हो ।)

अधिकृत-/अधिक्रित् /ना. सरकारी कार्यालय वा अड्डाको कुनै शाखाको हाकिम ।

अधिराज्य-/अधिराज्ज्य/ना. शासन व्यवस्थामा राष्ट्र प्रमुख राजा भएको देश । (उदा. संयुक्त अधिराज्य)

अधीन-/अधिन्/ना. कसैको वशमा रहेको स्थिति, मातहत, अन्तर्गत । (उदा. ऊ मेरो अधीनमा छैन ।)

अध्यक्ष-/अद्ध्यक्छ्य, अद्ध्यच्छ्य/ना. कुनै संस्था, समिति, सभा आदिको प्रमुख व्यक्ति, सभापति । (उदा. अध्यक्षले कार्यक्रम सुरु गरे ।)

अध्ययन-/अद्ध्ययन्/ना. पढ्ने काम, पढाइ । (उदा. राम अध्ययनमा रुचि राख्छ ।)

अध्यापक-/अद्ध्यापक्/ना. पढाउने व्यक्ति, शिक्षक, गुरु ।

अध्यापन्-/अद्ध्यापन/ना. पढाउने काम, शिक्षण ।

अनगिन्ती-/अनगिन्ति/वि. गन्ती गर्न नसकिने, असङ्ख्य । (उदा. अनगिन्ती ताराले आकाश सुन्दर देखियो ।)

अनजान-/अन्जान्/वि.१. केही पनि नजान्ने, कुनै कुराको ज्ञान नभएको, अबोध । (उदा. अनजान बालक)

अनन्त-/अनन्त/वि. अन्त नहुने, सीमा नभएको, असीमित ।

अनपढ-/अन्पढ्/वि. नपढेको, पढ्न लेख्न नजान्ने, अशिक्षित । (उदा. अनपढ मानिस)

अनमेल-/अनमेल्/वि. अमिल्दो, नमिलेको । (उदा. अनमेल विवाह, अनमेल जोडी)

अनमोल-/अनमोल्/वि. धेरै मोल पर्ने, अमूल्य, बढी मूल्य पर्ने, ज्यादै महँगो । (उदा. विद्या अनमोल सम्पत्ति हो ।)

अनाथ-/अनाथ्/ वि. आमा बाबु वा आफन्त ...एको, सहारा विनाको, बेसहारा, असहाय । (उदा. अनाथ बालबालिका ।)

अनादर-/अनादर्/ ना. आदर नगरेको स्थिति, अपहेलना, हेला, बेवास्ता, उपेक्षा । विप. आदर । (उदा. उसले गुरुको अनादर गऱ्यो ।)

अनादि-/अनादि/ वि. आदि वा सुरु थाहा नभएको, उत्पत्ति पत्ता नलागेको, परापूर्व कालको ।

अनार-/अनार्/ ना. दारिम जस्तो आकारको दाना फल्ने गुलियो रसदार स-साना गेडा हुने फल, बेदाना । (उदा. उसले बिरामीलाई अनारको रस खुवायो ।)

अनावश्यक-/अनाबस्स्यक/वि. आवश्यक नभएको, नचाहिने ।

अनाहक-/अनाहक्/क्रियो. विनाकारण, व्यर्थमा । (उदा. उसले अनाहकमा दुःख पायो ।)

अनि-/अनि/ संयो. शब्द, पदावली वा वाक्यलाई जोड्ने शब्द । (उदा. मैले बजारमा अङ्गुर, अनार अनि केरा किनें ।)

अनिकाल-/अनिकाल्/ ना. अन्नको अभावले हुने हाहाकार, खाद्यान्नको अभाव, अकाल ।

अनियन्त्रित-/अनियन्त्रित्/ वि. नियन्त्रण नभएको, काबुमा नरहेको, बेरोकटोक । (उदा. अनियन्त्रित भएको कालो मोटर दुर्घटना भएछ ।)

अनियमित-/अनियमित्/ वि. नियमअनुसार नभएको, नियम विपरीत ।

अनिश्चित-/अनिस्चित्/ वि. निश्चित नभएको, निर्णय नभएको, टुङ्गो नभएको । (उदा. अनिश्चित कालका लागि चक्काजाम । विद्यालय अनिश्चित कालका लागि बन्द गरिएको छ ।)

अनुकरण-/अनुकरण्/ ना. कसैको नक्कल, कसैको अनुसरण, सिको, देखासिकी । (उदा. उसले गुरुको अनुकरण गरेर कविता सुनायो ।)

अनुगृहीत-/अनुग्रिहित्/ वि. कसैको अनुग्रह पाएको, दया माया पाएको ।

अनुग्रह- अनुग्रह/ ना. दया, माया, कृपा ।

अनुचित-/अनुचित्/वि. उचित नभएको, अनुपयुक्त, गलत, खराब ।

अनुच्छेद-/अनुच्छेद्/ ना. कथा, निबन्ध आदिको एक टुक्रा गद्य खण्ड, प्याराग्राफ । (उदा. निबन्ध कम्तीमा तीन अनुच्छेदमा लेख्नुपर्छ ।)

अनुपयुक्त-/अनुपयुक्त्/ वि. उपयुक्त नभएको, नसुहाउँदो, बेठिक, अनुचित, गलत । (उदा. अनुपयुक्त ठाउँ)

अनुपात-/अनुपात्/ ना. कुनै वस्तुको मात्रा वा परिमाण । (उदा. दुध, चिनी, पानी र चियापत्तीको अनुपात मिलेमा मात्र चिया मिठो हुन्छ ।)

अनुभव-/अनुभब्/ ना. भोगेर, देखेर वा जानेर पाएको ज्ञान, भोगेर बुझेको कुरा । (उदा. अनुभव गरेर पाइने ज्ञान दिगो हुन्छ ।)

अनुमति-/अनुमति/ ना. कुनै काम गर्न दिइने स्वीकृति, मन्जुरी, आज्ञा, आदेश (उदा. अनुमतिविना प्रवेश निषेध छ ।)

अनुमान-/अनुमान्/ ना. कुनै कुरा यति वा उति भनी गरिने अडकल, अन्दाज । (उदा. रामले यस पटकको परीक्षामा ८०% नम्बर आउने अनुमान गरेको छ ।)

अनुरोध-/अनुरोध्/ ना. कसैलाई कुनै कामका निम्ति गरिने आग्रह, बिन्ती । (उदा. एक दिनको बिदा मिलाइ दिनु हुन अनुरोध गर्दछु ।)

अनुशासन-/अनुसासन्/ ना. तोकिए अनुसार गरिने व्यवहार, राम्रो आचरण, अदब । (उदा. विद्यार्थीहरूले स्कुलको अनुशासन मान्नु पर्छ ।)

अनुशासित-/अनुसासित्/वि. अनुशासनमा रहेको, नियममा रहेको । (उदा. ऊ निकै अनुशासित छ ।)

अनुसन्धान-/अनुसन्धान्/ ना. कुनै कुराको खोज, छानबिन, जाँच । (उदा. लामो अनुसन्धानपछि अपराधी पत्ता लाग्यो ।)

अनुसार-/अनुसार्/ नायो. बमोजिम, माफिक, मुताबिक । (उदा. मैले भने अनुसार काम गर ।)

अनुहार-/अनुहार्/ ना. मुख, चेहरा । (उदा. उसको अनुहार हँसिलो छ ।)

अनैतिक-/अनैतिक्/ वि. नैतिकता नभएको, असल आचरणविनाको, खराब बानी भएको । (उदा. अनैतिक व्यक्ति, अनैतिक क्रियाकलाप)

अनौ-/अनौ/ ना. खेत, बारी आदि जोत्दा हलो अड्याउन र थिच्न हलीले समाउने अङ्कुसे परेको साधन ।

अनौठो-/अनौठो/ वि. अचम्म लाग्ने, उदेक लाग्दो, आश्चर्य हुने, विचित्र । (उदा. अनौठो चालचलन, अनौठो मान्छे)

अञ्चल-/अन्चल्/ ना. जिल्लाभन्दा ठूलो र विकास क्षेत्रभन्दा सानो प्रशासनको क्षेत्र ।

(उदा. नेपालमा चौध अञ्चल र पचहत्तर जिल्ला छन् ।)

अन्जान-/अन्जान्/ वि. हे. अनजान ।

अन्टार्कटिका-/अन्टार्क्टिका/ ना. पृथ्वीको उत्तरी ध्रुव प्रवेशमा अवस्थित महादेश । (उदा. अन्टार्कटिका सधैँ हिउँले ढाकिएको हुन्छ ।)

अन्डा-/अन्डा/ ना. कुखुरा, हाँस, परेवा आदिको भ्रूण जसबाट बच्चा कोरलिन्छ, फुल, डिम्बा ।

अन्त[१]-/अन्त/ क्रियो. अन्य ठाउँमा, अरूतिर, अन्यत्र । (उदा. आज म अन्त जान्न, घरमै बस्छु ।)

अन्त[२]-/अन  ा. कुनै काम, कुराको समाप्ति, अन्त्य । (उदा. समारोह अन्त हुन लाग्दा हल्लाखल्ला भयो ।)

अन्त्य-/अन्त्य/ ना. १. समाप्ति, अन्त । २. मृत्यु, देहावसान ।

अन्तर-/अन्तर्/ ना. दुई वा सोभन्दा बढी वस्तुका बिच हुने भिन्नता, फरक वा भेद ।

अन्तरराष्ट्रिय-/अन्तर्रास्टिय/ वि. दुई वा दुईभन्दा बढी राष्ट्रका बिचको, विभिन्न राष्ट्रहरूसँग सम्बन्धित ।

अन्तरिक्ष-/अन्तरिच्छ्य/ ना. पृथ्वी र अन्य ग्रहहरूका बिचको खाली ठाउँ, आकाश । (उदा. अन्तरिक्षमा अनगिन्ती ताराहरू चम्किरहेका देखिन्छन् ।)

अन्तर्गत-/अन्तर्गत्/ नायो. कुनै कुराको अधीनमा, मातहतमा, भित्र । (उदा. काठमाडौँ उपत्यका अन्तर्गत तीन जिल्ला रहेका छन् ।)

अन्तिम-/अन्तिम्/ वि. सबभन्दा पछिको, अन्त्यको, आखिरीको, पुछारको । (उदा. अन्तिम परीक्षा, महिनाको अन्तिम दिन, अन्तिम मौका)

अन्दाज-/अन्दाज्/ ना. कुनै कुरा यति होला भनी गरिने अनुमान, अडकल ।

अन्धो-/अन्धो/ वि. १. आँखा नदेख्ने, दृष्टिहीन । (उदा. अन्धो मान्छे) ना. २. आँखा नदेख्ने व्यक्ति, दृष्टिहीन मान्छे । (उदा. अन्धाले हात्ती छामे झैँ नगर ।)

अन्न-/अन्न/ ना. खाद्य वस्तुका रूपमा उपयोग गरिने धान, मकै, गहुँ, कोदो आदि । (उदा. किसानहरूले अन्न नउब्जाए हामी भोकै रहन्छौँ ।)

अन्य-/अन्न्य/ वि. अर्को, अरू । (उदा. अन्य विषय, अन्य व्यक्ति ।)

अन्यत्र-/अन्न्यत्र/ क्रियो. अर्को ठाउँ, अरू तिर, अन्त । (उदा. तिमी अन्यत्र नजाऊ ।)

अन्याय-/अन्न्याय/ ना. कानुन विपरीत गरिने काम, अनैतिक काम, न्यायको अभाव,

निसाफ नभएको अवस्था । (उदा. अन्याय गर्नु पनि हुँदैन र अन्याय सहनु पनि हुँदैन ।) विप. न्याय ।

अपनाउनु-/अप्नाउनु/ क्रि. स्वीकार गर्नु, रोज्नु । (उदा. उसले व्यापार पेसा अपनायो ।)

अपमान-/अपमान्/ ना. कसैलाई गरिने नराम्रो व्यवहार, हेला, अनादर, बेइज्जत, तिरस्कार । (उदा. शिक्षकको अपमान गर्नु हुँदैन ।) विप. सम्मान ।

अपराध-/अपराध्/ ना. कानुन विपरीत गरेको काम, नियम मिचेर गरेको क्रियाकलाप, अनुचित कार्य, अन्याय, कसुर । (उदा. अपराध गर्नेले सजाय पाउँछ ।)

अपराह्न-/अपरान्न/ ना. मध्य दिनपछिको समय, दोपहर । (उदा. अपराह्नतिर आकाशमा बादल लाग्यो ।) विप. पूर्वाह्न ।

अपरेसन-/अप्प्रेसन्/ ना. चिरफारद्वारा गरिने उपचार, शल्य चिकित्सा । (उदा. पेटको अपरेसन, मुटुको अपरेसन ।)

अपहेलना-/अपहेलना/ना. कसैलाई गरिएको तिरस्कार, हेला, हेपाइ ।

अपाङ्ग-/अपाङ्ग/ वि. शरीरको कुनै अङ्ग काम नलाग्ने भएको, अङ्गभङ्ग भएको, विकलाङ्ग । (अन्धो, लँगडो, बहिरो आदि) (उदा. अपाङ्ग बालक, अपाङ्ग मजदुर ।)

अपेक्षा-/अपेक्छ्या/ ना. १. कुनै कुरा पाउने चाहना, इच्छा, आशा । २. तुलना (उदा. पृथ्वीको अपेक्षामा सूर्य धेरै ठूलो छ ।)

अप्ठेरो-/अप्ठेरो/ वि. असजिलो, गाऱ्हो, कठिन । (उदा. अप्ठेरो बाटो, अप्ठेरो पाठ)

अफिस-/अफिस्/ ना. कार्यालय, अड्डा ।

अफ्रिका-/अफ्फ्रिका/ ना. संसारका सात महादेशमध्ये एक महादेश । (उदा. अफ्रिका भूमध्य सागरको दक्षिणमा रहेको महादेश हो ।)

अब-/अब/ क्रियो. यस वेला, यस बखत ।

अबुझ-/अबुझ्/ वि. १. कुरो नबुझ्ने, अन्जान । २. मूर्ख । (उदा. अबुझ केटाकेटी)

अबेर-/अबेर्/ क्रियो. हे. अबेला ।

अबेला-/अबला/ क्रियो. अबेर, ढिलो, बेर । (उदा. उनी अबेला घर आए ।)

अबोध-/अबोध्/ वि. कुनै कुरा नजान्ने, अनजान, अबुझ, अज्ञानी । (उदा. अबोध बालक)

अभर-/अभर्/ ना. भर नभएको अवस्था, अप्ठेरो परेको स्थिति, सङ्कट, विपत्ति । (उदा. अभर पर्दा छिमेकीको सहयोग लिनु पर्छ ।)

अभाव-/अभाब् / ना. कुनै कुरा नपाइने स्थिति, खाँचो ।

अभिनय- अभिनय/ ना. कसैको बोली, हिँडाइ, काम गराइ आदिको नक्कल, हाउभाउको प्रदर्शन। (उदा. नाटकमा उनले भीमसेन थापाको अभिनय गरेका थिए।)

अभिभावक-/अभिभाबक्/ ना. कसैको पालन पोषण, शिक्षादीक्षा आदिको व्यवस्था गर्ने व्यक्ति, हेरचाह गर्ने मानिस। (उदा. बाबुआमा छोराछोरीका निम्ति अभिभावक हुन्।)

अभियान-/अभियान्/ ना. समाजको उन्नतिका निम्ति गरिने विशेष कार्य, विशेष प्रयास। (उदा. सरसफाइ अभियान, साक्षरता अभियान)

अभियोग -/अभियोग्/ना. अपराध सम्बन्धी आरोप, ... लगाउनु।

अभिलेख-/अभिलेख्/ ना. ढुङ्गा, काठ, धातुका पाता आदि खोपेर लेखिएको पुरानो लिखित सामग्री, शिलालेख आदि। (उदा. चाँगु नारायणको अभिलेख)

अभिवादन-/अभिबादन्/ ना. आफूले सम्मान गर्नु पर्ने व्यक्तिलाई आदरपूर्वक गरिने नमस्कार, नमस्ते, प्रणाम।

अभिव्यक्ति-/अभिव्यक्ति/ ना. कुनै विषयका बारेमा भन्ने वा लेख्ने काम, भनाइ, भाषण। (उदा. सभामा अध्यक्षले दिएको छोटोमिठो अभिव्यक्ति सबैले मन पराए।)

अभिव्यञ्जक-/अभिव्यन्जक्/ वि. भावलाई व्यक्त गर्ने, कुनै विशिष्ट अर्थ, विषय वा सङ्ख्या निकाल्ने।

अभिवृद्धि-/अभिब्रिद्धि/ना. धेरै वृद्धि, विस्तार, फैलावट।

अभ्यास-/अब्भ्यास्/ ना. पढाएको वा सिकेको कुरालाई कहिल्यै नबिर्सने पार्न निरन्तर दोहोऱ्याउने काम, आवृत्ति, पुनरावृत्ति। (उदा. उनी सधैँ गणितको अभ्यास गरिरहन्छन्।)

अभ्रख-/अब्भ्रख्/ ना. पातला पत्रपत्र खप्टिएर बनेको ऐना जस्तै पारदर्शी एक प्रकारको खनिज पदार्थ। (उदा. अभ्रखको खानी)

अमर-/अमर्/ वि. १. कहिल्यै नमर्ने, अविनाशी, अजम्मरी। (उदा. यस संसारमा कुनै प्राणी पनि अमर छैन।) २. राम्रो काम गरेकाले सधैँ सम्झना आइरहने, स्मरणीय। (उदा. असल काम गरेमा मानिस मरे पनि अमर बन्छ।)

अमला-/अमला/ ना. केही अमिलो स्वाद हुने गुच्चा झैँ गोलो, हल्का हरियो रङको फल फल्ने तित्रीका झैँ पात हुने एक प्रकारको वनस्पति वा त्यसको फल। (उदा. सानीले नुन, मसला, खुर्सानी राखेर अमलाको तितौरा बनाइन्।)

अमिलो-/अमिलो / ना. १. कागती, निबुवा, काँचो सुन्तला आदिको रसको स्वाद, कागती आदिको रस, चुक। (उदा. अमिलो नहालेको

अचार स्वादिलो हुँदैन ।) वि. २. कागती आदिको रसको जस्तो स्वाद भएको । (उदा. अमिलो अङ्गुर, अमिलो आँप)

अमिल्दो-/अमिल्दो/ वि. अरूसँग नमिल्ने । (उदा. अमिल्दो कुरो, अमिल्दो बानी)

अमूल्य-/अमुल्ल्य/ वि. १. धेरै मूल्य वा मोल पर्ने, महँगो, बहुमूल्य । (उदा. सुन, चाँदी अमूल्य धातु हुन् ।) २. मूल्य तोक्न नसकिने, अनमोल । (उदा. विद्या अमूल्य सम्पत्ति हो । मानव जीवन अमूल्य छ ।)

अमृत-/अम्रित्/ वि. १. खाँदा कहिल्यै नमरिने वस्तु, अजम्मरी बनाउने ओखती । २. अति मिठो वस्तु । (उदा. आमाको दुध शिशुलाई अमृत समान हुन्छ ।)

अमेरिका-/अमेरिका/ ना. १. पश्चिमी गोलार्धमा रहेको एक महादेश । २. हाल संसारमा सबभन्दा विकसित, धनी र शक्तिशाली मानिएको देश ।

अम्बा-/अम्बा/ ना. गर्मी ठाउँमा हुने, पाक्दा हल्का पहेँलो रङ हुने र गुलियो स्वाद हुने एक प्रकारको फल वा त्यसको रुख, अम्बक, बेलौती ।

अरनिको-/अरनिको/ ना. चीनमा गई नेपाली पगोडा शैलीको सुन्दर घर बनाएर चर्चित बनेका ऐतिहासिक नेपाली कलाकार । (उदा. अरनिकोको नेपाली नाम बलबाहु हो ।)

अरब[१]-/अरब्/ वि. सय करोडको सङ्ख्या, एक अङ्कमा नौओटा शून्य थप्दा हुने सङ्ख्या । (१,००,००,००,०००)

अरब[२]-/अरब्/ ना. पश्चिम एसिया र अफ्रिका महादेशको उत्तरी भागमा पर्ने देशहरू ।

अरुण-/अरुण्/ ना. पूर्वी नेपालमा बग्ने कोसी नदीको एक सहायक नदी । २. सौर मण्डलको एक ग्रह,युरेनस ।

अरू-/अरु/सर्व. आफू बाहेक (उदा. अरूको लहैलहैमा नलाग । २. वि. अर्को, दोस्रो (उदा. आफ्नो काम अरू मान्छेले गरिदेला भन्ने भरमा नपर ।)

अर्को-/अर्को/सर्व. १ अन्य, अरू (उदा.एउटा यहाँ छ अर्को कहाँ छ ?) वि. विभिन्न, अन्य । (उदा. अर्को किताब, अर्को मान्छे, अर्काले भनेकोमा बढी विश्वास नगर ।)

अर्चना-/अर्चना/ ना. पूजा, आराधना ।

अर्ती-/अर्ति/ ना. असल कुरा, भलाइ हुने कुरा, ज्ञानगुनका कुरा, उपदेश । (उदा. अर्ती र ओखती मिठो हुँदैन ।)

अर्ती उपदेश-/अर्ति उपदेस्/ ना. राम्रो कामतर्फ लाग्न प्रेरित गर्ने कुरा, ज्ञानगुनका कुरा, अर्ती, उपदेश, ज्ञान, बुद्धि । (उदा. गुरुको अर्ती उपदेशले ऊ सप्रियो ।)

अर्थ-/अर्थ/ ना. १. कुनै शब्दले दिने आशय, माने, मतलब । (उदा. शब्दकोशमा शब्दको अर्थ लेखिएको हुन्छ ।) २. धन, सम्पत्ति ।

अर्ध-/अर्‌ध/ वि. कुनै वस्तुलाई बराबर दुई भाग लगाउँदा हुने एक अंश, आधा । (उदा. अर्ध वार्षिक परीक्षा)

अर्ध विराम-/अर्‌ध बिराम्/ ना. वाक्यमा अल्प विराम र पूर्ण विरामको बिचमा प्रयोग गरिने चिन्न, सेमीकोलन (;) (उदा. उनी गाउन, नाच्न र अभिनय गर्न जान्दछन्; पढ्न, लेख्न र हिसाब गर्न भने बिलकुल सक्दैनन् ।)

अर्ना-/अरना/ ना. जङ्गली भैंसी । (उदा. कोसी टप्पुमा अर्ना पाइन्छन् ।)

अर्पण-/अर्पण्/ ना. देवी देवता वा कुनै मान्य जनलाई आदरपूर्वक कुनै वस्तु सुम्पने काम, समर्पण । (उदा. देवीलाई अर्पण गरेको फलफूल बाँडेर खाऊ ।)

अऱ्हाउनु-/अराउनु/ क्रि. कसैलाई कुनै काम गर्न आदेश दिनु, कामका निम्ति प्रेरित गर्नु । (उदा. अऱ्हाए बमोजिम काम गर ।)

अऱ्हाउ पठाउ-/अराउ पठाउ/ना. हे. अऱ्हाउपराउ ।

अऱ्हाउपराउ-/अराउपराउ/ना. अह्राउने वा कुनै काममा पठाउने काम, अह्राउपठाउ ।

अलकत्रा- /अलकत्त्रा/ ना. सडक पक्की बनाउन प्रयोग गरिने कालो लेदो ।

अलग-/अलग्/ वि. भिन्न, फरक (उदा. अलग विचार, अलग सोच) ना. भिन्नता, छुट्टापन । (उदा. उनी हामीबाट अलग भए ।)

अलमलिनु-/अल्मलिनु/ क्रि. १. अलमल हुनु, अलमलमा पर्नु । २. छकिनु, भुल्नु । (उदा. म एकछिन बजारमा अलमलिएँ ।)

अलमल्याउनु-/अल्मल्याउनु/ क्रि. अलमलमा पार्नु, छक्याउनु ।(उदा. उसले मलाई एकछिन बजारमा अलमल्यायो । हिसाब गर्दा टेलिफोनको घन्टीले मलाई अलमल्यायो ।)

अलि-/अलि/ क्रियो. थोरै, अलिकति, केही । (उदा. अलि ठुलो स्वरले पढ न !)

अलिकति-/अलिकति/ क्रियो. थोरै, अलिक, अलिकति, केही । (उदा. मलाई अलिकति पैसाको खाँचो थियो ।)

अल्छी-/अल्छि/ वि. १. जाँगर नभएको,अल्छे (उदा.अल्छी केटो सुति रहन्छ) ना. २. जाँगर नभएको स्थिति । (उदा. काम गर्न अल्छी नगर ।)

अवधि-/अबधि/ ना. तोकिएको समय,भनेको समय । (उदा. तीन महिनाको अवधिमा नै ठेकेदारले घर बनाइ सक्छ ।)

अवरोध-/अबरोध्/ ना. कुनै काममा आउने अड्को, बाधा, रोकावट । (उदा. बन्द र हड्तालले पढाइमा अवरोध भयो ।)

अवलोकन-/अबलोकन्/ना. कुनै स्थान, वस्तु, घटना आदिलाई हेर्ने काम, हेराइ, निरीक्षण । (उदा. विदेशीहरू हिमाली दृश्यको अवलोकन गर्न नेपाल आउँछन् ।)

अवश्य-/अबस्स्य/ क्रियो. निश्चय पनि, पक्कै, जरुर । (उदा. राम्ररी पढे अवश्य पास भइन्छ ।)

अवस्था-/अबस्था/ ना. कुनै कार्य, घटना आदिको हालको स्थिति । (उदा. बिरामीको अवस्था चिन्ताजनक छ ।)

अवस्थित- /अबस्थित्/वि. खास ठाउँ वा परिवेशमा रहेको, अडेको ।

अवहेलना-/अबहेलना/ ना. कसैलाई गरिने तिरस्कार, हेला, अनादर, बेवास्ता ।

अवाल-/अवाल्/ ना. हे. इँटाभट्टा

अविद्या-/अविद्द्या/ ना.१. ज्ञान वा विद्या नभएको स्थिति, अज्ञानता । (उदा. अध्ययनले अविद्याको विनाश हुन्छ ।) २. भ्रम ।

अविस्मरणीय-/अबिस्मरणिय/ वि. बिर्सन नसकिने, सधैँ सम्झन लायक, स्मरणीय । (उदा. अरनिको अविस्मरणीय व्यक्ति हुन् ।)

अव्यवस्थित-/अब्यबस्थित्/ वि. व्यवस्था नभएको, चाँजोपाँजो नमिलेको, अनियमित, जथाभाबी भएको, भद्रगोल भएको । (उदा. अव्यवस्थित यातायातले दुर्घटना बढ्यो ।)

अव्यय-/अब्ब्यय/ ना. १. सबै लिङ्ग, वचन, पुरुष, काल आदिमा एकनास रहने एक थरी शब्द, रूप नचल्ने शब्द, अविकारी पद । (उदा. नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात अव्यय अन्तर्गत पर्दछन् ।)

अशक्त-/अर[illegible]/ वि. शक्ति नभएको शक्तिहीन, तागत विनाको, दुर्बल, कमजोर, असमर्थ । (उदा. अशक्त बुढाबुढीहरूलाई बसमा अलग्गै सिटको व्यवस्था हुनुपर्छ ।)

अशान्ति-/असान्ति/ ना. शान्ति नभएको अवस्था, आतङ्कको स्थिति । (उदा. देशभर फैलेको अशान्ति बल्ल अन्त हुन खोज्दै छ ।)

असङ्ख्य-/असङ्ख्य/ वि. सङ्ख्या तोक्न नसकिने, गन्ती गर्न नसकिने, गनेर नभ्याइने, अनगिन्ती । (उदा. आकाशमा असङ्ख्य तारा देखिन्छन् ।) विप. सङ्ख्येय ।

असन्तुलन-/असन्तुलन्/ ना. सन्तुलन नमिलेको, भार बराबर नभएको (उदा. एकापट्टि बढी सामान भएकाले खर्पन असन्तुलन भयो ।)

असन्तुलित-/असन्तुलित्/ वि. सन्तुलन नमिलेको, चाहिने सबै कुरा नपुगेको, घटबढ भएको । (उदा. असन्तुलित भोजनले रोग लाग्न सक्छ ।) विप. सन्तुलित ।

असमान-/असमान्/ वि. समान वा बराबर नभएको, अमिल्दो, अनमेल, विषम । (उदा. असमान व्यवहार गर्नु राम्रो होइन ।) विप. समान ।

असम्भव-/असम्भब्/ वि. सम्भव नहुने, पुरा गर्न नसकिने, गरेर देखाउन कठिन । (उदा. आकाशमा महल बनाउने सोचाइ असम्भव कल्पना हो ।) विप. सम्भव ।

असर्फी-/असर्फि/ ना. १. सुनको पैसा भएको औंठी । २. सुनको मुद्रा, स्वर्णमुद्रा । (उदा. आमाले असर्फी लगाउनुभएको छ ।)

असल-/असल्/ ना. वि. कुनै कामका निमित्त राम्रो हुने, बेस, उपयुक्त । (उदा. असल मानिसलाई सबैले मन पराउँछन् ।) विप. कमसल ।

असला-/असला/ ना. पहाडका खोलामा पाइने एक जातको माछा । (उदा. असला माछा स्वादिलो हुन्छ ।)

असहाय-/असहाय/ वि. आफन्त वा सहयोगी नभएको, अनाथ, बेसहारा । (उदा. असहाय व्यक्तिको सेवा गर ।)

असाध्य-/असादध्य/ वि. १.साध्य नहुने, पूरा गर्न वा सिद्ध ... कठिन पर्ने, पार लगाउन नसकिने । क्रियो.२. ज्यादै, अति नै । (उदा. असाध्य राम्रो मानिस हो ।)

असाध्यै-/असादध्यै/ क्रियो. ज्यादै, अति नै, धेरै । (उदा. ऊ मसँग असाध्यै डराउँछ ।)

असार-/असार्/ना. विक्रम संवत् अनुसार तेस्रो महिना, आषाढ ।

असीमित-/असिमित्/ वि. सीमा नतोकिएको, टुङ्गो नभएको, सीमित नभएको ।

असुल-/असुल्/ना. कसैबाट लिएको रकम फिर्ता गर्ने काम, चुक्ता गर्नु ।

असोज-/असोज्/ ना. विक्रम संवत् अनुसार छैटौं महिना, आश्विन ।

अस्ट्रेलिया-/अस्ट्रेलिया/ना. एसियाको दक्षिणतर्फ रहेको एक महादेश ।

अस्ताउनु-/अस्ताउनु/ क्रि. पश्चिममा पुगेर सूर्य, चन्द्रमा आदि हराउनु, अस्त हुनु, रात पर्नु । (उदा. सूर्य अस्ताए) विप. उदाउनु ।

अस्ति-/अस्ति/ क्रियो. १. हिजोको हिजो । २. केही दिन पहिले ।

अस्त्र-/अस्त्र/ना. टाढाबाट फ्याँकेर प्रहार गरिने हतियार ।

अस्पताल-/अस्पताल्/ ना. बिरामीको उपचार गर्ने घर, औषधालय, हस्पिटल ।

अहङ्कार-/अहङ्कार्/ ना. आफूलाई ठुलो र श्रेष्ठ ठान्ने स्वभाव, घमन्ड । (उदा. कक्षामा प्रथम भएँ भनेर अहङ्कार नगर ।)

अहिंसा-/अहिम्सा/ ना. हिंसा वा काटमार नभएको स्थिति, हिंसा नहुँदाको स्थिति । (उदा. अहिंसाले शान्ति स्थापनामा जोड पुग्छ ।) विप. हिंसा ।

अहिले-/अहिले/ क्रियो. हालको समयमा, तत्काल । (उदा. अहिले तिमी कहाँ पढ्दै छौ ?)

अहो-/अहो/ विबो. आश्चर्य, हर्ष, प्रशंसा आदि जनाउने शब्द । (उदा. अहो ! कस्तो हल्ला हँ ?)

अहोरात्र-/अहोरात्र/ ना.१.रातदिन, दिनरात । (उदा. परीक्षामा प्रथम श्रेणी ल्याउने उद्देश्यले ऊ अहोरात्र पढ्दै छ ।) २. चौबिस घण्टाको समय ।

आँखा-/आँखा/ना. कुनै वस्तुको रूप, रङ, आकृति आदिको ज्ञान दिने इन्द्रिय, हेर्ने इन्द्रिय, नेत्र, लोचन ।

आँगन-/आँगन्/ ना. घर अगाडिको सानो र सम्म परेको ठाउँ । (उदा. केटाकेटी आँगनमा खेल्दै छन् ।)

आँट-/आँट्/ ना. कुनै काम गर्न मनमा हुने बल, साहस, हिम्मत । (उदा. गाउँलेहरू बाहिर निस्केकाले डाँकाहरूले गाउँमा पस्न आँट गरेनन् ।)

आँट्नु-/आँट्नु/ क्रि. १. कुनै काम गर्न प्रयास गर्नु, साहस गर्नु, हिम्मत गर्नु । (उदा. आँटेर काम गर्न थालेमा अवश्य पूरा हुन्छ ।) २. थाल्नु, प्रारम्भ गर्नु । (उदा.उसले चिठी लेख्न आँट्यो ।)

आँटिलो-/आँटिलो/ वि. आँट भएको, हिम्मतिलो, साहसिलो । (उदा. आँटिलो मान्छे डराउँदैन ।)

आँठो-/आँठो/ ना. गोरुले जोत्न नसकिने खेतको सानो गरो, फोगटो । (उदा. खेतका आँठाहरू खनेर रोप्नुपर्छ ।) २. कपालको चुल्ठोका केस्रा । (उदा. उनले तीन आँठा बाटेर चुल्ठो बनाइन् ।)

आँप-/आँप्/ ना. गर्मी प्रदेशमा फल्ने एक प्रकारको स्वादिष्ट फल । (उदा. आँप, सुन्तला र स्याउ मिठा फल हुन् ।)

आँसु-/आँसु/ ना. दु:ख, शोक, हर्ष आदिमा आँखाबाट बग्ने पानी । (उदा. नानी आँसु झार्दै रुँदै छ । धुवाँले पोलेर आँखाबाट आँसु आयो ।)

आइँ-/आइँ/ना. भैंसीको पाडालाई बोलाउने शब्द । (उदा. भाइले आइँ आइँ भन्दा पाडो ऊ भएतिर गयो ।)

आइतवार-/आइतबार्/ ना. शनिवारको भोलिपल्टको दिन, रविवार ।

आउँ-/आउँ/ ना. सिँगान जस्तो चिप्लो पदार्थ र रगत मिसिएको दिसा लाग्ने रोग । (उदा.दूषित पानी खानाले आउँ पर्छ ।)

आउनु-/आउनु/ क्रि. कतैबाट कोही आफू भएतिर अगि बढ्नु । (उदा.उनी आज हाम्रो घरमा आउँदै छन् ।).

आकर्षक-/आकर्सक्/ वि.१. मन लोभ्याउने । (उदा. हिमालको आकर्षक दृश्यले ऊ लोभियो ।) २. आफूतिर खिच्ने शक्ति भएको,आकर्षण शक्तिले युक्त । (उदा. चुम्बकमा फलामलाई आफूतिर तान्ने आकर्षक शक्ति हुन्छ ।)

आकर्षण-/आकर्सण्/ ना. १. खिच्ने वा तान्ने काम, खिचाइ । (उदा. चुम्बकमा फलामलाई तान्ने आकर्षण शक्ति हुन्छ ।) २. मनलाई मोहित पार्ने काम । (उदा. उनको बोलीमा अरूलाई आकर्षण गर्ने गुण छ ।)

आकस्मिक-/आकस्मिक्/ वि. अपर्झट भएको, अचानक आइपरेको ।

आकाङ्क्षा-/आकाङछ्या/ ना. इच्छा, चाहना, अभिलाषा ।

आकार१-/आकार्/ ना. कुनै वस्तुको स्वरूप, आकृति । (उदा. गोलो आकार, चारपाटे आकार, बाटुलो आकार)

आकार२-/आकार्/ ना. स्वर वर्णको आ, आ जनाउने मात्रा । (उदा. काका, मामा, चाचा, पापा)

आकार प्रकार-/आकार्प्रकार्/ ना. कुनै वस्तुको स्वरूप र बान्की, बनोट, रूपरङ । (उदा. धेरै वर्ष पहिले गएकाले मैले उनको घरको आकारप्रकार बिर्सें ।)

आकाश-/आकास्/ ना. पृथ्वीभन्दा माथि हेर्दा निलो देखिने शून्य ठाउँ, पृथ्वीमाथिको रित्तो भाग, गगन,अन्तरिक्ष । (उदा. आकाशमा फ्याँकेको वस्तु भुइँतिर झर्छ ।)

आकृति-/आक्रिति/ ना. कुनै वस्तुको आकार, स्वरूप, बनोट । (उदा.मानिसको आकृति जस्तो लाग्ने ढुङ्गा देखेर ऊ छक्क पऱ्यो ।)

आक्रमण-/आक्क्रमण्/ ना. कसैमाथि जाइ लाग्ने काम,कसैमाथि बलपूर्वक झम्टने काम, हमला । (उदा. डाँकाहरूले गाउँलेहरू माथि राति आक्रमण गरेछन् ।)

आखिर-/आखिर्/क्रियो. सबैभन्दा पछि, अन्त्यमा, परिणाममा । (उदा. आखिर शैक्षिक भ्रमणमा जाने निधो भयो ।)

आगन्तुक-/आगन्तुक्/ना. कसैको घरमा आएको व्यक्ति, पाहुना, अतिथि ।

आगलागी-/आग्लागि/ ना. आगो लाग्ने काम, आगजनी । (उदा. चर्को खडेरीको वेलामा हुरी चल्दा गाउँमा आगलागी भयो ।)

आगो-/आगो/ ना. दाउरा,ग्यास,मट्टीतेल आदिले बल्ने, बल्दा ताप र प्रकाश दिने प्राकृतिक वस्तु, अग्नि । (उदा. उनीहरू दाउरा बालेर आगो ताप्दै छन् ।)

आग्रह-/आग्ग्रह/ ना. १. कुनै कामका निमित्त कसैसँग गरिने अनुरोध, बिन्ती । (उदा. प्रधानाध्यापकले अभिभावकलाई कार्यक्रममा आउन आग्रह गरे । उनको एकोहोरो आग्रहले वनभोज जान कर लाग्यो ।)

आघात-/आघात्/ना. अकस्मात् हुने धक्का, ठक्कर, मानसिक पीडा ।

आचरण-/आचरण्/ना. व्यक्तिको बानी बेहोरा, आनिबानी, चरित्र ।

आज-/आज/ क्रियो. अहिलेको दिन ।

आजकल-/आज्कल्/क्रियो. हिजोआज, आजभोलि ।

आजभोलि-/आजभोलि/ क्रियो. हिजोआज, हाल ।

आज्ञा-/आग्ग्याँ/ना. आफूभन्दा साना वा तल्लो दर्जाका व्यक्तिलाई कुनै काम गर्न अऱ्हाउने काम, आदेश, अऱ्हाउपराउ। (उदा. पिताको आज्ञाले रामचन्द्र वनवास गए।)

आज्ञाकारी-/आग्ग्याँकारि/ वि. आज्ञा वा आदेश अनुसारको काम गर्ने, आदेश मान्ने, अऱ्हाएको टेर्ने। (उदा. आज्ञाकारी छात्रले अनुशासन मान्छ।)

आत्तिनु-/आत्तिनु/ क्रि.१. कुनै घटना वा एकाएक आइपरेको कामले हडबडमा पर्नु, अतालिनु। (उदा.दुख पऱ्यो भन्दैमा आत्तिनु हुँदैन।) २. डराउनु।

आत्मसमर्पण-/आत्मसमर्पण्/ ना. आफूले आफैँलाई कसैका सामु समर्पण गर्ने काम, पराजय, हार। (उदा. डाँकाको समूहले प्रहरी समक्ष आत्मसमर्पण गऱ्यो।)

आदर-/आदर्/ ना. आफूभन्दा ठूला वा उच्च दर्जाका व्यक्तिलाई गरिने व्यवहार, सम्मान, मानभाउ, कदर, मानमनितो। (उदा. मातापिता र गुरुको आदर गर्नुपर्छ।) विप. अनादर।

आदर्श-/आदर्स/ वि. काम वा व्यवहारले श्रेष्ठ, अनुकरण वा नक्कल गर्न लायक, असल। (उदा.महात्मा गान्धी दक्षिण एसियाका आदर्श [illegible] हुन्।) विप. यथार्थ।

आदि-/आदि/ना. आरम्भ, सुरु। (उदा. यस घटनाको आदि अन्त्य पत्ता लगाउन गाऱ्हो छ।) विप.अन्त्य।

आदि-/आदि/ ना. यस्तै अरू, इत्यादि। (उदा. त्यस पसलमा किताब, कलम, कापी आदि पढाइ लेखाइका समान पाइन्छन्।)

आदेश-/आदेस्/ ना. आफूभन्दा साना वा तल्लो दर्जाका मानिसलाई कुनै काम गर्न अऱ्हाउने काम, आज्ञा। (उदा. हाकिमको आदेश, गुरुको आदेश)

आधा-/आधा/ वि. कुनै वस्तु काटेर वा बाँडेर बराबर पार्दाको एक भाग, अर्ध। (उदा. रामले र श्यामले मेवा आधा आधा बाँडेर खाए।)

आधार-/आधार्/ ना. कुनै वस्तु रहने स्थान, अडिने ठाउँ, जग। (उदा. शिक्षा नै देश विकासको आधार हो।

आधारभूत-/आधार्भुत्/ वि. आधारका रूपमा रहेको, नभई नहुने। (उदा. आधारभूत आवश्यकता, आधारभूत शिक्षा, आधारभूत विकास)

आधिकारिक- /अधिकारिक्/वि. अधिकारसँग सम्बन्धित, अधिकारप्राप्त।

आनन्द-/आनन्द/ ना. मनमा हुने प्रसन्नता वा खुसी, हर्ष, सुख। (उदा. छोरो सन्चै छ भन्ने सुन्दा आमालाई आनन्द लाग्यो।)

आनन्दित-/आनन्दित्/वि. आनन्दले युक्त, प्रसन्न, हर्षित।

आपत्-/आपत्/ ना. १. ठुलो सङ्कट, विपत्ति, बाधा। (उदा. महामारीको आपत्,

अनिकालको आपत्) २. मुस्किल, असजिलो, हडबड । (उदा. खेतीपातीको आपत्‌ले अरू काम गर्न भ्याइएन ।)

आपस-/आपस्/ सर्व. परस्परको स्थिति, एक अर्कामा रहेको अवस्था । (उदा. उनीहरू आपसमा मिलेर काम गर्छन् ।)

आफन्त-/आफन्त/ ना. नाता पर्ने मानिस, नातेदार । (उदा. मर्दापर्दा आफन्तले मद्दत गर्छन् ।)

आफू-/आफु/ सर्व. स्वयम्, आफू नै । (उदा. म आफू नै कार्यक्रममा उपस्थित थिएँ ।)

आफ्नो-/आफ्नो/ वि. आफू स्वयम्‌को, निजी स्वामित्वको। (उदा. आफ्नो किताबको जतन गर ।)

आबाज-/आबाज्/ना. हे. आवाज ।

आवारा-/आबारा/वि. हे. आवारा ।

आबुइ-/आबुइ/ विबो. कुनै अनौठो वस्तु आदि देख्दा अकस्मात् मुखबाट निस्कने शब्द, आम्मै । (उदा. आबुइ कत्रो बिरालो ! आबुइ कस्तो मान्छे !)

आभार-/आभार्/ ना. राम्रो काम गरे बापत कसैप्रति अनुगृहीत हुँदा भनिने शब्द, कृतज्ञता। (उदा. कार्यक्रममा उपस्थित भई हौसला बढाएकोमा सबैमा आभार प्रकट गरियो ।)

आभास-/आभास्/ना. कुनै कुरा, घटना आदिको मनमा आउने अस्पष्ट सम्झना, भान,झझल्को । (उदा. उसको चिप्लो कुरा सुन्दा मलाई उसले ठग्न खोजेको आभास भयो ।)

आभूषण-/आभुसण्/ना. शरीरमा लगाइने गहना, शृङ्गार, सजावट ।

आमा-/आमा/ ना. आफूलाई जन्म दिने स्त्री, माता, जननी, महतारी ।

आमदानी-/आम्दानि/ ना. खेती, व्यापार, उद्योग, जागिर वा अन्य कुनै कामबाट प्राप्त हुने सम्पत्ति,आयस्ता । (उदा. खेतीको आमदानी, उद्योगको आमदानी ।)

आम्खोरा-/आम्खोरा/ ना. खानेपानी प्रयोग गर्ने धातुको भाँडो । (उदा. उसले आम्खोराले पानी पियो ।)

आम्मै-/आम्मै/ वि. आश्चर्य जनाउने शब्द, आबुइ । (उदा. आम्मै ! हेर त बाँदरले साइकल कुदाएको ।)

आय-/आय/ना. कुनै कामबाट प्राप्त हुने धन, आम्दानी, आयस्ता । विप. व्यय ।

आयत-/आयत्/वि. चौडाइभन्दा लमाइ बढी भएको, सोतो परको । (उदा. आयत आकारको जग्गामा घर बनेको छ ।)

आयतन-/आयतन्/ ना. कुनै वस्तुको आकारको विस्तार, वस्तुको फैलावट । (उदा. आगोमा तताउँदा फलामको आयतन बढ्छ ।)

आयताकार-/आयताकार्/ वि. लम्बाइभन्दा चौडाइ कम भएको, सोतो परेको । (उदा. आयताकार जग्गामा घर राम्रो बन्छ ।)

आयस्ता-/आयस्ता/ना. कुनै व्यवसाय, पेसाबाट प्राप्त हुने आम्दानी ।

आयस्रोत-/आयस्रोत्/ ना. आमदानीको स्रोत, आयस्ताको बाटो । (उदा. खेती,व्यापार, उद्योग, जागिर आदि आयस्रोत हुन् ।)

आयोग-/आयोग्/ ना. कुनै खास कार्यका निम्ति गठन गरिएको उच्च निकाय । (उदा. छानबिन आयोग, लोक सेवा आयोग ।)

आयोजना-/आयोजना/ ना. १. विशेष कार्यक्रमको बन्दोबस्त वा प्रबन्ध । (उदा. विद्यालयले साहित्य गोष्ठीको आयोजना गरेको थियो ।) २. खास समयमा पूरा गर्ने गरी सुरु गरिएको योजना, परियोजना ।

आयोडिन-/आयोडिन्/ ना. मानव शरीरका निम्ति आवश्यक एक रासायनिक तत्त्व । (उदा. आयोडिनको कमीले घाँटीमा गाँड आउँछ ।)

आरक्ष-/आरच्छ्य/ ना. वन्य जन्तु र वनस्पतिको बचाउका निम्ति सुरक्षित वन, निकुञ्ज ।

आराधना-/आराधना/ ना. देवी देवतालाई खुसी पार्न गरिने कार्य, देवताको पूजा, भजन, उपासना, अर्चना । (उदा. हिन्दुहरूले श्रीपञ्चमीमा सरस्वतीको आराधना गर्छन् ।

आराम-/आराम्/ ना. १. थकाइ मार्ने काम, विश्राम । २.सन्चो, सुविस्ता, आनन्द, सुख, शान्ति । (उदा. बटुवाले चौतारामा एकछिन आराम गऱ्यो ।) विप. बिराम ।

आरु-/आरु/ ना. भित्र हाडे बिया हुने, फुस्रो रङ्को, केही गुलियो स्वाद हुने, असार साउनमा पाक्ने एक जातको फल वा त्यसको रुख ।

आरोहण-/आरोहण्/ ना. पहाड, हिमाल आदि चढ्ने वा उक्लने काम । (उदा. आप्पा शेर्पाले धेरै पटक सगरमाथाको आरोहण गरे ।)

आर्थिक-/आर्थिक्/ वि. धन सम्बन्धी, पैसाको कारोबार सम्बन्धी । (उदा. आर्थिक स्थिति कमजोर भएकाले उसले निःशुल्क पढ्न खोज्यो ।)

आर्य-/आर्य/ वि. १. पूज्य ना. २. प्राचीन कालमा मध्य एसियातिर बस्ने एक जाति । (उदा. आर्य सभ्यता, आर्यभाषा)

आलय-/आलय/ ना. घर, भवन (उदा. विद्या + आलय = विद्यालय, शौच + आलय = शौचालय, कार्य + आलय कार्यालय, औषध + आलय = औषधालय, भोजन + आलय = भोजनालय )

आली-/आलि/ ना. खेतमा पानी जमाउन गराको छेउमा लगाइने डिल । (उदा.आली थुनेर पानी लगाउनुपर्छ ।)

आलु-/आलु/ ना. जरामा केही गोला वा लाम्चा कन्द फल्ने, तरकारी, अचार आदि बनाएर वा उसिनेर खाइने, तरकारी वर्गमा पर्ने, कन्दमूल ।

आलोचना-/आलोचना/ ना. कुनै विषय वा व्यक्तिको खराब टिप्पणी, नकारात्मक पक्षको चर्चा, निन्दा । (उदा. उसले साथीहरूको आलोचना गऱ्यो ।)

आलोपालो-/आलोपालो/ ना. एकपछि अर्काको पालो, पालैपालो, पालोपिलो । (उदा. राम र श्यामले आलोपालो गरेर पिङ खेले ।)

आल्मोनियम-/आल्मोनियम्/ ना. चाँदी जस्तै सेतो, अत्यन्त छिटो तात्ने, हलुङ्गो र अन्य धातुभन्दा सस्तो एक प्रकारको धातु । (उदा. हिजोआज आल्मोनियमका भाँडाकुँडा निकै लोकप्रिय भएका छन् ।)

आवरण-/आबरण्/ना. कुनै वस्तुलाई ढाक्ने वस्तु, ढकनी, बिर्को ।

आवश्यक-/आवस्स्यक्/ वि. जरुरी पर्ने, खाँचो भएको, चाहिने । (उदा. आवश्यक सामग्री, आवश्यक खर्च ) विप. अनावश्यक

आवागमन-/आबागमन्/ ना. आउने जाने काम, आइजाइ । (उदा. पुल भत्कनाले वारिपारिको आवागमन बन्द भएको छ ।)

आवाज-/आबाज्/ ना. ध्वनि, शब्द, स्वर आबाज । (उदा. रेडियो बजेको आवाजले सबैको कान ठाडो भयो ।)

आवारा-/आबारा/ वि. १. कुनै काम नभएको, व्यर्थमा डुलिरहने, बराला । २. कुलतमा लागेको, बदमास, गुन्डा । (उदा. आवाराको सङ्गत नगर । )

आवृत्ति-/आब्रित्ती/ना. फेरि दोहोऱ्याउने काम, पुनरावृत्ति ।

आवेग-/आबेग्/ना. आवेश, मनमा अकस्मात् हुने खलबली ।

आवेश-/आबेस्/ना. मानसिक उत्तेजना, झोक, रिस ।

आशा-/आसा/ ना. १. मनमा उठ्ने धोको, इच्छा, २. चाहना, अपेक्षा । (उदा. सहयोगको आशा) विप. निराशा ।

आशिष्-/आसिस्/ ना. हे. आशीर्वाद ।

आशीर्वाद-/आसिर्बाद्/ना. आफूभन्दा ठुलाबडाले सानालाई दिने आसिक, आशिष् । (उदा.आमाले टीका लगाएर आशीर्वाद दिनुभयो ।)

आश्चर्य-/आस्चर्य/ ना. अनौठो कुरा देख्दा वा सुन्दा मनमा उब्जिने भाव, उदेक, छक्क । (उदा. राति आकाशबाट झिलिली गर्दै तारा झरेको देख्ता सबैले आश्चर्य माने ।)

आश्रम-/आस्रम्/ना. ऋषि,मुनि वा तपस्वीको वासस्थान । (उदा. विश्वामित्र ऋषिको आश्रम, वसिष्ठको आश्रम)

आश्रय-/आस्रय/ना. कसैले लिएको सहारा, आड, भरोसा ।

आश्रय स्थल-/आस्स्रय स्थल्/ना. आश्रय लिने ठाउँ, सहारा लिएको स्थान। (उदा. युद्धमा लखेटिएका मानिसहरूले ओडारलाई आश्रय स्थल बनाए।)

आश्वासन-/आस्वासन्/ना. दुःखमा परेको वा असफल भएको व्यक्तिलाई सम्झाउने काम, सान्त्वना, ढाडस।

आश्विन-/आसस्विन्/ ना. हे. असोज।

आषाढ- आषढ्/ना. हे. असार

आस-/आस्/ना. आशा, चाहना, इच्छा।

आसिक-/आसिक्/ना. आशीर्वाद, आशिष, शुभ वचन।


आहा-/आहा/विबो. हर्ष वा खुसी प्रकट गर्दा भनिने शब्द। (उदा. आहा! क्या राम्रो फूल। आहा! कति सुन्दर हिमाली दृश्य।)

आहारा-/आहारा/ना. खानेकुरा, भोजन। (उदा. गाईवस्तुको आहारा घाँस हो। आहाराविना प्राणीहरू बाँच्न सक्दैनन्।)

आहाल-/आहाल्/ना. बर्खाको हिलोमैलो पानी जमेको ठाउँ,फोहोर पानीको पोखरी। (उदा. आहालमा भ्यागुताहरू ट्वारट्वार गर्दै कराउँदै थिए।)

इ

इँट-/इँट्/ ना. घर बनाउँदा गारो लगाउन प्रयोग गरिने माटोबाट बनेको ढुङ्गा जस्तै चारपाटे सामान, इँटा। (उदा. रमाको घरको गारो इँटा र सिमेन्टको छ।)



इँटाभट्टा-/इँटाभट्टा/ना. मुछेको माटो चार पाटे साँचोमा हाली बनाइएको काँचो इँटालाई आगोमा पोलेर कडा र रातो पार्ने ठाउँ, अवाल। (उदा. इँटाभट्टामा काँचो इँटा पोलेर कडा र पक्का बनाइन्छ।)

इँट्टा-/इँट्टा/ना. हे. इँट।

इख-/इख्/ ना. मनमा उब्जिने असन्तोष, डाह, ईर्ष्या।

इच्छा-/इच्छा/ना. कुनै कुरा पाउन मनमा उब्जिने भावना, चाहना, अपेक्षा, आकाङ्क्षा। (उदा. मलाई विज्ञान पढ्ने इच्छा छ।) विप. अनिच्छा।

इज्जत-/इज्जत्/ना. कसैलाई गरिने वा कसैले पाउने सम्मान, प्रतिष्ठा, मान। (उदा. शिक्षित व्यक्तिहरूलाई सबैले इज्जत गर्छन्।)

इतिहास-/इतिहास्/ना. कुनै देश, जाति वा संस्थाको प्रारम्भदेखि हालसम्मको सम्पूर्ण वर्णन वा त्यस्तो वर्णन भएको पुस्तक। (उदा. नेपालको इतिहास निकै पुरानो छ।)

इद-/इद्/ना. मुसलमानहरूको महत्त्वपूर्ण एक चाड। (उदा. इद मुसलमानहरूका लागि महत्त्वपूर्ण पर्व हो।)

इनार-/इनार्/ना. जमिनमा गहिरो खाल्टो खनी पानीका निम्ति बनाइएको पनेरो, कुवा । (उदा. तराईतिर जताततै इनार पाइन्छन् ।) .


इन्जिन-/इन्जिन् /ना. मोटर, रेल आदिलाई चलाउने मुख्य मेसिन; तेल, कोइला, ग्यास, बिजुली आदिबाट चल्ने शक्ति उत्पादक यन्त्र । (उदा. मोटर साइकलको इन्जिन बिग्रियो । रेलको इन्जिन सबभन्दा अगाडि हुन्छ ।)

इन्धन-/इन्धन्/ना. ताप वा ऊर्जा दिने वस्तु । (उदा. इन्धन सकिएकाले बस बाटोमै रोकियो ।)

इन्द्रेणी-/इन्द्रेणि/ना. घाम पानी पर्दा आकाशमा देखिने अर्ध गोलाकार सप्तरङ्गी रूप, इन्द्र धनुष, इन्द्रेनी ।

इरेजर-/इरेजर्/ना. पेन्सिलले लेखेको अक्षर, चित्र आदि मेट्ने रबर ।

इलम-/इलम्/ना. आम्दानीका निम्ति गरिने काम, पेसा, व्यवसाय । (उदा. इलम गर्नेले भोको बस्नु पर्दैन ।)



इष्ट-/इस्ट/ना. हित वा भलाइ चाहने व्यक्ति, हितैषी, मित्र, इष्टमित्र ।

इष्टमित्र-/इस्टमित्त्र/ना. हितैषी, मित्र । (उदा. इष्टमित्रले कहिल्यै कुभलो सोच्दैनन् ।)

इसाई-/इसाइ/ना.क्रिस्चियन धर्म, जिसस क्राइस्टले चलाएको धर्म मान्ने जनसमूह । (उदा. इसाई धर्म मान्ने मान्छेहरू चर्चमा जान्छन् ।)

इस्कुस-/इस्कुस्/ ना. लहरामा फल्ने एक प्रकारको तरकारी ।

इस्लाम-/इस्लाम्/ना. मुसलमानको धर्म, मुस्लिम धर्म । (उदा. मुहम्मदले चलाएको धर्मलाई इस्लाम भनिन्छ ।)

इही-/इहि/ना. नेवार समुदायमा प्रचलित वेल विवाह ।

## ई

ईर्ष्या-/इर्स्या/ना. अर्काले उन्नति गरेको देख्दा मनमा उब्जिने असन्तोष, डाह, इख, डाढ । (उदा. ऊ मेरो पढाइ देखेर ईर्ष्या गर्दो रहेछ ।)

ईश-/इस्/ना. हे. ईश्वर ।

ईश्वर-/इस्स्वर्/ना. यस संसारको उत्पत्ति, रक्षा र विनाशको कारण मानिएको शक्ति, भगवान्, ईश । (उदा. ईश्वरको प्रार्थना गर्दा मनमा शान्ति छाउँछ ।)



उः-/उ/विबो. कसैप्रति बेवास्ता वा उपेक्षा जनाउँदा भनिने शब्द । (उदा. उः त्यस बेइमानको कत्रो फुर्ती !)

उकालो- /उकालो/वि. उँभो, ठाडो । (उदा. उकालो बाटो हिँड्न गाह्रो हुन्छ ।)

उकेरा-/उकेरा/ना. बोट बिरुवालाई दिइने माटोका आड ।

उकेल्नु-/उकेल्नु/क्रि. खाँदै गरेको चिज ननिली मुखबाट बाहिर निकाल्नु, उगेल्नु । (उदा. बच्चाले भात उकेल्यो ।)

उक्त-/उक्त/वि. पहिले भनिएको, वर्णन गरिएको, सो । (उदा. उक्त कथा पाँच कक्षाको पुस्तकमा छापिएको छ ।)

उक्सनु-/उक्सनु/सक्रि. १. राप, ताप आदिबाट आकार बढ्नु । २. ऋण आदिबाट मुक्त हुनु ।

उखु-/उखु/ना. डाँख्लामा गुलियो रस हुने आँख्ला आँख्ला भएको एक वनस्पति । (उदा. उखुको रसबाट चिनी बन्छ ।)

उखेल्नु-/उखेल्नु/क्रि. १. भुइँमा उम्रेको झार, बिरुवा आदिलाई जरा सहित उक्काउनु । (उदा. रीताले फूलबारीको झार उखेलिन् ।) २. जमिनमा गाडेको किलो, खाँबो आदि निकाल्नु । (उदा. गाईले बल गरेर किलो उखेलेछ ।)

उगेल्नु-/उगेल्नु/क्रि. हे. उकेल्नु ।

उग्राउनु-/उग्ग्राउनु/क्रि. पशुले चरेर निलेको आहारा (घाँस, पराल आदि) फेरि मुखमा ल्याएर मसिनो हुने गरी चपाउनु । (उदा. भैँसी उग्राउँदै छ ।)

उचाइ-/उचाइ/ना.अग्लाइ, उच्चता, अग्लोपन । (उदा. त्यस खम्बाको उचाइ १५ फिट रहेछ ।)

उचाल्नु-/उचाल्नु/क्रि. कुनै वस्तुलाई हात वा यन्त्रको सहायताले माथि ल्याउनु, मास्तिर उठाउनु । (उदा. पसलेले तराजु उचालेर सामान जोख्यो ।)

उच्च-/उच्च/वि.१. अग्लो, उचो । (उदा. विश्वको सबभन्दा उच्च हिमाल सगरमाथा हो ।) २. बढी, धेरै । (उदा. उसले परीक्षामा उच्च अङ्क ल्याएछ ।) ३. माथिल्लो, उपल्लो । (उदा. उच्च शिक्षा, उच्च स्थान)

उच्चारण-/उच्चारण्/ना. अरूले सुन्ने गरी मुखबाट वर्णहरूको ध्वनि निकाल्ने काम, बोल्ने काम, बोली ।

उच्छृङ्खल-/उच्छृङ्खल्/वि. मनपरी व्यवहार गर्ने वा बोल्ने, अनुशासन नभएको, स्वेच्छाचारी । (उदा. उच्छृङ्खल स्वभावको मानिसलाई कसैले पनि मन पराउँदैनन् ।)

उछिट्टिनु-/उछिट्टिनु/क्रि. कुनै वस्तु ठिक ठाउँमा नपरी पर पुग्नु ।

उछिट्याउनु-/उछिट्ट्याउनु/क्रि. कुनै सामान वस्तु आदि ताकेको ठाउँमा नपुऱ्याई अन्यत्र पुऱ्याउनु। (उदा. उसले हिलो उछिट्याएर फोहोर पाऱ्यो।)

उजाड-/उजाड्/वि. बोट बिरुवा नभएको वा प्राणीहरू केही नबस्ने (ठाउँ)। (उदा. रुखहरू काटिएकाले त्यो ठाउँ उजाड देखिन्छ।)

उज्यालो-/उज्यालो/वि. १.अँध्यारो नभएको। (उदा. उज्यालो कोठा भएन भने पढ्न सकिँदैन।) ना. २. प्रकाश, ज्योति।

उझिन्डो-/उझिन्डो/ना. ढुङ्ग्रो, ठेकी आदि झुन्ड्याउन बाँधिने डोरी।

उठाउनु-/उठाउनु/क्रि. निदाएको मान्छेलाई बिउँझाउनु। (उदा. उसले सुतेको साथीलाई उठायो।) २. लत्रेको वा सुतेको लहरो वस्तु आदिलाई ठाडो पार्नु। ३. कसैलाई दिएको पैसा लिनु, असुल गर्नु।

उठ्नु-/उठ्नु/क्रि. बिउँझनु, उभिनु, उन्नति हुनु, उँभो लाग्नु।

उड्डयन-/उड्डयन्/ना. जमिन छाडेर आकाश मार्गबाट हिँड्ने काम, उडान।

उड्नु-/उड्नु/क्रि. चरा आदिले पखेटा चलाएर आकाश मार्गमा घुम्नु। (उदा. भँगेरो भुर्र उड्यो।)

उता-/उता/क्रियो. उसतर्फ, त्यता, उहाँ।

उति-/उति/वि.१. पहिलेको नाप वा भनाइ सरहको। २. धेरै, प्रशस्त।

उत्कृष्ट-/उत्क्रिस्ट/वि. सबभन्दा राम्रो, असल, उत्तम, श्रेष्ठ। (उदा. उनले जाँचमा उत्कृष्ट अङ्क ल्याइछन्।)

उत्खनन-/उत्खनन्/ना. जमिन खनेर खनिज तत्त्व, पुरातात्त्विक अवशेष आदि खोज्ने काम। (उदा.उत्खनन नगरी खनिज पदार्थ प्राप्त गर्न सकिँदैन।)

उत्तम-/उत्तम्/वि. अझ श्रेष्ठ, झन् बेस। (उदा. तिमी कक्षाको उत्तम विद्यार्थी हौ।)

उत्तर-/उत्तर्/ना. १. कुनै प्रश्न, शङ्का आदिको समाधानका लागि भनिने कुरो, जबाफ। २. चार दिशामध्ये एक दिशा। (उदा. नेपालको उत्तरतिर हिमाल छ।)

उत्ताउलो-/उत्ताउलो/वि. अस्वाभाविक ढाँचा देखाउने, तडकभडक गर्ने। (उदा.उत्ताउलो स्वभाव देखाउनु हुँदैन।)

उत्तानो-/उत्तानो/वि. आकाशतर्फ फर्केर पल्टेको, मास्तिर फर्केर सुतेको। (उदा. उनी उत्तानो परेर सुते।)

उत्तीर्ण-/उत्तिर्ण/वि. कुनै परीक्षा दिएर पास भएको, सफल। (उदा. उनी कक्षा पाँचमा उत्तीर्ण भएछन्।)

उत्थान-/उत्थान्/ना. उठाउने काम, उन्नति, प्रगति हुनु।

उत्पत्ति-/उत्पत्ति/ना. जन्म, पैदा, प्रकट । (उदा. फोहोर पानीमा कीटाणुको उत्पत्ति चाँडै हुन्छ ।)

उत्पन्न-/उत्पन्न/वि. पैदा भएको, जन्मेको, निस्केको, देखा परेको । (उदा. फोहोरमा किरा उत्पन्न भएछन् ।)

उत्पादक-/उत्पादक्/ना. उत्पादन गर्ने, उब्जाउने ।

उत्पादन-/उत्पादन्/ना. उत्पन्न गर्ने वा जन्माउने काम, उब्जा, उब्जनी । (उदा. तराईमा धानबालीको उत्पादन धेरै हुन्छ ।)

उत्रिनु-/उत्रिनु/क्रि. उक्सनु, पार हुनु, उम्कनु ।

उत्रै-/उत्रै/वि. ऊ जत्रै, त्यत्रै । (उदा. तिम्रो भाइ पनि उत्रै रहेछ ।)

उत्सव-/उत्सव/ना. कुनै विशेष अवसरमा खुसियाली मनाउँदै धुमधामसँग मनाइने पर्व, चाडपर्व । (उदा. दसैं महान् उत्सव हो ।)

उत्साही-/उत्साहि/वि. उत्साह भएको, हौसला बढेको । (उदा. उत्साही स्वभावका मान्छे दु:ख र सुखसँग आत्तिने गर्दैनन् ।)

उत्सुक-/उत्सुक्/वि. कुनै काम कुरो गर्नका निम्ति अत्यन्त इच्छुक, प्रबल इच्छा भएको । (उदा. ऊ पढ्न उत्सुक छ ।)

उदाउनु-/उदाउनु/क्रि. प्रकट हुनु, झुल्कनु, देखा पर्नु । (उदा. सूर्य उदाए ।)

उदाङ्ग-/उदाङ्ग/वि. उधिएको, खुला, ढाकछोप नभएको ।

उदार-/उदार्/वि.दयालु स्वभावको, असल वा राम्रो विचार गर्ने, मनकारी, दिलदार । (उदा. उदार स्वभावको साथीलाई सबैले मन पराउँछन् ।)

उदाहरण-/उदाहरण्/ना. कुनै भनाइ, सिद्धान्त आदिलाई पुष्टि गर्ने कुरा, नमुना, दृष्टान्त । (उदा. मेरो साथी उदाहरण हेरेर हिसाब सिक्छ ।)

उद्दण्ड-/उद्दन्ड/वि. अनुशासनमा नबस्ने, सजायको डर नभएको, उच्छृङ्खल । (उदा. उद्दण्ड व्यक्तिलाई कसैले मन पराउँदैन ।)

उद्देश्य-/उद्देस्य/ना. कुनै कामका लागि लिइने लक्ष्य, चाहना ।

उद्योग-/उद्द्योग्/ना. कुनै कार्यसिद्धिका निम्ति परिश्रमपूर्वक लाग्ने काम, उत्पादन गर्ने व्यवसाय, उद्यम । (उदा. उनले फर्निचर उद्योग चलाएका छन् ।)

उधारो-/उधारो/ना. पछि मोल तिर्ने गरी किनबेच गर्ने काम । (उदा. आज नगद भोलि उधारो ।)

उधुम-/उधुम्/वि. चौपट्ट, ज्यादा, अति, धेरै। (उदा. उधुम घाम लाग्यो।)

उनिउँ-/उनिउँ/ना. फल र फूल नहुने मसिनो पात र कलेजी रङको वा हरियो-सेतो डाढ हुने एक वनस्पति, उन्यु। (उदा. उनिउँको बोटमा फूल फुल्दैन।)

उनी-/उनि/सर्व. ऊ शब्दको मध्यम आदरार्थी शब्द, तिनी। (उदा. उनी मेरी बहिनी हुन्।)

उन्नति-/उन्नति/ना. विकास भएको अवस्था, प्रगति। (उदा. जनता परिश्रमी भए भने राष्ट्रको उन्नति हुन्छ।)

उन्नु-/उन्नु/क्रि.फूललाई सियोले छेडेर धागोमा गाँस्नु, गुथ्नु, हुल्नु, छेड्नु। (उदा. बहिनीले माला उनिन्।)

उपकरण-/उपकरण्/ना. कुनै काम गर्न प्रयोग गरिने सामान, औजार, साधन।

उपकार-/उपकार्/ना. अरूको भलाइका निम्ति गरिने असल काम। (उदा. जनताको उपकार गर्न समाज सेवामा लाग्नुपर्छ।)

उपग्रह-/उपग्रह/ना. कुनै ठुलो ग्रहको वरिपरि घुम्ने सानो ग्रह। (उदा.चन्द्रमा पृथ्वीको उपग्रह हो।)

उपचार-/उपचार्/ना. बिरामीको रोग निको पार्नका निम्ति गरिने काम, ओखतीमुलो। (उदा. अस्पतालमा बिरामीको उपचार गरिन्छ।)

उपत्यका-/उपत्यका/ना. वरिपरि पहाडले घेरेको समथर जमिन, बेसी। (उदा. नेपालमा धेरै उपत्यकाहरू छन्।)

उपदेश-/उपदेस्/ना. कसैलाई राम्रो बाटोमा लगाउन वा असल कुरा सिकाउनका निम्ति दिइने शिक्षा, अर्ती। (उदा. गुरुको उपदेश उपयोगी हुन्छ।)

उपद्रव-/उपद्द्रब्/ना. अकस्मात् कसैले गरेको उपद्रो, उत्पात, सङ्कट, बिठ्याइँ, आकस्मिक आपत्ति।

उपद्रो-/उपद्द्रो/ना. कुनै दुःख वा कष्ट हुने घटना, फटाइँ। (उदा.उपद्रो मच्चाउने गुन्डालाई गाउँलेले पिटेछन्।)

उपन्यास-/उपन्न्यास /ना. धेरै अध्यायमा लेखिने लामो साहित्यिक कथा। (उदा.नेपाली साहित्यमा धेरै उपन्यास लेखिएका छन्।)

उपप्रधान मन्त्री-/उपप्रधान् मन्त्रि/ना. प्रधान मन्त्रीभन्दा सानो र अन्य मन्त्रीभन्दा ठुलो मन्त्री। (उदा.प्रधान मन्त्रीको अनुपस्थितिमा उनको कार्यभार उपप्रधान मन्त्रीले लिन्छन्।)

उपभोग-/उपभोग्/ना. कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने काम। (उदा.मान्छे भएपछि सुखदुःखको उपभोग गर्नु पर्छ।)

उपभोक्ता-/उपभोक्ता/ना. कुनै सामान उपभोग गर्ने व्यक्ति, सामान प्रयोग गर्ने

मानिस। (उदा. सामानको चर्को मूल्यबाट उपभोक्ताहरू मर्कामा पर्छन्।)

उपयुक्त-/उपयुक्त/वि. कुनै कामका लागि ठिक, उचित, अनुकूल। (उदा. उपयुक्त समयमा भेट गर्न म आउँला।)

उपलक्ष्य-/उपलच्छ्य, उपलक्छ्य/ना. कुनै राम्रो काम कुराको अवसर। (उदा. जन्मदिनको उपलक्ष्यमा भोज गरियो।)

उपलब्ध-/उपलब्ध/वि. पाइएको, प्राप्त, थाहा पाइएको। (उदा. विद्यालयबाट उपलब्ध छात्रवृत्तिले मैले पढाइ पूरा गरें।)

उपल्लो-/उपल्लो/वि. माथिल्लो, उच्च तहको।

उपसभामुख-/उपसभामुख्/ना. संसद्मा सभामुखपछिको ठुलो व्यक्ति। (उदा. सभामुखको अनुपस्थितिमा उपसभामुखले कार्य सञ्चालन गर्नुपर्छ।)

उपहार-/उपहार्/ना. कुनै खुसियालीमा कसैलाई दिइने भेट, सौगात। (उदा. साथीलाई जन्मदिनमा उपहार दिन बिर्सिएछु।)

उपाध्यक्ष-/उपाध्यच्छ्य/ना. कुनै सङ्घ, संस्था आदिमा अध्यक्षभन्दा मुनिको ठूलो व्यक्ति। (उदा. अध्यक्ष नआएकाले उपाध्यक्षले सभा सञ्चालन गरे।)

उपाय-/उपाय/ना. कुनै काम सजिलोसँग गर्ने युक्ति, जुक्ति, तरिका। (उदा. कुनै उपाय लगाएर समस्या समाधान गर।)

उपासना-/उपासना/ना. पूजा आजा, भक्ति, आरधना।

उपेक्षा-/उपेक्छ्या/ना. बेवास्ता, तिरस्कार, हेला। (उदा. बुढाबुढीलाई उपेक्षा गर्नु हुँदैन।)

उफ्रिनु-/उफ्फ्रिनु/क्रि. जमिन छाडेर माथि बुर्लुक्क हुत्तिनु वा उछिट्टिनु। (उदा. भ्यागुतो बुर्लुक्क उफ्रियो।)

उब्जा-/उब्जा/ना. जग्गा जमिनबाट हुने अन्नबाली, सागपात आदिको उब्जनी, आमदानी। (उदा. उब्जा बढाउन रासायनिक मल हाल्नुपर्छ।)

उब्जाउ-/ना. १. उब्जा हुने क्रियां वा उत्पादन हुने प्रक्रिया, उब्जनी। २. धेरै उब्जनी हुने। (उदा. उब्जाउ भूमि।)

उब्जाउनु-/उब्जाउनु/क्रि. उत्पन्न गर्नु, उत्पादन गर्नु। (उदा. किसानले अन्न उब्जाउँछन्।)

उब्जनी-/उब्जनि/ना. उत्पादन, उब्जिएको बाली, उब्जा। (उदा. पानी पर्नाले धानको उब्जनी धेरै भयो।)

उब्जनु-/उब्जनु/सक्रि. उत्पादन हुने, उब्जा हुनु।

उभयचर-/उभयचर्/वि. जल र थल दुवै ठाउँमा हिँड्न सक्ने। (उदा. भ्यागुतो र कछुवा उभयचर प्राणी हुन्।)

उभिनु-/उभिनु/क्रि. खडा हुनु, ठडिनु । (उदा. सानो भाइ बिस्तारै उभिन थाल्यो ।)

उभ्याउनु-/उभ्याउनु/क्रि. उभिने पार्नु, उभिन लाउनु । (उदा. उसले हातले समातेर बच्चालाई उभ्यायो ।)

उमङ्ग-/उमङ्ग/ना. काम गर्नलाई मनमा लागेको अवस्था, उत्साह, उल्लास, फुर्ती । (उदा. वनभोज जाने समाचारले विद्यार्थीमा उमङ्ग ल्यायो ।)

उमाल्नु-/उमाल्नु/क्रि. उम्लने पार्नु, उम्लन लगाउनु । (उदा. भाइले दुध उमाल्यो ।)

उमेर-/उमेर्/ना. जन्मदेखि वर्तमान अवस्थासम्मको समय । (उदा. तपाईंको उमेर कति भयो ।)

उम्कनु-/उम्कनु/सक्रि. कसैको अधीन वा पकडबाट फुत्कनु ।

उम्मेदवार-/उम्मेद्वार्/वि. निर्वाचनमा कुनै पदमा छानिन आवेदन दिने व्यक्ति । (उदा. उम्मेदवारहरू भोट माग्दै छन् ।)

उम्रनु-/उम्म्रनु/क्रि. बिउबाट टुसा आउनु, टुसा निस्कनु । (उदा. फुलको बिरुवा उम्रियो ।)

उम्लनु-/उम्लनु/क्रि. तरल पदार्थ धेरै तात्दा फिँज वा बाफ सहित माथि उठ्नु । (उदा. दुध उम्लियो ।)

उल्टो-/उल्टो/वि. सामान्य गुण, अनुभव, धारणा र मान्यतासँग नमिल्ने, बिब्लेँटो । (उदा. उल्टो कुरा नगर ।)

उल्था-/उल्था/ना. कुनै एक भाषामा लेखिएको कुरा वा विषयलाई अर्को भाषामा लेख्ने वा भन्ने काम, अनुवाद । (उदा. विश्व प्रसिद्ध पुस्तकहरूलाई विभिन्न भाषामा उल्था गरिन्छ ।

उल्लास-/उल्लास्/ना. हर्ष, आनन्द, खुसियाली ।


उल्लेख-/उल्लेख्/ना. तोकेर लेख्ने कार्य, वर्णन, चर्चा ।

उस्ताद-/उस्ताद्/वि. नाच गान गर्न सिकाउने व्यक्ति, सिपालु ।

उल्लङ्घन-/उल्लङ्घन्/ना. नियम अनुशासन आदि मिच्ने काम, मर्यादाको त्याग । (उदा.गुरुको आज्ञा उल्लङ्घन नगर ।)

उहाँ-/उहाँ/सर्व. "ऊ" को सम्मान सूचक शब्द । (उदा. उहाँ मेरो काका हुनुहुन्छ ।)

ऊ



ऊन-/उन्/ना. च्याङ्ग्रा, भेडा आदि पशुहरूको नरम रौँ। (उदा. जाडोमा ऊनको सुइटर लगाइन्छ।)

ऊर्जा-/ऊर्जा/ना.इन्जिनबाट प्राप्त हुने शक्ति।

## ऋ

ऋण-/रिन्/ना. पछि दिने लिने सर्तमा अरूसँग लिइएको वा अरूलाई दिइएको धन, क़र्जा, सापट, रिन। (उदा. ऋण गरेर भोज नगर।)

ऋतु-/रितु/ना. प्राकृतिक अवस्था अनुसार वर्षभरिको दुई दुई महिनाका दरले फेरिने वातावरण वा त्यस अनुसार हुने विभाजन। (उदा. वसन्त ऋतु चैत र वैशाख महिनामा पर्छ।)


ऋषि-/रिसि/ना. सात्विक जीवन व्यतीत गर्ने र आध्यात्मिक तथा भौतिक तत्त्वहरूलाई साक्षात्कार गर्ने व्यक्ति, मुनि, तपस्वी। (उदा. वैदिक साहित्यको विकासमा ऋषिहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।)



## ए

एकता-/एकता/ना. एकमत, मेलमिलाप, एक हुनु।

एकतारे-/एक्तारे/ना. आधा पारिएको तुम्बालाई छालाले मोडी बीचमा बाँस आदिको लट्ठी घुसारेर एउटा मात्र तार जडेको एक प्रकारको बाजा।



एकत्रित-/एकत्त्रित/वि. एक ठाउँमा जम्मा भएको वा गरिएको।

एकदम-/एक्दम्/क्रियो. १. ज्यादै, असाध्य। (उदा. तिम्रो कुराले ऊ एकदम रिसायो।) २. छिटो छिटो, निरन्तर।

एक वचन-/एक् बचन्/ना. १. एकपल्ट मात्र बोलिएको वचन, एक बोली। २. व्याकरणमा गन्तीमा एउटा वस्तु वा व्यक्तिलाई बुझाउने शब्द।

एकाग्र-/एकाग्ग्र/वि. एउटै कुरामा ध्यान दिएको, एकचित्त।


एकादशी-/एकादसि/ना. हरेक महिनाको शुक्ल वा कृष्ण पक्षको एघारौँ तिथि, दशमी पछिको तिथि। (उदा. हिन्दु धर्मावलम्बीहरू एकादशीमा व्रत बस्छन्।)

एकादशी-/एकादसि/ना. हरेक महिनाको शुक्ल वा कृष्ण पक्षको एघारौँ तिथि, दशमी पछिको तिथि। (उदा. हिन्दु धर्मावलम्बीहरू एकादशीमा व्रत बस्छन्।)

एकीकरण-/एकिकरण्/ना. दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति, संस्था आदिलाई मिलाएर एक बनाउने काम। (उदा .पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेका हुन्।)

एकोहोरो-/एकोहोरो/वि. एउटै किसिमको सोचमा लाग्ने, एकसुरे।

एक्कासि-/एक्कासि/क्रि. अकस्मात्, एकाएक, अचानक। (उदा. ड्राइभरले एक्कासि बसमा ब्रेक लगायो।)




एक्लो-/एक्लो/वि. कोही नभएको, एक्लो। (उदा. एक्लो मान्छे)

एम्बुलेन्स-/एम्बुलेन्स्/ना. बिरामीलाई ओसार पसार गर्ने सवारी साधन वा मोटर।

एवम्-/एबम्/सं. समान रूपका वाक्य वा पदहरूलाई जोड्ने शब्द। (उदा. विद्यार्थी एवम् अभिभावकको सम्मानमा कार्यक्रम आयोजना गरियो।)


एसिया-/एसिया/ना.पृथ्वीका महाद्वीपहरूमध्ये पूर्वी गोलार्धमा रहेको महाद्वीप। (उदा. नेपाल एसिया महादेशमा पर्दछ।)

## ऐ

ऐँचोपैँचो-/ऐँचोपैँचो/ना. सापटी, पैसा आदिको लेनदेन।

ऐकिक नियम-/ऐकिक् नियम्/ना. कुनै पनि सङ्ख्या वा गणितका समस्यालाई एकाइ (एक एक) मा रूपान्तरण गरी समाधान गरिने नियम।

ऐतिहासिक-/ऐतिहासिक्/वि. इतिहासमा उल्लेख भएको, इतिहास सम्बन्धी। (उदा. नेपालमा धेरै ऐतिहासिक स्थलहरू छन्।)



ऐन-/ऐन्/ना. कुनै कुरालाई व्यवस्थित रूपमा गर्न गराउन बनेको सरकारी नियम, कानुन, विधान। (उदा. सबै नागरिकले ऐनको पालना गर्नुपर्छ।)

ऐना-/ऐना/ना. अनुहार आदि शरीरका अङ्ग हेर्नका लागि बनाइएको सिसा, दर्पण । (उदा. वस्तु जस्तो छ ऐनामा त्यस्तै देखिन्छ ।)

ऐया-/ऐया/विबो. चोट लाग्दा, शरीर दुख्दा वा पीडा हुँदा मुखबाट निस्कने शब्द । (उदा. ऐया ! भित्तामा टाउको ठोकियो ।)

ऐश्वर्य-/ऐस्वर्य/ना. धन, सम्पत्ति । (उदा. ऐश्वर्य छ भन्दैमा धाक नछोड ।)

## ओ

ओइलाउनु-/ओइलाउनु/क्रि. सागपात आदिलाई घाममा राखेर अलि अलि सुकाउनु, ओइलिएको पार्नु ।

ओखर-/ओखर्/ना. हाडे दानाभित्र नरम र चिल्लो दिउल हुने ठूलो जातको रुख वा त्यसको फल । (उदा. बहिनीले तिहारमा मलाई ओखर दिइन् ।)

ओछ्यान-/ओछ्यान्/ना. बिछ्यौना, ओछ्याउने, बिस्तरा, शयन । (उदा. भाइले भुइँमा ओछ्यान ओछ्यायो ।)

ओछ्याउनु-/ओच्छ्याउनु/क्रि. सुकुल, गुन्द्री डसना आदि ओछ्याउने चिज जमिन, खाट आदिमा बिछ्याउनु, फैलाउनु ।

ओटा-/ओटा/कोक. सङ्ख्यावाचक शब्दको पछिल्तिर लागेर थान बुझाउने एउटा प्रत्यय (चारओटा, पाँचओटा आदि ।)

ओठ-/ओठ्/ना. खाने मुख ढाक्ने शरीरको एक अङ्ग, मुखको ढोका ।

ओडार-/ओडार्/ना. पहाड पर्वतमा बनेको ठूलो प्वाल, गुफा, कन्दरा । (उदा. बाघ ओडारमा बस्छ ।)

ओढ्नु-/ओढ्नु/क्रि.१. ओढ्न हुने कुनै लुगाले जम्मै जिउ वा कुनै अङ्ग मात्र छोप्नु । २. घामपानीबाट बच्न छाता, घुम आदि साधनले शरीर ओत्नु । (उदा. ऊ छाता ओढेर विद्यालय गयो ।)

ओढ्ने-/ओढ्ने/ना. जाडो आदिबाट बच्न जम्मै जिउ वा कुनै अङ्ग ढाक्ने वस्त्र (जस्तै : सिरक, दोलाई, पछ्यौरा आदि ।)

ओथारो-/ओथारो/ना. कुखुरा आदि पक्षीले चल्ला काढ्नका निम्ति आफ्ना प्वाँखका भुवाले अन्डा छोप्ने काम । (उदा. कुखुराको पोथी ओथारो बसेको छ ।)

ओरालो-/ओरालो/ना. भिरालो ठाउँ । (उदा. पहाडमा उकालो ओरालो हिँड्नु पर्छ ।)

ओर्लनु-/ओर्लनु/क्रि.माथिबाट तलतिर झर्नु, ओरालो लाग्नु । (उदा. भाइ रुखबाट ओर्लियो ।)

ओस-/ओस्/ना. भुइँको चिसो, चिस्यान । (उदा. जाडो याममा ओसबाट बच्नुपर्छ ।)

ओसार्नु-/ओसार्नु/क्रि. कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा ल्याउनु वा लैजानु ।

ओसिलो-/ओसिलो/वि. ओस वा सर्दी लाग्ने किसिमको, अलि अलि चिसो, सेपिलो ।

ओहो-/ओहो/विबो. अहो । (उदा. ओहो ! तिमी कहिले आयौ ?)

## औ

औँठी-/औँठि/ना. हातका औँलामा लगाइने सुन, चाँदी आदिको गहना ।

औँठो-/औँठो/ना. हात वा गोडाको बुढी औँलो, अँगुठो ।

औँला-/औँला/ना. हात वा गोडाको अघिल्लो भागमा नङ वा नङ्ग्रा सहितका डोला पाँच अङ्गमध्ये कुनै एक । (उदा. हातका सबै औँला पनि बराबर हुँदैनन् ।)

औँल्याउनु-/औँल्याउनु/क्रि.कुनै व्यक्ति, वस्तु वा ठाउँ आदिलाई औँलो तेर्स्याएर देखाउनु, इसारा गर्नु ।


औँसा-/औँसा/ना. सडेगलेका मासु र अरू त्यस्तै पदार्थहरूमा वा जीवजन्तुका घाउमा झिँगाले फुल पारेपछि विकसित हुने स-साना किरा ।

औँसी-/औँसि/ना. चन्द्रमान अनुसार कृष्णपक्षको अन्तिम तिथि, अमावास्या । (उदा. औँसीको दिनमा राती चन्द्रमा देखिँदैन ।)

औँस्याहा-/औँस्याहा/वि. औँसी तिथिमा जन्मेको ।

औकात-/औकात्/ना. १. व्यक्तिको शक्ति, सम्पत्ति वा अधिकारको स्थिति । २. क्षमता, हैसियत ।

औचित्य-/औचितत्य/ना. १. उचित हुँदाको स्थिति, उचित हुने आधार वा गुण । २. उपयुक्तता, सुहाउँदोपन ।



औजार-/औजार्/ना. काम गर्दा प्रयोग हुने हतियार, उपकरण, ज्याबल । (उदा. कृषि औजार, सिकर्मीको औजार)

औधि-/औधि/क्रियो./वि. धेरै, अत्यन्त, निकै ।




औलो-/औलो/ना. गर्मी ठाउँमा लामखुट्टेको टोकाइबाट फैलने जरो ।

औषधी-/औसधि/ना. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु, ओखती ।

औसत-/औसत्/ना. १. सरदर, सालाखाला, करिव । (उदा. औसत तापक्रम, औसत वर्षा ।) २. मध्यम, बिचको । (उदा. औसत आम्दानी ।)

कंस-/कङ्स/ना. १. भारतको मथुरा प्रदेशका राजा उग्रसेनको छोरो वा भगवान् कृष्णका मामा । (उदा. दुष्ट भएकाले मामा भए पनि भगवान् कृष्णले कंसलाई मारे ।)

कक्ष-/कच्छ्य,कक्छ्य/ना. १. सानो कोठा (उदा. उपचार कक्ष, शयन कक्ष) । २. एक वस्तुलाई केन्द्र बनाई त्यसको वरिपरि अर्को वस्तु परिक्रमा गर्ने घेरो, बाटो वा पथ । (उदा. पृथ्वीले आफ्नो कक्षमा घेरो लगाई सूर्यको परिक्रमा गर्छ ।)

कक्षा-/कच्छ्या, कक्छ्या/ना. १. दर्जा, श्रेणी, स्तर । २. पढाइ सञ्चालन गरिने कोठा । (उदा. बहिनी ३ कक्षामा पढ्दै छे ।)

कङ्गाल- /कङ्गाल्/वि. सम्पत्ति सबै सकिएको, टाट पल्टेको

कचौरा-/कचौरा/ना. भोजनका परिकारमध्ये तिहुन, तरकारी आदि हाल्ने, भाँडो, बटुको ।

कच्चा-/कच्चा/वि. १. नपाकेको, अपरिपक्व काँचो । २. प्रशोधन नगरेको । (उदा. कच्चा पदार्थ नभएकाले उद्योग बन्द भयो ।)

कच्ची-/कच्चि/वि. १. धेरै दिन नटिक्ने, कमजोर, कच्चा । (उदा. कच्ची सिलाइ) २. नपोलेको, नपकाएको । (उदा. कच्ची इँट कमजोर हुन्छ ।) ३. कालोपत्र नगरेको, पिच नगरेको, धुले ।

कच्याककुचुक-/कच्याक्कुचुक्/वि. खुम्चिएको, खजमजिएको ।

कछुवा-/कछुवा/ना. हाड जस्तो कडा खबटाले पिठिउँ ढाकिएको, जल र स्थलमा हिँड्ने जन्तु विशेष, ठोटरी ।

कञ्चन- /कन्चन/वि. सफा, स्वच्छ, सङ्लो ।

कटकटी-/कट्कटि/क्रियो. कटकट गरेर दुखाउने, काट्ने, कटकट आवाज निकाल्ने किसिमले । (उदा. जाडोले जिउ कटकटी खायो ।)

कटहर-/कटहर्/ना. खस्रो काँडादार बोक्रा भएको, भित्र भुत्रा र गुलियो स्वादका कोया फल्ने र काँचोमा तरकारी खान हुने एक प्रकारको फल, रुख कटहर ।

कटुस-/कटुस्/ना. काँडा भएको बाहिरी बोक्रोभित्र पातलो खबटामा दिउल हुने एक जङ्गली फल वा त्यसको रुख । (उदा. पात्ले, मुसुरे र डाले गरी कटुसका तीन जात हुन्छन् ।)

कट्टु-/कट्टु/ना. घुँडाभन्दा माथि मात्र लाउने, फराकिलो मुख भएको लुगा ।

कठिन-/कठिन्/वि. सजिलोसित वा चाँडै गर्न नसकिने गाह्रो, अप्ठ्यारो, मुस्किल । (उदा. कुनै पनि काम गर्न कठिन मान्नु हुन्न ।)

कठै-/कठै/विबो. सहानुभूति, करुणा, दया आदि भाव प्रकट गर्दा प्रयोग गरिने शब्द ।

कठ्याङ्ग्रिनु-/कठ्याङ्ग्रिनु/क्रि. कक्रक्क पर्नु। (उदा. जाडाले हात कठ्याङ्ग्रिए।)

कडा-/कडा/वि. कठोर, चाम्रो, सार्‍हो।

कड्कनु-/कड्कनु/क्रि. रिसाएर चर्को स्वरले बोल्नु, जोडसँग कराउनु।

कण-/कण्/ना. १. धुलो आदिको ज्यादै मसिनो खण्ड। २. ढुङ्गा, अन्न आदि फुटेर बनेका ससाना टुक्रा। ३. पानीको थोपाको सानो अंश, बुँद।

कण्ठ-/कण्ठ/ना. १. घाँटी। वि. २. मुखाग्र, कण्ठस्थ।

कता-/कता/क्रियो. कतातिर, कुन दिशातर्फ, कसतर्फ। (उदा. भाइ कता गयो हँ!)

कति-/कति/वि. सङ्ख्या, परिमाण आदि बुझ्नका लागि गरिने प्रश्न। (उदा. गाग्रीमा कति पानी छ?)

कत्रो-/कत्रो/वि. कुनै वस्तुको आकार बुझ्नका लागि गरिने प्रश्न। (उदा. तिम्रो घर कत्रो छ?) २. ठुलो, बडेमाको।

कत्ला-/कत्ला/ना. १. माछाको शरीरको आवरणका रूपमा रहने पाप्रा जस्तै देखिने टलक्दार पदार्थ। २. लुगा, शरीर आदिमा लागेको मैलो दाग। (उदा. तिम्रो कमिजमा हिलाको कत्ला लागेछ।)

कथा-/कथा/ना. घटनालाई गद्यमा वर्णन गरेर लेखिएको रचना, कहानी, छोटो कथा।

कद-/कद्/ना. शरीरको उचाइ, अग्लाइ, मोटाइ आदिको समष्टि रूप, जिउडाल। (उदा. काकाको कद मोटो छ।)

कदर-/कदर्/ना. सम्मान, आदर, प्रशंसा, सर्‍हनी। (उदा. एक्ले अर्काको कदर गर्नाले सद्भावको विकास हुन्छ।)

कदापि-/कदापि/क्रियो. कहिल्यै, कुनै बखतमा पनि। (उदा. उनी कदापि असत्य बोल्दैनन्।)

कन-/कन/विभ. लाई अर्थ दिने द्वितीया वा चतुर्थी विभक्तिको चिह्न।

कनसुत्लो-/कन्सुत्लो/ना. खजुराका झैँ धेरै खुट्टा हुने मसिनो लाम्चो आकारको किरो। (उदा. कानमा कनसुत्लो पस्यो भने आपत् हुन्छ।)

कन्जुस-/कन्जुस्/वि. लोभी, मक्खीचुस। (उदा. कन्जुस मान्छे असन्तोषी हुन्छ।)

कन्द- /कन्द/ना. बिरुवाको जरामा उब्जने गानो वा फल। (उदा. तरुल, आलु, पिँडालु कन्दका रूपमा चिनिन्छन्।)

कन्नु-/कन्नु/क्रि. १.अँ अँ शब्द निकालेर सास फेरी भित्री दु:ख वा पीडा देखाउनु। २. बल गर्नु।

कन्फुसियस-/कन्फुसियस/ना. चीनका एक प्रसिद्ध विचारक, चिन्तक वा दार्शनिक।

**कप**-/कप्/ना. १. चिया, दुध आदि खाइने एक प्रकारको कचौरा, प्याला। २. खेलकुद, नृत्य आदि प्रतियोगितामा विजयीलाई पुरस्कार स्वरूप दिइने वस्तु।

**कपडा**-/कपडा/ना. कपास आदिका धागोलाई तानमा बुनेर बनाएको वस्तु, लुगा, वस्त्र वा पहिरन। (उदा.उसले कोट सिलाउन कपडा किनेर ल्यायो।)

**कपाल**-/कपाल्/ना. मान्छेको टाउकामा पलाउने रौँ, केश। (उदा. रमाले कपाल बाटिन्। कृष्णले कपाल कोर्‍यो।)

**कपास**-/कपास्/ना. कपडा बुन्ने धागो बनाउने भुवा वा त्यस्तो भुवा फल्ने बोट। (उदा. कपासको खेती गर्नु आर्थिक दृष्टिले फाइदाजनक छ।)

**कफी**-/कफि/ना. चिया जस्तै तातो पानीमा घोलेर खाइने एक प्रकारको पेय, त्यसको धुलो वा त्यो फल्ने बोट। (उदा. कफी लोकप्रिय पेय पदार्थ हो।)

**कब्जियत**-/कब्जियत्/ना. दिसा खलास नहुने पेट सम्बन्धी रोग। (उदा. कब्जियत हुनेले धेरै पानी पिउनु पर्छ।)

**कम**- कम्/वि. खास मात्रा, सङ्ख्या, गुण, परिमाण आदि भन्दा थोरै, घटी, कम्ती। (उदा. जाँचमा उसले मेरो भन्दा कम नम्बर ल्याएछ।)

**कमजोर**-/कम्जोर्/वि. बल नभएको, दुर्बल। (उदा. रोगले राम कमजोर भएछ।)

**कमल**-/कमल्/ना. ताल वा पोखरीमा उम्रने रातो, निलो, सेतो, पहेँलो रङका फूल फुल्ने एक फूल वा त्यसको बोट।)

**कमलपित्त**-/कमल्पित्त/ना. कलेजोमा विकार आई रगतमा पित्त फैलेर सुरुमा आँखा र पछि सारा शरीर नै पहेँलो हुने एक प्रकारको घातक रोग। (उदा. वेलामा उपचार गर्न सके कमलपित्त निको हुन्छ।)

**कमलो**-/कमलो/वि. छाम्दा तथा खाँदा नरम, कोमल, सलक्क परेको। (उदा. उसिनेको आलु कमलो हुन्छ।)

**कमसल**- /कम्सल्/वि. कम गुण भएको, कमजोर, तल्लो स्तरको।

**कमाइ**-/कमाइ/ना. कमाएको वस्तु, आर्जन।

**कमाउनु**-/कमाउनु/क्रि. धन, सम्पत्ति जम्मा गर्नु, आर्जन गर्नु, कमाइ गर्नु। (उदा. उसले धेरै धन कमाएछ।)

**कमिज**-/कमिज्/ना. अगाडि टाँक हुने कम्मर माथि लगाइने लुगा, सर्ट।

**कमिलो**-/कमिलो/ना. धेरैजसो समूहमा हिँड्ने एक किमिसको सानो किरो।

**कमेरो**-/कमेरो/ना. घर पोत्ने एक प्रकारको चिप्लो सेतो माटो। (उदा. गाउँघरमा कमेराले घर पोत्ने चलन छ।)

कम्ती-/कम्ति/वि. थोरै, कम, घटी, अपर्याप्त ।

कम्प-/कम्प/ना. काँप्ने काम, कँपाइ, कम्पन ।

कंम्पन-/कम्पन्/ना. हे. कम्प ।

कम्प्युटर-/कम्प्युटर्/ ना. सङ्ख्याहरूको जोड, घटाउ, गुणा, भाग आदिका साथै टङ्कन समेत गर्ने विद्युतीय यन्त्र । (उदा. आजको युगमा कम्प्युटरको महत्त्व बढेको छ ।)

कम्मर-/कम्मर्/ना.हे. कमर ।

कम्युनिस्ट-/कम्युनिस्ट्/ना.१. साम्यवादी व्यवस्था मान्ने व्यक्ति । वि. २. त्यस्तो व्यवस्थाको अनुयायी ।

कर१-/कर्/ना. सरकारलाई बुझाउनु पर्ने रकम, तिरो । (उदा.तोकिएको कर नतिरेमा सरकारले ऐन बमोजिम कारबाही गर्छ ।)

कर२-/कर्/ना. करकाप, जिद्दी, ढिपी (उदा.भाइले घर जाऊँ भनेर कर गऱ्यो ।)

करकाप- /कर्काप/ना. १. कसैको इच्छा विपरीत काम गर्न दिइने दबाब । २. जबरजस्ती ।

कराइ-/कराइ/ना. कराउने काम ।

कराउनु-/कराउनु/क्रि. नचाहिँदो क़िसिमले चर्को आवाज निकाली बोल्नु ।

करिब-/करिब्/क्रियो. लगभग, झन्डै ।

करुणा- /करुणा/ना. दुःखी अवस्थालाई देख्दा हुने अनुभूति, दया ।

करेन्ट-/करेन्ट्/ना. बिजुलीको तरङ्ग । (उदा. करेन्ट लागेर मानिसको ज्यान पनि जान सक्छ ।)

करेला-/क़रेला/ना. लहरामा फल्ने, तितो स्वाद हुने तरकारी वा अचार बनाएर खाइने लाम्चो फल, तिते करेलो ।

करेसो-/करेसो/ना. घरको छेउमा रहेको जग्गा ।

करेसाबारी-/करेसाबारि/ना. घरको वरिपरिको तरकारी खेती गर्ने जग्गा ।

कर्कलो-/कर्क्लो/ना. छाता जस्तै ठुलठुला नरम पात हुने, आलु जस्तै जरामा फल फल्ने एक बोट, पिँडालु ।

कर्जा- /कर्ज़ा/ना. पछि व्याजसहित फिर्ता गर्न दिइने रकम, सापटी ।

कर्ण- /कर्ण/ना.हे. कान ।

कर्तव्य-/कर्तब्ब्य/ना. गर्नुपर्ने काम, असल आचरण । (उदा. आफ्नो कर्तव्यबाट कोही पनि पन्छिन हुँदैन ।)

कर्म-/कर्म/ना. १. काम, कार्य, २ भाग्य ।

कर्मी- /कर्मि/ना. इँटा, ढुङ्गा, काठ आदिको काम गर्ने व्यक्ति ।

कल-/कल्/ना. १. धेरै पुर्जा जोडेर बनाइएको विभिन्न कामका लागि प्रयोग गरिने साधन, मेसिन, यन्त्र । २. कलह, बाभ्काबाभ्क ।

कलकल-/कल्कल्/ना. क्रियो. कुलो, सानो खोलो आदिमा पानी बग्दा आउने शब्द । (उदा. कुलामा पानी कलकल बग्दै छ ।)

कलङ्क- /कलङ्क/ना. १. कुनै वस्तुमा लागेको दाद, टाटो । २. खराब काम गर्दा आएको दोष ।

कलधारो-/कल्धारा/ना. मुहानबाट पाइप लगाएर ल्याइएको पानी खोल्न र बन्द गर्न हुने टुटी जडिएको पानीको धारो ।

कलपुर्जा-/कल्पुर्जा/ना. यन्त्र वा मेसिनका सामानहरू । (उदा. कलपुर्जा ठिक नभए मेसिनले काम गर्दैन ।)

कलम[1]-/कलम्/ना. लेख्ने साधन, लेखनी ।

कलम[2]-/कलम्/ना. बिरुवा, हाँगा आदिबाट अर्को बिरुवा निकाल्ने वा छाँट्ने काम ।

कलम[3]-/कलम्/ना. रकमको एक खण्ड, कित्ता ।

कलह-/कलह/ना. कुनै कुरा वा विषयमा हुने भनाभन, बाभ्काबाभ्क । (उदा. कलहका लागि ठुलो निहुँ चाहिँदैन ।)

कला-/कला/ना. १. कुनै काम राम्रोसित गर्ने सिप, कौशल । (उदा. कला नभएको मानिस पशु सरह हुन्छ ।) सिप लगाएर बनाएको वस्तु । (उदा. चित्रकला, मूर्तिकला)

कलाकृति- /कलाकृति/ना. कलाकारले निर्माण गरेको वस्तु, रचना ।

कलेजो-/क्लेजो/ना. शरीरमा पाकस्थलीदेखि दाहिनेतर्फ फोक्सोको मुन्तिर रहने अङ्ग । (उदा. क्लेजो हाम्रो शरीरको एक महत्त्वपूर्ण अङ्ग हो ।)

कल्चौंडो-/कल्चौंडो/ना. गाई, भैंसी आदि पशुको दुध रहने थैलो, फाँचो । (उदा. गाई दुधालु हो कि होइन उसको कल्चौंडोबाट थाहा हुन्छ ।)

कल्पना-/कल्पना/ना. मनमा अनौठा नयाँ कुरा सोच्ने शक्ति । (उदा. हामी स्वर्गको कल्पना गर्न सक्छौं तर पुग्न सक्दैनौं ।)

कल्याण-/कल्ल्याण्/ ना. भलो, हित, भलाइ । (उदा. हामीले सबैको कल्याण गर्नुपर्छ ।)

कवाज-/कबाज्/ना. सैनिकहरूलाई गराइने व्यायाम, सैनिक तालिम ।

कविता-/कबिता/ना. कुनै छन्द वा लयमा रचिएको साहित्यिक रचना, काव्य । (उदा. हाम्रो किताबमा कविता पनि छन् ।)

कष्ट-/कस्ट/ना. १. शरीरमा कुनै चोट लाग्दा हुने दुःख, अभावले हुने आपत्, पीडा । (उदा. जस्तोसुकै कष्टमा पनि मानिसले धैर्य छाड्नु हुन्न ।)

कसरी-/कसरि/क्रियो. कसो गरी, कुन किसिमले, कुन तरहले । (उदा. कसरी जाडोमा पनि नाङ्गै बस्न सकेको होला ?)

कसिँगर-/कसिँगर्/ना. घरमा छरिएको वा जमेको धुलो मैलो, रद्दी वस्तु ।

कसिनु-/कसिनु/क्रि. बाधिनु, कस्सिनु ।

कसुर- /कसुर्/ना. १. कसैले गरेको अपराध वा गल्ती । २. सजाय हुने खालको काम ।

कसौंडी-/कसौंडि/ना. मुख केही सानो र पेट फुकेको, दालभात आदि पकाउने काँस वा कुनै धातुको बाक्लो भाँडो । (उदा. आजभोलि कसौंडीको स्थान कुकरले लिएको छ ।)

कस्तो-/कस्तो/वि. के जस्तो, कुन वर्णको, कुन किसिमको । (उदा. तिम्रो किताबको गाता कस्तो छ ?)

कस्नु-/कस्नु/क्रि. कुनै वस्तुलाई डोरी आदिले बेसरी बाँध्नु । (उदा. उसले चामलको बोरा डोरीले कस्यो ।)

कस्सिनु-/कस्सिनु/क्रि. १. राम्ररी बाँधिनु, कसिनु । २. कुनै काम गर्न तम्सिनु । (उदा. राम गणित पढ्छु भनी कस्सियो ।)

कहलाउनु-/कहलाउनु/क्रि. नाउँ चल्नु, नामी हुनु, प्रसिद्ध हुनु । (उदा. गङ्गाधर गाउँमा कहलिएका व्यक्ति थिए ।)

कहलिनु-/कहलिनु/क्रि. प्रसिद्ध हुनु, नाउँ चल्नु, कहलाउनु ।

कहाँ-/कहाँ/क्रियो. कुन ठाउँमा, कता ।

कहानी-/कहानि/ना. कथा, किस्सा । (उदा. कहानी सुन्न रमाइलो हुन्छ ।)

कहिले-/कहिले/क्रियो. कुन समयमा, कुन बखतमा, कुन वेला ।

काइँ-/काइँ/ना. कपाल कोर्ने काम, कोरीबाटी । (उदा. नानी काइँ काइँ गर्दै छन् ।)

काँक्रो-/काँक्रो/ना. लहरामा फाँगिएर फल्ने हरियो पातलो ब्रोक्रा भएको र लाम्चो आकारको एक प्रकारको फल ।

काँगियो- ना. हे. काइँयो ।

काँच-/काच्/ बोतल, ऐना, चुरा आदि बनाइने पारदर्शी, कडा र फुट्ने वस्तु, सिसा । (उदा. बजारमा अनेक किसिमका काँचका गिलास पाइन्छन् । )

काँचो-/काँचो/वि./नपाकेको, अपरिपक्व । (उदा. काँचो आँप अमिलो हुन्छ ।)

काँटा-/काँटा/ना. सुन, चाँदी, सामान आदि जोख्ने साधन, तराजु ।

काँटी-/काँटि/ना. कुर्सी, टेबुल बनाउन काठमा ठोकिने साधन, किला ।

काँठ-/काँठ्/ना. १. केटाकेटीको घाँटीमा लगाइने कपडाले मोहोरिएको जन्तर । २. सहर बजारदेखि बाहिरको ठाउँ, गाउँ, बस्ती ।

काँडा-/काँडा/ना. बोट वा बिरुवाको हाँगा, डाँठ, पात आदिमा पलाउने तिखो बस्तु । (उदा. गुलाबको हाँगामा काँडा पनि हुन्छन् ।)

काँडादार- /काँडादार/वि. काँडाहरू हुने ।

काँडेतार-/काँडेतार्/ना. तिखा काँडा भएको तार । (उदा. सीताको बारीमा काँडेतारको बार लगाइएको छ ।)

काँध-/काँध्/ना. पाखुरा र गर्दन जोडिएको ठाउँ, कुम । (उदा. उसले चामलको बोरा काँधमा बोकेर लग्यो ।)

काइँयो-/काइँयो/ना. केश कोर्ने वा सफा गर्ने वस्तु, कपाल कोर्न प्रयोग गरिने साधन, काँगियो ।

काई-/काइ/ना. १. सिमसार वा रुखमा उम्रने हरियो मसिनो झ्याउ, लेउ । २. दाँत वा जिब्रो आदिमा लाग्ने सेतो गन्हाउने लेउ, कस ।

काउकुती- /काउकुति/ना. शरीरका अङ्गमा छुँदा हुने झस्काइ, कुतकुती ।

काउली-/काउलि/ना. एक प्रकारको तरकारी, फूलकोपी ।

काका-/काका/ना. बाबुको भाइ, कान्छा बुबा ।

काकी-/काकि/ना. काकाकी पत्नी, कान्छी आमा ।

काख-/काख्/ना. पलेटी मार्दा बनेको केटाकेटी बस्ने ठाउँ । (उदा. आमाले छोरीलाई काखमा बसाइन् ।)

काखी-/काखि/ना. काँध मुन्तिरको खोपिल्टो । (उदा. उसले काखीका रौँ काटेछ ।)

काग-/काग्/ना. चिल्लो कालो प्वाँख हुने, का का स्वर निकालेर कराउने एक जातको चरो, कौवा ।

कागज-/कागज्/ना. लेख्न, छाप्न, चित्र आदि बनाउन प्रयोग हुने पातलो वस्तु, कागज । (उदा. किताब कागजमा छापिन्छ ।)

कागजात-/कागजात्/ना. विभिन्न विषयमा लेखिएका कागजहरूको फाइल, कागज पत्र ।

कागती-/कागति/ना. गोलो पहेँलो दानाभित्र अमिलो रस हुने, निचोरेर कुनै वस्तुमा मिसाएर खाइने एक फल । (उदा. अचारमा कागतीको रस निचरियो ।)

काज-/काज्/ना. कार्य, काम ।

काजक्रिया-/काज्क्रिया/ना. मान्छे मरेपछि गरिने काम, किरिया, अन्त्येष्टि क्रिया ।

काटमार- /काट्मार्/ना. १. काट्ने तथा मार्ने काम । २. काटाकाट, लडाइँ ।

काट्नु-/काट्नु/क्रि. १. कुनै वस्तुलाई हतियार ले हान्नु । २. टुक्रा पार्नु । (उदा. उसले खुकुरीले मासु काट्यो ।)

काठ-/काठ्/ना. १. रूखका बोक्राभित्रको कडा वस्तु । २. झ्याल, ढोका, कुर्सी, टेबुल आदि बनाउन हुने, रुखबाट पाइने वस्तु । (उदा. बजारमा काठको भाउ निकै चर्को छ ।)

काढ्नु-/काढ्नु/क्रि. १. धान, कोदो आदिका बिरुवा उखेल्नु, जनावरको छाला उक्काउनु, लुगा आदि फुकाल्नु, निकाल्नु, झिक्नु । (उदा. राँगाको छाला काढ्नु) २. राल, सिँगान, आँसु आदि चुहाउनु ।

काण्ड-/कान्ड/ना. १. रूखको हाँगा वा हाँगा फाटेको ठाउँ । २. कुनै वस्तुको खण्ड वा भाग । ३. अप्रिय घटना ।

कातर-/कातर्/वि. कुनै काममा आँट गर्न नसक्ने, डरपोक, डरछेरुवा, नामर्द । (उदा. युद्धमा कातर मान्छे एकछिन पनि टिक्तैन ।)

कात्तिक-/कात्तिक् /ना. वर्षको सातौँ महिना, असोज र मङ्सिरका बिचको महिना ।

कान-/कान्/ना. सुन्ने इन्द्रिय, शरीरको एक ज्ञानेन्द्रिय, कर्ण ।

कानुन-/कानुन्/ना. देशमा न्यायको व्यवस्था कायम राख्न बनाइएको नियम, ऐन । (उदा. हामीले कानुन अनुसार चल्नुपर्छ ।)

कानेखुसी-/कानेखुसि/ना. अरूले नसुनून् भनेर कानको छेउमा मुख पुऱ्याएर मसिनो स्वरमा खुसुक्क बोल्ने काम, साउती, खासखुस । (उदा. उसले कानेखुसी गरी मलाई धेरै कुरा सोध्यो ।)

कानेगुजी-/कानेगुजि/ना. कानको प्वालमा हुने मयल, कानमा जमेको फोहोर ।

कान्छी-/कान्छि/ना.१. सबैभन्दा कम वा थोरै उमेरकी छोरी, बहिनी आदि । २. कान्छाकी स्त्री । वि. आफूभन्दा कम उमेरकी ।

कान्लो-/कान्लो/ना. भिरालो खेत, बारी, आदिको वरिपरिको अग्लो डिल वा भित्तो । (उदा. रातभरि पानी परेकाले खेतको कान्लो भत्केछ ।)

कापी -/कापि/ना. लेख्नका निम्ति प्रयोग हुने खाली कागतको पुस्तिका ।

काफल-/काफल्/ना. लाम्चा पात हुने, झुप्पामा राता काला र साना फल फल्ने एक वृक्ष वा त्यसको फल । (उदा. बोटमा काफल पाकेका छन् ।)

काबु- /काबु/ना. फकडमा राख्ने काम, नियन्त्रण ।

काभ्रो-/काभ्रो/ना. हाँगाभरि चिल्ला पात हुने, मुना अमिलो हुने भएकाले अचार बनाएर खाइने एक प्रकारको रुख । (उदा. काभ्राको अचार)


5266

काम-/काम्/ना. १. कार्य, क्रिया, कर्म । २. कम्प । (उदा. काम छुट्नु)

काम्नु-/काम्नु/क्रि. जाडो वा ज्वरोले शरीर थुरथुर हल्लिनु, कम्प हुनु । (उदा. नानी जाडाले काम्दै छ ।)

कायल-/कायल्/वि. कुनै कसुर वा अपराधबारे साबित हुने काम, हैरान । (उदा. प्रहरीका सामु ऊ कायल भयो ।)

कार-/कार्/ना. चार पाङ्ग्रा भएको, पेट्रोलले चल्ने सानो सवारी साधन, मोटर कार ।



कारखाना-/कार्खाना/ना. कुनै सामान तयार पार्ने, बनाउने वा उत्पादन गर्ने घर, हात वा यन्त्रले सामानहरू तयार पार्ने ठाउँ । (उदा. कपडा कारखाना, सिमेन्ट कारखाना)

कारण-/कारण्/ना. प्रभाव उत्पन्न गर्ने तत्त्व । (उदा. बिरामी भएको कारणले ऊ विद्यालय गएन ।)

कार्पेट -/कार्पेट्/ना. भुइँ ढाक्न ओछ्याउने बाक्लो सादा वा बुट्टादार कपडा, दरी ।

कार्बन डाइअक्साइड/कार्बन् डाइअक्साइड्/ वातावरणमा पाइने एक प्रकारको ग्यास ।

कार्बन मनोअक्साइड-/कार्बन् मनोअक्साइड्/ ना. विभिन्न कारखाना, सवारी साधन आदिबाट निस्कने एक प्रकारको हानिकारक ग्यास ।

कार्बोहाइड्रेट-/कार्बोहाइड्रेट्/ना. शरीरलाई आवश्यक पर्ने एक तत्त्व ।

कार्य-/ना. काम, काज, कर्तव्य, कर्म ।

कार्यकारी- /कार्यकारि/वि. १. कुनै संस्था वा कार्यालयको निर्णय गर्न अधिकार प्राप्त । २. खास कार्यका लागि जिम्मेवार समाल्ने ।

कार्यक्रम-/कार्यक्रम्/ना. कुनै समारोह वा गोष्ठी, त्यस्तो समारोहमा हुने कामको सूची ।

कार्य पालिका-/कार्य पालिका/ना. सरकारका तीन अङ्गमध्ये देशको प्रशासन वा शासन व्यवस्था चलाउने एक प्रमुख अङ्ग, मन्त्री परिषद् । (उदा. कार्य पालिकालाई व्यवस्थापिकाले निर्देशित गर्छ ।)

कार्यान्वयन-/कार्यान्वयन्/ना. निश्चय गरेको कामलाई व्यवहारमा उतार्ने काम, लागु गर्ने काम । (उदा. नीति बनाएर मात्र हुन्न, त्यसलाई कार्यान्वयन पनि गर्नुपर्छ ।)

कार्यालय-/कार्यालय/ना. काम कुरा गर्ने निश्चित ठाउँ, अड्डा । (उदा. सरकारी कार्यालयमा ढिलासुस्ती हुनु राम्रो होइन ।)

काल-/काल्/ना. १. समय, वेला, बखत, अवधि, टाइम । २. मौसम । (उदा. वर्षा

काल) । ३. मृत्यु, मरण । (उदा. कालले सबैलाई लान्छ ।) । ४. भूत, वर्तमान, भविष्यत् समय बुझाउने क्रियाको रूप । (उदा. भूतकाल, वर्तमान काल र भविष्यत् काल)

कालिज-/कालिज्/ना. मासु खाइने कुखुराका जातको कालो जङ्गली चरो ।



कालो-/कालो/ना. सेतोको विपरीत रङ, मोसो, गाजल, अँगार, गोल आदिको जस्तो रङ ।

कालोपत्र-/कालोपत्त्र/ना. सडकलाई पक्की बनाउन रोडा, अलकत्रा आदि छापिएको सतह, पिच । (उदा. कालोपत्र नगरेसम्म बाटो कच्ची नै हुन्छ ।)

कालोपाटी-/कालोपाटि/ना. विद्यालयमा पढाउँदा प्रयोग गरिने भित्तामा राखिने पाटी । (उदा. गुरुले कालोपाटीमा हिसाब गरिदिनु भयो ।)

काल्पनिक-/काल्पनिक्/वि. कल्पना गरिएको, बनावटी, नक्कली । (उदा. तिमी काल्पनिक कुराका पछि नलाग ।)

काव्य-/काब्ब्य/ना. छन्द वा लयमा रचिएको रचना । (खण्डकाव्य, महाकाव्य, गीतिकाव्य) (उदा. महाकवि लक्ष्मीप्रसाद देवकोटाले धेरै काव्य लेखेका छन् ।)

किच्नु-/किच्नु/क्रि. कुनै वस्तुलाई गऱ्हुङ्गो पदार्थले थिच्नु वा मिच्नु । (उदा. कुकुरलाई मोटरले किच्यो ।)

कितली-/कित्लि/ना. करुवाको जस्तो टुटी, बिर्को र समात्ने समेत भएको पानी उमाल्ने भाँडो, चियादानी ।

किताप- /किताप्/ ना. हे. किताब ।

किताब-/किताब्/कागजमा छापिएको धेरै पाता हुने पढ्ने सामग्री, पुस्तक, किताप, ग्रन्थ ।

किनबेच- /किन्बेच्/ना. किन्ने वा बेच्ने काम, बेचबिखन ।

किन-/किन/क्रियो. कुनै काम वा विषयको कारण सोध्दा प्रयोग गरिने शब्द । (उदा. तिमी किन हिजो विद्यालय नआएको ?)

किनभने-/किनभने/संयो. किनकि ।

किनमेल-/किन्मेल्/ना. पैसा तिरेर सामान लिने काम । (उदा. आमा किनमेल गर्न पसलतिर जानुभयो ।)

किनार-/किनार्/ना. खोला वा नदीको छेउ, किनारा, तट, छेउछाउ । (उदा. नदीको किनारमा ढुङ्गाहरू हुन्छन् ।)

किन्नु-/किन्नु/क्रि. मोल तिरेर कुनै सामान लिनु, खरिद गर्नु ।

किफायत-/किफायत्/ना. कम खर्च गर्ने काम, फारो ।

किरण-/किरण्/ना. सूर्य, चन्द्रमा आदिको चमक, प्रकाश, ज्योति, तेज ।

किरो-/किरो/ना. हिँड्ने, घस्रने वा उड्ने ससाना जीव । (उदा. कमिला, उडुस, जुम्रा आदि) ।

किशोर- /किसोर्/ना. एघारदेखि पन्ध्र वर्ष उमेरको केटो, ठिटो ।

किशोरी- /किसोरि/ना. एघारदेखि पन्ध्र वर्ष उमेरकी केटी, ठिटी ।

किसमिस-/किस्मिस्/ना. सुकाएको अङ्गुर ।

किसान-/किसान्/ना. खेतीपातीको काम गरेर जीविका चलाउने व्यक्ति, खेतीवाल कृषक ।

किसिम-/किसिम्/ना.१. कुनै वस्तु विषय आदिको प्रकार, भेद । २. तरिका, काइदा । (उदा. पसलमा विभिन्न किसिमका लुगा थिए ।)

किलो[१]-/किलो/ना. गाईवस्तु बाँध्न प्रयोग गरिने भुइँमा गाडिएको सानो काठ ।

किलो[२]-/ना. हे. किलोग्राम ।

किलोग्राम-/किलोग्राम्/ना. एक हजार ग्राम बराबरको तौलको एकाइ ।

किल्ला-/किल्ला/ना. १. शत्रुको आक्रमणबाट बच्न चारैतिरबाट घेरी सुरक्षित बनाएको ठाउँ, गढी, गढ, दुर्ग । २. सिमाना, साँध । (उदा. लडाइँ हुँदा देशको सिमाना र किल्लामा सेना रहेका हुन्छन् ।)

किस्ती-/किस्ति/ना. खानेकुरा वा उपहारका सामान राखिने काठ, वा धातुको थाली ।

कीटनाशक-/किट्नासक्/वि. किरा मार्ने वा नाश गर्ने औषधी, विषादी । (उदा. किसानले सागमा कीटनाशक छर्केको छ ।)

कीटाणु-/किटाणु/ना. रोग उत्पन्न गर्ने सूक्ष्म परजीवी । (उदा. क्षयरोग कीटाणुबाट सर्दछ ।)

कीर्तन-/किर्तन्/ना. देवताको नामको स्तुति, भजन, कीर्तिको गीत । (उदा. आज मन्दिरमा कीर्तन गर्ने कार्यक्रम छ ।)

कीर्ति- /किर्ति/ना. असल काम गर्दा फैलने ख्याति, यश ।

कुँद्नु-/कुँद्नु/क्रि. काठ, धातु आदिमा बुट्टा अक्षर, चित्र आदि बनाउनु । (उदा. सिकर्मीले काठमा बुट्टा कुँद्यो ।)

कुकर्म-/कुकर्म/ना. नराम्रो काम, खराब काम, गर्न नहुने काम । (उदा.कुकर्मको परिणाम राम्रो हुँदैन ।)

कुकार्य-/कुकार्य/वि. नराम्रो काम, खराब काम, कुकर्म ।

कुकुर-/कुकुर्/ना. घरको रखबारीका लागि पालिने घरपालुवा जनावर, कुत्ता ।

कुखुरो-/कुखुरा/ना. टाउकामा रातो सिउर हुने, अन्डाबाट चल्ला कोरल्ने, अन्डा र मासुका निम्ति पालिने घरपालुवा चरो ।

कुञ्ज-/कुन्ज/ना. लहरा, रुख, पातले ढाकिएको ठाउँ, लहराले जेलिएको ठाउँ । (उदा. कुञ्जमा चरा चिरबिराउँछन् ।)

कुटमिरो-/कुट्मिरो/ना. बाटुला र चिल्ला पात हुने, ससाना फूल फुल्ने तथा पीपलका जस्ता गेडा हुने रुख ।

कुटी[1]-/कुटि/ना.खर, पराल आदिको छानो भएको सानो घर, झुपडी, छाप्रो, झुप्रो । (उदा. जोगीको कुटी)

कुटी[2]-/कुटि/ना. गाईवस्तुलाई खुवाउन टुक्रा टुक्रा पारी काटेको घाँस वा पराल ।

कुटुक्क-/कुटुक्क/क्रियो. कडा चिज दाँतले टोक्दा आवाज आउने गरी । (उदा. उसले सुपारी कुटुक्क टोक्यो ।)

कुटुम्ब-/कुटुम्ब/ना. नाता पर्ने मानिस, बन्धुवर्ग ।

कुटे-/कुटे/वि. कोदालाका आकारको भुइँ खन्ने सानो फलामे साधन ।

कुट्नु-/कुट्नु/क्रि. हिर्काउनु, पिट्नु, ठोक्नु, ठटाउनु । (उदा. भाइबहिनीलाई नकुट ।)

कुतकुती- /कुत्कुति/ना. पेट, पैताला आदिमा छुँदा हुने सकसक, काउकुती ।

कुतकुत्याउनु-/कुत्कुत्याउनु/क्रि. १. काउकुती लाउनु, कुतकुती लगाउनु । २. उत्तेजित पार्नु ।

कुत्ता-/कुत्ता/ना.हे.कुकुर ।

कुद्नु-/कुद्नु/क्रि. दौडनु, वेगसित हिँड्नु ।

कुन-/कुन्/सर्व. धेरैमध्ये कुनै एकलाई किट्नु पर्दा प्रयोग गरिने प्रश्नवाचक शब्द को, के । (उदा. तिमीलाई कुन किताब मन पर्छ ?)

कुनाकाप्चा- /कुनाकाप्चा/ना. कुनो परेको ठाउँ कुनाकानी, अन्तरकुन्तर ।

कुनाकुनी- /कुनाकुनि/ना. कुनाकाप्चा, अन्तरकुन्तर, कुनाकानी ।

कुनिउँ-/कुनिउँ/ना. पराल, मकै आदि थुपारेर बनाइएको चाङ, टौवा, सुली, खलियो । (उदा. परालको कुनिउँमाथि भाइबहिनी खेल्दै छन् ।)

कुनो-/कुनो/ना. कोप्चो परेको ठाउँ । (उदा. कोठाको कुनो, घरको कुनो)

कुनै-/कुनै/सर्व. धेरैमध्ये नतोकीकन एउटालाई जनाउने शब्द, कोही । (उदा. कुनै मान्छेले पनि मलाई चिनेनन् ।)

कुपोषण-/कुपोसण्/ना. शरीरका लागि हानि गर्ने खाद्य पदार्थ, पौष्टिक तत्त्व कम भएको खाद्य वस्तु । (उदा. नेपालमा धेरै बाल बालिका कुपोषणको सिकार भएका छन् ।)



कुप्रो-/कुप्प्रो/वि. रोग, बुढ्याइँ वा शारीरिक विकारले कमर नुहेर ठाडो हुन नसक्ने, कुप्रिएको । (उदा. हजुर आमाको ढाड कुप्रो भएको छ ।)

कुभिन्डो-/कुभिन्डो/ना. काँक्रो, फर्सी आदिको जस्तै लहरो हुने, सेता वा पहेँला फूल, फुल्ने, अचार, तरकारी आदि बनाएर खाइने एक फल ।

कुर-/कुर्/ना. माछाहरू एकै ठाउँमा थुप्रिएर बस्ने ठाउँ, माछाको गुँड ।

कुराउनी- /कुराउनि/ना. १. दुधलाई पकाएर सुकाइएको खानेकुरा, खुवा । २. दुध जमेको पात्रो ।

कुरान-/कुरान्/ मुसलमानहरूको प्रसिद्ध धर्मग्रन्थ ।

कुरिलो-/कुरिलो/ना. हरिया मसिना पात हुने, टुसाको तरकारी खाइने एक जातको काँडादार बोट । (उदा. कुरिलाको टुसाको तरकारी पोसिलो हुन्छ ।)

कुरो-/कुरो/ना. १. लुगामा बिझ्ने वा टाँसिने एक जातको घँसको झुस । २. कुनै विषयमा कसैलाई केही भन्ने काम, वार्ता, बोली ।

कुर्कुच्चो-/कुर्कुच्चो/ना. पैतालाको पछाडिपट्टिको वा गोलीगाँठोमुनिको डल्लो सान्हो भाग । (उदा. धेरै उभिनाले कुर्कुच्चा दुख्यो ।)

कुर्ता-/कुर्ता/ना. गर्मी याममा लगाइने कमिज जस्तो एक प्रकारको पहिरन ।

कुर्नु-/कुर्नु/क्रि. पर्खनु, प्रतीक्षा गर्नु, रुँग्नु । (उदा. मैले अस्पतालमा दिनभर बिरामी कुरेँ ।)

कुर्लनु-/कुर्लनु/क्रि. चर्को स्वरले बोल्नु, जोस र रिसले कराउनु ।

कुर्सी-/कुर्सि/ना. पछिल्तिर अडेसो भएको चारखुट्टे अग्लो आसन, मेच ।

कुलत-/कुलत्/ना. नराम्रो बानी, खराब वा नराम्रो लत, दुर्व्यसन । (उदा. कुलतमा लाग्ने मान्छे चाँडै बिग्रन्छ ।)

कुलेसो-/कुलेसो/ना. खेतबारीमा पटाउन नदी, खोलो आदिबाट खनेर पानी ल्याइने सानो बाटो, पानी बग्ने बाटो ।

कुलो-/कुलो/ना. नदी, खोला आदिबाट खेतबारीमा पानी पटाउन बनाइएको पानी हिँड्ने गहिरो बाटो, कुलेसो, पैनी, नहर ।

कुल्चनु-/कुल्चनु/क्रि. गोडाले टेक्नु, गाडी आदिले थिच्ने काम गर्नु । (उदा. कुकुर गाडीले कुल्चेर घाइते भयो ।)

कुल्ला-/कुल्ला/ना. मुख सफा पार्न मुखमा पानी लिएर कुलकुल गरी थुक्ने काम, खकाल्ने काम । (उदा. खाना खाइसकेपछि राम्ररी कुल्ला गर्नुपर्छ ।)

कुवा-/कुवा/ना. हातले पानी उबाउन सकिने, मानिसले बनाएको सानो जलाशय, पँधेरो ।

कुविचार-/कुबिचार्/ना. खराब विचार, नराम्रो भावना । (उदा. कुविचारले मानिसलाई पतनतिर लैजान्छ ।)

कुष्ठरोग-/कुस्टरोग्/ना. रक्त विकारले छाला नसा आदि सड्दै जाने एक कडा रोग, कोर । (उदा. नियमित औषधी खाएमा कुष्ठरोग निको हुन्छ ।)

कुस्ती-/कुस्ति/ना. एकले अर्कालाई पछार्नका लागि गरिने लडन्त वा त्यस्तो खेल, पहलमानी । (उदा. पहलमानहरू कुस्ती खेल्दै छन् ।)

कुहिरो-/कुहिरो/ना. जाडो याममा सतहमा लाग्ने पातलो बादल, कुइरो, हुस्सु ।

कुहनु-/कुहनु/क्रि. कुनै वस्तु गलेर सड्नु, बिग्रनु ।

कुहुनो-/कुहुनो/ना. पाखुरा र नाडीका जोर्नीको तल्लो साऱ्हो भाग ।

कृतघ्न-/क्रितग्घ्न/वि. गरेको उपकार नदेख्ने, बैगुनी । विप. कृतघ्न ।

कृतज्ञ-/क्रितग्ग्यँ/वि. गरेको उपकार देख्ने वा मान्ने, गुन मान्ने, गुणको कदर गर्ने, गुनी ।

कृतार्थ-/क्रितार्थ/वि. काम सिद्ध हुनाले खुसी र सन्तोष भएको, मनोरथ पूर्ण भएको । (उदा. निम्ता स्वीकार गरी समारोहमा आउनु भएकोमा हामी कृतार्थ छौँ ।)

कृषक-/क्रिसक्/ना. अन्न, सागपात, फलफूल आदिको खेती गर्ने मानिस, किसान, खेतीवाल ।

कृषि-/क्रिसि/ना. अन्नबाली, सागपात आदि उब्जाउने काम, खेती ।

कृष्ण अष्टमी-/क्रिस्ण अस्टमि/ना. भगवान् कृष्ण जन्मेको तिथि, भाद्र कृष्ण अष्टमी । (उदा. कृष्ण अष्टमीमा भक्तजनहरू भगवान् कृष्णको विशेष पूजा गर्छन् ।)

के-/के/सर्व. कुनै कुरा सोध्दा वा प्रश्न गर्दा प्रयोग हुने शब्द, । (उदा. तिमी हिजोआज के गर्छौ ?)

केटली-/केट्ली/ना.हे. कित्ली

केटी-/केटि/ना. बालिका, कन्या, ठिटी ।

केटो-/केटो/ना. बालक, कुमार, ठिटो ।

केत्तुके-/केत्तुके/ना. काँडादार लामा लामा पात कुहाएर पाट बनाउन हुने एक बोट ।

केन्द्र-/केन्द्र/ना. १. कुनै स्थान वा वस्तुको मध्य भाग वा बिन्दु, माझ, बिचको ठाउँ । २. विभिन्न कार्य सञ्चालन हुने मुख्य ठाउँ वा सदर मुकाम । ३. कुनै सङ्घ संस्थाको प्रधान कार्यालय ।

केरा-/केरा/ना. हाँगाविनाको चिल्लो डोलो थाममा ठुला ठुला पात हुने लाम्चा गुलिया नरम कोसा फल्ने बोट वा त्यसको फल । (उदा. केरा अनेक जातका हुन्छन् ।)

केराउ-/केराउ/ना. झिनो लहरे बोटमा लाम्चा साना कोसाभित्र गोलाकार दाना फल्ने दाल जातको अन्न । (उदा. केराउका कोसाको तरकारी र अचार पनि खाइन्छ ।)

केलाउनु-/केलाउनु/क्रि. मिसिएको वस्तुबाट कुनै एक वस्तु छुट्याई अलग पार्नु वा चाहिने वस्तु लिई अनावश्यक वस्तु अलग्याउनु, छान्नु । (उदा. चामल केलाएर भात पकाऊ ।)

केसरी-/केसरि/ना. पूजा गर्दा प्रयोगमा आउने पहेँलो रङको चन्दन ।

केस्रो- /केस्रो/ना. सुन्तला, ज्यामिर आदिका बोक्रा छोडाएपछि देखिने ससाना खण्ड ।

केही-/केहि/वि. अलिअलि, थोरै ।

कैँची-/कैँचि/ना. तलमाथिका पातला धारले च्यापेर कपडा, कागज आदि काट्ने फलामे साधन ।

कैयौँ-/कैयौँ/वि. धेरै, अनेक, अनगिन्ती ।

कोइरालो-/कोइरालो/ना. रातो र सेतो फूल फुल्ने फूल र कोपिलाको अचार बनाएर खाइने एक प्रकारको वनस्पति वा त्यसको फूल ।

कोइला-/कोइला/ना. १. दाउरा, काठ आदि बलेर आगो निभेपछिको कालो वस्तु, गोल, अँगार । २. खैरो वा कालो रङको बल्ने खनिज पदार्थ, पत्थर कोइला ।

कोकाकोला-/कोकाकोला/ना. बोतलमा भरेर तयार गरिएको एक प्रकारको पेय पदार्थ । (उदा. कोकाकोला स्वास्थ्यका लागि राम्रो मानिदैन ।)

कोक्रो-/कोक्क्रो/ना. बालकलाई सुताएर हल्लाउन मिल्ने बाँसको चोया, वेत, तार आदिबाट बनेको झोलुङ्गो, झुलना ।

कोट¹-/कोट्/ना. दौरा वा कमिजभन्दा बाहिर लगाइने, अघिल्तिर खुला भएको र भित्र र बाहिर खल्ती हुने बाहुलादार पोसाक ।

कोट²-/कोट्/ना. हे. किल्ला ।

कोट्याउनु-/कोट्ट्याउनु/क्रि. १. गाडिएको वा टाँसिएको कुनै वस्तु उप्काउनु ।

२. खुसुक्क चिमोट्नु । (उदा. उसले कोट्याएर घाउबाट रगत निकाल्यो ।)

कोठा-/कोठा/ना. काठ, गारो आदिले बारेर घरभित्र बनाइएको सानो वा ठुलो खण्ड । (उदा. एउटा घरमा धेरै कोठा हुन्छन् ।)

कोण-/कोण्/ना. १. दुई दिशाका बिचको दिशा । २. दुई दिशाबाट आएका सरल रेखाहरू जोडिने ठाउँ वा कुनो ।

कोतर्नु- /कोतर्नु/सक्रि. १. हातको नङ, काठ आदिले कुनै वस्तुलाई कोट्याउनु, खोस्रनु । २. नङ्ग्रा आदिले चिथोर्नु ।

कोदाली-/कोदालि/ना. काठको छोटो बिँड र चाक्लो पाता भएको दुवै हातले समाई खेतबारी खन्ने फलामे हतियार ।

कोदालो-/कोदालो/ना. काठको लामो बिँड र लाम्चो पातो हुने, खेतबारी खन्ने काममा प्रयोग गरिने फलामे हतियार ।

कोदो-/कोदो/ना. टुप्पामा झुप्प परेको बाला लाग्ने बोट वा त्यसका बालामा फल्ने तोरीका दाना जस्तै देखिने एक जातको अन्न ।

कोपिला-/कोपिला/ना. फुल्न आँटेको फूल, राम्ररी नफक्रिएको फूल । (उदा. कोपिला टिप्नु राम्रो होइन ।)

कोया- /कोया/ना. आँप, कटहर आदिको भित्र हुने दानो, आँपको बिउ ।

कोरल्नु-/कोरल्नु/क्रि. माउले फुलबाट बच्चा निकाल्नु, बच्चा काढ्नु । (उदा. परेवाले बच्चा कोरल्यो ।)

कोर्नु-/कोर्नु/क्रि. १. कुनै तिखो वा चुच्चो वस्तुले धर्को पार्नु, कोतर्नु । २. जथाभावी लेख्नु । (उदा. किताबमा कोर्नु राम्रो होइन ।)

कोल-/कोल्/ना. गोरु वा मानिसले घुमाई उखु, तोरी आदि पेलेर तेल वा रस निकालिने काठले बनेको यन्त्र । (उदा. पहाडतिर कोलमा तोरी पेलेर तेल निकालिन्छ ।)

कोलाज-/कोलाज्/ना. कागज आदिका साना टुक्रा मिलाएर बनाइने चित्र ।

कोल्टे-/कोल्टे/वि. सिधा नभई दायाँ वा बायाँतिर ढल्केको, कोल्टो परेको ।

कोष-/कोस्/ना. १. पातलो झिल्लीले बेरिएको र जीवन रसको केन्द्र समेत भएको शरीरमा रहने महत्त्वपूर्ण सूक्ष्म कण । २. अन्न, धनमाल आदि सुरक्षित राख्ने भण्डार, ढुकुटी ।

कोष्ठ-/कोस्ठ/ना. कोठो, ब्राकेट ।

कोसिस-/कोसिस्/ना. कुनै काम गर्ने उत्साह, जमर्को, प्रयास, प्रयत्न चेष्टा । (उदा. धेरै कोसिस गरेपछि मात्र एक गोल हान्न सकियो ।)

कोसेली-/कोसेलि/ना. कसैलाई खुसीसाथ दिइने वस्तु, सौगात, उपहार । (उदा. उसले मान्यजनलाई भेट्न जाँदा कोसेली लग्यो ।)

कौवा-/कौवा/ना.हे. काग ।

कौसी-/कौसि/ना. घरका तलाहरूको बाहिरपट्टि घाम ताप्न वा गर्मी छल्न छानो नहाली बनाइएको खुला ठाउँ, बार्दली । (उदा. हजुर आमा कौसीमा बसेर घाम ताप्नुहुन्छ ।)

क्या-/क्या/नि. उदेक, खुसी, झर्को, सम्भावना, शङ्का आदि जनाउने वा कुनै कुरामा जोड दिन प्रयोग हुने शब्द ।

क्यान्सर-/क्यान्सर्/ना. एक घातक रोग, अर्बुद रोग । (उदा. वेलैमा उपचार गरेमा क्यान्सर रोग निको हुन्छ ।)

क्यामेरा-/क्यामेरा/ना. कुनै व्यक्ति, दृश्य वा स्थलको दुरुस्त चित्र आउने गरी फोटो खिच्ने यन्त्र । (उदा. आजभोलि बजारमा अनेक थरीका क्यामेरा पाइन्छन् ।)

क्याम्प-/क्याम्प्/ना. चारैतिर पर्खाल वा बारले घेरेको जमिन, कम्पाउन्ड, हाता, शिविर ।

क्यारे-/क्यारे/नि. अनिश्चय, शङ्का आदि जनाउन वाक्यका पछाडि प्रयोग हुने शब्द । (उदा. उसले भनेको कुरो साँचो होइन क्यारे ।)

क्यालकुलेटर-/क्याल्कुलेटर्/ना. हिसाब तुरुन्तै निकाल्न सक्ने विद्युतीय उपकरण । (उदा. विद्यार्थीहरू गणितको परीक्षामा क्यालकुलेटरको प्रयोग गर्छन् ।)

क्यालसियम-/क्याल्सियम्/ना. शरीरलाई चाहिने एक प्रकारको पौष्टिक तत्त्व । (उदा. क्यालसियमले हाडलाई दऱ्हो पार्छ ।)

क्युबाइड-/क्युबाइड्/ना. छ ओटा भुजा भएको ज्यामितीय चित्र ।

क्रम-/क्रम/ना. बिचमा नरोकिई चल्दै आउने प्रक्रिया, सिलसिला, मेलो ।

क्रमशः/क्रमस/क्रियो. पालैपालो गरेर, क्रमैसित ।

क्रिया-/क्रिया/ना. १. कुनै कार्य वा कर्म । (उदा. नित्य क्रिया, पाचन क्रिया) । २. व्याकरणमा कुनै कार्य, घटना आदि जनाउने शब्द । ३. मृतकको अन्त्येष्टि कर्म, किरिया । (उदा. तेऱ्ह दिनमा क्रिया कर्म गरिन्छ ।)

क्रियाकलाप-/क्रियाकलाप्/ना. कुनै कार्यको गतिविधि, कुनै कामको स्थिति, काम गर्ने प्रयास वा विधि । (उदा. विद्यालयमा शुक्रवार अतिरिक्त क्रियाकलाप हुने गर्छ ।)

क्रियायोगी-/क्रियायोगि/ना. क्रियाको वर्णन गर्ने शब्द, क्रिया विशेषण ।

क्रिस्चियन-/क्रिस्चियन्/वि. इसाई धर्मको अनुयायी, इसाई, क्रिस्तान ।

क्रिस्तान-/क्रिस्तान्/वि.हे. क्रिस्चियन ।

क्रोध-/क्रोध्/ना. मन नपर्ने काम कुरो व्यवहार आदिले मनमा उब्जने आवेग, रिस, रोष, झोँक ।

क्लोरिन-/क्लोरिन्/ना. एक प्रकारको रसायन। (उदा. क्लोरिन पानी प्रशोधन गर्ने रसायन हो।)

क्वाँटी-/क्वाँटि/ना. धेरै थरी गेडागुडी भिजाएर टुसा उमारी खाइने तरकारी। (उदा. जनै पूर्णिमाका दिन नेपाली समाजमा क्वाँटी खाने प्रचलन छ।)

क्षति- /छ्यति/ना. १. हानि, नोक्सानी, घाटा। २. नाश, खती।

क्षतिपूर्ति-/क्षतिपुर्ति/ना. नोक्सानी बेहोर्ने वा भराउने काम।

क्षमता-/छ्यमता/ना. कुनै काम गर्ने सामर्थ्य, तागत, शक्ति।

क्षमा-/छ्यमा/ना. १. बदलाको भावना छाडी त्यसलाई सहने मानिसका मनको भावना, माफी। २. सहिष्णुता, सहनशीलता। (उदा. उनले मेरो गल्तीप्रति क्षमा दिए।)

क्षयरोग-/छ्ययरोग्/ना. फोक्सो वा अन्य अङ्गमा कीटाणु फैलिई उब्जिने एक घातक रोग।

क्षेत्रफल-/छेत्त्रफल्/कुनै जमिनको लमाइ र चौडाइको गुणन गर्दा निक्लने अङ्क वा परिमाण।

क्षेत्री-/छेत्त्रि/ना. हे. छेत्री।

क्षेत्रीय-/छेत्त्रिय/वि. क्षेत्र सम्बन्धी, क्षेत्रको, स्थानीय (क्षेत्रीय कार्यालय)

## ख

खँदिलो- /खँदिलो/ना. १. भित्र खोक्रो नभएको, खाँदिएको। २. गहकिलो, वजनदार।

खकाल्नु- /खकालनु/सक्रि. १. पानीले मुख सफा गर्नु, कुल्ला गर्नु, मुख खोकल्नु।

खग्रास-/खग्ग्रास्/ना. चन्द्रमा वा सूर्यलाई पुरै ढाक्ने ग्रहण। (उदा. खग्रास सूर्यग्रहण लाग्दा दिउँसै तारा देखिन्छन्।)

खच्चड-/खच्चड्/ना. गधा र घोडाबाट जन्मिएको पशु। (उदा. हिमाली जिल्लामा खच्चडबाट सामान ओसारिन्छ।)

खजुरो-/खजुरो/ना. धेरै खुट्टा हुने कन्सुत्लो जस्तो तर अलि ठूलो एक विषालु किरो।

खट-/खट्/१. चाडपर्वमा देवी देवताको मूर्ति बोकेर हिँडाउने काठको सिंहासन वा खटिया। २. लास बोक्ने काठको साधन। ३. घर आदि बनाउँदा डकर्मी, ज्यामी आदि बसेर काम गर्न बनाइने काठ, बाँस आदिको टाँड। (उदा. डकर्मी खटमा उभिएर गारो लगाउँदै छ।)

खटपट-/खट्पट्/ना. सानोतिनो झगडा, मनमुटाउ। (उदा. उनीहरूबिच जग्गाको निहुँमा खटपट भयो।)

खटप्वाल- /खट्प्वल/ना. खट बाँध्ने कामका लागि घरको गारामा रहेको प्वाल, दुलो।

खटिरा-/खटिरा/ना. शरीरमा कुनै किसिमको विकार पैदा भएमा निस्कने फोका वा त्यसरी बनेको घाउ ।

खडा-/खडा/वि. चलहल नगरी ठिङ्ङ उभिएको, सोझो उभिएको । (उदा.सिपाही हाकिमका अगाडि खडा भयो ।)

खण्ड-/खन्ड/ना. कुनै सिङ्गो वस्तुको भाग, टुक्रा, अंश ।

खण्डकाव्य-/खन्डकाब्ब्य/ना.महाकाव्यभन्दा सानो काव्य । (उदा.मुनामदन लोकप्रिय खण्डकाव्य हो ।)

खण्डग्रास-/खन्डग्रास्/ना. सूर्य वा चन्द्रमाको कुनै खण्ड वा भागमा लागेको ग्रहण ।

खण्डीकरण-/खन्डिकरण्/ना. विभिन्न खण्ड वा भागमा विभाजन गर्ने काम प्रक्रिया ।

खतरा-/खतरा/ना. सम्भावित विपत्ति, डर, भय ।

खनिज-/खनिज्/वि. खानीबाट निस्कने वा निकालिने, खानीमा पाइने । (उदा. डिजेल, पेट्रोल, खनिज तेल हुन् ।)

खन्नु-/खन्नु/क्रि. १. कुटो, कोदालो, कोदाली आदि फलामे हतियारले जमिन खोस्रनु । २. खेतबारीको माटो खुकुलो पार्नु ।

खन्याउनु-/खन्याउनु/क्रि. बेसरी पोख्नु, खत्याउनु ।

खबटो- /खबटो/ना. १. माटाको भाँडो, झिँगटी, टायल आदिको फुटेको टुक्रो ।

खबर-/खबर्/ना. समाचार, हाल, वृत्तान्त, सूचना, जानकारी । (उदा. गाउँको हालखबर के छ ?)

खम्बा-/खम्बा/ना. खाँबो, थाम । (उदा. बिजुलीको खम्बा ढलेछ ।)

खयर-/खयर्, खएर्/ना. अमलाका जस्ता पात हुने, सेतो फूल फुल्ने, गर्मी ठाउँमा पाइने एक जातको रुख ।

खर-/खर्/ना. घर छाउने सुकेको घाँस । (उदा. पहाडतिर घर खरले छाउँछन् ।)

खरर-/खरर/क्रियो. नरोकिईकन, सरर्र ।

खरानी-/खरानि/ना. दाउरा आदि वस्तु बालिसकेपछि बन्ने फुस्रो धुलो, भस्म, खाक ।

खराब-/खराब्/वि. नराम्रो चालको, काम नलाग्ने, बेकम्मा । (उदा. नङ टोक्नु खराब बानी हो ।)

खरायो-/खरायो/ना. देख्दा मुसो जस्तो तर बिरालो जत्रो, लामा कान हुने र उफ्रिँदै दगुर्ने, शाकाहारी एक प्राणी ।

खरिद- /खरिद्/ना. किन्ने काम, किनमेल ।

खरी[1]-/खरि/ना. १ गाई वस्तुलाई घाँस खुवाइने एक जातको ठुलो रुख ।

खरी[२]-/खरि/ना. कालोपाटीमा लेख्ने साधन, चक ।

खरी[३]-/खरि/ना. मादल, तबला आदिको मुखमा लगाइने कालो लेप ।

खर्च-/खर्च/ना. १. कुनै काम वा वस्तुका निम्ति दिइने रुपियाँ पैसा २. व्यय । (उदा. नचाहिने ठाउँमा पैसा खर्च गर्नुहुँदैन ।)

खर्पन- /खर्पन/ना. चोयाले बनेको भाँडो, डालो आदि भुन्ड्याई बनाइएको सामान वोक्ने साधन ।

खल-/खल्/ना. मसला, औषधी आदि कुट्ने खोपिल्टो परेको ढुङ्गो वा फलामको भाँडो ।

खलखल-/खल्खल्/क्रियो. जम्मै जिउ वा वस्तु राम्ररी नुहाउने वा पखाल्ने चाल, खलखली, शरीर भिज्ने गरी पसिना आउने कार्यको किसिम । (उदा. उकालो हिँड्डा उसलाई खलखल पसिना आयो ।)

खलनायक- /खलनायक्/ना. १. चलचित्र नाटक आदिमा नायकको प्रतिद्वन्द्वी पात्र । २. कुनै काममा भाँजो हाल्ने काम ।

खलबल-/खलबल्/ना. हल्लाखल्ला, बाभाबाभ गरेको आवाज, खल्याङमल्याङ । (उदा. रातको समयमा केको खलबल मच्चियो ?)

खलास- /खलास्/वि. १. सकिएको, सिद्धिएको । २. कसर नभएको, सफला ।

खसखस-/खस्खस्/क्रियो. मनको तुलबुली, उत्सुकता, सकसक । (उदा. खसखस लागेर मैले उसलाई केही कुरा सोधेँ ।)

खसाल्नु-/खसाल्नु/क्रि. तलतिर भार्नु, गिराउनु ।

खसी-/खसि/ना. अण्डकोषको नसा चुँडाली नपुंसक बनाइएको बोको । (उदा. खसीको मासु, खसी व्यापारी)

खस्नु-/खस्नु/क्रि. तल भर्नु, गिर्नु । (उदा. कलम भुइँमा खस्यो ।)

खस्रो-/खस्रो/वि. कडा, सान्हो । (उदा. खस्रो कपडाको लुगा नलगाऊ ।)

खहरे-/खहरे/ना. वर्षायाममा मात्र पानी र भेल आउने सानो खोलो, खोल्सो । (उदा. हिउँदमा खहरेमा पानी हुँदैन ।)

खाँचो-/खाँचो/ना. कुनै कुराको अभाव, आवश्यकता, चासो, जरुरत । (उदा. उनी खाँचो परेको वेलामा मसँग पैसा माग्छ ।)

खाँडी-/खाँडि/ना. घरेलु तानमा बुनिएको मोटो खस्रो कपडा, एक प्रकारको खद्दर ।

खाजा-/खाजा/ना. दिउँसोको साधारण खाना, चमेना, अर्नी ।

खाट-/खाट्/मानिस सुत्ने वा बस्ने, काठ आदिबाट बनाइएको चारखुट्टे ठुलो, लामो खटिया।

खाडल-/खाडल्/अग्लो जमिनको बिचमा परेको खोपिल्टो, खाल्टो, भङ्खारो। (उदा. सडकको माझमा खाडल परेछ।)

खात- /खात्/ना. एकमाथि अर्को वस्तु खप्टाएर राखिएको थुप्रो, रास।

खाता-/खाता/ना. आयव्यय वा लेनदेनको लेखा, हिसाब राख्ने किताब, बही। (उदा. बैङ्कमा पैसा राख्न खाता खोल्नुपर्छ।)

खाल्डो-/खाल्डो/ना. जमिनमा परेको खाडल, भ्वाङ, भङ्खारो। (उदा. सडकको खाल्डो पुरियो।)

खातिर-/खातिर्/नायो. लागि, निम्ति। (उदा. साथीका खातिर उनी जे गर्न पनि तयार हुन्छन्।)

खाद्य-/खाद्द्य/ना. खाने वस्तु, अन्न, फलफूल, सागपात आदि। (उदा. यातायात बन्द भएकाले खाद्य सामग्रीको अभाव भयो।)

खाद्यान्न-/खाद्यान्न/ना. खाइने अन्न (धान, मकै, गहुँ आदि)। (उदा.खाद्यान्न सङ्कट पर्‍यो भने अनिकाल मच्चिन्छ।)

खाना-/खाना/ना. खानेकुरो, खाद्य वस्तु, भोज्य पदार्थ।

खानी-/खानि/ना. पृथ्वीभित्र धातु, पत्थर, कोइला, तेल आदि प्राकृतिक वस्तु रहने ठाउँ। (उदा. खानीबाट फलाम निकालियो।)

खानु-/खानु/क्रि. खाने काम गर्नु।

खापा-/खापा/ना. झ्यालढोकामा जडिएको लगाउने र खोल्ने फग्लेटो। (उदा. आजभोलि निकै आकर्षक खापाहरू बनाइन्छन्।)

खापो-/खापो/ना. गारोमा भित्रपट्टि बनाइएको सानो खण्ड, खटप्वाल।

खाम-/खाम्/ ना. चिठीपत्र हाल्ने कागतको चारपाटे खोल।

खाम्नु-/खाम्नु/क्रि. खाममा चिठीपत्र हालेर बन्द गर्नु।

खाली-/खालि/वि. भित्र केही नभएको, रित्तो। (उदा. त्यस घरमा तीन ओटा कोठा खाली छन्।)

खास-/खास्/वि. १. धेरैमध्ये तोकिएको कुनै एक। २. प्रमुख, विशेष, मुख्य।

खासखुस- /खासखुस्/ना. अरूले नसुन्ने गरी कसैको काम नजिक मुख लगेर गरिने कुरा, कानेखुसी।

खिइनु-/खिइनु/क्रि. १. पातलिँदै जानु, घट्दै जानु, सानो हुँदै जानु । २. मासिँदै जानु । (उदा. फलाममा खिया लाग्यो ।)

खिचडी-/खिचडि/ना. १. दाल र चामल मिसाएर गिलो पारी पकाएको खानेकुरा, खिच्रो । २. एकै ठाउँमा विभिन्न वस्तुको मिसावट । ३. छ्यासमिस ।

खिच्नु-/खिच्नु/क्रि. तान्नु, घिच्याउनु, खैँचनु । (उदा. भाइले धागो खिचेर चङ्गा झार्‍यो ।)

खिया-/खिया/ना. फलाम वा अन्य धातुमा लाग्ने कस ।

खियाउनु[१]-/खियाउनु/क्रि. बहनाले डुङ्गा चलाउनु । (उदा. माझीले डुङ्गा खियाएर मान्छेलाई तार्‍यो ।)

खियाउनु[२]-/खियाउनु/क्रि. खिइने पार्नु ।

खिर-/खिर्/ दुधमा चामल, मसला र गुलियो हाली पकाएको मिठो खानेकुरा । (उदा. साउन १५ गते खिर खाइन्छ ।)

खुँडा-/खुँडा/ना. काट्ने हतियार, खड्ग । (उदा. खुँडाले खसी कटियो ।

खुकुरी-/खुकुरि/ना. बिचमा थोरै नुहेको धारिलो प्रसिद्ध नेपाली हतियार । (उदा. भोजपुरको खुकुरी प्रसिद्ध छ ।)

खुकुलो-/खुकुलो/वि. राम्ररी नकसिएको, सजिलैसँग फुस्कने, होलो, फस्को ।

खुट्टो-/खुट्टो/ना. टेकेर हिँड्ने अङ्ग, गोडा, पाउ, चरण । (उदा. बाटामा लडेर उसको खुट्टा भाँचियो ।)

खुड्किलो-/खुड्किलो/ना. भर्‍याङको तह, लिस्नाको खण्ड, सिँढी, खुट्किलो । (उदा. ऊ खुड्किलो चढेर माथि उक्ल्यो ।)

खुद्रा-/खुद्द्रा/ना. सानोतिनो वस्तु, फुटकर सामान, चानचुन । (उदा. खुद्रा पैसा ।)

खुब-/खुब्/वि. धेरै, प्रशस्त, ज्यादा । (उदा. तिमी खुब मोटाएछौ ।)

खुम्चिनु-/खुम्चिनु/क्रि. साँगुरिनु, चाउरिनु, चाउरी पर्नु । (उदा. किताबको पाना खुम्चिएछ ।)

खुम्च्याउनु-/खुम्च्याउनु/क्रि. साँगुरो पार्नु । (उदा. खुट्टा खुम्च्याएर बस न !)

खुर-/खुर्/ ना. गाईवस्तु आदि पशुको खुट्टामा रहेको, प्रायः गोलो र दुई भागमा फाटेको कडा टेक्ने भाग, टाप ।

खुरुखुरु-/खुरुखुरु/क्रियो. लगातार, नरोकीकन । (उदा. खुरुखुरु पढ ।)

खुर्कनु-/खुर्कनु/क्रि. बोक्रा आदि फाल्नु, ताछ्नु, उप्काउनु ।

खुर्पा-/खुर्पा/ना. टुप्पोमा कोप्रो परेको दाउरा, स्याउला, डाले घाँस आदि काट्ने फलामे हतियार ।

खुर्पी- /खुर्पि/ना. सानो खुर्पा ।

खुर्पेटो- /खुर्पेटो/ना. खुर्पा हाल्ने काठको दाप ।

खुर्सानी- /खुर्सानि/तरकारी, अचार आदिमा मसलाका रूपमा हालिने पिरो वस्तु, खोर्सानी ।

खुलदुली- /खुल्दुलि/ना. कुनै कुरा जान्ने इच्छा, खसखस । (उदा. मैले मनको खुलदुली रोक्न सकिनँ ।)

खुला- /खुला/वि. बन्द नभएको, उघारो, उदाङ्ग, खुलस्त ।

खुवा- /खुवा/ना. धेरै बेरसम्म दुध पकाएर लेदो घोट्दै बनाइएको खाद्य पदार्थ, कुराउनी । (उदा. खुवाबाट मिठाई बनाइन्छ ।)

खुवाउनु- /खुवाउनु/क्रि. खान लाउनु, खान दिनु, भोजन गराउनु । (उदा. उसले मलाई खाजा खुवायो ।)

खुसी- /खुसि/ना. मनमा हुने सुखको अनुभूति, हर्ष, प्रसन्नता । (उदा. छोरी पास भएको सुन्दा आमा खुसी हुनुभयो ।)

खेत- /खेत्/ना. आली लगाएर गरागरामा बाँडिएको पानी जमाएर धानको खेती गरिने जमिन, धान, गहुँ आदि रोप्ने जग्गा ।

खेतबारी- /खेतबारि/ना. अन्नबाली लगाउने जमिन ।

खेती- /खेति/ना. खेतबारीमा अन्न आदि पैदा गर्ने काम, कृषि, किसानी, बाली, उब्जा । (उदा. किसानहरू खेती गर्छन् ।)

खेतीवाल- /खेतीवाल्/ ना. खेती गर्ने व्यक्ति, किसान ।

खेद्नु- /खेद्नु/क्रि. गाई, कुकुर आदिलाई पर भगाउनु, हटाउनु, लखेट्नु, लगार्नु । (उदा. गोठालाले गाई खेद्यो ।)

खेर- /खेर/क्रियो./नायो. १. बरबाद, बिगार, नाश, हानि । (उदा. धारो बन्द गर, पानी खेर गयो ।) २. वेलामा, छिनमा, बखतमा । (उदा. तिमी कति खेर आउँछौ ?)

खेरि- /खेरि/क्रियो. समयमा, वेलामा, बखतमा (उदा. म आउँदा खेरि तिमीलाई भेट्छु ।)

खेल- /खेल्/ना. खेलबाड, मनोविनोद, क्रीडा । (उदा. विद्यार्थीले पढाइसँगै खेलमा पनि ध्यान दिनुपर्छ ।)

खेलाउनु- /खेलाउनु/क्रि. खेल्न लाउनु ।

खेलौना- /खेलौना/ना. १. खेल्ने सामग्री । २. केटाकेटीले खेल्ने पुतली आदि सामान । (उदा. केटाकेटीहरू खेलौनामा भुलेर बस्छन् ।)

खेल्नु- /खेल्नु/क्रि. खेलमा भाग लिनु ।

खै-/खै/ना./नि. १. चियोचर्चो, सोधपुछ, विस्मय, दिक्दारी, अनिश्चय, बेवास्ता आदि बुझाउने शब्द । (उदा. मेरो कलम कहाँ छ भन्दा भाइले मतिर फर्केर भन्यो- खै कुन्नि ।)

खैरो-/खैरो/वि. खयरको जस्तो रङको, फुस्रो रङको, फुस्रो । (उदा.मेरो सुइटर खैरो छ ।)

खैनी-/खैनि/ना. चुन मिसाएर खाइने सुर्तीको पातको नसादार धुलो । (उदा. खैनी सेवन स्वास्थ्यका लागि हानिकारक छ ।)

खोकी-/खोकि/ना. घाँटीमा खसखस लागेर निस्कने आवाज, खोक्ने रोग, काँसो ।

खोक्रो-/खोक्क्रो/वि. भित्र केही नभएको, खाली, रित्तो । (उदा. बाँसको भित्रपट्टि खोक्रो हुन्छ ।)

खोज- /खोज्/ना. हराएको सामान खोज्ने काम ।

खोजीनिती-/खोजिनिति/ना. १. कुनै काम कुरामा चासो लिएर गरिने खोजी । २. कुनै विषयको सोधपुछ । (उदा. अनावश्यक कुराको खोजीनिती गर्नु राम्रो होइन ।)

खोज्नु-/खोज्नु/क्रि. खोजी गर्नु, तलास गर्नु ।

खोप-/खोप्/ना. विभिन्न प्रकारका रोगबाट जोगिन लगाइने सुई । (उदा. रोगबाट बचाउन खोप लगाइन्छ ।)

खोर-/खोर्/ना. जीवजन्तु पाल्न वा थुन्न बनाइएको साँगुरो कोठो । (उदा. गाउँघरमा बाख्रालाई खोरमा थुनिन्छ ।)

खोरन्डो -/खोरन्डो/वि. खुट्टा खोच्याएर हिँड्ने, लङ्गडो । (उदा.खोरन्डोले बैसाखी टेकेर हिँड्छ ।)

खोर्सानी- खोर्सानी/ना.हे. खुर्सानी ।

खोल-/खोल्/ ना. कुनै वस्तुको बचाउ वा ढाकछोपका लागि तयार गरिने त्यसकै आकारको कपडा, कागत आदिको थैलो । (उदा. सिरकमा खोल हालियो ।)

खोलो-/खोलो/ना. सानोतिनो नदी । (उदा. खोलो नजिकै घर बनाउनु हुँदैन ।)

खोल्नु-/खोल्नु/क्रि. खुला पार्नु, उघार्नु, उद्घाटन गर्नु । (उदा. गाउँलेले चन्दा उठाएर विद्यालय खोले ।)

खोल्सो-/खोल्सो/ना. सानो खोलो, गहिरो ठाउँ, खोँच । (उदा. नेपालको पहाडी भेगमा धेरै खोल्सा छन् ।)

ख्याल-/ख्याल्/ना. १. सोच विचार, होस । २. सम्झना, याद । ३. जिस्किने काम, ठट्टा । (उदा. पासाङको ख्याल गर्ने बानी छ ।)

**गँड्यौलो**-/गँड्यौलो/ना. चिसो माटो, मल आदिमा हुने जुको झैँ घस्रने एक जातको किरो, बस्यौँलो। (उदा.वर्षा याममा खेतबारी आदिमा गँड्यौला देखिन्छन् ।)

**गगन**-/गगन्/ना. हे. आकाश।

**गजब**-/गजब्/वि. १. विशेष किसिमको, अनौठो, विलक्षण, अद्‌भूत। ना. २. आश्चर्य, छक्क।

**गजक्क**-/गजक्क/क्रियो. रिसले, फुर्ती वा धाकले गम्किने गरी, गमक्क। (उदा. तिम्रो कुरा सुनेर ऊ गजक्क भयो ।)

**गजुर**-/गजुर्/ना. मन्दिरको छानाको टुप्पामा राखिएको धातु।

**गट्टा**-/गट्टा/ना. केटाकेटीले खेल्ने मसिना र गोल मिलेका ढुङ्गाका टुक्रा। (उदा. गाउँघरका केटाकेटीहरू गट्टा खेल्छन् ।)

**गठन**-/गठन्/ना. कुनै खास उद्देश्य लिई समूह बनाउने काम, निर्माण, रचना। (उदा. गाउँलेले टोल सफा गर्न समिति गठन गरे ।)

**गडगडाइ**-/गड्गडाइ/ना. मेघ गर्जे जस्तो शब्द निकाल्ने काम वा प्रक्रिया। (उदा. आकाशको गडगडाइले वर्षाको सङ्केत गर्छ ।)

**गड्याङगुडुङ**-/गड्याङ्गुडुङ्/ना. १. मेघ गर्जदाको आवाज। २. क्रियो. मेघ गर्जदाको किसिम (उदा. बर्खा याममा गड्याङगुडुङ आवाज बढी सुनिन्छ ।)

**गढी**- /गढि/ना. सानो गढ (उदा. सिन्धुली गढी ।)

**गढ्नु**-/गढ्नु/क्रि. १. तिखो वस्तु भित्रसम्म पुग्नु, बिझ्नु। (उदा. पाइतालामा काँडो गढ्यो ।) २. गहिरिनु।

**गण**-/गण्/ना. जमात, समूह, वर्ग।

**गणतन्त्र**-/गणतन्त्र/ना. जनताद्वारा निर्वाचित व्यक्ति राष्ट्रपति हुने राजनीतिक व्यवस्था। (उदा. नेपाल गणतन्त्रात्मक देश बनेको छ ।)

**गणित**-/गणित्/ना. हिसाबको ज्ञान गराउने शास्त्र। (उदा. गणितको ज्ञान सबैलाई हुनु आवश्यक छ ।)

**गणेश**-/गणेस्/ना. हात्तीको टाउको र ठूलो पेट हुने शिव र पार्वतीका पुत्र मानिने देवता, विनायक। (उदा. मङ्गलवार गणेशको मन्दिरमा भक्तहरूको भिड हुन्छ ।)

**गतिलो**-/गतिलो/वि. राम्रो भएको, असल, बेस, गहकिलो।

**गतिविधि**- /गतिविधि/ना. कुनै व्यक्ति, सङ्घ संस्था आदिको कार्यकलाप।

**गतिशील**- /गतिसिल्/कि. १. निरन्तर चलिरहने, चलायमान। २. सक्रिय।

चाउरे हुनु, खुम्चिनु। २. धेरै तुजुक देखाउने व्यक्ति तुजुक सिद्धिएर चुप लाग्नु। (उदा. यसपालिको परीक्षामा कम नम्बर आएकाले ऊ चाउरियो।)

चाकु- /चाकु/ना. सखर वा उखुको बाक्लो रसमा विभिन्न मसला हालेर वा नहालीकन जमाई तयार पारिएको गुलियो खाद्य पदार्थ। (उदा. काठमाडौंमा घिउ चाकु खाने चलन छ।)

चाक्लो- /चाक्लो/वि. गोलो नभएको, चेप्टो र फराकिलो। (उदा. चाक्लो ढुङ्गो)

चाङ- /चाङ्/ना. एकमाथि अर्को थप्दै मिलाएर राखिएको वस्तुको थुप्रो, खात, रास।

चाचा- /चाचा/ना. १. केटाकेटीको खेलौना २. पैसा, गहना आदि।

चाट्नु- /चाट्नु/कि. जिब्राले सोझै स्पर्श गरी स्वाद लिनु, सिनित्त निखिने गरी जिब्राले सोहोरेर निल्नु। (उदा. सानीले अचार चाटी।)

चाड- /चाड्/ना. धार्मिक, सांस्कृतिक महत्त्वको अवसर, देवताको पूजा गरी मिठो खाएर रमाउने खास दिन, उत्सव, पर्व, चाडबाड।

चानचुन- /चान्चुन्/ना. १. सानोतिनो मात्रा, खुद्रा, खुजुरा, करिब।

चानो- /चानो/ना. मुला आदिलाई पातलो गरी काटेर बनाइएको टुक्रो, यस्ता टुक्रा सुकाएर तरकारी वा अचार बनाउन तयार पारिएका सुक्खा वस्तु, चानो।

चाप- /चाप्/ना. १. ज्यामितिमा वृत्तका परिधिको एक अंश। २. दबाब, थिचाइ, पेलाइ।

चामल- /चामल्/ना. धानको बोक्रा हटाउँदा तयार हुने भित्रको सेतो खँदिलो भाग।

चाम्रो- /चाम्म्रो/वि. भाँच्न, चुँड्न वा चपाउन कठिन हुने, लचिलो र दऱ्हो किसिमको। (उदा. चाम्रो काठका फर्निचर राम्रा हुन्छन्।)

चाया- /चाया/ना. १. कपालमा हुने मसिना बुरबुरे सेता पाप्रा वा धुलो। २. अनुहारमा बस्ने कालो दाग, पोतो। (उदा. कपालको चाया हटाउन दिनदिनै नुहाउनु पर्छ।)

चारकुने- /चार्कुने/वि. चार कुना परेको, आयत वा वर्गका आकारको, चारपाटे।

चारखुट्टे- /चार्खुट्टे/वि. चारओटा खुट्टा भएको, चौपाया, जनावर। (उदा. गाई चारखुट्टे जनावर हो।)

चारपाटे- /चार्पाटे/वि. चार पाटा भएको, चारकुने। (उदा. सलाईको बट्टा चारपाटे हुन्छ।)

चारो- /चारो/ना. सुँगुर, कुखुरा, परेवा आदिलाई खुवाइने आहारा। (उदा. कुखुरो चारो टिप्दै छ।)

चार्ट-/चार्ट्/ना. कुनै अवस्था आदि देखाउन बनाइने रेखाचित्र, तालिका । (उदा. सानी क, ख लेखेको चार्ट पढ्दै छ ।)

चाल-/चाल्/ना. १. चल्ने काम वा प्रक्रिया, हिँडाइ, गति । २. चाला, चरित्र । (उदा. तिम्रो चाल ठिक छैन ।)

चाल चलन-/चाल् चलन्/ना. १. पहिलेदेखिको रीतिस्थिति, व्यवहार, प्रथा । २. व्यक्तिको स्वभाव, आनीबानी, चरित्र । (उदा. समाजको पुरानो चालचलन)

चाल्नु -/चाल्नु/क्रि. १. चाल्नो, जाली आदिमा राखेर अन्न, पिठो आदिबाट तुस, ढुङ्गा, भुस हटाउनु । (उदा. बालुवा चाल्नु) २. हातगोडा हल्लाउनु ।

चासो- /चोसो/ना. १. कुनै विषयप्रति बढ्ने उत्सुकता, सरोकार ।

चाहना- /चाहना ना. हे. इच्छा

चाहनु-/चाहनु/क्रि.मन पराउनु, इच्छा राख्नु, प्राप्त गर्न खोज्नु, रुचाउनु ।

चाहिनु-/चाहिनु/क्रि. आवश्यक हुनु, आवश्यक पर्नु, अभाव महसुस हुनु ।

चिउरा-/चिउरा/ना. उसिनेर भिजाइएको धानलाई चिसैमा भुटेर ढिकी, मिल आदिमा कुटी थेप्चो बनाइएको खाजाका रूपमा खाइने अन्न ।

चिकित्सक-/चिकित्सक्/ना. औषधी उपचार गर्ने व्यक्ति, डाक्टर, वैद्य आदि ।

चिकित्सा-/चिकित्सा/ना. रोग निको पार्न गरिने काम; औषधी उपचार, इलाज । (उदा. चिकित्सकको सल्लाह अनुसार उपचार गर्नुपर्छ ।)

चिर्ची-/चिचि/ना. केटाकेटीले मासुका निम्ति प्रयोग गर्ने शब्द ।

चिच्याउनु-/चिच्च्याउनु/क्रि. भएभरको बल लगाएर कराउनु, जोडले आवाज निकाल्नु । (उदा. कति साह्रो चिच्याएको ! चुप लाग ।)

चिज[१].-/चिज्/ना. दुधबाट विशेष प्रक्रियाले बनाइने खाद्य सामग्री ।

चिज[२].-/चिज्/ना. कुनै पनि वस्तु, पदार्थ, कुरो, चिजबिज, सामग्री । (उदा. बजारमा पाइने सबै चिजको भाउ बढेको छ ।)

चिजबिज-/चिज्बिज्/ना. कुनै पनि वस्तु, पदार्थ, सामान, चिज ।

चिटचिट-/चिट्चिट्/क्रिवि. हलुका तवरले पसिना आउने गरी, मानसिक वा शारीरिक श्रमका कारण पसिना आउने किसिम । (उदा. उकालो चढ्दा चिटचिट पसिना आयो ।)

चिठी-/चिठि/ना. हुलाक वा मान्छे मार्फत् पठाउने उद्देश्यले टाढा बस्ने आफन्तलाई

लेखिने सन्देश, खबर लेखिएको कागज, पत्र । (उदा. छोराको चिठी आएकाले आमाबाबु ढुक्क भए ।)

चिडियाखाना-/चिडियाखाना/ना. सबैलाई देखाउने उद्देश्यले विभिन्न जातका जनावर वा चराचुरुङ्गी सङ्कलन गरी राखिएको निश्चित ठाउँ, चिडिया घर । (उदा. जावलाखेलमा चिडियाखाना छ ।)

चितुवा-/चितुवा/ना. जिउमा कालो, घ्वाँसे बुट्टा हुने बाघ जातिको हिंस्रक जङ्गली जन्तु ।

चित्त-/चित्त/ना. १. मान्छेको मन, हृदय, दिल, अन्तस्करण । (उदा. अरूको चित्त दुख्ने काम गर्नु हुँदैन । २. ध्यान । (उदा. चित्त लगाएर पढ ।)

चित्र-/चित्त्र/ना. हातले बनाइएको फोटो, रेखा र रङबाट निर्मित कुनै वस्तुको बिम्ब, तस्बिर ।

चिथोर्नु-/चिथोर्नु/क्रि. नङ्ग्रा आदिले लुछेर छाला दरफर्याउनु, कोपर्नु, कोतर्नु, लुछ्नु । (उदा. काँडाले चिथोरेर घाउ भयो ।)

चिनाउनु-/चिनाउनु/क्रि. कसैलाई कसैसित परिचय गराउनु, चिनाजानी गराउनु, परिचित तुल्याउनु, चिनारी गराउनु । (उदा. मलाई हरिले सबै साथीसँग चिनायो ।)

चिनारी-/चिनारी/ना. चिनाउने काम, चिनजान ।

चिनी-/चिनि/ना.उखुको रसबाट वैज्ञानिक तरिकाले तयार पारिएको गुलियो सेतो धुलो । (उदा. चिया बनाउन चिनी चाहिन्छ ।)

चिनो-/चिनो/ना. सम्झनाका रूपमा छोडिएको कुनै वस्तु, चिह्न, टुङ्गो । (उदा. आमाले दिएको चिनो )

चिन्ता-/चिन्ता/ना. मनमा हुने दुःख, पिर, सुर्ता, फिक्री, परवाह ।

चिन्नु[1] -/चिन्नु/क्रि. कसैको चिनारी पाउनु, परिचय पाउनु, थाहा पाउनु, जान्नु, पहिचान गर्नु । (उदा. मैले बल्ल उनको घर चिने ।)

चिन्नु[२] -/चिन्नु/क्रि. चौतारो आदि बनाउनु, गारो लाउनु ।

चिप्लिनु-/चिप्लिनु/क्रि. १. चिप्लो ठाउँमा खुट्टा आदि रड्किएर असन्तुलित हुनु वा लड्नु । २. कुनै वस्तु लड्नु ।

चिप्लेकिरो-/चिप्प्लेकिरो/ना. सेतो चिप्लो पदार्थ निकाल्दै भुइँमा घस्रिँदै हिँड्ने वर्षायाममा देखिने हाड नभएको किरो ।

चिप्लो-/चिप्प्लो/वि. चिप्लने किसिमको, तेल, घिउ आदि चिल्लो पदार्थ लागे जस्तो, लेसाइलो । (उदा. चिप्लो माटो, चिप्लो कपाल)

चिभे-/चिभे/ना. लामो पुच्छर र सिलित्त परेको जिउ हुने, निक्खर कालो रङको चरो ।

चिम-/चिम्/ना. बिजुलीबाट बत्ती बल्ने साधन, बिजुली बत्तीका रूपमा प्रयोग गरिने गोलो सिसा जडिएको डल्लो, बल्ब ।

चिमनी-/चिम्नि/ना. इँटा, भट्टा आदिमा धुवाँ माथि पुऱ्याउन ठड्याइएको अग्लो खोक्रो वस्तु वा स्तम्भ ।

चिम्लिनु-/चिम्म्लिनु/क्रि. आँखा बन्द गर्नु, पलक मार्नु, आँखाको नानीलाई ढकनीले छोप्नु, चिम्लनु ।

चिया-/चिया/ना. तातो पानीमा उमालेर चिनी राखी वा सादा तातै खाइने एक प्रकारको पेय वा त्यसको धुलो । (उदा. धेरैजसो मानिसहरू बिहान चिया पिउँछन् ।)

चियाउनु-/चियाउनु/क्रि. लुकेर हेर्नु, चियो गर्नु । (उदा. भित्र कसले के गर्दै छ भनेर रमेशले प्वालबाट चियायो ।)

चियादानी-/चियादानि/ना. चिया पकाउने काममा प्रयोग गरिने टुटी भएको भाँडो, कितली ।

चियो-/चियो/ना. अरूले थाहा पाउलान् कि भनेर लुकी लुकी कसैको गतिविधि बुझ्ने काम, चेवा, सुराकी, गुप्तचरी ।

चिरञ्जीवी-/चिरन्जिबि/वि. लामो आयु भएको, धेरै बाँच्ने, दीर्घजीवी ।

चिराइतो-/चिराइतो /ना. औषधीका रूपमा प्रयोग गरिने लेकमा पाइने एक प्रकारको तितो वनस्पति । (उदा. चिराइतो मूल्यवान् जङ्गली झार हो ।)

चिरो-/चिरो/ना. कुनै वस्तु चिरिएर बनेको टुक्रो, लामो पारी काटिएको काँक्रो आदिको अंश । (उदा. काँक्राको चिरो ।)

चिर्नु-/चिर्नु/क्रि. चिर्ने काम गर्नु,, काठ आदिलाई लामा लामा चिरा बनाउनु । (उदा. दाउरेले दाउरा चिऱ्यो ।)

चिल-/चिल्/ना. आकाशमा निकै माथिबाट उड्न सक्ने तथा टाढासम्म देख्न सक्ने एक हिंस्रक पक्षी ।

चिलाउनु-/चिलाउनु/क्रि. फोहोर आदिका कारणले छालामा हुने कुनै रोगले शरीरमा सकसक हुनु, कन्याउन मन लाग्नु, रगरगाउनु, चिलचिलाउनु । (उदा. नुहाउन नपाएकाले जिउ चिलायो ।)

चिलाउने-/चिलाउने/ना. १. मध्य पहाडी भेकमा पाइने एक प्रकारको चाम्रो काठ हुने वनस्पति । वि. २. चिलचिलाउने, चिलचिल गर्ने । (उदा. चिलाउनेको रुख ठूलो भएछ ।)

चिसिनु-/चिसिनु/क्रि. चिसो हुनु, सेलाउनु, तापक्रम कम हुनु । (उदा. तताएको पानी चिसियो ।)

चिसो-/चिसो/ तापक्रम कम भएको, ठन्डा, शीतल । (उदा. चिसो हावापानी ।)

चिस्याउनु-/चिस्याउनु/क्रि. तातो वस्तुलाई चिसो पार्नु, तापक्रम घटाउनु, सेलाउनु । (उदा. फ्रिजमा खाद्य सामग्री चिस्याइन्छ ।)

चिहान-/चिहान्/ना. मरेको मानिस गाड्ने वा जलाउने ठाउँ, मसान घाट ।

चिह्न-/चिन्न/ना. कुनै वस्तुलाई थाहा पाउने लक्षण वा सङ्केत, चिनो, हुलिया, लेखाइमा प्रयोग हुने सङ्केत । (उदा. प्रश्नसूचक चिह्न ।)

चीन-/चिन्/ना. नेपालको उत्तरपट्टि रहेको विशाल देश, जनसङ्ख्याका दृष्टिले संसारको सबैभन्दा ठुलो देश ।

चुँड्नु-/चुँड्नु/क्रि. कुनै वस्तुलाई जोडले तानेर छुट्याउनु, रबर, डोरी आदिलाई तानेर टुक्रयाउनु, कुनै वस्तुको केही अंश तानेर छुट्याउनु, चुँडाउनु, चुँडाल्नु ।

चुक-/चुक्/ना. कागती, निबुवा आदिको रसलाई पकाएर बाक्लो पारिएको अत्यन्तै अमिलो पदार्थ, बाक्लो अमिलो ।

चुचुरो-/चुचुरो/ना. पहाडको टुप्पो, शिखर । (उदा. हिमालको चुचुरो)

चुच्चो-/चुच्चो/ना. १. चराहरूको तिखो परेको मुख, ठुँडो । वि. २. टुप्पो मसिनो भएको घोचिने खालको ।

चुट्किलो-/चुट्किलो/ना. हाँस्ने तथा हँसाउने उद्देश्यले कथिएको छोटो छरितो किस्सा, ठट्यौली । (उदा. रामले कक्षामा चुट्किला सुनायो ।)

चुट्नु-/चुट्नु/क्रि. पराल सहितको धानको बोटलाई भुइँमा बजारेर गेडा झार्नु । २. पिट्नु, कुट्नु, प्रहार गर्नु । (उदा. असिना पानीले चुटेकाले उसलाई ज्वरो आएछ ।)

चुत्रो-/चुत्त्रो/ना.निला रङका स-साना गुलिया दाना फल्ने बोट वा त्यसको फल ।

चुन-/चुन्/ना. घर रङ्गाउन वा सुर्तीमा मिसाई मोलेर खैनी बनाउन प्रयोग गरिने सेतो धुलो वा पानीमा भिजाएर गिलो पारेको त्यही पदार्थ, चुना ।

चुना-/चुना/ना. हे. चुन ।

चुनाब-/चुनाब्/ना. आफूले रोजेको प्रतिनिधि छान्न मतदान गर्ने प्रक्रिया, चुन्ने काम, निर्वाचन, छनोट । (उदा. संविधान सभाको चुनाब सम्पन्न भयो ।)

चुन्नु-/चुन्नु/क्रि. धेरैबाट थोरैलाई छान्नु, छनोट गर्नु, चुनाब गर्नु, रोज्नु । (उदा. विद्यार्थीहरूले आज टोली नेता चुने ।)

चुप-/चुप्/ना. नबोली रहने स्थिति, शान्त भएको अवस्था, चुपचाप, मौन ।

चुपी-/चुपि/ना. सानो आकारको तिखो र धारिलो हतियार, छुरा ।

चुम्बक-/चुम्बक्/ना. फलाम आदिलाई आफूतिर तान्ने शक्ति भएको एक ठोस पदार्थ । (उदा. चुम्बकले फलाम तान्छ ।)

चुरा-/चुरा/ना. महिलाहरूले नाडीमा छिराएर लगाउने काँच, धातु आदिबाट बनेको गहना, चुरी।

चुरी-/चुरी/ना. हे. चुरा।


चुरे-/चुरे/ना. तराई र ठुला पहाडका बिचमा पर्ने पूर्वदेखि पश्चिमसम्म फैलिएको साना पहाड वा त्यस्तो शृङ्खला।

चुरोट-/चुरोट्/ना. कागजको गोलो सोलीमा मेसिनले धुलो सुर्ती भरी तयार पारिएको धूमपानका लागि उपयोग गरिने वस्तु, सिगरेट।

चुर्ना-/चुर्ना/ना. पेटमा परेपछि मलद्वार चिलाउने धागो जस्ता ससाना सेता किरा। (उदा. कति चाक कन्याउँछ, चुर्ना परे कि क्या हो ?)

चुली-/चुलि/ना. १. सानो चुलो। २. पहाडको टुप्पो, शिखर, चुचुरो। (उदा. हिमालको चुली)

चुलेसी-/चुलेसि/ना. पहिले ठाडो भई टुप्पामा हाँसको मुन्टो झैँ नुहेको तरकारी काट्ने हतियार।



चुलो-/चुलो/ना. चम्का ठड्याएर बनाइएको खाना पकाउने चौका, भान्सा।

चुल्ठो-/चुल्ठो/ना. बाटिएको कपालको मुठो, ढाडसम्म लर्काएर बाटेको कपालको गुच्छो। (उदा. कपालको चुल्ठो फुकेछ।)

चुसाउनु-/चुसाउनु/क्रि. चुस्न लगाउनु, मुखद्वारा दुध आदिको मुन्टो तान्न लगाउनु। (उदा. आमाले बच्चालाई दुध चुसाइन्।)

चुस्नु-/चुस्नु/क्रि. कुनै रसिलो पदार्थलाई मुखले तान्नु, पेय पदार्थलाई मुखले तान्नु। (उदा. बच्चाले आमाको दुध चुस्दै छ।)

चूर्ण-/चुर्ण/ना. कुटेर वा पिँधेर बनाइएको धुलो पिठो, धुलो। (उदा. औषधीको चूर्ण।)

चेक-/चेक्/ना. १. खातावालाले आफ्नो पैसा निकाल्नका लागि सही गरेर बैङ्कलाई दिने आधिकारिक पुर्जी। २. कुनै काम ठिक भए नभएको छुट्याउन गरिने जाँच, रुजु।

चेकबुक-/चेक्बुक्/ना. पैसा झिक्नु पर्दा उपयोग गर्नका लागि बैङ्कले खातावालालाई दिएको प्रमाणित पुर्जीहरूको पुस्तिका, चेकहरू भएको प्याड।

चेतना-/चेतना/ना. चेत, बोध, ज्ञान, थाहा, होस, अनुभूति।

चेतनशील-/चेतन्सिल्/वि. चेतना भएको, सचेत, जागरूक। (उदा. मान्छे चेतनशील प्राणी हो।)

चेपागाँडा-/चेपागाँडा/ना. माछा झैँ पौडिने खुट्टा उम्री नसकेका भ्यागुताका बच्चा।


चेप्टो -/चेप्टो/वि. डोलो तथा गोलो नभई फराकिलो भएको फैलिएको, चेप्टिएको, चाक्लो। (उदा. चेप्टो ढुङ्गो)

चेली-/चेलि/ना. १. गुरुसँग शिक्षा लिने महिला विद्यार्थी, छात्रा, शिष्या २. कसैको विचार व्यवहार आदिको अनुसरण गर्ने महिला, महिला अनुयायी ।

चेलो-/चेलो/ना. १. गुरुसँग विद्या लिने व्यक्ति, शिक्षार्थी, छात्र, शिष्य, पुरुष अनुयायी । २.कसैको विचार,व्यवहार आदिको अनुसरण गर्ने व्यक्ति अनुयायी ।

चैत-/चैत्/ना. वर्षको बाऱ्हौं महिना फागुन पछिको महिना, चैत्र ।

चैत्य-/चइत्य/ना. बौद्धहरूको देवालय विहार, बहाल, स्तूप ।



चैत्र-/चैत्त्र/ना. हे. चैत ।

चोक-/चोक्/ना. १. सहरमा विभिन्न बाटाहरू जोडिने ठाउँ, चौबाटो । २. वरिपरि घर हरूले घेरिएको बिचको चारकुने आँगन । (उदा. चोकमा केटाकेटी खेल्दै छन् ।)

चोके- /चोके/ना. १. घोचा तथा किलामा कुनै वस्तु झुन्ड्याउन वा अड्याउन हुने हाँगो फाटेको ठाउँ, कापो । २. अप्ठेरो, असजिलो ।

चोक्टो-/चोक्टो/ना. मासु आदिको टुक्रो, चौटो ।

चोट-/चोट्/ना. १. हतियार वा कडा वस्तुले लागेर भएको घाउ, चोटपटक । २. प्रहार, मार । (उदा. दसैंको खसी एकै चोटमा छिनाइनु पर्छ ।)


चोटपटक-/चोट्पटक्/ना.हे. चोट ।

चोया-/चोया/ना. डोको, मान्द्रो आदि बुन्न वा बार बार्न कलिलो बाँसलाई चिरी काढिएको फित्ता जस्तो साधन । (उदा. बाँसको चोयाबाट डोको बनाइन्छ ।)

चोर-/चोर्/ना. १. चोरी गर्ने मान्छे । (उदा. चोरले चोर्ने दाउ खोज्छ ।) वि. २. चोरी गर्ने, अर्काको सामान सुटुक्क लिएर भाग्ने ।

चोर्नु-/चोर्नु/क्रि. चोरी गर्नु, थाहै नदिई अरूको सामान लिएर बेपत्ता हुनु ।

चोलो-/चोलो/ना. महिलाहरूले कमरमाथि साडीका साथमा लगाउने बाहिरी कपडा,चोली । (उदा. हजुरआमा चौबन्दी चोलो लगाउनु हुन्छ ।)



चोसो- /चोसो/ना. १. दुई ओठ जोडेर मुख चुच्चो पारेको आकार, थुतुनो । २. जग्गा ठाउँ आदिको कुनो ।

**चौंरी-**/चौंरि/ना. झुन्डिएका लामा रौं हुने, हिमाली क्षेत्रमा पाइने एक जातको गाई ।




**चौका-**/चौका/ना. तासमा चारको अङ्क भएको पत्ती, जुवामा चारको दाउ ।

**चौकी-**/चौकि/ना. १. प्रहरी तथा स्वास्थ सेवा सम्बन्धी तल्लो तहको एकाइ (जस्तै : प्रहरी चौकी, स्वास्थ्य चौकी) । २. सानो खाट, खटिया ।

**चौटो-**/चौटो/ना. मासुको टुक्रो, चोक्टो ।

**चौडाइ-**/चौडाइ/ना. वस्तुको लामोतिर नभएर फराकिलोतिरको भाग । (उदा. यस किताबको लम्बाइ १५ र चौडाइ १० से.मि. रहेछ ।)

**चौतारो-**/चौतारो/ना. वर, पीपल आदिका फेदमा ढुङ्गो माटो उठाई अग्लो पारिएको विश्राम गर्ने ठाउँ, हावा खाने वा आराम गर्ने उद्देश्यले बनाइएको छहारी । (उदा. उकालो बाटोमा चौतारो रहेछ ।)




**चौथाइ-**/चौथाइ/ना. चार भागको एक भाग बराबर, आधाको पनि आधा ।

**चौपट्ट-**/चौपट्ट/क्रियो. बिछट्ट, ज्यादा अत्यन्त । (उदा. सानी चौपट्ट बाठी छे ।)

**चौर-**/चौर्/ना. १. घाँस उम्रेको सम्म ठाउँ, चरन, खुला मैदान, चउर ।

**चौलानी-**/चौलानि/ना. चामल पखालेको पानी । (उदा. चौलानीमा पकाएको दाल बाक्लो हुन्छ ।)

**च्याउ-**/च्याउ/ना. ओसिलो जमिन, काठ, पराल आदिमा उम्रने खेती गर्न पनि सकिने नरम वनस्पति ।



**च्याङ्ग्रो-**/च्याङ्ग्रो/ना. १. हिमाली क्षेत्रमा पाइने लामा भुत्ला हुने एक जातको बाख्रो । वि. २. मरन्च्यासे दुब्लो ।

**च्यातिनु-**/च्यातिनु/क्रि. कपडा, कागज आदि टुक्रिनु वा फाट्नु, च्यात्ने काम गरिनु ।

**च्यात्नु-** /च्यात्नु/क्रि. कपडा, कागज आदि तानेर टुक्र्याउनु, फाड्नु ।

**च्याप्नु-**/च्याप्नु/क्रि. दुई ओटा कडा वस्तुका बिचमा परी नरम कुरा पेलिनु वा चेप्टिनु नउम्कने गरी समात्नु, च्याप्प पार्नु ।

छ-/छ/ना. १. गन्ती गर्दा पाँचपछि आउने सङ्ख्या, पाँच र एकको योग, छको सङ्ख्या ६ । क्रि.२. 'थियो' को वर्तमान काल जनाउने रूप । (उदा. मसँग किताब छ ।)

छकाउनु-/छकाउनु/क्रि. छलमा पार्नु, छल गर्नु, झुक्याउनु, छक्याउनु, अलमल्याउनु । (उदा. श्यामले भकुन्डो छलेर गोल गऱ्यो ।)

छकिनु- /छकिनु/क्रि. १. छलमा पर्नु, झुक्किनु, ठगिनु ।

छक्क-/छक्क/ना. कुनै अनौठो वस्तु, घटना आदिले आश्चर्यमा परेको स्थिति, जिल्ल, अचम्म, चकित, उदेक । (उदा. एक्कासि तिमीलाई यहाँ देखेर म त छक्क परेँ ।)

छक्का-/छक्का/ना. छ फुट्टी भएको तास, जुवाको एक दाउ, छ गुना बराबर (जस्तै : छ छक्का छत्तिस) । क्रिकेट खेलमा ब्याटिङ गर्दा बल निर्धारित घेरा बाहिर आकाशमा नै उछिट्टिँदै पुगेमा प्राप्त हुने छ अङ्क, त्यस्तो छ अङ्क आउने गरी हान्ने काम । (उदा. रमेशले तीन पटक छक्का हान्यो ।)

छचल्किनु-/छचल्किनु/क्रि. गाग्री आदिको पानी हल्लिनु, आँसु परेलाको डिलसम्म आउनु, छत्ल्याङछुत्लुङ हुनु । (उदा. आधा गाग्रो छचल्किन्छ ।)

छटपट-/छट्पट्/ना. शारीरिक वा मानसिक किसिमले उत्पन्न हुने अधीरता, चञ्चलता, तुलबुल, बेचैनी, हडबड । (उदा. बिरामी पीडाले छटपट गर्दै थियो ।)

छटपटी- /छट्पटि/ना. १. छटपट हुँदाको स्थिति । २. हतारो आतुरी ।

छट्टु-/छट्टु/वि. कुनै काम गर्दाको चलाख, चङ्ख, धूर्त, बाठो, चतुर । (उदा. छट्टु केटो, छट्टु व्यापारी ।)

छडी-/छडि/ना. बाँस, बेत आदिको सुरिलो लट्ठी, छिटो हिँडाउनका लागि घोडा आदिलाई पिट्ने साधन, पातलो लट्ठी, सिर्कनो ।

छड्कनु-/छड्कनु/क्रि. १. भात पकाउँदा पाक्नुअघि पानी र चामल उम्लिनु, गुदगुदाउनु । २. अर्कैतिर लाग्नु, उम्कनु, उछिट्टिनु । (उदा. ऊ पैसा नतिरी छड्किएछ ।)

छड्के-/छड्के /वि. १. सोझो नभएको टेढो, तेर्सो, बाङ्गो, कर्के । (उदा. छड्के नजर) २. काटिएर तिखो बनेको ठाडो ढोड, खुट्टा आदिमा बिझेको काठ, बाँस आदिको टुक्रा । ३. विभिन्न कार्यालयमा विना सूचना गरिने निरीक्षण भ्रमण, जाँच । (उदा. कार्यालयमा छड्के आएछ ।)

छत-/छत्/ना. पक्का घरको सम्म परेको छानो, बस आदिको हुट । (उदा. घरको छतमा लुगा सुकाऊ ।)

छताछुल्ल-/छताछुल्ल/क्रियो. पानी आदि तरल पदार्थ भरिएर पोखिने गरी, प्रशस्त, पर्याप्त, छेलोखेलो । (उदा. खेतमा पानी छताछुलल भएछ ।)

छनछन-/छन्छन्/क्रियो. चुरा, धातुका सिक्का आदि बज्ने किसिमले, खनखन । (उदा. उनले भुइँमा पैसा छनछन गने ।)

छमछम-/छम्छम्/क्रियो. गोडामा घुँगुरा आदि लगाएर नाच्ने किसिमले, सङ्गीतको ताल अनुसार नाच्ने चालले, छमछम्ती । (उदा. सानी नानी छमछम नाच्दै छ ।)

छमछम्ती-/छमछम्ति/क्रियो. हे. छमछम ।

छरछिमेक-/छर्छिमेक्/ना. आफ्नो घरको नजिकको घर, आफ्नो घरको वरिपरिको घरमा बस्ने मानिस, छिमेक । (उदा. छर छिमेकमा मिलेर बस्नुपर्छ ।)

छर्नु-/छर्नु/क्रि. १. सँगालिएको सामान जतातातै फाल्नु, यताउति मिल्काउनु, छरपस्ट पार्नु । २. मकै, गहुँ आदिको बिउ उमार्न जमिनमा रोप्नु । (उदा. किसानले गहुँ छरेछ ।)

छर्लङ्ङ-/छर्लङ्ङ/क्रियो.स्पष्ट देखिने गरी, छ्याङ्ङ । (उदा. घाम लागेपछि पल्लो गाउँका घरहरू छर्लङ देखिए ।)

छलछाम- /छल्छाम/ना. १. छल्ने काम, छलकपट । २. जालझेल ।

छलफल-/छल्फल्/ना. कुनै विषयका बारेमा गरिने वार्तालाप, विचार विमर्श, बहस, तर्क वितर्क, चर्चा, परिचर्चा ।

छल्नु-/छल्नु/क्रि. झुक्यानमा पार्नु, झुक्याउनु, ढाँट्नु, ठग्नु, तर्काउनु । (उदा. उसले साथीलाई छलेर गोल गऱ्यो ।)

छहरा- /छह्रा/ना. भिर तथा पहराबाट झरेको खोलो, झरना

छहारी-/छहारि/ना. झ्याम्म परेको रुखको छाया, सिँयाल ।

छाँगो-/छाँगो /ना. माथिबाट खसेको पानीको ठुलो धारो, पहरो आदि अग्लो ठाउँबाट खसेको पानीको मुस्लो, छहरा, झरना ।

छाँट-/छाँट्/ना. कुनै व्यक्ति वा वस्तुको ढङ्ग, ढाँचा, ढर्रा, रूपरङ्ग, लक्षण, आभास । (उदा. आज घनघोर पानी पर्ने छाँट छ ।)

छाँट्नु- /छाट्नु/सक्रि. १. काटेर वा खुर्केर छरितो पार्नु । २. बढी भएको उखेलेर ठिक्क पार्नु ।

छाँद्नु-/छाँद्नु/क्रि. १. डोको, ढाकर आदिमा घाँस, पराल आदि चुली पारेर डोरीले कस्नु । २. लडाउने वा अन्य उद्देश्यले पशुलाई खुट्टामा बाँध्नु ।

छाउनु-/छाउनु/क्रि. १. घर, गोठ आदिमा छानो हाल्नु, छाउने काम गर्नु । २. सबैतिर पुग्नु, फैलिनु ।

छाउरो-/छाउरो/ना. कुकुरको भरखरैको भाले बच्चो।

छाक-/छाक्/ना. एक खेपमा खाइने खाना, भरपेट खानेकुरा।

छाड्नु-/छाड्नु/क्रि. कुनै सामान कतैतिर भुल्नु, कुनै ठाउँबाट हट्नु वा पर पुग्नु, त्याग गर्नु, फुक्का गर्नु, त्याग्नु, छोड्नु।

छाता-/छाता/ना. घाम वा पानीबाट बच्न ओढिने साधन, छत्र।

छाती-/छाति/ना. १. पेटभन्दा माथि र घाँटीभन्दा मुनि रहेको अगाडिपट्टिको कडा भाग, वक्षस्थल। २. मन, हृदय, चित्त। (उदा. फराकिलो छाती)

छात्र-/छात्र/ना. पुरुष विद्यार्थी, शिष्य, चेलो।

छात्रा-/छात्रा/ना. महिला विद्यार्थी, शिष्या, चेली।

छानबिन- /छान्बिन्/ना. १. छान्ने काम, केलाउने काम, रोजाइ। २. कुनै समस्याको कारण खोज्ने काम।

छानो-/छानो/ना. भित्र घामपानी नछिरोस् भनी बनाइएको घरको माथिल्लो भाग, छत। (उदा. विद्यालयको छानो जस्ताले छाएको छ।)

छान्नु-/छान्नु/क्रि. १.धेरैबाट थोरै निकाल्नु, चुन्नु, रोज्नु। २. शुद्ध र अशुद्ध पदार्थ छुट्याउनु, मूल कुराबाट अन्य कुराहरू हटाउनु। (उदा. चिया छानेर पिउनु पर्छ।)

छाप-/छाप्/ना. १.कुनै कार्यालय अड्डा आदिको आधिकारिक चिह्न, मोहर, २. डाम, निसाना, सङ्केत, लोगो। ३. प्रभाव (उदा. मनमा परेको छाप हत्तपत्त मेटिँदैन।)

छापाखाना-/छापाखाना/ना. पुस्तक, पत्रिका आदि छाप्ने काम गरिने घर, मुद्रणालय, प्रेस।

छाप्नु-/छाप्नु/क्रि. १. छाप्ने काम गर्नु, अक्षर वा चित्रको छाप कागजमा उतार्नु, मुद्रण गर्नु। २. भुइँमा ढुङ्गा, इँटा आदि बिछ्याउनु।

छाप्रो-/छाप्प्रो/ना. पराल, खर आदिले छाएको सानो घर, टहरो, झुपडी। (उदा. बुढाबुढी सानो पराले छाप्रोमा बस्थे।)

छामछाम छुमछुम-/छाम्छाम् छुम्छुम्/ना. अँध्यारोमा वरिपरि हातले बारम्बार छाम्ने काम। (उदा. बत्ती गएको वेला छामछाम छुमछुम गरेर सलाई खोजे।)

छाम्नु-/छाम्नु/क्रि.कुनै वस्तुको आकार, अवस्था आदि थाहा पाउन छुने काम, स्पर्श गर्ने काम। (उदा. उसले आफ्नै खल्ती छाम्यो।)

छाया-/छायाँ/ना. सूर्य, बत्ती आदिको प्रकाश कुनै वस्तुले रोक्दा पर्ने कालो आकृति,

ओझेल, सिँयाल । (उदा. वर पीपलको छाया शीतल हुन्छ ।)

छाला-/छाला/ना. प्राणीको मासुलाई ढाकेर रहेको आवरण, त्वचा, चर्म ।

छावा-/छावा/ना. हात्तीको बच्चा ।

छिँडी-/छिँडि/ना. घरको भुइँतलामा रहेको अँध्यारो कोठो, अँध्यारो गल्ली, साँघुरो ठाउँ ।

छि-/छि/विबो. घिनलाग्दो फोहोर वस्तु आदि देख्दा वा त्यस्तो कुरा सुन्दा भनिने शब्द (उदा. छि: यो मान्छे त कस्तो फोहोरी रहेछ !)

छिउँ-/छिउँ/ना. भातको सितो आदि अड्किँदा वा रुघाखोकी लाग्दा नाकबाट निस्कने आवाज सहितको सासको झोँक्का, हाच्छिउँ, छिँक्का ।

छ्युँ-/छ्युँ/ना. हे. छिउँ ।

छिटो-/छिटो/वि. १. हिँड्न, कुनै काम गर्न फुर्तिलो, छरितो । २. काम गर्न चतुर, चलाख । क्रियो. ३. चाँडो, तुरुन्त, झट्ट । ना. ४ पानी, तेल आदिको उछिट्टिएको थोपो, बुँद । (उदा. पानीको छिटो)

छिद्र-/छिद्द्र/ना. १. प्वाल, दुलो, छिँड । २. कसैले काम गर्दा भएको गल्ती, कमजोरी ।

छिन-/छिन्/ना. छोटो समय, क्षण, (उदा. एकछिन, छिनमै)

छिनोफानो-/छिनोफानो /ना. हिसाब किताब फर्स्यौट गर्ने काम, विवाद आदिलाई टुङ्गो लगाउने काम, निधो, निर्णय, समाधान । (उदा. बल्ल झगडाको छिनोफानो भयो ।)

छिप्पिनु-/छिप्पिनु/क्रि. परिपक्व हुनु, बलियो र दह्रो हुनु, मुला आदिमा काठ पस्नु, धेरै दिनको हुनु । (उदा. छिप्पिएको काठ दह्रो हुन्छ ।)

छिमेक-/छिमेक्/ना. आफ्नो घरको वरिपरिको घर, छरछिमेक, सँधियार । (उदा. छिमेकको मान्छे असल हुनुपर्छ ।)

छ्याछ्या-/छियाछिया/ना. काटेर टुक्रा टुक्रा पारिएको अवस्था, घाउ नै घाउ, चोटैचोट, क्षत विक्षत । (उदा. घाउको छाला चिथोरेर छियाछिया भएछ ।)

छिरबिरे-/छिर्बिरे/वि. विभिन्न रङ भएको, छिर्कामिर्का भएको, मसिना विभिन्न र ङहरूले बनेको, रङ्गीचङ्गी । (उदा. रातो सेतो मिसिएको छिरबिरे फूल)

छुचुन्द्रो-/छुचुन्द्रो/ना. चुच्चो थुतुनो भएको गनाउने एक जातको मुसो ।

छुचो-/छुचो/वि.हे. छुच्चो ।

छुच्चो-/छुच्चो/वि. अरूलाई विनाकारण दु:ख दिने, अरूलाई जिस्काइ रहने, छुद्र स्वभावको, दुष्ट, दुच्छर, छुचो, कन्जुस ।

छुट्याउनु-/छुट्ट्याउनु/क्रि. भिन्नाभिन्नै बनाउनु, छुट्टाछुट्टै पार्नु, अलग गर्नु, छुट्टा तुल्याउनु ।

छुट्टी-/छुट्टि/ना. कार्यालय नखुल्ने दिन कामकाज ठप्प हुने दिन, बिदा । (उदा. शनिवार छुट्टी हुन्छ ।)

छुट्टै-/छुट्टै/वि. १. छुट्टा भएको, अरूभन्दा भिन्नै बेग्लै विशेषता भएको । २. अलग्गै, भिन्नै । (उदा. छुट्टै बानी बेहोरा)

छुट्नु-/छुट्नु/क्रि. १. कुनै वस्तु कतै बिर्सिनु, छोडिनु, बाँकी बस्नु । २. झ्यालखाना वा अन्यत्रबाट मुक्त हुनु, कुनै ठाउँबाट बस आदि हिँड्नु । (उदा. बस अघि नै छुट्यो ।)

छुनु-/छुनु/क्रि. वस्तुको आकार वा अवस्था थाहा पाउने उद्देश्यले हात वा खुट्टा कुनै वस्तुमा टाँस्नु, स्पर्श गर्नु । (उदा. उसले मेरो घाँटीमा छुँदा मलाई कुतकुती लाग्यो ।)

छुपुछुपु-/छुपुछुपु/क्रियो. हिलामा धान आदि केही रोप्ने किसिमले, छुपछुप हुने गरी । (उदा. सानीले धानको बिउ छुपुछुपु रोपिन् ।)

छुर्पी-/छुर्पि/ना. दुध वा मही फटाएर छोक्रा सुकाई बनाइएको, सुपारी झैं टोकेर खाइने खाद्य पदार्थ । (उदा. गाईको दुधबाट छुर्पी बन्छ ।)

छेउ-/छेउ/ना. १. कुनै पनि वस्तु वा क्षेत्रको किनारा, डिल । २. नजिकको ठाउँ, सामीप्य, निकटता ।

छेकबार-/छेक्बार्/ना. १. छेक्ने वा बार्ने काम, छेको । २. छेकथुन

छेक्नु[1]-/छेक्नु/क्रि. १. कुनै वस्तुलाई अगाडि बढ्नबाट रोक्नु, थुन्नु । २. वस्तुलाई नदेखिने बनाइनु, ढाक्नु । (उदा. बादलले घामलाई छेक्यो ।)

छेक्नु[2]-/छेक्नु/क्रि.कपडा सिलाउनुअघि नापो लिनु । (उदा. सूचीकारले लुगा छेक्यो ।)

छेड्नु-/छेड्नु/सक्रि. छेड्ने काम गरिनु, प्वाल पारिनु ।

छेत्री- /छेतत्रि/ना. हिन्दुहरूका चार जातमध्ये एक जात वा चार वर्णमध्ये दोस्रो वर्ण ।

छेपारो-/छेपारो/ना. घाँटीमा माल र टाउकामा कुखुराको भालेको जस्तो सिउर हुने, प्रकाश पर्दा विभिन्न रङमा बदलिएको देखिने माउसुलीभन्दा केही ठूलो र त्यसै गरी घस्रिएर हिँड्ने एक जीव ।

छेस्को-/छेस्को/ना. काठ, बाँस आदिको छोटो तिखो सिन्को, चिरिएका दाउरा आदिको टुक्रो, झरो । (उदा. हातमा छेस्को बिज्यो ।)

छोटकरी-/छोट्करि/वि. छोटो किसिमको संक्षिप्त, छोट्याइएको । (उदा. छोटकरीमा कथा भन त !)

छोटो-/छोटो/वि. १. हुनुपर्ने जति लामो नभएको, लामोको उल्टो, छोटकरी, लघु ।

(उदा. छोटो कपडा) २. नीच, तल्लो, दर्जाको हीन ।

छोड्नु-/छोड्नु/क्रि. आफ्नो नियन्त्रणबाट मुक्त गरिदिनु, त्याग्नु । (उदा.उसले खोरबाट कुखुरा छोड्यो ।)

छोप्नु-/छोप्नु/क्रि. कुनै वस्तुलाई केही कुराले ढाक्नु, लुकाउनु । (उदा. खानेपानी छोपेर राख्नुपर्छ ।)

छोरी-/छोरि/ना. महिला सन्तान, पुत्री, चेली । (उदा. छोरीको विवाहमा दाइजो दिइयो ।)

छोरो-/छोरो/ना. पुरुष सन्तान, पुत्र, चेलो । (उदा. रामबहादुरको छोरो पढ्न चलाख छ ।)

छ्याप्नु-/छ्याप्नु/क्रि. मसी, हिलो, रङ आदि कसैलाई पर्ने गरी फ्याँक्नु, छर्किनु । (उदा. मोटरले हिलो छ्याप्यो ।)

छ्यासमिस- /छ्यास्मिस्/ना. छासमिस भएको, धेरै वस्तु मिसिएको । (उदा. जनै पूर्णिमामा विभिन्न गेडागुडी छ्यासमिस गरी क्वाटी पकाइन्छ ।)

छ्वाली-/छ्वालि/ना. दाना वा फल झरेपछि गहुँ वा जौको घाँस । (उदा. गहुँको छ्वालीबाट कागज बनाइन्छ ।)

## ज

जग-/जग्/ना. १. घर, चौतारो आदिको जमिनमुनिको गारोको आधार । (उदा. जग बलियो भए मात्र घर दह्रो हुन्छ ।) २. टायर ¯¯न्चर हुँदा गाडीलाई उचालि राख्नका लागि प्रयोग गरिने पेच भएको उपकरण । (उदा. जग लगाएर गाडी उचालियो ।) ३. पानी उबाउने सुराही जस्तो भाँडो । (उदा. जगमा पानी छ ।)

जगत्-/जगत्/ना. संसार, ब्रह्माण्ड, विश्व, दुनियाँ । (उदा. ईश्वर यस जगत्का मालिक हुन् ।)

जगेर्ना-/जगेर्ना/ना. जोगाएर वा बचाएर राख्ने काम, संरक्षण, सुरक्षा, जोगाड । (उदा. अन्नबालीको जगेर्ना)

जग्गा-/जग्गा/ना. कमाइ लगाउने गरिएको जमिन, खेतबारी, जमिन, भुइँ । (उदा. जग्गा बाँझो राख्नु हुँदैन ।)

जङ्गल-/जङ्गल्/ना. ठुला साना रुख, बुटा आदि भएको बाँझो जमिन, वन, झाडी । (उदा. जङ्गलमा रुख धेरै छन् ।)

जँचाउनु-/जँचाउनु/क्रि. आफूले लेखेको कुरा ठिक भए नभएको थाहा पाउन शिक्षकलाई देखाउनु, स्वास्थ्यमा केही खराबी छ कि भनी हेर्न लगाउनु, जाँच्न लगाउनु, परीक्षण गराउनु, डाक्टरलाई देखाउनु ।

जड-/जड्/ना. निर्जीव, मुर्ख, अबुझ ।

(उदा. जड भरतले काम बिगार्दथे ।)

जडीबुटी-/जडिबुटि/ना. औषधी उपचारका लागि प्रयोग गरिने वनस्पति वा त्यसको जरो, ओखतीमुलो । (उदा. जडीबुटी खाए पनि रोग निको हुन्छ ।)

जतन-/जतन्/ना. जोगाएर राख्ने काम, संरक्षण, जोगाड, हिफाजत, बचाउ । (उदा. किताबको जतन गर ।)

जताततै-/जताततै/क्रियो. जता पनि चारैतिर, जतासुकै, सर्वत्र । (उदा. जताजतै फोहोर नगर ।)

जति-/जति/वि. जुन मात्रा वा परिमाणको, जतिसुकै । (उदा. यति नै चाहिन्छ भन्ने छैन, मलाई जति दिए पनि हुन्छ ।)

जत्रो-/जत्त्रो/वि. जति मात्राको, जुन परिमाणको । (उदा. जत्रो आँपको पनि एउटै दाम ।)

जथाभाबी-/जथाभाबि/क्रि. कुनै नियम वा मर्यादामा नबाँधिएर, जस्तो मन लाग्यो त्यस्तै किसिमले । (उदा. जथाभाबी बोल्नु हुँदैन ।)

जदौ-/जदौ/ना. कसैलाई जय होस् भनी गरिने अभिवादन, नमस्कार, नमस्ते, ढोग ।

जनक-/जनक्/ना. १. रामायण कालीन मिथिला राज्यका राजा, सीताका बाबु, एक राजर्षि । २. पिता, बाबु, बा, बुबा । वि. ३. जन्म दिने, जन्माउने, उत्पन्न गर्ने ।

जनता-/जनता, जन्ता/ना. कुनै देशका सम्पूर्ण नागरिकहरूलाई जनाउने शब्द, आम मानिसको समूह, जन समूह, लोक । (उदा. जनताको इच्छा अनुसार नचल्ने नेताले सधैं हार खानु पर्दछ ।)

जनवाद-/जनबाद्/ना. राष्ट्र प्रमुख जनताबाट छानिएको प्रतिनिधि हुनुपर्छ भन्ने राजनीतिक सिद्धान्त ।

जनवादी-/जनबादि/वि. जनवादको सिद्धान्त अनुसार चल्ने, जनवादमा विश्वास राख्ने । (उदा. जनवादी गीत, जनवादी संस्कृति ।)

जनसङ्ख्या-/जनसङ्ख्या/ना. कुनै देश वा क्षेत्रमा बसोवास गर्ने जनताहरूको कुल सङ्ख्या, भए जति सबै मानिसको समष्टि । (उदा. नेपालको जनसङ्ख्या झन् झन् बढ्दै छ ।)

जना-/जना/कोक. मान्छेको गणना गर्दा प्रयोग गरिने शब्द । (उदा. एक जना, दश जना आदि ।)

जनावर-/जनाबर्/ना. चार खुट्टा टेकेर हिँड्ने प्राणी, चौपाया, जन्तु, पशु, वस्तुभाउ ।

जनै-/जनै/ना. ब्राह्मण आदि जातिले काँधमा लट्काएर लगाउने बाटेको धागाको डोरो, यज्ञोपवीत । (उदा. ब्रतबन्ध गरेपछि जनै लगाइन्छ ।)

जनै पूर्णिमा-/जनै पुर्णिमा/ना. श्रावण शुक्ल पक्षको पूर्णिमा, ऋषि तर्पणी पूर्णिमा, रक्षा बन्धन गरिने पूर्णिमा ।

जन्तु-/जन्तु/ना. प्राणधारी जीव, प्राणी, चार खुट्टे जनावर, चौपाय, पशु, पन्छी आदि। (उदा. बिरालो जन्तु हो।)

जन्म-/जन्म/ना. १. आमाको गर्भबाट प्राणी बाहिर आउने काम २. कुनै संस्थाको सुरुवात, पैदा हुने काम, प्रादुर्भाव। विप. मृत्यु। (उदा. मेरो जन्म २०१४ सालमा भएको हो।)

जन्मनु-/जन्मनु/क्रि. जन्म लिनु, पैदा हुनु, चोला लिनु, प्रादुर्भाव हुनु, प्रारम्भ हुनु, जन्मिनु। (उदा. छोरी जन्मिन्।)

जन्माउनु-/जन्माउनु/क्रि. जन्मने काम गराउनु,पैदा गराउनु, प्रारम्भ गराउनु, जुनी दिनु। (उदा. उसले दुई जना मात्र सन्तान जन्माई।)

जन्मिनु-/जन्मिनु/क्रि.हे. जन्मनु।

जप्नु-/जप्नु/क्रि. मनमनै मन्त्र आदि निरन्तर दोहोऱ्याइरहनु। (उदा. लामाहरू माला घुमाउँदै जप्छन्।)

जब-/जब/क्रियो. जुन समयमा, जतिखेर, जहिले। (उदा. जब विद्यालय बन्द हुन्छ तब म घर फर्कन्छु।)

जबरजस्ती-/जबर्जस्ति/क्रियो. इच्छा नहुँदा नहुँदै पनि, स्वीकृतिविना नै, बलजफ्ती। (उदा. उसले जबरजस्ती मेरो झोला खोसेर लग्यो।)

जबाफ-/जबाफ्/ना. प्रश्नले मागेको कुरा, उत्तर। विप. सवाल।

जमघट-/चम्घट्/ना. उद्देश्य सहित गरिएको मानिसको भेला, सभा (उदा. आज बानेश्वरमा बनेपालीको चमघट छ।)

जमर्को-/जमर्को/ना. कोसिस, प्रयत्न (उदा. रामले गीत गाउने जमर्को गऱ्यो।)

जमात-/जमात्/ना. एकै खालका मानिसहरूको समूह, हुल, भिड, गुट, बथान। (उदा. मान्छेको जमात)

जमाना-/जमाना/ना. कुनै खास समय, युग, वेला, काल, बखत। (उदा. नयाँ जमाना)

जमिन-/जमिन्/ना. खेतीपाती गरेको वा बाँझो भूमि, भुइँ, धर्ती, पृथ्वी, जग्गा, खेतबारी। (उदा. पानी नपर्नाले जमिन बाँझो भयो।)

जम्नु-/जम्नु/क्रि. १. तरल पदार्थ ठोस बन्नु, बाक्लो हुनु। (उदा. दही जमेछ।) २. स्थापित हुनु। (उदा. हिउँ जमेछ।)

जम्मा-/जम्मा/वि. भए जति सबै, कुल, सम्पूर्ण। (उदा. जम्मा खर्च)

जय-/जय/विबो. १. जितेको खुसियालीमा सामूहिक रूपमा निकालिने हर्षको ध्वनि। (उदा. जय होस्)। ना. २. कल्याण, मङ्गल, विजय, सफलता। (उदा. जय नेपाल)

जयन्ती-/जयन्ति/ना. कुनै व्यक्ति वा संस्थाको जन्मदिन, सो दिन मनाइने उत्सव। (उदा. विद्यालयको रजत जयन्ती।)

जरा-/जरा/ना. बोट बिरुवा आदिको जमिनमुनि रहेर पोषक तत्त्व शोषण गर्ने अवयव, कन्द, जड, मूल ।

जरायो-/जरायो/ना. हाँगा जस्तो सिङ हुने, ठुलो जातको मृग, बाह्रसिङ्गा, बाह्रसिङ्गे ।

जरिमाना-/जरिमाना/ना. दण्डका रूपमा नगद तिर्नुपर्ने गरी दोषीलाई गरिएको सजाय, नगद दण्ड, डाँड, जरिवाना ।

जरिवाना-/जरिबाना/ना. हे. जरिमाना

जरुर-/जरुर्/क्रियो. निश्चय नै, पक्का पनि, अवश्य नै, निःसन्देह । (उदा. जरुर त्यहाँ केही भएको छ ।)

जरुरत-/जरुरत्/ना. हे. आवश्यकता ।

जरुरी-/जरुरि/वि. जरुरत परेको, नगरी नहुने, छिटो गर्नु पर्ने, अत्यावश्यक । (उदा. जरुरी काम)

जर्कनु-/जर्कनु/क्रि. रिसाएर जरक्क पर्नु, झोकिनु, झर्किनु, बाउँठिनु, रिसाउनु । (उदा. मैले बोलाउँदा ऊ जर्कियो ।)

जर्किन-/जर्किन्/ना. तेल आदि तरल पदार्थ हाल्ने काममा प्रयोग गरिने प्लास्टिक आदिको भाँडो ।

जर्सी-/जर्सि/ना. १. ऊनीबाट बनेको जाडामा लगाइने लुगा । २. खेलाडीले खेल्दा लगाउने पोसाक ।

जर्सी-/जर्सि/ना. जुरो नहुने एक प्रकारको दुधालु गाई ।

जल-/जल्/ना. १. पानी । २. पवित्र पानी ।

जलकुम्भी-/जलकुम्भि/ना. पानीमा उम्रने पिँडालु जस्तो नरम वनस्पति । (उदा. जलकुम्भीले फेवाताललाई ढाक्न लाग्यो रे ।)

जलयान-/जल्यान्/ना. समुद्र, ताल, नदी आदिमा चल्ने सवारी साधन ।

जल विद्युत्-/जल बिद्‌द्युत्/ना. पानीबाट निकालिने बिजुली । (उदा. जल विद्युत् केन्द्र ।)

जलाउनु-/जलाउनु/क्रि. आगो लगाएर सल्काउनु, बाल्नु । (उदा. उसले पुराना कागजपत्र जलायो ।)

जलाधार-/जलाधार्/ना. १. जलाशय, तलाउ, पोखरी । २. पानीको मुहान वा त्यसको वरिपरिको क्षेत्र । (उदा. जलाधार संरक्षण)

जसो-/जसो/क्रियो. जे जुन किसिमको, जस्तो तस्तो । (उदा. तिमी जसो भन्छौ, म त्यसै गर्छु ।)

जस्ता-/जस्ता/ना. छानो छाउन प्रयोग गरिने एक प्रकारको रासायनिक धातु, जस्तापाता, कर्कटपाटा । (उदा. विद्यालयमा जस्ताको छानो लगाइएको छ ।)

जस्तो-/जस्तो/वि. १. जुन प्रकार जे किसिमको । क्रियो. जस्तै, उदाहरणका लागि, उदाहरणार्थ ।

जहाज-/जहाज्/ना. समुद्रमा तैरिएर हिँड्ने निकै ठुलो यातायातको साधन, इन्धनबाट चल्ने निकै ठुलो डुङ्गा, पानी जहाज जलयान, जलपोत ।

जाँगर-/जाँगर्/ना. कुनै काम गर्नका लागि मनमा आउने उत्साह, फुर्ती, जोस । (उदा. आज काम गर्ने जाँगर चलेन ।)

जाँच-/जाँच्/ना. ठिक बेठिक वा योग्य अयोग्य छुट्याउने काम, परीक्षा, मूल्याङ्कन, परीक्षण, छानबिन । (उदा. कक्षा दशको जाँच अर्को वर्षदेखि हुँदै छ ।)

जाँच्नु-/जाँच्नु/क्रि. ठिक बेठिक वा योग्य अयोग्य छुट्याउनु, परीक्षण गर्नु । (उदा. गुरुले मेरो गृहकार्य जाँच्नु भयो ।)

जाँड-/जाँड्/ना. उसिनेको अन्नमा मर्चा हाली कुहाएर बनाइएको मादक पेय, छ्याङ ।

जाउलो-/जाउलो/ना. धेरै पानीमा थोरै चामल, बेसार, नुन आदि हालेर पकाइएको गिलो भात, खोले भात । (उदा. दिदीले सानो भाइलाई जाउलो खुवाइन् ।)

जागरुक-/जाकरुक्/वि. सतर्क, होसियार । (उदा. लोकतन्त्रपछि जनता जागरुक बनेको छन् ।)

जाडो-/जाडो/ना. आवश्यक पर्नेभन्दा कम तापक्रम भएको अवस्था, हिउँद याम, ठन्डी । (उदा. पुस माघ महिनामा जाडो हुन्छ ।)

जात-/जात्/ना. वंशका आधारमा बनेको मानिसहरूको वर्ग, त्यस्तो सामाजिक तह जाति । (उदा. बाहुन, छेत्री, वैश्य, शूद्र आदि)

जातपात-/जात्पात्/ना. जातका आधारमा गरिएको सामाजिक विभाजन, त्यसबाट हुने भेदभाव, जातिपाती ।

जाति- /जाति/ना. वंश, गुण, कर्म आदिका आधारमा छुट्याइने मानिसको सामाजिक वर्ग, जात ।

जाति वाचक-/जाति बाचक्/वि. व्याकरण अनुसार एकै प्रकारको जाति वा वर्गलाई बुझाउने नामको एक प्रकार । (उदा. मान्छे, गाई फूल आदि ।)

जात्रा-/जात्त्रा/ना. कुनै पर्व विशेषमा मानिसहरू भेला भएर नाचगान सहित गरिने रमाइलो मेला । (उदा. लाखे जात्रा, भोटो जात्रा ।)

जाती-/जाति/वि. १. भलो वा हित गर्ने राम्रो र सहयोगी स्वभावको, असल, (उदा. जाती मान्छे) । ना. २. निको, बिसेक, आराम । (उदा. हिजोदेखि बिरामीलाई अलि जाती भयो ।)

जादु-/जादु/ना. हातको सफाइ आदिद्वारा दर्शकलाई भ्रममा पार्ने कला, चटक, चमत्कार । (उदा. केटाकेटी जादु हेर्नमा मस्त छन् ।)

जादुगर-/जादुगर्/ना. जादु देखाउने मान्छे, चटकी ।

जानकारी–/जान्कारि/ना. सूचना प्राप्त गर्ने काम, ज्ञान लिने काम, थाहा। (उदा. उनी के काम गर्छिन् मलाई जानकारी छैन।)

जानु–/जानु/क्रि. आफू भएको ठाउँबाट अन्यत्र लाग्नु, कुनै ठाउँमा पुग्नु, परतिर पुग्नु, हिँड्नु। (उदा. भाइ विद्यालय जान्छ।)

जान्नु –/जान्नु/क्रि. थाहा पाउनु, सिक्नु, बुझ्नु। (उदा.उसले साइकल चलाउन जान्यो।)

जाबो–/जाबो/वि. काम नलाग्ने, तुच्छ, नाथे, बेकामको, रद्दी। (उदा. जावो पाँच रुपियाँ नभन, मौकामा यतिले पनि काम दिन्छ।)

जामा– /जामा/ना.केटीहरूले कमरमा बाँधेर लगाउने मुजैमुजा परेको लुगा, फ्रक।

जाल–/जाल्/ना. १. धागो, डोरी आदिबाट प्वाल नै प्वाल पारी बुनिएको सामान, जाली। २. छलछाम धोका। (उदा. उसको मिठो कुराको जालमा फसौला।)

जालीदार– /जालिदार्/वि. जाली पारेर बुनेको, धेरै प्वालहरू भएको।

जिउँदो–/जिउँदो/वि. जीवन भएको, जीवित, नमरेको, तगडा, बहादुर। (उदा. जिउँदो मान्छे)

जिउ–/जिउ/ना. शरीर, देह।

जिउडाल–/जिउडाल्/ना. शरीरको बनावट जिउको ढाँचा ँा बाहिरी व्यक्तित्व। (उदा. पातलो जिउडाल भएको मान्छे।)

जिउनु–/जिउनु/क्रि. जीवित रहनु, गुजारा गर्नु, जीवन धान्नु, बाँच्नु। (उदा. सानोतिनो आम्दानीले काठमाडौँमा जिउन गाह्रो छ।)

जिज्ञासा–/जिग्याँसा/ना. कुनै कुरा थाहा पाउने इच्छा, खुलदुली, कौतूहल, उत्सुकता। (उदा. मलाई यस विषयमा जान्ने जिज्ञासा छ।)

जित्नु–/जित्नु/क्रि. विजय गर्नु, अरूलाई हराउनु। विप. हार्नु।

जिद्दी–/जिद्दि/ना. नजिती नहुने स्वभाव, हठ, ढिपी, रोड्याइँ। (उदा. जिद्दी गर्नु।)

जिब्रेफूल–/जिब्ब्रेफुल्/ना. फुलेपछि बिचमा जिब्रो जस्तो निस्कने एक प्रकारको फूल।

जिब्रो–/जिब्ब्रो/ना. मुखभित्र खाना ओल्टाइ पल्टाइ गर्ने तथा बोल्नमा सहयोग पुऱ्याउने दुईतिरका दाँतका बिचमैं रहने मासुको डल्लो, स्वाद थाहा पाउने इन्द्रिय।

जिम्बु–/जिम्बु/ना.हे. जिम्मु।

जिम्मा–/जिम्मा/ना. कुनै कामको अभिभारा, उत्तरदायित्व, जिम्मेवारी, जबाफदेहीता। (उदा. यो काम तिम्रो जिम्मा लगाएँ।)

जिम्मु–/जिम्मु/ना. घिउ वा तेलमा फुराएर दाल, तरकारी आदि झान्ने काममा प्रयोग गरिने, गुन्द्रुक जस्तै देखिने मसला, जिम्बु।

जिम्मेवारी–/जिम्मेवारि/ना. जवाफदेही, उत्तरदायित्व, अभिभारा, जिम्मेदारी।

(उदा. छोराछोरी पढाउने जिम्मेवारी आमाबाबुको हो ।)

जिरा-/जिरा/ना. ज्वानोका झैँ मसिना तर लाम्चा दाना हुने प्रसिद्ध सुगन्धी मसला ।

जिल्ला-/जिल्ला/ना. अञ्चलभन्दा सानो तर निर्वाचन क्षेत्रभन्दा ठूलो राजनीतिक एकाइ । (उदा. नेपालमा ७५ जिल्ला छन् ।)

जि.शि.अ.-/जिसिअ/ना. जिल्ला शिक्षा अधिकारी, जिल्लाको शिक्षा हेर्ने प्रमुख सरकारी कर्मचारी ।

जिस्काउनु-/जिस्काउनु/क्रि. अनाहकमा दु:ख दिनु, भिजो लगाउनु, गिल्ला गर्नु, गिज्याउनु ।

जिस्क्याउनु-/जिस्काउनु/क्रि. हे. जिस्काउनु

जीव-/जिब्/ना. १. जीवन भएको प्राणी, जन्तु जनावर, जिबात । २. प्राण वा जीवन भएका साना ठुला किरा ।

जीवन-/जिबन्/ना. जन्मदेखि मृत्युसम्मको अवधि, प्राण रहेसम्मको समय, जीवित अवस्था, जिउँदोपन ।

जीवन जल-/जिबन् जल्/ना. झाडापखाला लागेका वेलामा औषधीका रूपमा पानीमा मिसाएर खुवाइने नुन, चिनी आदि मिसाइएको ग्लुकोज जस्तो सेतो धुलो, त्यस्तो धुलो मिसाइएको पानी । (उदा. पखाला लागेको मान्छेलाई जीवनजल खुवाउनु पर्छ ।)

जीवन्त-/जिबन्त/नि. जीवन भएको, जिउँदो, जीवित । (उदा. जीवन्त इतिहास ।)

जीवाणु-/जिबाणु/ना. सूक्ष्मदर्शक यन्त्रबाट मात्र देख्न सकिने, अत्यन्त साना प्राणी, एक कोषीय प्राणी, रोगाणु कीटाणु । (उदा. जीवाणुले रोग सार्दछ ।)

जीविका-/जिबिका/ना.१.जिउ पाल्ने आधार, बाँच्ने मेलो । २. व्यवसाय पेसा, जीवन यापन । (उदा. उसले दुध बेचेर जीविका चलाएको छ ।)

जुँगा-/जुँगा/ना. लोग्ने मानिस उमेरदार भएपछि माथिल्लो ओठमाथि पलाउने रौँ, जुँघा ।

जुका-/जुका/ना. १. गँड्यौला जस्तो किरो २. शिर र पुच्छर टेक्दै हिँड्ने हाड नहुने, चिसो जमिनमा बस्ने; मान्छे, गाईवस्तुको रगत चुस्ने किरो । ३. मान्छेको पेटमा उत्पन्न भई रगत चुसेर बिरामी पार्ने गँड्यौला जस्तो किरो । (उदा. पेटमा जुका परेकाले औषधी खुवाइयो ।)

जुट-/जुट्/ना. डोरी, बोरा आदि बनाउन प्रयोग गरिने सनपाट कुहाएर सुकाइएको रेसादार पाट, सनपाट, पटुवा । (उदा. जुटको बोरा, जुटको खेती ।)

जुटाउनु-/जुटाउनु/क्रि. कुनै वस्तु जम्मा पार्नु, भेला गर्नु, एकट्ठा तुल्याउनु ।

जुट्नु-/जुट्नु/क्रि. भेला हुनु, जम्मा हुनु, एकट्ठा हुनु ।

जुठो[१].-/जुठो/ना. खाएर बाँकी रहेको वा खाँदाखाँदै भुइँ, टेबुल आदिमा झरेको भातको सितो, पुरो । उदा. भान्सामा जुठो छरिएको रहेछ)

जुठो[२].-/जुठो/ना. आफन्त मर्दा लाग्ने आशौच, बाबु, आमा आदि मरेका कारण गर्नुपर्ने नियमहरू मानिएको स्थिति । (उदा. जुठो पर्दा नुन बार्ने गरिन्छ ।)

जुठ्यान-/जुट्ठ्यान्/ना. जुठो फाल्ने ठाउँ, भाँडा माझ्ने ठाउँ, जुठेल्नु, रछान ।

जुडो-/जुडो /ना. जापानमा प्रारम्भ भई अन्यत्र फैलिएको एक प्रकारको कुस्ती खेल, कराँते, तेक्वान्दो । (उदा. हाम्रो विद्यालयमा जुडो पनि सिकाइन्छ ।)

जुत्ता-/जुत्ता/ना. हिँड्दा गोडालाई सुबिस्ता पुऱ्याउने, तुना बाँधेर वा नबाँधीकन लगाइने, गोडा पुरा छोप्ने छाला, कपडा आदिले बनेको साधन ।

जुन[१].-/जुन्/सर्व. भएकामध्ये कुनै एक जनाउने शब्द । (उदा. जुन किताब चाहिन्छ त्यो झिकेर लैजाऊ ।)

जुन[२].-/जुन्/ना. मे र जुलाईका बिचमा पर्ने अङ्ग्रेजी महिना ।

जुनी-/जुनि/ना. जन्मदेखि मृत्युसम्मको अवधि, जीवन, चोला । (उदा. अर्को जुनी, मान्छेको जुनी)

जुम्रो-/जुम्म्रो/ना. कपाल, लगाएको कपडा आदिमा उब्जिने, रगत खाने कालो वा सेतो रङ्को किरो, जम्रो ।

जुम्ल्याहा-/जुम्ल्याहा/क्रियो. एकै बेतमा जन्मेका शिशुको जोडी । (उदा. लव र कुश रामका जुम्ल्याहा छोरा होइनन् ।)

जुरुक्क-/जुरुक्क/क्रियो. एक्कासि उठ्ने किसिमले, एकै प्रयासमा उचाल्दाको किसिम । (उदा. राम जुरुक्क उठ्यो ।)

जुरेली-/जुरेलि/ना. टाउकामा जुरो हुने, पुच्छरमुनि रातो वा पहेँलो रङ भए पनि शरीर कालो हुने भँगेरोभन्दा केही ठुलो चरो ।

जुलुङ्गो-/जुलुङ्गो/ना. बालीनालीको सुरक्षाका निम्ति खर, पराल आदिद्वारा बनाएर उभ्याइएको खेतबारीका बिचमा गाडिने तर्साउने आकृति, बुख्याचा ।

जुवा[१].-/जुवा/ना. गोरु, राँगा आदि नार्दा जोतारो बाँध्नका लागि तिनको काँधमा राखिने लामो काठबाट बनेको साधन ।

जुवा[२].-/जुवा/ना. सोन्ह ओटा कौडा भुइँमा फालेर पैसाको हारजित हुने गरी खेलिने खेल । (उदा. उ[illegible] खेलेर सबै सम्पत्ति सिद्धायो ।)

जून-/जुन्/ना. १. चन्द्रमाको किरण, चन्द्रमा ।

जेट-/जेट्/ना. धेरै यात्रु अटाउने ठुलो वायुयान । (उदा. वायुयान, जेटविमान ।)

**जेनतेन**-/जेन्तेन्/क्रियो. जसरीतसरी, जसरी भए पनि ।

**जेठ**-/जेठ्/ना. वैशाख र असारका बिचको महिना, सालको दोस्रो महिना, ज्येष्ठ ।

**जेनतेन**-/जेन्तेन्/क्रियो. जसोतसो गरेर जुनसुकै उपायले, जसरी तसरी । (उदा. जेनतेन काम सिध्याइयो ।)

**जेब्रा क्रसिङ**-/जेब्ब्रा क्रसिङ्/ना. पक्की सडकमा पैदल यात्रुलाई बाटो काट्नका लागि सेता धर्का तानेर बनाइएको ठाउँ, बाटो काट्ने निश्चित ठाउँ । (उदा. दुर्घटनाबाट बच्न जेब्रा क्रसिङबाट बाटो काट्नु पर्छ ।)

**जेरी**-/जेरि/ना. पानीमा मुछेर तरल पारेको मैदाको पिठोलाई तुरुरु झारी फनफनी घुमाउँदै घिउमा पकाएर चिनीको चास्नीमा डुबाई तयार गरिएको गुलियो खाद्य पदार्थ, जेलिएको गुलियो मिठाई, जिलेबी ।

**जेहेनदार**-/जेहेन्दार्/वि. पढाइ, सिप आदिमा अरूभन्दा उत्तम, समझदार, बुद्धिमान् दिमागदार । (उदा. जेहेनदार विद्यार्थी)

**जैविक**-/जैबिक्/वि. जीवबाट बनेको जीव सम्बन्धी ।

**जोखिम**-/जोखिम्/ना. शारीरिक र मानसिक रूपमा घाटा पुग्ने सम्भावना भएको काम, खतरापूर्ण काम, खतरा । (उदा. जोखिमबाट बच्ने उपाय सोच्नुपर्छ ।)

**जोगाउनु**-/जोगाउनु/क्रि. कुनै सामान, पैसा आदि रक्षा गर्नु, बचत गर्नु, बचाउनु, संरक्षण गर्नु । (उदा. उसले विदेशमा बसेर पैसा जोगाएछ ।)

**जोड**-/जोड्/ना. १. गणितमा दुई वा सोभन्दा बढी अङ्कहरूको योग गर्ने काम । विप. घटाउ । २. जोडेको ठाउँ, जोर्नी ।

**जोडा**- /जोड्आ/ना. साथी, दौंतरी, जोडी । (उदा. मेरो चप्पलको जोडा कहाँ छ ?)

**जोडिनु**-/जोडिनु/क्रि. १. जोड्ने काम गरिनु । २. गाँसिनु ।

**जोड्नु**-/जोड्नु/क्रि. भाँचिएको, फुटेको वा चुँडिएको सामान गाँस्नु, जोड्ने काम गर्नु, जोल्ठ्याउनु, मिलाउनु ।

**जोतारो**- /जोत्आरो/ना. गोरु नार्दा जुवाका सोइलाबाट गोरुको गर्दन हुँदै पुनः सोइलामा बाँधिने डोरी । (उदा. हैन, जुवामा जोतारो छैन त ?)

**जोत्नु**-/जोत्नु/क्रि. १. हलो, ट्याक्टर आदिले खेतबारीको माटो खोस्रिनु खेतबारीमा हलो ट्याक्टर आदि लाउनु । २. कसैलाई धेरै काममा बेसरी लगाउनु, दलाउनु ।

**जोर**-/जोर्/ना. दुईले भाग जाने सङ्ख्या, जोडी, जोडा । विप. विजोर । (उदा. एकजोर लुगा ।)

**जोस**-/जोस्/ना. उत्साह, उमङ्ग ।

जौ-/जौ/ना. गहुँकै जस्तो बोट हुने तर दाना केही मसिना र लामा हुने एक प्रकारको अन्न । (उदा. जौको सातु पौष्टिक हुन्छ ।)

ज्याकेट-/ज्याकेट्/ना. शरीरलाई जाडोबाट जोगाउन लगाइने छाला वा कपडामा भित्री हाली सिलाइएको कमरमाथि लगाइने बाक्लो बाहिरी लुगा ।

ज्यादै-/ज्यादै/क्रि. धेरै, प्रशस्तै, अचाक्ली, अति नै ।

ज्यादती-/ज्यादति/ना. अत्याचार, अचाक्ली । (उदा. बालबालिकामाथि ज्यादती हुनु हुँदैन ।)

ज्यान-/ज्यान्/ना. जीवन, प्राण, शरीर ।

ज्यावल-/ज्यावल्/ना. कामदारको काम गर्ने साधन, औजोर

ज्यामिति-/ज्यामिति/ना. रेखा, कोण, आकार आदिबारे अध्ययन गर्ने गणितको एक शाखा, रेखा गणित ।

ज्यामिर-/ज्यामिर्/ना. मौसम जस्तै भए पनि केही अमिलो स्वाद हुने एक प्रकारको फल वा त्यसको रुख । (उदा. ज्यामिरको अमिलो)

ज्याला-/ज्याला/ना. काम गरेबापत लिइने पैसा, अन्न आदि, मजदुरी, पारिश्रमिक । (उदा. ज्याला नदिएकाले कामदार रिसायो ।)

ज्योति-/ज्योति/ना. सूर्य, चन्द्रमा, बत्ती आदिबाट निस्कने उज्यालो, तेज, किरण । (उदा. बत्तीको ज्योति ।)

ज्योतिर्लिङ्ग-/ज्योतिर्लिङ्ग/ना. सत्य युगमा धपधपी बल्थे भनी विश्वास गरिएका शिवजीका बाह्र लिङ्ग ।

ज्वरो-/ज्वरो/ना. कुनै रोग वा घाउको पीडाले बढ्ने शरीरको तापक्रम, जरो । (उदा. ज्वरो आएकाले उसले औषधी खायो ।)

ज्वलन-/ज्वलन्/ना. आगोको पोलाइ, घाउ आदिबाट हुने डाह, जलन ।

ज्वारभाटा-/ज्वारभाटा/ना. चन्द्रमाको आकर्षणले समुद्रमा छाल उठ्ने र घट्ने क्रिया, समुद्री छालको उतार चढाव ।

ज्वालामुखी-/ज्वालामुखि/ना. जमिनभित्रको लाभा सक्रिय भई राँको सहितको धुवाँ, तातो खरानी, पग्लेका धातु आदि धर्ती थर्काउँदै निस्कने स्थल वा त्यसरी निस्कने प्रक्रिया ।

ज्वालो-/ज्वालो/ना. आगाको लप्को, ज्वाला ।



झकमक्क-/झकमक्क/वि. लुगा, गहना आदिले भरिपूर्ण भएर सिँगारिने खालको, झकिझकाउ, ढकमक्क ।

झकिझकाउ-/झकिझकाउ/वि.हे. झकमक्क ।

झगडा-/झगडा/ना. दुई पक्षका बिच हुने विवाद, कलह, मारपिट, रडाको ।


झटपट-/झट्पट्/क्रियो. तुरुन्त, चाँडो ।

झट्का-/झट्का/ना. अकस्मात् केहीले दिएको धक्का, करेन्ट आदिले दिने धक्का, मुटुमा अचानक हुने चस्का । (उदा. बिजुलीको झट्का ।)

झट्ट-/झट्ट/ क्रियो. छिटो, तुरुन्त

झन्-/झन्/क्रियो. अरू पनि, अझ बढी, अझै । (उदा. ऊ झन् दुब्लायो ।)

झन्डा-/झन्डा/ना. कुनै देशको पहिचान गराउने, कपडा आदि रङ्गाएर बनाइएको सङ्केत, प्रतीक । कुनै संस्था, दल आदिको चिनारी गराउने चित्र भएको, ध्वजा, पताका ।



झन्डै-/झन्डै/क्रियो. पुगनपुग, लगभग, करिब । (उदा. म भऱ्याङबाट झन्डै लडेँ ।)

झन्न-/झन्न/ना., क्रियो. हल्का करेन्ट आदि लाग्दा महसुस गरिने तरङ्ग । धातुका भाँडा । घन्टा आदि बज्दाको आवाज, अकस्मात् रिसाउँदाको किसिमले, कुहिनाको भित्रपट्टि ठोक्किँदा हातमा हुने अनुभव, झनन्न । (उदा. भित्तामा कुहिनो ठोक्किँदा झन्न गऱ्यो ।)

झनन्न-/झनन्न/क्रियो. हे. झन्न ।

झमक्क-/झमक्क/क्रियो. अन्धकार भएर रात पर्दाको किसिम । (उदा. झमक्क साँझ पऱ्यो ।)

झम्टनु-/झम्ट्नु/सक्रि. अकस्मात् आक्रमण गर्नु । (उदा. स्यालले पाठोलाई झम्टियो ।)

झरना-/झर्ना/ना. अग्लो पहरोबाट खसेको पानीको मुस्लो, झरना, छहरो ।

झरो-/झरो/ना. उज्यालाका लागि बालिने सल्लो आदिको चोइटो, दाउराको छेस्को, दियालो ।

झर्को-/झर्को/ना. मन नपरेको काम गर्नु पर्दा उत्पन्न हुने दिकदारी, दिक्क, झन्झट ।

झर्नु-/झर्नु/क्रि. कुनै वस्तु माथिबाट तल पुग्नु, खस्नु, ओर्लनु ।

झलमल्ल-/झलमल्ल/क्रियो. धेरै उज्यालो हुने किसिमले, चहकिलो प्रकाश देखिने गरी ।

झल्यास्स-/झल्यास्स/क्रियो. एक्कासि निद्रा खुल्ने किसिमले, बिर्सिएको कुरा एकाएक सम्झिँदाको किसिम, झस्स। (उदा. सपना देख्दा देख्दै म झल्यास्स बिउँझैं।)

झसङ्ङ-/झसङ्ङ/क्रियो. झस्कँदा वा तर्सिंदाको किसिम, अकस्मात् बिउँझदा वा सम्झदाको किसिम, झल्यास्स। (उदा. डोरी हल्लदा सर्प ठानेर ऊ झसङ तर्सियो।)

झस्किनु-/झस्किनु/क्रि. झसङ्ङ हुनु, डर लाग्दो वस्तु देखेर वा एक्कासि ठुलो आबाज सुनेर तर्सिनु, झस्को पस्नु। (उदा. मेघ गर्जंदा बहिनी झस्की।)

झस्स-/झस्स/क्रियो.हे. झल्यास्स।

झाँक्री-/झाँक्रि/ना. १. झारफुक गरेर बिरामीलाई उपचार गर्ने व्यक्ति, धामी। २. लामो झाँक्रो भएको व्यक्ति।

झाँगिनु-/झाङ्इनु/अक्रि मौलाउनु। (उदा. चौतारीका वर पीपल झाँगिदै छ।)

झाङ-/झाङ्/ना. बाक्लै उम्रिएका रुख बुट्ट्यानको समूह, घारी, झाडी।

झाडा-/झाडा/ना. पातलो दिसा, पखाला, छेरौटी। (उदा. झाडा लागेमा जीवन जल खानुपर्छ।)

झाडा पखाला-/झाडा पखाला/ना. अपच भएर हुने पातलो दिसा, झाडा, छेरौटी।

झापड-/झापड्/ना. रिसाएर कसैलाई गालामा पिट्ने काम, झापट, थप्पड, चड्कन।

झार-/झार्/ना. भुइँमा उम्रने मसिनो घाँस, बोट बिरुवालाई हुर्कन बाधा पुऱ्याउने मसिना वनस्पति, घाँसपात, झारपात, तृण। (उदा. फूलको बिरुवा झारले ढाकेछ।)

झार्नु-/झार्नु/क्रि. कुनै सामान माथिबाट तल लैजानु, खसाल्नु, खसाउनु, उतार्नु।

झिँगो-/झिँगो/ना. फोहोरको वरिपरि उड्ने छ खुट्टा हुने एक प्रकारको किरो, झिँगो, माखो।

झिक्नु-/झिक्नु/क्रि. कुनै वस्तु राखेको ठाउँबाट निकाल्नु। विप. राख्नु।

झिक्रो-/झिक्क्रो/ना. सुकेका सानातिना हाँगा, (उदा. बाँसको झिक्रो।)

झिजो-/झिजो/ना. मन नपर्ने काम, अल्छी लाग्दो काम, झन्झट, झर्को, दिक्दारी। (उदा. झिजो नमानी काम गर।)

झिनियाँ-/झिनियाँ/ना. झाँजरबाट लेदो पिठो चुहाएर बनाइएको कुरुमकुरुम हुने एक प्रकारको खानेकुरा।

झिलिमिली-/झिलिमिलि/क्रियो. १. चारैतिर झलमल्ल हुने गरी, सर्वत्र उज्यालो हुने किसिमले, झलमल्ल। २. ना. चम्किलो प्रकार (उदा. तिहारमा बत्तीको झिलिमिली देख्न पाइन्छ।)

झुक्किनु-/झुक्किनु/क्रि. अलमलमा पर्नु, एउटा हुनु पर्नेमा अर्को भइदिनु, एउटा भनेकोमा अर्कै पर्नु।

झुक्नु-/झुक्नु/क्रि. शिर निहुराउनु, नम्र हुनु, निहुरनु, नुहुनु ।

झुक्याउनु-/झुक्क्याउनु/क्रि. एक थोक गर्छु भनेर अर्कै गर्नु, भ्रममा पार्नु, झुटो व्यवहार गर्नु, ढाँट्नु, ठग्नु । (उदा. उसले पैसा दिन्छु भनेर मलाई झुक्यायो ।)

झुटो-/झुटो/वि. सत्य नभएको, असत्य, झुट, गलत, मिथ्या । विप.साँचो ।

झुत्तो-/झुत्तो/ना. झुप्पो, गुच्छा । (उदा. आज मैले साँचाको झुत्तो नै हराएछु ।

झुत्रो-/झुत्रो/वि. फाटेर कामै नलाग्ने भएको, मक्किएर प्वालैप्वाल भएको, झ्याङ्प्वाल, थोत्रो । (उदा. झुत्रो लुगा ।)

झुन्ड्याउनु-/झुन्ड्याउनु/क्रि. १. कुनै वस्तुलाई डोरी आदिले अग्लो ठाउँमा बाँधेर तुर्लुङ्ङ लट्काउनु, लहकाउनु, २. फाँसी दिनु ।

झुपडी-/झुपडि/ना. स्याउलाले बारेर, खर आदिले छाएको सानो घर, झुप्रो, कुटी ।

झुप्पो-/झुप्पो/ना. अङ्गुर आदिको गुच्छो, झुत्तो ।

झुप्रो-/झुप्प्रो/ ना:हे. झुपडी

झुम्मिनु-/झुम्मिनु/क्रि. जम्मा हुनु, एकत्रित हुनु, रमिता आदि हेर्न भेला हुनु, जुट्नु ।

झुल्कनु-/झुल्कनु/क्रि. १. घाम, जून आदि उदय हुनु, प्रकट हुनु, झुलुक्क देखा पर्नु, देखिनु । २. अकस्मात् देखा पर्नु । (उदा. ऊ कहिलेकाहीँ मात्र यतातिर झुल्कन्छ ।)

झुल्को-/झुल्को/ना. बिहानै घाम उदाउँदाको प्रकाश, एकै छिनका लागि देखिने प्रकाश । (उदा. घामको झुल्को ।)

झुल्नु-/झुल्नु/क्रि. जाँड, गाँजा आदिको नसाले लट्ठ हुनु, निद्राले झपझप हुनु, लखतरान पर्नु, झुम्म परेर झोक्राउनु । (उदा. नानी निद्राले झुल्दै छ, सुताऊ ।)

झुस-/झुस्/ना. गहुँ आदिका दानाको टुप्पामा रहने मसिना काँडा जस्तो टुँडो, छालामा लाग्दा चिलचिलाउने काउछो, आरु, झुसिल्किरा आदिको मसिना रौँ जस्ता कण । (उदा. काउसाको झुस जिउमा पर्दा धेरै चिलाउँछ ।)

झुसिलकिरो-/झुसिल्किरो/ना. शरीरमा झुस नै झुस भएको हाड नहुने घस्रेर हिड्ने किरो, पुतलीको लार्भा अवस्था ।

झोक-/झोक्/ना. चित्त नबुझ्दो कामकुरा देख्दा मनमा उठ्ने कडा रिस, चर्को रिस, आवेश । (उदा. उसको कुरा सुन्दा मलाई झोक चल्यो ।)

झोक्रनु-/झोक्क्रनु/क्रि. पिर, चिन्ता आदिका कारण जुम्सो भएर बस्नु, बिसन्चो आदिका कारण घोसेमुन्टो लाएर बस्नु, गम्भीर विचार मा पर्नु । (उदा. गुरुको प्रश्नको जवाफ सोच्न ऊ एकछिन झोक्रियो ।)

झोपडी-/झोपडि/ना.हे. झुपडी ।

झोल–/झोल्/ना. १.तरल पदार्थ । २. पकाएको तरकारी, मासु आदिको रस । (उदा. गुन्द्रुकको झोल ।)

झोला–/झोला/ना. कुनै सामान भुन्ड्याएर बोक्नका लागि सिलाइएको कपडाको साधन, उभिन्डो भएको थैलो, ब्याग ।

झ्याउ–/झ्याउ/ना. १. पानी वा सिमसारमा पलाउने लेउ जस्तो मसिनो वनस्पति । २. कानमा पलाउने रौँ । ३. झन्झट, झ्याउलो, दिक्क, झमेला । (उदा. कस्तो झ्याउ काम ।)

झ्याम्टा–/झ्याम्टा/ना. झ्याली, दुई फक्लेटालाई जुधाएर बजाइने एक प्रकारको बाजा ।

झ्याम्म–/झ्याम्म/क्रियो. १. हाँगा, पात बाक्लै भएको, झपक्क परेको । २. माथिबाट पानीमा फाल हाल्ने किसिमले, कसेर अँगालो मारे झैँ गरी । ३. गालामा थप्पड हान्ने चालले, चड्याम्म । (उदा. झ्याम्म झापट दिऊँ ।)

झ्याल–/झ्याल्/ना. कोठामा घाम र प्रकाश हावा छिरोस् भनेर गारोमा बनाइएको ढोका जस्तो तर सानो आकारको द्वार ।

झ्याली–/झ्यालि/ना. टोप जस्तै काँसका दुई फग्लेटालाई आपसमा ठोक्काएर बजाइने एक प्रकारको बाजा, झयाम्टा ।

## ट

टक्क–/टक्क/क्रियो. हिँड्दाहिँड्दै एक्कासि रोकिने चालमा । (उदा. गाडी टक्क रोकियो ।)

टड्कारो–/टड्कारो/वि. टाढैबाट राम्ररी देखिने, स्पष्ट, छर्लङ्ङ, छ्याङ्ङ । (उदा. चस्मा लगाएपछि सबै दृश्य टड्कारो देखियो ।)

टन्टलापुर–/टन्टलापुर्/वि. खप्नै नसकिने गरी पोल्ने, चर्को प्रचण्ड । (उदा. टन्टलापुर घाम ।)

टन्न–/टन्न/क्रियो. १. टनाटन भरिने गरी, अटेसमटेस हुने गरी, भरिभराउ, भरिपूर्ण । २. घन्टी आदि बज्दा आउने आवाज जसरी । (उदा. गर्मीमा सर्बत टन्न खाइयो ।)

टप–/टप्/ना. कानको लोतीमा लगाइने टाँक वा फूल जस्तो सानो गहना ।

टपक्क–/टपक्क/क्रियो. कुनै वस्तु एकै पटकमा छिटो टिपेको चालले, कुनै वस्तु राम्रोसँग टाँसिने किसिमले । (उदा. गम लगाएर दुवै पाना जोड्दा टपक्क टाँसियो ।)

टपरी–/टपरि/ना. साल आदिको पातलाई सिन्काले गाँसी श्राद्ध, भतेर आदिमा खाना खान हुने गरी बनाइएको थाल जस्तो साधन, पतरी ।

टर्च–/टर्च्/ना. ब्याट्री हालेर बालिने लामो आकारको बत्ती, टर्चलाइट ।

टर्चलाइट-/टर्च्लाइट्/ना. टिन आदिको गोलो ढुङ्ग्रामा ब्याट्री हाली बालिने बत्ती, टर्चलाइट ।

टर्नु-/टर्नु/क्रि. १. समय वा मौका गुज्रनु, होला जस्तो कामकुरा नभईकन त्यसै हराउनु । २. काम चल्नु, निर्वाह हुनु । (उदा. जसोतसो काम टऱ्यो ।)

टलक-/टलक्/ना. कुनै वस्तुको चमक, चहक ।

टल्किनु-/टल्किनु/क्रि. प्रकाशका कारण कुनै वस्तुमा टलक देखिनु, टलक पर्नु, चम्कनु । (उदा. पालिस लगाउँदा जुत्ता टल्कियो ।)

टहटह-/टहटह/क्रियो. जूनको उज्यालो आएको पाराले ।

टाँक-/टाँक्/ना. कोट, सर्ट आदिका दुई छेउलाई जोड्ने पातलो गोलो साधन, बटन ।

टाँसिनु-/टाँसिनु/क्रि. टाँस्ने काम गरिनु, टाँसिएको हुनु, सट्नु, जोडिनु । (उदा. कागज टाँसियो ।)

टाँस्नु-/टाँस्नु/क्रि. गम आदि लस्सादार पदार्थले कागज आदिलाई भित्ता आदिमा अड्याउनु, सटाउनु, जोड्नु । (उदा. चिठीभित्र राखेर खाम टाँस ।)

टाइप-/टाइप्/ना. छापाखानामा प्रयोग हुने धातुका अक्षर, कागजमा धातुको साँचाले हिर्काएर वा कम्प्युटरको मदतले अक्षर बनाउने काम । (उदा. बहिनीले कम्प्युटरमा चिठी टाइप गरिन् ।)

टाइफाइड-/टाइफाइड्/ना. फोहोर पानी आदिका कारणले आन्द्रामा विकार पैदा भएर आउने ज्वरो, आन्तरिक ज्वर, म्यादी जरो ।

टाउको-/टाउको/ना. शरीरको सबैभन्दा माथि रहने आँखा नाक, कान, मुख, कपाल आदि सहित भएको गोलो अवयव, शिर, माथ ।

टाकुरो-/टाकुरा/ना. पहाडको टुप्पो, चुचुरो, शिखर ।

टाटेपाटे-/टाटेपाटे/वि. शरीरभरि पाटैपाटा भएको, झालेमाले, टाटेपाङ्ग्रे, टाटे । (उदा. टाटेपाटे कुकुर ।)

टाटो-/टाटो/ना. शरीर, कपडा आदिमा लाग्ने दाग, धब्बा, खत, चिह्न ।

टाढा-/टाढा/क्रियो. १. आफू रहेको ठाउँबाट धेरै पर, दूरमा, पर । (उदा. हिजोआज ऊ हामीसँग टाढा भएको छ ।) विप. नजिक । ना.२. निकै पर हुनाको स्थिति, दूरता ।

टाप-/टाप्/१. घोडाको खुट्टाको टेक्ने भाग, घोडाको खुर । २. भाग्ने काम । (उदा. मैले हकार्छु भनेर उसले त पहिले नै टाप कसि सक्ेछ ।)

टार्नु-/टार्नु/क्रि.१. गर्नुपर्ने काम आलटाल गरेर नगर्न खोज्नु, पन्साउनु । २. काम चलाउनु । (उदा. यति पैसाले यो महिना टार्न सकिन्छ र ?)

टालो- टालो ना. पुरानो कपडाको टुक्रो ।

टाल्नु- टाल्नु क्रि. दुलो आदि बन्द गर्नु, चिरा परेको ठाउँमा केही हालेर खोपिल्टो पुर्नु, उप्किएको घरको भित्तामा गिलो माटो हाल्नु, कपडा आदिमा टालो लगाउनु ।

टिउरो-/टिउरो/ना. हाँसको चल्लो, सानो बचेरो

टिकट-/टिकट्/ना. १. बस, हवाई जहाज आदिमा यात्रा गरेबापत लाग्ने भाडा तिरको हो भनी प्रमाणका रूपमा दिइने कागज, सिनेमा हल आदिका लागि दिइने प्रवेश आज्ञा । (उदा. बसको टिकट ।) २. हुलाक मार्फत् चिठी पठाउँदा टाँसिने महत्त्वपूर्ण चित्र भएको कागजको टुक्रो । (उदा. हुलाकको टिकट ।)

टिकाउ-/टिक्आउ/वि. धेरै समय टिक्ने, खप्ने ।

टिको-/टिको/ना.हे. टीका ।

टिपोट-/टिपोट्/ना. बुँदा आदि टिपिएको कागज, बुँदा आदि टिप्ने काम, टिप्पन ।

टिप्नु-/टिप्नु/क्रि. १. तल खसेको कुनै कुरा उठाउनु, रुखबाट फल, फूल आदि चुँड्नु । (उदा. फलफूल टिप्नु ।) २. टिपोट गर्नु । (उदा. बुँदा टिप्नु ।)

टिप्पन-/टिप्पन/ना. १. जन्मदाको तिथि, नक्षत्र, ग्रहको स्थिति आदिवारे लेखिएको पत्र । २. ना.हे. टिपोट ।

टीका-/टिका ना. १. निधारमा लगाउनका लागि दहीमा रङ हाली मुछिएको चामल, निधारमा लगाइने रङ्गिन वस्तु, टिको, थोप्लो । २. व्याख्या, अर्थको खोलुवा ।

टुकी-/टुकि/ना. मट्टीतेलबाट बत्ती बाल्नका लागि बनाइएको टिन आदिको सानो भाँडो, डिबिया, कुपी ।

टुक्रिनु-/टुक्रिनु/क्रि. कुनै ठोस वस्तु फुट्नु, डोरी आदि टुक्रा टुक्रा हुनु । (उदा.भुइँमा खसेर इँटा टुक्रियो ।)

टुक्रो-/टुक्रो/ना. कुनै ठुलो वस्तु भाँचिएर, फुटेर, च्यातिएर वा चुँडिएर बनेको एउटा अंश ।

टुङ्गिनु-/टुङ्गिनु/क्रि. टुङ्गो लाग्नु, निक्यौल हुनु, सकिनु, सिद्धिनु ।

टुङ्गो-/टुङ्गो/ ना.१. पुग्नु पर्ने विन्दु वा ठाउँ, गन्तव्य, ठेगाना । २. निधो, निर्णय ।

टुटी-/टुटि/ना. करुवा, चियादानी आदिको पानी खसाल्ने सानो ढुङ्ग्रो, धारा आदिको मुख वा टुप्पो ।

टुपी-/टुप्पि/ना. वैदिक विधिअनुसार टाउकाको बिचमा राखेको लामो कपाल, शिखा, टुप्पी ।

टुप्पो-/टुप्पो/ना. कुनै लामो चिजको सबभन्दा तिखो भाग, रुख, पहाड आदिको सबभन्दा माथिल्लो भाग, चुचुरो, शिखर, टाकुरो । विप. फेद ।

टुरिस्ट-/टुरिस्ट/ना. घुम्ने उद्देश्यले आएका विदेशी नागरिक, पर्यटक ।

टुसा-/टुसा/ना. १. भिजेका गेडागुडी आदिबाट उम्रिएको भाग, भर्खरै उम्रिएका कलिला मुना, अङ्कुर, पिपिरो । (उदा. भिजाएको गेडागुडीमा टुसा पलाएछ ।) २. बाँस मालिङ्गो आदिमा पलाएको कलिलो मुना ।

टुसाउनु-/टुसाउनु/क्रि. उम्रिन थाल्नु, टुसा पलाउन थाल्नु, अङ्कुराउनु । (उदा. चनाको गेडा टुसाएछ ।)

टुसुक्क-/टुसुक्क/क्रियो. यसो एकै छिन बस्ने गरी, बसाइको हलुका चालले । (उदा. मलाई हतार भएकाले टुसुक्क बसेर गइहाल्छु ।)

टुसो-/टुसो/ना. बोट बिरुवामा पलाएको मुनो, बिउबाट निस्किने बिरुवाको अङ्कुर ।

टुहुरो-/टुहुरा/ना. आमाबाबु मरेको बालक ।

टेक्नु-/टेक्नु/क्रि. भुइँमा खुट्टा राख्नु, अडिनु, आड वा भरोसा लिनु, कुल्चनु ।

टेढो-/टेढो/वि. १. सोझो नभई दायाँ बायाँ ढल्केको, बाङ्गो ।२. अरूसँग नमिल्ने । (उदा. टेढो स्वभाव)

टेबुल-/टेबुल्/ना. कुर्सी, बेन्च आदिमा बसेर, पढ्न, खान, लेख्न प्रयोग गरिने काठ, प्लास्टिक आदिबाट बनेको साधन ।

टेम्पो-/टेम्पो/ना. यातायातको तीन पाङ्ग्रे गुड्ने साधन ।

टेलिफोन-/टेलिफोन्/ना. विद्युत् तरङ्गका माध्यमबाट कुराकानी गर्न मिल्ने तार भएको वा नभएको सञ्चारको साधन ।

टेलिभिजन-/टेलिभिजन्/ना. विद्युत् तरङ्गका माध्यमबाट धेरै ढाटासम्म प्रसारण गरिएको दृश्य देख्ने र भनेको कुरा सुन्न सकिने साधन ।

टोकरी-/टोकरि/ना. बेत, बाँस, निगालो, मालिङ्गो आदिका चोयाबाट बनाइएको तरकारी, फलफूल आदि राख्न वा बोक्न प्रयोग गरिने साधन ।

टोक्नु-/टोक्नु/क्रि. ठोस वस्तुलाई माथि र तलतिरका दाँतले च्याप्नु, त्यसरी चोट लगाउनु, दाँत गाड्नु । (उदा. कुकुरलाई नचलाऊ टोक्ला ।)

टोप-/टोप्/ना. टाउकामा लगाउने वरिपरि छ्यातो भएको एक प्रकारको टोपी ।

टोपी-/टोपि/ना. बाटुलो घेरो भएको एक प्रकारको टाउकोमा लगाउने लुगा ।

टोल-/टोल्/ना. गाउँ वा सहरमा रहेको सानो बस्ती, सानो गाउँ । (उदा. यस टोलमा जम्मा १७ ओटा घर मात्र छन् । )

टोलाउनु-/टोलाउनु/क्रि. कुनै वस्तुतिर एकोहोरिएर हेर्नु वा सोच्नु ।

टौवा-/टौवा/ना. खाँबाहरू गाडेर, गारो नलगाई खर परालले छाएर बनाइएको अग्लो माच, टहरो ।


ट्याक्सी-/ट्याक्सि/ना. चार पाङ्ग्रा भएको यातायातको गुड्ने साधन ।

ट्याम्को-/ट्याम्को/ पन्चे बाजामध्येको एक बाजा ।

ट्युरो-/ट्युरो/ना. हाँसको सानो बच्चो, हाँसको बचेरो, टिउरो ।

ट्र्याक-/ट्र्याक्/ना. दौडमा खेलाडी दौडन कोरिएको रेखा, डोरेटो । (उदा. धावकहरू ट्र्याकमा दौडदै छन् ।)

ट्रलिबस-/ट्रलिबस्/ना. बिजुलीबाट चल्ने बस ।



ट्राफिक-/ट्राफिक्/ना. सडकमा हिँड्ने सवारी साधन, सडकको आवागमन । (उदा. ट्राफिक प्रहरीले ट्राफिक जाम हटाए ।)

ट्वाक-/ट्वाक्/ना. अन्न भर्न प्रयोग गरिने काठ वा टिनको भाँडो । (उदा. मलाई एक ट्वाक चामल दिनुहोस् त साहुजी ! )

ट्विनेटर-/ट्विनेटर/ना. सानो विमान स्थलमा पनि बस्ने एक प्रकारको हवाई जहाज ।


## ठ

ठक्कर-/ठक्कर्/ना. १. कुनै वस्तुमा ठोक्किने काम २. धक्का । (उदा. उसले जीवनमा धेरै ठक्कर खायो ।)

ठग-/ठग्/ना. अरूलाई झुक्याएर विभिन्न वस्तु वा सम्पत्ति ठग्ने व्यक्ति, धूर्त, छली, कपटी । ( उदा. सहर बजारमा धेरै ठगहरू हुन्छन् ।)

ठटाउनु- /ठटाउनु/सक्रि. कुनै अन्य वस्तुको सहायताले ठोक्नु, पिट्नु । कसैलाई पिट्नु ।

ठडेउरो-/ठडेउरो/ना. बत्ती ठाडो पारेर जमिनमा गाडी बाल्ने एक प्रकारको फलामे दियो ।



ठड्याउनु-/ठड्याउनु/क्रि. ठाडो पार्नु, उभ्याउनु । (उदा. उसले चौरमा बाँस गाडेर ठड्यायो ।)

ठन्डा-/ठन्डा/वि. चिसो ।

ठम्याउनु-/ठम्म्याउनु/क्रि. चिन्नु, पहिल्याउनु ।

ठसक्क-/ठसक्क/क्रियो. कसैसँग बेखुसी भएर । (उदा. ऊ मसँग ठसक्क रिसायो ।)

ठाँट-/ठाँट्/ना. १. सजावट,सजाउने काम। २. फुर्तीफार्ती देखाएर हिँड्ने काम। (उदा. हरि आज ठाँट पारेर बजार जाँदै छ।)

ठाउँ-/ठाउँ/ना. कुनै निश्चित स्थान, थलो, ठेगाना।

ठाडो-/ठाडो/वि. सिधा माथि उठेको।

ठाना-/ठाना/ना. प्रहरीको कार्यालय, थाना। (उदा. प्रहरीले चोरलाई कानमा समातेर ठानामा पुऱ्यायो।)

ठान्नु-/ठान्नु/क्रि. निश्चित गर्नु, ठहऱ्याउनु, सोच्नु, सम्झनु। (उदा. उसले तिमीलाई मूर्ख ठान्यो।)

ठालु-/ठालु/वि. समाजमा प्रभुत्व भएको, धन, मान, प्रतिष्ठा आदिले ठूलो ठानिएको।

ठिक-/ठिक्/वि. १. कुनै कामका लागि उपयुक्त, उचित, उपयुक्त। २. मिल्दो। (उदा. मलाई यी जुत्ता ठिक भयो।)

ठिटी-/ठिटि/ना. जवान नभएकी केटी, किशोरी, केटी।

ठिटो-/ठिटो/ना. जवान नभएको केटो, किशोर, केटो।

ठीक-/ठिक्/वि. हे. ठिक।

ठुँगाइ-/ठुँगाइ/ना. ठुँग्ने काम।

ठुँग्नु-/ठुँग्नु/क्रि. १. चराले चुच्चाले कुनै चिज वस्तु आदिलाई घोच्नु। २. सर्पले डस्नु।

ठुलो-/ठुलो/वि. विशाल, बृहत्, बडो।

ठूलो-/ठुलो/वि. हे. ठुलो

ठेकी-/ठेकि/ना. दही, मही, घिउ आदि हाल्ने काठको भाँडो।

ठेकेदार-/ठेकेदार्/ना. ठेकदार, निर्माण विकास आदिका काम गर्न गराउन ठेक्का लिने व्यक्ति।

ठेगाना-/ठेगाना/ना. कुनै व्यक्ति बसेको ठाउँ।

ठेट्ना-/ठेट्ना/ना. भुट्दा फूल नउठेको मकै। वि. आलोकाँचो, अपरिपक्व। (उदा. ठेट्ना केटाहरू।)

ठेलमठेल-/ठेलम्ठेल/ना. धक्काधक्की, ठेलाठेल।

ठेला-/ठेला/ना.कोदालो खन्दा, दाउरा चिर्दा, हलो जोत्दा हात वा औंलामा उठ्ने फोको।

ठेस-/ठेस्/ ना. हिँड्दा गोडाका औँलामा लाग्ने ठक्कर। (उदा. छिटो हिँड्दा उसलाई ढुङ्गामा ठेस लाग्यो।)

ठोकिनु-/ठोकिनु/क्रि. ठक्कर लाग्नु।

ठोक्नु-/ठोक्नु/क्रि. किला, काँटी, घोचा आदिलाई गाड्न कुनै वस्तुले हिर्काउनु, प्रहार गर्नु।

ठोस-/ठोस्/वि. जमेको, कडा, खँदिलो।

निर्दिष्ट-/निर्दिस्ट/वि. देखाइएको, तोकिएको, निर्देशन गरिएको ।

निलकाँडा-/निल्काँडा/ना. निलो रङको फूल फुल्ने हाँगामा काँडा हुने एक जातको बोट । (उदा. बगैंचाको बार निलकाँडाको छ ।)

निलो-/निलो/ना. गाढा आकासे रङ, नीर जस्तो रङ । (उदा. निलो आकाश)

निलोकालो-/निलोकालो/वि. १. निलो र कालो रङको, अँध्यारो । २. डराउँदो अनुहार । (उदा. गुरुको नाम सुन्नासाथ राम निलोकालो भयो ।)

निल्नु-/निल्नु/क्रि. खानेकुरा घाँटीबाट तल छिराउनु । (उदा. भाइले जाउलो सजिलै निल्यो ।) विप. उगेल्नु ।

निवारण-/निबारण्/ना. रोग हटाउने काम, रोक, रोकावट । (उदा. रोग निवारण)

निवेदन-/निबेदन्/ना. कुनै व्यक्ति वा संस्थाले कार्यालयमा दिने दरखास्त, अनुरोध पत्र । (उदा. उसले विद्यालयमा छात्रवृत्तिका लागि निवेदन दियो ।)

निश्चय-/निस्चय/निस्चय/ना. कुनै शङ्का वा दुविधा नभएको स्थिति, पक्का, निधो । (उदा. शैक्षिक भ्रमण जाने निश्चय भयो ।)

निश्चित-/निस्चित्/वि. निश्चय भएको, निधो गरिएको । (उदा. निश्चत सङ्ख्यामा छात्रवृत्ति दिने निधो गरियो ।)

निष्कर्ष-/निस्कर्स/ना. कुनै छलफल, कुराकानी, अध्ययन आदिको सार, निचोड ।

निष्ठा-/निस्ठा/ना. कुनै कर्तव्य वा सिद्धान्तप्रति राखिने विश्वास ।

निष्पक्ष-/निस्पक्छ्य,निस्पच्छ्य/वि. कसैको पक्षमा नरहेको, पक्षपात नगरिएको, पक्षपात नगर्ने । (उदा. निष्पक्ष जाँच, निष्पक्ष मान्छे ।)

निसाना- /निसाना/ना. सङ्केत, चिनो, निसान ।

निसाफ- /निसाफ्/ना. न्याय दिने काम, न्यायालयको निर्णय, इन्साफ ।

निसासिनु-/निसासिनु/क्रि.सास फेर्न कठिन हुनु, सास फेर्न नसक्नु । (उदा. नाक मुख थुन्दा निसासिन्छ ।)

निस्कनु-/निस्कनु/क्रि.भित्रबाट बाहिर आउनु, उम्रनु, उत्पन्न हुनु, देखा पर्नु । (उदा. ऊ कोठाबाट बाहिर निस्कियो ।)

निहुँ- /निहुँ/ना. देखावटी कारण, बहाना ।

निहुरिनु-/निहुरिनु/क्रि. टाउको वा मुन्टो झुकाउनु, नम्र हुनु । (उदा. ढोका होचो भएकाले ऊ निहुरिएर भित्र पस्यो ।)

निहुऱ्याउनु-/निहुऱ्याउनु/क्रि. निहुरन लगाउनु, झुकाउनु, नम्र बनाउनु ।

नुन-/नुन्/ना. दाल, तरकारी, अचार आदिलाई स्वादिष्ठ बनाउने एक प्रकारको

खाद्य वस्तु, लवण । (उदा. समुद्रको पानीबाट नुन बनाइन्छ ।)

नुनिलो-/नुनिलो/वि. नुन भएको, नुन हालिएको । (उदा. नुनिलो बिस्कुट)

नुहाउनु[१].-/नुहाउनु/क्रि. साबुन पानीले शरीर पखाल्नु ।

नुहाउनु[२].-/नुहाउनु/क्रि. निहुराउनु, झुकाउनु । (उदा.बाँस नुहाएर घाँस काटिन्छ ।)

नुहुनु-/नुहुनु/क्रि.निहुरनु, झुक्नु । (उदा. फलको भारले सुन्तलाको हाँगो नुह्यो ।)

नृत्य-/न्रित्त्य/ना. लय, ताल र भावका आधारमा शरीरका अङ्गको सञ्चालन, नाच्ने काम, नाच । (उदा. नाचघरमा नृत्य देखाइन्छ ।)

नेगेटिभ-/नेगेटिभ्/ना. फोटो, चित्र, अक्षर आदि उतार्ने प्लास्टिकको पारदर्शक पातो । (उदा. नेगेटिभ हराउनाले फेरि फोटो खिच्नुपर्‍यो ।)

नेट-/नेट्/ना. भलिबल, टेबुल टेनिस आदि खेलमा मैदानको मध्य भागमा दुई ओटा खम्बामा टाँगिने जालीदार पर्दा ।

नेता-/नेता/ना. कुनै दल, संस्था, समूह आदिलाई नेतृत्व दिने व्यक्ति, बाटो देखाउने वा निर्देशन दिने व्यक्ति । (उदा. दलको नेता, टोली नेता)

नेपाल-/नेपाल्/ना. दक्षिण एसियामा रहेको, उत्तरमा चीनको तिब्बत र दक्षिणमा भारतसँग सिमाना जोडिएको, सगरमाथा भएको, विश्वकै सुन्दर देश ।

नेर-/नेर/नायो. कुनै वस्तु, व्यक्ति आदिको नजिक; निर, समीप ।

नेवार-/नेवार्/ना. काठमाडौँ उपत्यका र आसपासका सहरी क्षेत्रमा बसोवास गर्ने एक प्रसिद्ध जाति । (उदा. नेवार संस्कार र संस्कृतिले निकै धनी जाति हो ।)

नै-/नै/नि. शब्दको पछाडि आई त्यसको अर्थमा जोड दिने एक प्रकारको निपात । (उदा. जान्छौ नै भने जाऊँ ।)

नैतिक- /नैतिक्/वि. नीति सम्बन्धी, नीतिको ।

नैनी-/नैनि/ना. कपाल, नङ काट्ने व्यवसाय गर्ने नाउ वा नापितकी पत्नी ।

नोकर-/नोकर्/ना. कामदार, चाकर, दास, टहलुवा । (उदा. उनको घरमा नोकर राखेको छैन ।)

नोकरी-/नोकरि/ना. १. तलब लिएर गरिने कुनै काम, जागिर । (उदा. नोकरीको तलबले खान पुग्छ ।) २. नोकरले गर्ने काम, चाकरी ।

नोक्सान-/नोक्सान्/ना. धन, सम्पत्ति, सामान आदिको हानि । (उदा. आगलागीमा धेरै धनमालको नोक्सान भयो ।)

नोक्सानी-/नोक्सानि/ना. सम्पत्ति, सामान आदिमा हुने हानि, नोक्सान ।

नोट-/नोट्/ना. १. सरकारी बैङ्कले प्रचलनमा ल्याएको कागजी मुद्रा । (उदा. पाँच सयको नोट) २. पढेर, सुनेर र देखेर लेखिएको छोटो लेख । (उदा. पढाएको कुराको नोट बनाऊ ।)

नौनी-/नौनि/ना. दुध दही मथ्दा निस्किने सार, घिउ । (उदा. नौनी खारेर घिउ बनाइन्छ ।)

नौरथा-/नवरात्रि/ना. आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म नौ दिन मनाइने पर्व, दसैं ।

नौलो-/नौलो/वि. पहिले नभएको, अहिले मात्र देखिएको, नयाँ, नवीन । (उदा. नौलो मानिस)

न्याउरी मुसो-/न्याउरि मुसो/ना. सर्प, मुसा आदि खाने एक प्रकारको प्राणी । (उदा. न्याउरी मुसो झाडीमा बस्छ ।)

न्यानो-/न्यानो/वि. शरीरलाई ठिक्क हुने तातो, केही तातो । (उदा. जाडोमा न्यानो लुगा लगाउनु पर्छ ।) विप. जाडो

न्याय-/न्याय/ना. मुद्दा मामिलामा पक्ष र विपक्षका कुरा सुनी दिइने सही निर्णय, फैसला, निसाफ, इन्साफ । (उदा. अदालतले न्याय दिन्छ ।)

न्याय पालिका-/न्याय पालिका/ना. सरकारका तीन मुख्य अङ्ग कार्य पालिका, व्यवस्थापिका र न्याय पालिकामध्ये एक, कानुनको पालना भए नभएको हेर्ने र त्यसको व्याख्या गर्ने आधिकारिक संस्था ।

न्यायाधीश-/न्यायाधिस्/ना. न्यायालयमा आएका मुद्दा मामिला छानबिन गरी न्याय दिने व्यक्ति । (उदा. न्यायाधीशको काम न्याय दिनु हो ।)

न्यायालय-/न्यायालय/ना. कानुन बमोजिम न्याय निसाफका लागि खडा गरिएको अड्डा, अदालत । (उदा. न्यायलयलाई अदालत पनि भनिन्छ ।)

न्यून-/न्युन/वि. कम, थोरै, अपुग, अपर्याप्त, कम । (उदा. न्यून पारिश्रमिक)

न्यूनकोण-/न्युनकोण्/ना. ९० डिग्रीभन्दा सानो कोण ।

न्वारन- /न्वारन्/ना. नवजात शिशुको नाम राख्ने काम, नामकरण ।

पकाउनु-/पकाउनु/क्रि. १. काँचो अन्न, सागपात आदिलाई भाँडामा हालेर आगोको रापले उसिन्नु, पोल्नु, काँचो फलफूललाई छोपेर खान योग्य बनाउनु । (उदा. भात पकाउनु, केरा पकाउनु ।)

पक्क-/पक्क/वि. अनौठो कुरा देखेर छक्क परेको । (उदा. के पक्क परेर हेरेको ! यता आऊ न ।)

पक्का-/पक्का/ बलियो, मजबुत, दरिलो टिकाउ । (उदा. पक्का घर ।)

पक्कापक्की-/पक्कापक्कि/ना. अन्तिम टुङ्गो, निश्चय, अठोट ।

पक्की-/पक्कि/वि. पक्का, टिकाउ, अडिलो, गतिलो । (उदा. पक्की बाटो ।)

पक्रनु-/पक्क्रनु/क्रि. हात वा कुनै साधनले कसैलाई बलियो गरी समात्नु, पकड्नु । (उदा. उसले मलाई देब्रे हातले च्याप्प पक्रियो ।)

पक्ष-/पच्छ्य,पक्छ्य/ना. १. वाद विवादमा विषयको सकारात्मक तर्क दिने सदस्यको समूह २. प्रतिपदादेखि औँसी वा पूर्णिमासम्मको अवधि ।

पक्षी-/पच्छि,पक्छि/ना. पखेटा भएको आकाशमा उड्ने प्राणी, पन्छी । (उदा. चिडियाखानामा पशु र पक्षीहरू हुन्छन् ।)

पखाला-/पखाला/ना. पातलो दिसा, त्यस्तो दिसा आउने रोग । (उदा. पखालाले केटाकेटीलाई सताउँछ ।)

पखाल्नु-/पखाल्नु/क्रि. फोहोर मैला भएका भाँडाकुँडा सामान आदिलाई पानीले धुनु, सफा गर्नु ।

पखेटा-/पखेटा/ना. चरालाई आकाशमा उड्न सहयोग गर्ने अङ्ग । (उदा. पखेटा फरफराएर चरो उड्यो ।)

पग्लनु-/पग्गलनु/क्रि. ठोस वस्तु तरल बन्नु । (उदा. बरफ पग्लियो ।)

पङ्ख-/पङ्ख/ना. पखेटा, प्वाँख ।

पङ्खा-/पङ्खा/ना. हम्कँदा, हल्लाउँदा वा घुमाउँदा हावा आउने उपकरण । (उदा. पङ्खा चलाएपछि हावाले शीतल भयो ।)

पङ्क्ति-/पङ्ति/ना. कुनै वस्तु प्राणी आदिको ताँती, हार, लहर । (उदा. दाँतका पङ्क्ति)

पचनु-/पच्नु/क्रि. खाएको कुराबाट शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व शरीरमा रही अनावश्यक वस्तु मलमूत्र बन्नु । (उदा. खाएको पचेन भने बिरामी भइन्छ ।)

पछाडि-/पछाडि/क्रियो. हे. पछि ।

पछार्नु-/पछार्नु/क्रि. कुस्तीमा आफ्नो प्रतियोगीलाई भुइँमा लडाउनु, जित्नु ।

पछि–/पछि/नायो. पछाडि, पल्छितिर। (उदा. कुकुर तिम्रो पछि आउँदै छ।)

पछुतो–/पछुतो/ना. आफूले गरेको काममा गल्ती थाहा पाएपछि हुने खिन्नता। (उदा. अहिले मिहिनेत गरेर नपढे भविष्यमा पछुतो होला नि।)

पटक–/पटक्/नायो. १.पल्ट, बाजि, पाली। ना.२.खेप, पालो, फेरो

पटक्कै–/पटक्कै/क्रियो. अलिकति पनि, बिलकुलै, नभएको। (उदा. कति बोलाउँदा पनि ऊ पटक्कै बोलेन।)

पटनी–/पटनि/ना. पानी पटाउने काम, सिँचाइ।

पटाउनु–/पट्आउनु/क्रि. खेत, बारी आदिमा पानी लगाउनु।

पटुका–/पटुका/ना. कमरमा बाँधिने लामो कपडा, कमर पेटी। (उदा. कामदारहरू पटुका कसेर खेत खन्दै छन्।)

पट्टि–/पट्टि/नायो. तिर, तर्फ। (उदा. त्यतापट्टि, यतापट्टि।

पट्टी–/पट्टि/ना. १. चोट लागेको ठाउँमा औषधी लगाई बाँध्ने कपडा। (उदा. घाउमा पट्टीले राम्ररी बाँध।) २. कपडा छाला आदिको सानो टुक्रो।

पट्याउनु–/पट्ट्याउनु/क्रि. लुगालाई तह मिलाएर दोब्र्याउनु, पाटा मिलाएर राख्नु।

पठाउनु–/पठाउनु/क्रि. कुनै मानिस, सामान, चिठी आदिलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनु।

पण्डित–/पन्डित/ना. १. पुराण भन्ने व्यक्ति (उदा. पण्डितजी पुराण भन्दै हुनुहुन्छ।) २.विद्वान्, विज्ञ।

पढाउनु–/पढाउनु/क्रि. पढ्न लगाउनु, अध्ययन गराउनु, वाचन गर्नु, सिकाउनु बुझाउनु, ज्ञान गराउनु। (उदा. गुरुले मलाई गणित पढाउनु भयो।)

पढ्नु–/पढ्नु/क्रि. लेखिएका सामग्रीमा भएका कुराको ज्ञान लिनु, वाचन गर्नु, पाठ गर्नु, जान्नु, सिक्नु, अध्ययन गराउनु। (उदा. ऊ विज्ञान पढ्दै छ।)

पतकर–/पत्कर्/ना. रुखबाट भुइँमा झरेको सुकेका पात, पतिङ्गर।

पतन–/पतन्/ना. माथिबाट तल झर्ने तथा खस्ने काम, खसाइ, गिराइ।

पतिङ्गर–/पतिङ्गर्/ना. रुखबाट झरेका सुकेका पात, पतकर। (उदा. पात पतिङ्गर कुहाएर प्राङ्गारिक मल बनाइन्छ।)

पत्ता–/पत्ता/ना. हराएको कुनै कुरा भेटिएको स्थिति, टुङ्गो, ज्ञान, जानकारी, भेउ, पत्तो। (उदा. हराएको मोटर साइकल पत्ता लाग्यो।)

पत्ती–/पत्ति/ना. १. दाह्री, जुँगा आदि काट्ने ब्लेड। २. कागज आदिको टुक्रो, पत्र।

बोट बिरुवा आदिको सानो पात, तासको चक्की ।

पत्तो-/पत्तो/ना. कुनै व्यक्ति वस्तु रहने ठाउँ वतन, कुनै विषयको जानकारी । (उदा. घर छोडेको दश वर्ष बितिसक्दा पनि उसको पत्तो लागेन ।)

पत्थर-/पत्थर् /ना. १. औँठीमा जडेर लगाइने पारदर्शी बहुमूल्य ढुङ्गो, रत्न । २. ढुङ्गो, शिला । (उदा. पत्थर जडेको औँठी)

पत्याउनु-/पत्त्याउनु/क्रि. कसैको कुरामा विश्वास गर्नु, पत्यार गर्नु, भर पर्नु । ( उदा. तिम्रो कुरा कसले पत्याउला ।)

पत्र-/पत्त्र/ना. १. बोट बिरुवाको पात, कागज । २. पुस्तक आदिको पानो । ३. चिठी । ४. कुनै कुराको खात, तह ।

पत्रकार-/पत्त्रकार्/ना. १. समाचार आदि लेख्ने, सम्पादन, प्रकाशन, प्रसारण आदि गर्ने व्यक्ति ।

पत्रदल-/पत्त्रदल्/ना. फूलमा हुने विभिन्न पत्र ।

पत्राचार- /पत्त्राचार्/ना. चिठीपत्र आदान प्रदान, पत्र व्यवहार ।

पत्रिका-/पत्त्रिका/ दैनिक, वार्षिक, साप्ताहिक पत्रिका, अखबार, समाचार पत्र । (उदा. पत्रिकामा समाचार छापिन्छ ।)

पथ-/पथ्/ना. १. बाटो, मार्ग । (उदा. चक्रपथ । २. काम गर्ने तरिका पद्धति ।

पद-/पद्/ना. योग्यता, क्षमता आदिका आधारमा कसैलाई दिइने स्थान, दर्जा, पदवी । (उदा. राष्ट्रपतिको सर्वोच्च पदमा डा. रामवरण यादव चुनिए ।)

पदक-/पदक्/ना. असल काम गरेबापत कसैलाई कदरका रूपमा दिइने निसाना छाप भएको सुन, चाँदी आदिको वस्तु, तक्मा ।

पदवी-/पदूबि/ना. खास व्यक्तिले प्राप्त गरेको उपाधि, मान ।

पदार्थ-/पदार्थ/ना. १. ढुङ्गो, माटो, काठ, धातु आदि भौतिक वस्तु । २. खनिज तत्त्व, द्रव्य ।

पद्धति-/पद्धति/ना. कुनै कार्य गर्ने विधि, कार्यविधि, परिपाटी, प्रक्रिया । (उदा. पढाउने पद्धति ।)

पँधेरो-/पँधेरो/ना. पानीको धारो, कुवा आदि भएको ठाउँ, पानी लिन जाने सार्वजनिक ठाउँ । (उदा. पँधेराबाट पानी ल्याइयो ।)

पनि-/पनि/संयो. शब्द, पदावली, वाक्य आदिलाई जोड्न प्रयोग हुने शब्द । (उदा. तिमी पनि खेल, म पनि खेल्छु ।)

पनिउ-/पनिउँ/ना. भात चलाउने तथा पस्किने काममा प्रयोग गरिने दाबिलो जस्तो साधन । (उदा. पनिउँले भात पस्केर थालमा फिँजाऊ ।)

पनेरो-/पनेरो/ना.हे. पँधेरो

पन्च-/पन्च्/ना. छाला, कागज आदिमा सानो बाटुलो प्वाल पार्ने काम वा त्यस्तो प्वाल पार्ने साधन । (उदा. पन्चले कागजमा प्वाल पार्छ ।)

पन्चै बाजा-/पन्चै बाजा/ना. सनाई, ट्याम्को, दमाहा, नर्सिङ्गा, झ्याम्टा गरी पाँच किसिमका बाजाको समूह । (उदा. बिहामा पन्चै बाजा बजाइएको थियो ।)

पन्छनु-/पन्छनु/क्रि. कुनै काम, समस्या आदिबाट पर हट्नु, पर सर्नु, पन्छिनु । (उदा. ऊ झगडाबाट पन्छियो ।)

पन्छाउनु-/पन्छाउनु/क्रि. सामान आदि अन्यत्र सार्नु, हटाउनु । (उदा.भुइँबाट सामान पन्छाऊ ।)

पन्जा-/पन्जा/ना. पाँच औँला सहित हत्केलो, लवटो; बाघ, सिंह बिरालो आदिका हात खुट्टाका नङ्ग्रा । (उदा. बाघले पन्जाले हानेर मृगलाई चिथोऱ्यो ।)

पर-/पर/क्रियो. कुनै खास ठाउँबाट टाढा, दूर । (उदा. पर नबस)

परजीवी-/परजिबि/वि. १. अर्काको भरमा बाँच्ने (कीटाणु आदि) । (उदा. परजीवीले रोग सार्छ ।) २. पराधीन ।

परम्परा-/परम्परा/ना. धेरै पहिलेदेखि चलि आएको प्रचलन, प्रथा, रीति । (उदा. बाबुआमालाई छोराले ढोग्ने हाम्रो परम्परा छ ।)

पराक्रमी-/पराक्रमि/वि. पराक्रम भएको बहादुर, वीर, पुरुषार्थी । (उदा. पराक्रमी व्यक्ति)

पराग-/पराग्/ना. फूलमा पाइने सुगन्धित धुलो ।

पराग सेचन-/पराग् सेचन्/ना. फूलको परागलाई मौरी, भमरो, हावा आदिले अर्को फूलमा पुऱ्याउने काम । (उदा. पराग सेचन नभए फल फल्दैन ।)

पराजय- /पराजय/ना. प्रतियोगिता, खेल, युद्ध आदिमा कुनै एक पक्षको हार, पराभव ।

पराजित- /पराजित्/ना. हरूवा १. नेपालले श्रीलङ्कालाई तीन गोलले पराजित गऱ्यो ।

परापूर्व-/परापुर्ब/ धेरै पहिले, उहिल्यै, अज्ञात काल । (उदा. परापूर्व कालमा काठमाडौं ठुलो दह थियो रे ।)

पराल-/पराल्/ना. धान झारी सकेपछिको घाँस, धानको नल । (उदा. गाई पराल खाँदै छ ।)

परिकार-/परिकार्/ना. खानेकुराका प्रकार, धेरै किसिमका खाना ।

परिणाम-/परिणाम्/ना.कुनै कार्य वा गतिविधिको प्रतिफल, नतिजा । (उदा. झगडाको परिणाम राम्रो हुँदैन ।)

परिचय-/परिचय/ना. कुनै वस्तु, व्यक्ति आदिलाई चिनाउने काम, चिनारी, पहिचान, चिनजान। (उदा. तपाईंको परिचय पाऊँ न !)

परिधि-/परिधि/ना. कुनै वस्तु, ठाउँ आदिले लिने क्षेत्र वा त्यसको चौतर्फी घेरो, हाता। (उदा. विद्यालयको परिधि।)

परिपक्व- /परिपक्व/वि. राम्ररी पाकेको, पूर्ण रूपमा पाकेको

परिपाटी- /परिपाटी/ना. प्रचलन, प्रथा, रीतिरिवाज

परिपूर्ण- /परिपूर्ण/वि. राम्ररी भरिएको, सबैतिरबाट पूरा

परिमिति-/परिमिति/ना. कुनै वस्तुको नापो (लम्बाइ, चौडाइको परिमाण)

परियोजना-/परियोजना/ना. कुनै काम अत्यन्त छिटो सम्पन्न गर्नका निम्ति बनाइएको योजना। (उदा. कर्णाली जल विद्युत् परियोजना।)

परिवर्तन-/परिबर्तन्/ना. कुनै वस्तु, घटना, विषय आदिको स्वरूप वा विशेषतालाई फेर्ने काम। (उदा. पाठ्यपुस्तक परिवर्तन)

परिवार-/परिबार्/ना. एउटै घरमा बसी एउटै भान्छामा खाने एकै बाबुआमाका सन्तान, जहान।

परिश्रम-/परिस्रम्/वि. काम गर्दाको थकाइ, श्रम, उद्यम, मिहिनेत। (उदा. नेपाली धेरै परिश्रमी छन्।)

परिषद्-/परिसद्/ना. विशेष प्रकारको सभा, कुनै सङ्घ, संस्थाको नीति तथा नियम बनाउने कार्यकारी अङ्गलाई नियन्त्रण गर्ने तथा सल्लाह र परामर्श दिने निकाय। (उदा. राष्ट्रिय विकास परिषद्)

परिस्थिति-/परिस्थिति/ना. १. कुनै वस्तु घटना, कार्य आदिको पृष्ठभूमि, परिवेश वा वातावरण। २. खास स्थान वा समयमा आइ परेको स्थिति। (उदा. काम गर्ने परिस्थिति राम्रो छ।)

परीक्षण-/परिच्छ्यण्,परिक्छ्यण्/ना. १. उत्तर पुस्तिका जाँच्ने काम। २. डाक्टरले रोगीलाई जाँच्ने काम।

परीक्षा-/परिच्छ्या,परिक्छ्या/ना. वस्तु, व्यक्ति वा कार्यको गुण, योग्यता, क्षमता आदिको जाँच।

परीक्षा फल-/परिक्छ्याफल्, परिच्छ्या फल्/ना. परीक्षाको परिणाम, नतिजा।

परेला-/परेला/ना. आँखाको ढकनीका डिलमा उम्रने रौं।

परेवा-/परेवा/ना. घर पालुवा एक जातको पन्छी।

परेवा-/परेवा/ना. औंसी र पूर्णिमापछिको पहिलो तिथि।

परोपकार–/परोपकार्/ना. अर्काको भलाइ, अरूको उपकार, परहित। (उदा. समाजको सेवा परोपकार हुने काम हो।)

पर्खनु–/पर्खनु/क्रि. कोही आउँछ कि भनेर कुर्नु, कसैको प्रतीक्षा गर्नु।

पर्खाल–/पर्खाल्/ना. कुनै घर वा भवन वरिपरि इँटा, ढुङ्गा आदिले बनाइएको घेरो, गारो। (उदा. विद्यालयको वरिपरि पर्खाल लगाइएको छ।)

पर्नु–/पर्नु/क्रि. १. कुनै वस्तु माथिबाट तल झर्नु, खस्नु। २. आइ लाग्नु, प्राप्त हुनु। ३. मिल्नु, मिसिनु।

पर्म–/पर्म/ना. खेतीपातीमा एक अर्कालाई सघाउने काम, श्रमको ऐँचोपैँचो। (उदा. किसानहरू छिमेकमा पर्म लगाएर काम गर्छन्।)

पर्यटक–/पर्यटक्/ना. देश तथा विदेश घुम्ने मानिस। (उदा. पर्यटकहरू पोखरा घुम्न रुचाउँछन्।)

पर्व[1]–/पर्ब/ना. कुनै महिनाको तिथि वा वारमा पर्ने शुभ दिन, उत्सव, चाड। (उदा. नयाँ वर्ष सबैको महत्त्वपूर्ण पर्व हो।)

पर्व[2]–/पर्ब/ना. ठुलो ग्रन्थको खास खण्ड वा अध्याय। (उदा. महाभारत ग्रन्थमा १८ पर्व छन्।)

पर्वत–/पर्वत्/ना. पहाड, डाँडो, उच्च शिखर। (उदा. हिमाल हिउँले ढाकेको पर्वत हो।)

पर्वतारोहण–/पर्वतारोहण्/ना. पहाड वा पर्वत चढ्ने काम, हिमाली शिखर ओराहण गर्ने काम। (उदा. शेर्पाहरू पर्वतारोहणमा साहसी र अनुभवी हुन्छन्।)

पर्सि–/पर्सि/क्रियो. भोलिको भोलि, आज पछिको तेस्रो दिन।

पल–/पल्/ना. १. एक घडीको साठिऔँ भाग, चौबिस सेकन्डको समय। २. थोरै समय, क्षण। (उदा. यस्तो सजिलो हिसाब त म पलभरमा नै मिलाउँछु।)

पल्कनु–/पल्कनु/क्रि. कुनै वस्तुको स्वाद, गुण आदिबाट आकर्षित हुनु, इच्छा जाग्नु। (उदा. राम काफल खाए पछि पल्किएछ।)

पल्ट–/पल्ट/नायो. काम गर्दाको पट्क, बाजि, पालि, चोटि। (उदा. चारपल्ट फोन गर्दा पनि उसलाई भेट्न सकिएन।)

पल्टनु–/पल्टनु/क्रि. १. कुनै वस्तु उल्टो पर्नु, उल्टनु। २. आराम गर्नु, लेट्नु। (उदा. त्रिशूलीमा डुङ्गा पल्टिएछ।)

पल्टन बाजी–/पल्टन्बाजि/ना. पल्टने तथा पल्टा खाने काम, टाउको भुइँमा टेकाएर लड्दै खेलिने खेल। (उदा. उसले हिलोमा चिप्लेर पल्टन बाजी खायो।)

पल्याकपुलुक–/पल्याक्पुलक्/क्रियो. आशङ्का, उत्सुकता आदिले यताउता हेर्दाको किसिम। (उदा. चोरले दायाँबायाँ पल्याकपुलुक हेर्‍यो र सामान टिपेर भाग्यो।)

पल्लो-/पल्लो/वि. परको, परतिरको, टाढाको। (उदा. पल्लो घर)

पवित्र-/पवित्त्र/वि. शुद्ध, चोखो, स्वच्छ, सफा, निर्मल । (उदा. पवित्र जल, पवित्र विचार ।)

पशु-/पसु/ना. चार खुट्टा र पुच्छर समेत हुने प्राणी, चौपाया । (उदा. गाई, भैंसी, बाघ)

पशुपति-/पसुपति/ना. सम्पूर्ण प्राणीका स्वामी मानिएका देवता, देवादिदेव महादेव । (उदा. काठमाडौंमा पशुपति नाथको मन्दिर छ ।)

पशुपक्षी-/पसुपच्छि,पसुपक्छि/ना. चारखुट्टे जनावर र चराचुरुङ्गी, पशु र पन्छी । (उदा. चिडियाखानामा विभिन्न जातका पशुपक्षी हेर्न पाइन्छ ।)

पश्चात्-/पस्चात्/क्रियो. कुनै काम सकिएपछि, पछाडि, भविष्यमा ।

पश्चात्ताप-/पस्चात्ताप्/ना. कुनै नराम्रो काम गरेपछि मनमा हुने पिर, पछुतो । (उदा. अहिले मिहिनेतसाथ नपढे भविष्यमा पश्चात्ताप हुन्छ ।)

पश्चिम-/पस्चिम्/ना. पूर्वको विपरीत दिशा, सूर्य, चन्द्रमा आदि अस्ताउने दिशा ।

पसल-/पसल्/ना. बेच्ने सामानहरू राखिएको ठाउँ, दोकान ।

पसले-/पसले/ना. पसल राख्ने व्यक्ति पसलको मालिक, दोकाने, पसलवाला, साहुजी ।

पसाउनु-/पसाउनु/क्रि. १. भित्र पठाउनु, छिराउनु, भित्र्याउनु । २. धान, गहुँ आदिका बोटमा दाना लाग्न थाल्नु । (उदा. धान पसाउन लागेछ ।)

पसिना-/पसिना/ना. गर्मी वा धपेटी हुँदा शरीरबाट निस्कने तरल पदार्थ, बाफबाट निस्किएको पानी ।

पस्नु-/पस्नु/क्रि. कुनै ठाउँभित्र जानु वा बाहिरबाट भित्र छिर्नु । (उदा. मुसो दुलोभित्र पस्यो ।)

पहरो-/पहरो/ना. ढुङ्गाहरूले बनेको अग्लो ठाडो भिर । (उदा. पहराबाट तल झरेको पानीको धारोलाई छहरो भनिन्छ ।)

पहरेदार- /पहरेदार्/ना. पहरा दिने, पहरा गर्ने, पाले ।

पहाड-/पहाड्/ भिरालो परेको र प्रायः धेरै ढुङ्गा भएको पृथ्वीको भाग, डाँडो, अग्लो थुम्को, पर्वत । (उदा. नेपाल धेरै पहाड भएको देश हो ।)

पहारिलो- /पहारिलो/वि. घाम लाग्ने, पहार आउने ।

पहिचान-/पहिचान्/ना. १. चिन्ने वा ठम्याउने काम । २. गुण दोष पहिल्याउने काम ।

पहिरन-/प्रहिरन्/ना. लुगा, गहना आदिको परिधान ।

पहिरनु-/पहिरिनु/क्रि.विशेष किसिमको लुगा गहना आदि लाउनु ।

पहिरो-/पहिरो/ना. भत्केको तथा धस्केको भिरालो जमिन, पहाड भत्केर बनेको भिर वा त्यस्तो पहरो । (उदा. पहिरोले पुरेर तीन जना मरेछन् ।)

पहिले-/पहिले/क्रियो. सबैभन्दा अगाडि, सुरुमा, थालनीय । (उदा. पहिले यस्तो घटना भएको थिएन ।)

पहिलो-/पहिलो/वि. गणना गर्दा सुरुमा पर्ने, प्रतियोगितामा अघिल्लो स्थान पाएको, प्रथम । (उदा. पहिलो वर्ष, कक्षाको पहिलो विद्यार्थी ।)

पहेँलो-/पहेँलो/वि. बेसार जस्तो रङ भएको ।

पाइन्ट-/पाइन्ट्/ना. कम्मरदेखि गोडासम्म ढाक्ने खुकुलो सुरुवाल जस्तो लुगा ।

पाइप-/पाइप्/ना. पानी, ग्यास आदि एक ठाउँबाट अर्को ठाउँमा लैजान प्रयोग गरिने भित्र खोक्रो भएको एक प्रकारको लामो डोलो वस्तु, नली । (उदा. खाने पानीको पाइप, ग्यासको पाइप ।)

पाइला-/पाइला/ना. पैतालाको डाम, पैतालाको छाप ।

पाउ-/पाउ/ना. १.श्लोकको एक हरफ चार भागको एक भाग । (उदा. चार पाउ मिलेर एक श्लोक हुन्छ ।) २. गोडा, खुट्टा, चरण ।

पाउडर-/पाउडर्/ना. शरीर तथा अनुहार सिँगार्न लगाइने बास्नादार धुलो, औषधी आदिको धुलो ।

पाउनु-/पाउनु/क्रि. १. कुनै वस्तु भेट्टाउनु, खोजेको वस्तु प्राप्त गर्नु, हराएको वस्तु फेला पार्नु, २.जन्माउनु । (उदा. उनले हिजो छोरी पाइन् रे ।)

पाउरोटी-/पाउरोटि/ना. पिठोलाई केही अमिल्याई मेसिनले बेलेर, सेकेर र फुलाएर बनाइएको टुक्रा टुक्रा पार्न सकिने एक प्रकारको रोटी । (उदा. चिया र पाउरोटी)

पाकस्थली- /पाकस्थली/ना. खाएको वस्तु पचाउने पेटको थैली, आमाशय ।

पाक्नु-/पाक्नु/क्रि. १. काँचो वस्तु पकाउँदा गल्नु (उदा. भात पाक्यो) । २. फलमा रस पसेर स्वादिष्ठ हुनु । ३. घाउ, खटिरा आदिमा पिप जम्नु । ४. उमेर, योग्यता, बुद्धि, अनुभव आदिले परिपक्व हुनु ।

पाक्षिक-/पाक्छिक्,पाच्छिक्/वि. पन्ध्र दिनसँग सम्बन्धित एक पक्षभरिको वा एक पक्षमा निस्कने । (उदा. पाक्षिक पत्रिका)

पाखुरा-/पाखुरा/ना.कुहिनादेखि काँधसम्मको भाग ।

पाखो-/पाखो/ना. पहाडको भिरालो जग्गा, पानी नलाग्ने जमिन । (उदा. पाखो बारी)

पाछ्नु-/पाछ्नु/क्रि. मकै, उखु आदिका पातले छाला कोतर्नु वा खोस्याउनु, छाला घोटिएर

घाउ जस्तो हुनु । (उदा. मकैका खस्रो पातले हात खुट्टा पाछ्र्यो ।)

पाजी–/पाजि/ना. १. गधाको बच्चो । २. कसैलाई गाली गर्दा भनिने शब्द ।

पाटी[१].–/पाटि/ना. बटुवालाई वास बस्न बनाइएको घर, धर्मशाला ।

पाटी[२].–/पाटि/ना. केटाकेटीलाई अक्षर चिनाउन बनाइएको काठको एक प्रकारको शैक्षिक सामग्री ।

पाटो–/पाटो/ना. १. भिरालो जग्गाको सम्म परेको फराकिलो र चाक्लो खण्ड । २. एक वस्तुको एकातर्फको भाग । (उदा. घरको एक पाटोमा रङ लगाइएको छ ।)

पाठ–/पाठ्/ना. पढिने अंश वा विषय ।

पाठो–/पाठो/ना. बाखो, सुँगुर, मृग आदिको सानो बच्चो ।

पाठ्यांश–/पाट्ठ्याम्स/ना. पाठ्यक्रममा रहेका विभिन्न विषय खण्डसँग सम्बन्धित पाठ्य विषय, पाठ्यक्रमको एक अंश कोर्स ।

पाण्डुलिपि–/पान्डुलिपि/ना. छाप्नका लागि तयार पारिएको लिखित सामग्री, हस्त लिखित सामग्री । (उदा. पाण्डुलिपि हेरेर टाइप गर्नुपर्छ ।)

पाडो–/पाडो/ना. भैँसीको भाले बच्चो ।

पात–/पात्/ना. बोट बिरुवामा पलाउने हरियो पत्ता, पत्र ।

पात पतिङ्गर–/पात् पतिङ्गर्/ना. पातको समूह, पतकर ।

पातलो–/पातलो/वि. मोटाइ कम भएको, बाक्लोपन कम भएको, दुब्लो, सिकुटे ।

पाती–/पाति/ना. बोट बिरुवाको पात, पत्र ।

पात्रो–/पात्त्रो/ना. वर्षभरिका तिथि, गते, वार, नक्षत्र आदि भएको पुस्तिका । (उदा. पात्रो हेरेर मात्र ग्रहणका बारेमा थाहा पाउन सकिन्छ ।)

पाथी–/पाथि/ना. आठ मानाको परिमाण वा त्यति अटाउने तामाको भाँडो, आठ मानाको नापो । (उदा. मानो, पाथीको चलन हरायो ।)

पाना–/पाना/ना. किताब, कापी आदिको पत्र, पेज ।

पानी–/पानि/ना. खोला, धारो, कुवा, वर्षा आदिबाट पाइने तरल पदार्थ, जल ।

पानो–/पानो/ना. १.अदुवा, बेसार आदिको कन्द, गानो २. कापी किताबको पत्र ।

पाप –/पाप्/ना. खराब वा अशुभ मानिएको कर्म, कुकर्म ।

पापा–/पापा/ना. मिठो खानेकुरा, मिठाई, रोटी (बालबोलीमा) ।

पार–/पार्/नायो. पल्लापट्टि, उतातिर, पारि ।

पारदर्शी-/पार्दर्सि/वि. १.प्रकाश छिर्ने, वरपर देखिने २. सबैले जानिने, थाहा पाउने । (उदा. पारदर्शी ऐना, पारदर्शी प्रशासन)

पारि-/पारि/क्रियो. पल्लोपट्टि, अर्कोपट्टि । (उदा. खोलापारि खेत छ ।)

पारित-/पारित्/वि. प्रस्ताव स्वीकार भएको, स्वीकृत । (उदा. पारित प्रस्ताव लागू गर्नु सबैको कर्तव्य हो ।)

पारो-/पारो/ना. सेतो, चम्किलो गरुङ्गो एक प्रकारको तरल पदार्थ । (उदा. विज्ञान प्रयोगशालामा पारो पनि राखिएको रहेछ ।)

पार्नु-/पार्नु/क्रि. तयार गर्नु, बदल्नु, परिवर्तन गर्नु । (उदा. उसले फोहोर कोठा बढारेर सफा पार्‍यो ।)

पाल-/पाल्/ना. अस्थायी बसोवासका निम्ति घामपानी छेक्न उपयोग गरिने ठुलो कपडा; ट्रक, बस, बग्गी आदिको छत ढाक्ने बाक्लो कपडा । (उदा. भोजमा आएका पाहुना पालभित्र पसे ।) ३. पालन गर्ने, रक्षा गर्ने रेखदेख गर्ने ।

पालन-/पालन्/ना. पाल्ने काम, भरण पोषण, हेरचाह, स्याहार सम्भार, रेखदेख । (उदा. छोराछोरीको लालन पालन, पशु पालन ।)

पालन पोषण-/पालन् पोसण्/ना. पाल्ने पोस्ने काम, हेरचाह, लालन पालन । (उदा. शिशुलाई राम्रोसँग पालन पोषण गर्नुपर्छ ।)

पालना-/पालना/ना. पालन गर्ने काम, आज्ञा निर्देशन आदि मान्ने काम, अनुसरण । (उदा. अनुशासनको पालना सबैले गर्नुपर्छ ।)

पालिस-/पालिस्/ना. जुत्ता, झ्यालढोका आदिलाई चम्काउन लगाइने लस्सादार वस्तु, रङरोगन ।

पाली-/पालि/ना. पटक, पल्ट । (उदा. तिम्रो पाली, मेरो पाली)

पालुवा-/पालुवा/ना. बोट बिरुवामा लागेको नयाँ पात ।

पालुङ्गो-/पालुङ्गो/ना. डाँठ केही रातो हुने, एक प्रकारको नरम र पोसिलो साग ।

पाले-/पाले/ना. पालो बस्ने व्यक्ति, पहरा दिने मानिस, पहरेदार ।

पालो-/पालो/ना. एकपछिको अर्को क्रम, पटक, मौका, पहरा दिने काम ।

पाल्नु[१]-/पाल्नु/क्रि. कसैलाई खान तथा लाउन दिनु, भरण पोषण गर्नु । (उदा. छोराछोरी पाल्नु)

पाल्नु[२]-/पाल्नु/क्रि. जानु वा आउनु, पदार्पण गर्नु । (उदा. आज हाम्रो घरमा हजुर आमा पाल्नुभयो ।)

पास[१]-/पास्/नायो. नेर, नजिक, साथ, सित । (उदा. मेरो पास ऊ थियो ।)

पास[२]-/पास्/ना. १. जाँचमा सफल हुने काम, परीक्षामा उत्तीर्ण हुने काम २. फुटबलमा

एक्ले अर्कालाई बल दिने काम । (उदा. मैले पास दिएको भकुन्डो हानेर रमेशले गोल गऱ्यो ।)

पास्नी- /पास्नि/ना. शिशुलाई पहिलो पटक भात खुवाउने संस्कार ।

पाहुना- /पाहुना/ना. कसैको घरमा दुई चार दिन बस्न आउने मानिस, अतिथि

पिँजडा- /पिँजडा/ना. चरालाई थुनेर राख्ने खोर ।

पिँडालु- /पिँडालु/ना. ठुलठुला पात हुने, जरामा आलु जस्तै तर गोला, लाम्चा र डोला गाना र सेला फल्ने एक जातको कन्दमूल, कर्कलो । (उदा. पिँडालुका गाभाको तरकारी स्वादिलो हुन्छ ।)

पिँढी- /पिँढि/ना. घरको पेटी, घरको दलान । (उदा. गाउँका घरमा पिँढी बनाइएको हुन्छ ।)

पिँध- /पिँध्/ना. कुनै वस्तुको सबैभन्दा तल्लो भाग । (उदा. बाल्टीको पिँधमा फोहोर जमेको छ ।)

पिँध्नु- /पिँध्नु/सक्रि. अन्न, मसला आदिलाई जातो, खल वा मेसिनले धुलो पार्नु, पिस्नु ।

पिउनु- /पिउनु/क्रि. पानी, दुध आदि तरल पदार्थ मुखमा हालेर निल्नु ।

पिक¹- /पिक्/ना. साऱ्हो जमिन वा सडक खन्न प्रयोग गरिने चुच्चो परेको औजार ।

पिक²- /पिक्/ना. कोइली ।

पिक³- /पिक्/ना. थुक । (उदा. पिकदानी ।)

पिकदानी- /पिकदानी/ना. थुक्ने भाँडो, थुकदानी ।

पिङ- /पिङ्/ना. बाँसका लिङ्गामा वा रुखका हाँगामा झुन्ड्याइएको डोरी, त्यस डोरीलाई मच्चाएर खेलिने खेल ।

पिच्छे- /पिच्छे/नायो. प्रत्येकमा, हरेकमा । (उदा. घरैपिच्छे, व्यक्तिपिच्छे)

पिट्नु- /पिट्नु/क्रि. १.मानिस वा अन्य प्राणीलाई लौरो, हात आदिले प्रहार गर्नु, कुट्नु, चुट्नु । (उदा. भाइले कुकुरलाई लट्ठीले पिट्यो ।) २. होहल्ला गर्नु, बढ्ता प्रचार गर्नु ।

पिठिउँ- /पिठिउँ/ना. शरीरको पछाडिको भाग, ढाड ।

पिठो- /पिठो/ना. अन्न, गेडागुडी आदिलाई पिँधेर बनाइएको धुलो ।

पिण्ड- /पिन्ड/ना. १ खँदिलो र गोलो वस्तु, २ श्राद्धमा पितृलाई चढाइने खिर, पिठो आदिको डल्लो । (उदा. श्राद्धमा पितृलाई सम्झेर पिण्ड दिइन्छ ।)

पित्तल- /पित्तल्/ना. तामा र जस्ता मिलाएर बनाइने पहेँलो धातु । (उदा. गाग्री पित्तलबाट पनि बनाइन्छ ।)

पितृ- /पित्रि/ना. मरेका पुर्खा, पिता, बाबु । (उदा. पितृको श्राद्ध)

पितृभक्त-/पित्रिभक्त/वि. बाबुको आज्ञा पालन गर्ने । (उदा. उसका छोराछोरी पितृभक्त छन् ।)

पिरमर्का-/पिर्मर्का/ना. चिन्ता, पीडा आदि हुने स्थिति ।

पिरो-/पिरो/ना. खोर्सानी, मरिच आदिमा हुने स्वाद ।

पिर्का-/पिर्का/ना. काठको फलेकबाट बनेको होचो आसन, पिरा ।

पिसाब-/पिसाब्/ना. मूत्रनलीबाट निस्कने तरल वस्तु ।

पीठ-/पिठ्/ना. १. पिठिउँ, पृष्ठ भाग । २. बस्ने ठाउँ, आसन । ३. देवताको मठ, मन्दिर आदि भएको ठाउँ । (उदा. गोरख नाथको पीठ)

पीडा-/पिडा/ शरीरमा प्रहार गर्दा हुने कष्ट ।

पीपल-/पिपल्/ना. टुप्पापट्टि चुच्चो परेको बाटुलो र चिल्लो पात हुने एक प्रकारको रुख । (उदा. चैतारामा वर र पीपलको छहारी छ ।)

पीयूष-/पियुस्/ना.हे. अमृत ।

पीर-/पिर्/ना. पिर्ने काम, पीडा, चिन्ता ।

पुकार्नु-/पुकार्नु/क्रि. टाढा रहेको व्यक्तिलाई ठुलो आबाजले बोलाउनु ।

पुग्नु-/पुग्नु/क्रि. १.एक ठाउँबाट अर्को ठाउँमा जानु, गन्तव्यमा उपस्थित हुनु, २.चाहेको जति हुनु । (उदा. पाँच हजार रुपियाँ भए पुग्छ ।)

पुङ्केशर-/पुङ्केसर्/ना. फूलमा हुने शुक्राणु, फूलको पुरुष कण, बिउ । (उदा. पुङ्केशर फूलमा परेपछि मात्र फल फल्छ ।)

पुच्छर-/पुच्छर्/ना. पशुपन्छी आदिको पछिल्लो भागमा झुन्डिएको वा तेर्सिएको लामो अङ्ग ।

पुछार-/पुछार्/वि. सबभन्दा अन्तिम ।

पुछ्नु-/पुछ्नु/क्रि. कुनै वस्तुमा लागेको मैला दाग आदि मेटाउनु, हटाउनु, सफा गर्नु, शरीर, भाँडा आदिमा लागेको पानी हटाएर सुक्खा पार्नु ।

पुजारी-/पुजारि/ना. मन्दिरमा देवताको पूजा तथा रेखदेखका निम्ति राखिएको व्यक्ति वा त्यस्तो जागिरदार ।

पुञ्ज-/पुन्ज/ना. कुनै वस्तुको थुप्रो, रास । (उदा. तेजको पुञ्ज)

पुड्को-/पुड्को/वि. होचो कदको, उचाइ कम भएको, नबढेको । (उदा. पुड्को मान्छे)

पुण्य-/पुन्न्य/ना. शुभ कार्य वा धार्मिक कार्यबाट प्राप्त हुने फल, शुभ कर्म, सत्कर्म धर्म ।

पुतली[१].-/पुतलि/ना. विभिन्न रङका आकर्षक पखेटा हुने, फूलको रस खाने एक प्रकारको किरो। (उदा. पुतली फूलमा बस्यो।)

पुतली[२].-/पुतलि/ना. आँखाको बिचको कालो भाग, आँखाको नानी। (उदा. आँखाको पुतली)

पुदिना-/पुदिना/ना. पेटका लागि गुणकारी मानिने एक प्रकारको वास्नादार झार। (उदा. पुदिनाको अचार गुणकारी हुन्छ।)

पुनः-/पुन/क्रियो. फेरि, अर्को पल्ट।

पुनरावलोकन-/पुनराबलोकन्/ना. एक पटक भए गरेको निर्णयलाई दोहोऱ्याएर हेर्ने वा पुनर्विचार गर्ने काम। (उदा.अदालतमा उसको मुद्दाको पुनरावलोकन हुँदै छ।)

पुनरावृत्ति-/ना. फेरि भएको आवृत्ति, पुनः प्रयोग।

पुनरावेदन-/पुनराबेदन्/ना. तल्लो अदालतको फैसलामा चित्त नबुझ्नेले माथिल्लो अदालतमा दिने निवेदन।

पुरस्कार-/पुरस्कार्/ना. असल तथा उत्कृष्ट काम गरेबापत प्रोत्साहनका लागि दिइने इनाम, उपहार।

पुरा[१].-/पुरा/ना. खाएर बाँकी रहेको वस्तु, जुठो। (उदा. अर्काको पुरा खाएर बाँच्नु के बाँच्नु ?)

पुरा[२].-/पुरा/वि. धेरै पहिलेको, उहिलेको, प्राचीन। (उदा. पुरा कथा।)

पुरा[३].-/पुरा/वि. कमी कमजोरी नभएको, आवश्यक सबै अङ्ग पुगेको, बाँकी नभएको, पूर्ण। (उदा. पुरा काम)

पुराण-/पुराण्, पुरान्/ना. १. देवता, प्राचीन राजा आदिको कथा, त्यस्तो कथा भएको पुस्तक। २. लामो कथा, बेली विस्तार। (उदा. भो भो म तिम्रो पुराण सुन्दिनँ।)

पुरातात्त्विक-/पुरातात्त्विक्/वि. प्राचीन मानव समाजले प्रयोग गरेका वस्तुसँग सम्बन्धित। (उदा. पुरातात्त्विक सामग्री)

पुरानो-/पुरानो/वि. १. धेरै पहिलेदेखि चल्दै आएको, लामो समयदेखि प्रचलित, उहिलेको, पहिलेको। (उदा. पुरानो चलन) २. थोत्रो। (उदा. पुरानो लुगा) विप. नयाँ

पुरिया-/पुरिया/ना. कुनै सुक्खा वस्तुलाई कागज आदिले बेरेको सानो पोको। (उदा. औषधीको धुलो राखिएको पुरिया।)

पुरुष[१].-/पुरुस्/ना. लोग्ने मानिस, नर जाति। विप. महिला।

पुरुष[२].-/पुरुस्/ना. वक्ता, श्रोता र विषयलाई जनाउने व्याकरणको कोटि, सर्वनामको एउटा प्रकार। (उदा. प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुष)

पुरुषार्थ-/पुरुसार्थ/ना. १. पुरुषमा हुने विशेषता, पुरुषत्व, मर्दपन २. मानव जीवनको उद्देश्य वा लक्ष्य, पौरख।

पुरुषार्थी-/पुरुसार्थि/वि. पुरुषार्थ गर्ने, पौरखी, पराक्रमी।

पुरेत-/पुरेत्/ना.हे. पुरोहित ।

पुरोहित-/पुरोहित्/ना. जजमानका घरमा गई यज्ञ, पाठपूजा, श्राद्ध आदि धार्मिक कार्य गराउने व्यक्ति, पुरेत ।

पुर्जा¹-/पुर्जा/ना. सानोतिनो टिपोट भएको कागज वा त्यस्तो पत्र । (उदा. डाक्टरको पुर्जा, धनी पुर्जा)

पुर्जा²-/पुर्जा/ना. मेसिनका अङ्ग किला, काँटा आदि । (उदा. पुर्जा बिग्रेकाले घडी चलेन ।)

पुर्जी-/पुर्जि/ना. कुनै कुरा लेखिएको सानो कागज, कार्यालयले कुनै व्यक्तिलाई विशेष कामका लागि लेखेको पत्र, पुर्जा । (उदा. हाजिर हुन आउने आदेश भएको पुर्जी ।)

पुर्नु-/पुर्नु/क्रि. १. गहिरो जमिन खाल्टो आदिलाई कुनै वस्तुले भर्नु, पूर्ण गर्नु । २. कुनै वस्तुलाई जमिनमा गाड्नु ।

पुऱ्याउनु-/पुऱ्याउनु/क्रि. कुनै ठाउँमा पुग्ने पार्नु, काम चलाउनु । (उदा. उसले थोरै पैसाले खर्च पुऱ्यायो ।)

पुल-/पुल्/ना. नदी, खोला आदि पार गर्न खम्बा उठाएर वा अन्य तरिकाले बनाइएको बाटो ।

पुलुक्क-/पुलुक्क/क्रियो. सुटुक्क एक पटक हेर्दाको किसिम ।

पुष्टकारी-/पुस्टकारि/ना. शरीरलाई पुष्ट बनाउने, पोसिलो तथा तागतिलो मिठाई जस्तो खानेकुरा । (उदा. पुष्टकारी मिठो हुन्छ ।)

पुष्टि-/पुस्टि/ना. १. पुष्ट पार्ने काम २. कसैको भनाइलाई थप तर्क, प्रमाण आदि दिएर बल पुऱ्याउने काम ।

पुष्पदल-/पुस्पदल्/ना. फूलको बिउ, दल ।

पुस्तक-/पुस्तक्/ना. पढ्ने तथा पढाइने लिखित वा मुद्रित पाठ्य सामग्री, किताब ।

पुस्तकालय-/पुस्तकालय/ना. इच्छुक व्यक्तिहरूलाई पढ्ने सुविधा दिने उद्देश्यले पुस्तक, पत्रपत्रिका आदि पाठ्य सामग्रीहरू सङ्ग्रह गरी व्यवस्थित रूपमा राखिएको घर ।

पुस्ता-/पुस्ता/ना. बाबु, बाजे आदिको वंशक्रम, सन्तानको तह, पिँढी ।

पूजा-/पुजा/ना. देवतालाई चन्दन, अक्षता फूल आदि चढाउने काम, पुज्ने काम ।

पूरा-/पुरा/वि. हे. पुरा ।

पुर्खा-/पुर्खा/ना.आफूभन्दा पहिलेको पूर्वज वंश, पूर्वज, बाबुबाजे आदि ।

पूर्ण-/पुर्ण/वि. कमी कमजोरी नभएको, सबै काम सकिएको । (उदा. पूर्ण चन्द्र, पूर्ण कार्य ।)

पूर्णिमा-/पुर्णिमा /ना. शुक्ल पक्षको पन्ध्रौं तिथि । पूर्ण चन्द्र उदाउने तिथि ।

पूर्ति-/पुर्ति/ना. कुनै कमी, अभाव, त्रुटि वा रिक्ततालाई पुरा गर्ने काम ।

पूर्व-/पुर्ब/ना. १. सूर्य, चन्द्रमा आदि ग्रह उदाउने दिशा । २. पहिलेको, अगाडिको । (उदा. पूर्वमन्त्री, पूर्व न्यायाधीश)

पूर्ववक्ता-/पुर्बबक्ता/ना. पहिले बोल्ने व्यक्ति । (उदा. वाद विवादमा पूर्ववक्ताको भनाइ खण्डन गर्नुपर्छ ।)

पृथ्वी-/प्रिथ्वि/ना.मानिस तथा अन्य विभिन्न जीव, जन्तु आदि रहेको सौर्य मण्डलको एक ग्रह, धर्ती ।

पृष्ठ-/प्रिस्ठ/ना. १. शरीरको पछिल्लो भाग, पिठिउँ, डँडाल्नो, २. पुस्तक, कापी आदिको एकापट्टिको भाग, पाना, पन्ना, पेज । (उदा. मेरो किताबमा १२६ पृष्ठ छन् ।)

पेज-/पेज्/ना. किताब, कापी आदिको पत्र पाना, पृष्ठ ।

पेट-/पेट्/ना. १. खाएको वस्तु रहने शरीर भित्रको थैलो जस्तो भाग, भुँडी । (उदा. पेट भरियो ।) २. महिलाको पाठेघर, गर्भाशय ।

पेटी[१]-/पेटि/ना. कमरमा बाँधिने छाला, कपडा, प्लास्टिक आदिको फित्ता जस्तो वस्तु ।

पेटी[२]-/पेटि/ना. घरको गारोको वरिपरि जमिनमा बलेँसी छेक्न तथा मानिस हिँड्न बनाइएको केही उठेको घेरो, गारो वरिपरिको डिल । (उदा. घरको पेटी, सडकको पेटी ।)

पेट्रोल-/पेट्रोल्/ना. मोटर, यन्त्र आदि चलाउन इन्धनका रूपमा प्रयोग हुने प्रशोधित र प्रज्वलनशील खनिज तेल ।

पेडा-/पेडा/ना. खुवा, कुराउनी आदिबाट बनाइने एक प्रकारको मिठाई ।

पेय-/वि. पिउन लायक, पिइने ।

पेल्नु-/पेल्नु/क्रि. १. तोरी, तिल आदिलाई कोल, मिसिन आदिमा थिचेर तेल निकाल्नु, फलफूल मेसिनमा राखेर रस निकाल्नु । २. थिचोमिचो गर्नु । (उदा. जनतालाई पेल्नेलाई जनताले नै सजाय दिन्छन् ।)

पेसा-/पेसा/ना. कुनै व्यक्तिले अँगालेको इलम । (उदा. शिक्षक पेसा, वकिल पेसा ।)

पैँचो-/पैँचो/ना. कुनै कुरा खाँचो परेका वेला छिमेकी वा साथीभाइबाट लिइने नगद, जिन्सी आदिको लेनदेन, सापटी ।

पैतालो-/पैतालो/ना. गोडाको तल्लो भाग, शरीरको जमिन टेक्ने भाग ।

पैदल-/पैदल्/ना. गोडाले हिँडेर वा गोडाको भरमा गरिने यात्रा ।

पैदा-/पैदा/ना. जन्म, उत्पत्ति ।

पैनी-/पैनि/ना. खेत, बारी आदिमा पानी लगाइने ठुलो कुलो, नहर ।

पैयुँ-/पैयुँ/ना. आरुको जस्तो रातो गुलाबी फूल फुल्ने एक प्रकारको रुख ।

पैसा-/पैसा/ना. १.रुपियाँको सय भागको एक भाग २.धातुको मुद्रा वा सिक्का, नगद रुपियाँ ३.धन ।

पो-/पो/नि. वाक्यमा निश्चय, छनोट, जोड आदि जनाउन प्रयोग हुने शब्द । (उदा. पढे पो पास भइन्छ ।)

पोइल-/पोइल/ना. कुनै स्त्रीले अभिभावकको स्वीकृतिविना आफूखुसी बिहा गर्ने काम । आफैँ केटो खोजेर पोइको घर जाने काम ।

पोको-/पोको/ना. कपडा, कागज़ आदिले बेरिएको सामान । (उदा. मगन्ते पोको बोकेर बाटो लाग्यो ।)

पोखरी-/पोखरि/ना. पानीको सानो जलाशय, तलाउ । (उदा. माछा पाल्ने पोखरी)

पोखिनु-/पोखिनु/क्रि.पोख्ने काम हुनु वा गरिनु । (उदा. पानी पोखियो ।)

पोख्नु-/पोख्नु/क्रि. १. भाँडामा भएको ठोस वा तरल वस्तु बाहिर झार्नु, तल खन्याउनु, २. कुनै कुरा कसैका सामु प्रस्तुत गर्नु । (उदा. दु:ख पोख्नु)

पोटास-/पोटास्/ना. एक प्रकारको कीटनाशक औषधी । (उदा. पोटासले पानी प्रशोधन हुन्छ ।)

पोटासियम-/पोटासियम्/ना.हे. पोटास ।

पोते-/पोते/ना. हिन्दु महिलाले माला बनाएर घाँटीमा लगाउने गरेको ससाना काँचका गेडा वा त्यसको झुत्तो ।

पोथी-/पोथि/ना. पशु, पक्षी आदिको स्त्री ।

पोथ्रो-/पोत्थ्रो/ सानो झ्याम्म परेको होचो बोट ।

पोलियो-/पालियो/ना. हात खुट्टा लुलो हुने रोग ।

पोलिस्टर-/पोलिस्टर्/ना. कृत्रिम रेसाबाट बुनिएको एक प्रकारको कपडा ।

पोषण-/पोसण्/ना. १. पोसिलो वस्तुमा हुने तत्त्व, २. पोसिलो खानेकुराले पुष्ट पार्ने काम, पौष्टिक आहार दिने काम ।

पोसाक-/पोसाक्/ना. लगाइने लुगा, विशेष अवसरमा लगाइने पहिरन । (उदा. स्कुल पोसाक)

पोसिलो-/पोसिलो/वि. पोस दिने, पुष्ट बनाउने, पौष्टिक । (उदा. पोसिलो आहारले शरीर बलियो हुन्छ ।)

पोस्टर-/पोस्टर्/ना. ठुला अक्षरमा सूचना नारा, चित्र आदि लेखेको कागज वा त्यस्तो सामग्री । (उदा. सिनेमाको पोस्टर ।)

पोस्नु-/पोस्नु/क्रि. पोसिलो खानेकुराले कुनै प्राणी, मान्छे आदिलाई तन्दुरुस्त पार्नु, पौष्टिक आहार खुवाउनु । (उदा. ऊ दसैँलाई खसी पोस्दै छ ।)

पोहोर-/पोहोर्/क्रियो. बितेको वर्ष, अगिल्लो साल, गत वर्ष ।

पौडनु-/पौडनु/क्रि. पोखरी, नदी आदिको पानीमा हात, गोडा चालेर खेल्नु, तैरनु। (उदा. भाइ सानो पोखरीमा पौडन्छ।)

पौराणिक-/पौराणिक्/वि. पुराण सम्बन्धी, पुराणमा भएको, पुराणको। (उदा. पौराणिक कथा)

पौरुष-/पौरुस्/ना. पुरुष सम्बन्धी, पुरुषको।

पौवा[१].-/पौवा/ना. कागज, कपडा आदिमा लेखिएको देवी देवताको चित्र, थाङ्का।

पौवा[२].-/पौवा/बटुवाहरूका लागि वास बस्ने तथा आराम गर्न हुने ठुलो धर्मशाला वा पाटी।

पौष-/पौस्/ना. विक्रम संवत्‌को नवौँ महिना, पुस महिना।

पौष्टिक-/पौस्टिक्/वि. शरीरलाई पुष्ट बनाउने, पोसिलो, तागतिलो। (उदा. पौष्टिक आहार।)

प्याच्च-/प्याच्च/क्रियो. १. कुनै कुरा नबुझी बोल्दाको किसिम। २. जथाभाबी थुक्दाको किसिम।

प्याज-/प्याज्/ना. एउटा बोटमा एउटा मात्र गोलो गानो फल्ने, गानो र पात पकाई तरकारी खाइने, कडा गन्ध भएको एक प्रकारको गुणकारी तरकारी।

प्याट्ट-/प्याट्ट/क्रियो. कुनै वस्तुलाई पिट्दा वा त्यस्तो वस्तु फुट्दाको किसिम। (उदा. काँचको गिलास प्याट्ट फुट्यो।)

प्यात्त-/प्यात्त/क्रियो. गिलो वस्तु भुइँमा झर्दाको किसिम। (उदा. हिलो प्यात्त खस्यो।)

प्यारो-/प्यारो/वि. मनपर्ने, प्रिय, स्नेही, आत्मीय।

प्यास-/प्यास्/ना. पानी आदि पिउने इच्छा, तिर्खा, तृष्णा।

प्यासेन्जर-/प्यासेन्जर्/ना. रेल, गाडी, वस आदिमा यात्रा गर्ने मानिस, यात्रु।

प्युपा-/प्युपा/ना. किराका अन्डावाट निस्किएका लार्भाको केही विकसित रूप।

प्रकार-/प्रकार्/ना. कुनै वस्तुको किसिम वा वर्ग।

प्रकाश-/प्रकास्/ना. सूर्य, चन्द्रमा, बत्ती आदिबाट आउने उज्यालो, ज्योति।

प्रकाशन-/प्रकासन्/ना. १.प्रकाशमा ल्याउने काम, प्रकट गर्ने काम २.पुस्तक, पत्रिका आदि छाप्ने वा प्रकाशित गर्ने काम। (उदा. पुस्तक प्रकाशन)

प्रकृति-/प्रक्रिति/ना. आफैँ बनेको वस्तु, मानवले निर्माण नगरेको वस्तु।

प्रकोप-/प्रकोप्/ना. प्रकृतिमा आउने संहारकारी हलचल, रोग, महामारी। (उदा. हैजाको प्रकोपमा परेर धेरै गाउँले मरे।)

प्रक्रिया-/प्रक्रिया/ना. काम गर्ने तरिका, क्रम, विधि, सिलसिला।

प्रख्यात- /प्रक्ख्यात्/ना. कीर्तिको विस्तार, प्रसिद्धि ।

प्रगति-/प्रगति/ना. उन्नति, सफलता, तरक्की । (उदा. रामले हिजोआज पढाइमा प्रगति गरेको छ ।)

प्रचार-/प्रचार्/ना. भए गरेका कामबारे सबैलाई जानकारी दिने काम, प्रसार गर्ने काम । (उदा. चुनावको प्रचार)

प्रजातन्त्र-/प्रजातन्त्र/ना. जनताद्वारा निर्वाचित भएका प्रतिनिधिद्वारा चलाइने शासन व्यवस्था, लोकतन्त्र ।

प्र.जि.अ.-/प्रजिअ/ना. प्रमुख जिल्ला अधिकारी, जिल्लाभरको शान्ति सुरक्षा र प्रशासन हेर्ने सरकारी पदाधिकारी ।

प्रणाम-/प्रणाम्/ ना. आदरपूर्वक झुकेर गरिने अभिवादन । (उदा. गुरुलाई प्रणाम गर ।)

प्रति .-/प्रति/नायो. तर्फ, तिर पट्टि । (उदा. पढाइप्रति ध्यान देऊ ।)

प्रति .-/प्रति/ना. पुस्तक, पत्रिका आदिको विभिन्न एकाइ । (उदा. पत्रिका ५०० प्रति छापियो ।)

प्रतिकूल-/प्रतिकुल्/वि. १. आफ्नो सोचाइ र चाहनाको विपरीत २. अमिल्दो, उल्टो विरुद्धको । (उदा.प्रतिकूल प्रभाव, प्रतिकूल विचार)

प्रतिज्ञा-/प्रतिग्ग्याँ/ना. कुनै काम पूरा गर्न गरिने सङ्कल्प, अठोट, प्रतिबद्धता, वाचा । (उदा. मैले यस परीक्षामा प्रथम श्रेणी ल्याउने प्रतिज्ञा गरेको छु ।)

प्रतिनिधि-/प्रतिनिधि/ना. कुनै व्यक्तिको सट्टामा काम गर्न तोकिएको मानिस । (उदा. बुबाको प्रतिनिधि भएर मैले बहिनीको परीक्षाको रिजल्ट ल्याएँ ।)

प्रतिनिधि सभा-/प्रतिनिधि सभा/ना. जनताले चुनेका प्रतिनिधिहरूको सभा । संसद्को तल्लो सदन । (उदा. प्रतिनिधि सभाको भवन सिंह दरवारमा छ ।)

प्रतिफल-/प्रतिफल्/वि. निष्कर्ष निकालिएको, नतिजा देखिएको ।

प्रतिबद्धता-/प्रतिबद्धता/ना. प्रतिबद्ध हुँदाको स्थिति, वचनबद्धता ।

प्रतिभा-/प्रतिभा/ना. व्यक्तिमा हुने सहज ज्ञान । (उदा. मेरो भाइको प्रतिभा मेरो भन्दा धेरै छ ।)

प्रतियोगिता-/प्रतियोगिता/ना. योग्यता र कुशलताका आधारमा गरिने जितहारको प्रतिस्पर्धा । (उदा. खेलकुद प्रतियोगिता)

प्रतियोगी- /[illegible]/ना. प्रतियोगितामा वा प्रतिस्पर्धामा भाग लिने व्यक्ति ।

प्रतिवेदन-/प्रतिबेदन्/ना. कुनै घटना, कार्य वा गतिविधिको अध्ययन गरी कसैलाई

जानकारी गराउन तयार पारिएको विवरण। (उदा. शैक्षिक भ्रमणको प्रतिवेदन ।)

प्रतिशत-/प्रतिसत्/वि. प्रत्येक सयको । (उदा. बैङ्कले बचत खातामा केही प्रतिशत ब्याज दिन्छ ।)

प्रतिशोध-/प्रतिसोध्/ना. कसैले गरेको हानि वा अपकारको विरुद्धमा गरिने काम, साटो फेर्ने काम ।

प्रतिष्ठा-/प्रतिस्ठा/ना. कुनै व्यक्ति संस्था आदिको इज्जत, मान, मर्यादा, प्रसिद्धि । (उदा. समाजमा उनको प्रतिष्ठा धेरै छ ।)

प्रतीक्षा-/प्रतिक्छ्या,प्रतिच्छ्या/ना. कसैलाई पर्खने काम । (उदा. उनीहरूले एक दिन मात्र तिम्रो प्रतीक्षा गरे ।)

प्रत्येक-/प्रत्त्येक्/वि. हरेक, प्रति । (उदा. प्रत्येक दिन, प्रत्येक घर ।)

प्रदर्शन-/प्रदर्सन्/ना. देखाउने चिनाउने वा बाहिर ल्याउने काम । (उदा. चित्रकलाको प्रदर्शन)

प्रदान-/प्रदान्/ना. कुनै वस्तु वा सामग्री कसैलाई दिने काम । (उदा. कार्यक्रममा उनलाई पुरस्कार प्रदान गरियो ।)

प्रदूषण-/प्रदुसण्/ना. दूषित पार्ने काम, दोष वा खराबी बढाउने काम । (उदा. धुलो र धुवाँको प्रदूषण ।)

प्रदेश-/प्रदेस्/ना. कुनै भौगोलिक, सामाजिक, प्रशासनिक आदिका आधारमा छुट्याइएको देशको क्षेत्र । (उदा. हिमाली प्रदेश, तराई प्रदेश ।)

प्रथा-/ना. पहिलेदेखि चलिआएको रीति, चालचलन ।

प्रधान-/प्रधान्/वि. सबैभन्दा ठुलो, मुख्य, प्रमुख । (उदा. प्रधान मन्त्री)

प्रधान मन्त्री-/प्रधान् मन्त्रि/ना. मन्त्री परिषद्को अध्यक्ष, कार्य पालिकाको प्रमुख ।

प्रधान न्यायाधीश-/प्रधान् न्यायाधिस्/ना. सर्वोच्च अदालतका न्यायाधीशहरूमध्ये प्रमुख न्यायाधीश, न्याय पालिकाको प्रमुख व्यक्ति ।

प्रधानाध्यापक-/प्रधानाध्यापक्/ना. अध्यापकहरूमध्ये प्रमुख, विद्यालयको मुख्य शिक्षक । (उदा. प्रधानाध्यापकलाई प्रिन्सिपल पनि भनिन्छ ।)

प्रबन्ध-/प्रबन्ध/ना. कुनै कुराको चाँजोपाँजो मिलाउने काम । (उदा. वनभोजको प्रबन्ध गर्ने जिम्मा उनीहरूले पाए ।)

प्रबुद्ध- /प्रबुद्ध/वि. जान्नेसुन्ने, पढेलेखेको, जागरूक, सचेत ।

प्रभाकर-/प्रभाकर्/वि. उज्यालो दिने वस्तु, सूर्य ।

प्रभाव-/प्रभाब्/ना. कुनै व्यक्ति, वस्तु, वातावरण आदिको गुण दोषको अरूमा पर्ने असर वा छाप । (उदा. प्रभावशाली मान्छे)

प्रभु-/प्रभु/ना. १. सम्मान गरिने व्यक्तिलाई भनिने शब्द २. मालिक, स्वामी ३.ईश्वर।

प्रमाण-/प्रमाण्/ना. कुनै कुरा साँचो हो भनी सावित गर्न प्रस्तुत गरिने वस्तु, कागजात, चिनो, दसी। (उदा. प्रमाणविना तर्कले मात्र कहाँ हुन्छ र ?)

प्रमुख-/प्रमुख्/वि. कुनै कार्य वा गतिविधिको मुख्य भूमिका वा नेतृत्व।

प्रयत्न-/ना. कुनै कामका लागि गरिने चेष्टा, तत्परता, प्रयास।

प्रयास-/प्रयास्/ना. कुनै कामका लागि गरिने कोसिस, जमर्को, प्रयत्न। (उदा. प्रयास गरेमा तिमी प्रथम हुने छौ।)

प्रयोग-/प्रयोग्/ना. कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम, नयाँ वस्तु, सिद्धान्त, नियम आदिको व्यावहारिक परीक्षण।

प्रवचन-/प्रबचन्/ना. कुनै विषयमा धेरै श्रोताबिच गरिने व्याख्या, व्याख्यान। (उदा. टिभीबाट हरेक दिन प्रवचन प्रसारण हुन्छ।)

प्रवर्तक- /प्रबर्तक्/वि./ना. कुनै काममा लगाउने, काममा प्रवृत्त गराउने।

प्रविधि-/प्रबिधि/ना. विज्ञानका कुरालाई व्यवहारमा प्रयोग गर्ने विधि वा त्यस्तो पद्धति। (उदा. कृषिको सुधार गर्न नयाँ प्रविधि भित्र्याइनु पर्छ।)

प्रवृत्ति-/प्रब्रित्ति/ना. कुनै कामप्रति आकर्षण वा झुकाब। (उदा. खराब प्रवृत्ति)

प्रवेश-/प्रबेस्/ना. घर, कोठा आदि भित्र पस्ने अथवा भित्रिने काम। (उदा. दुर्घटना स्थलमा प्रवेश गर्न दिइएको छैन।)

प्रशंसा-/प्रसम्सा/ना. कसैको गुणको वर्णन वा बखान गर्ने काम, गुणगान, तारिफ, स्तुति। (उदा. कक्षामा गुरुले तिम्रो प्रशंसा गर्नुभयो।)

प्रशस्त-/प्रसस्त/वि. धेरै, पर्याप्त, यथेष्ट, प्रचुर, अत्यधिक। (उदा. प्रशस्त आम्दानी)

प्रशासक-/प्रसासक्/ना. सरकारी कार्यालय, सङ्घ, संस्था आदिको प्रशासन गर्ने व्यक्ति, हाकिम। (उदा. उनी जिल्लाका प्रमुख प्रशासक हुन्।)

प्रशासन-/प्रसासन्/ना. कुनै सरकारी कार्यालय वा सङ्घसंस्थाका गतिविधिको सञ्चालन।

प्रश्न-/प्रस्न/ना. जान्ने इच्छाले कसैलाई केही सोध्ने काम, सोधिएको कुरो।

प्रसन्न- /वि. खुसी भएको, पिर नभएको।

प्रसाद-/प्रसाद्/ना. १.देवतालाई चढाइएको फूलपाती, नैवेद्य, चन्दन, फलफूल आदि। २.देवी देवीताको पूजा गरेपछि बाँडिने खानेकुरा। (उदा. मन्दिरमा गई दर्शन गरेपछि प्रसाद खाइयो।)

प्रसार-/प्रसार्/ना. फैलाउने वा फिँजाउने काम, फैलावट, विस्तार। (उदा. रेडियोबाट विज्ञापन प्रसार गरियो।)

प्रसिद्ध-/प्रसिद्ध/वि. सबैले जाने सुनेको, नाम चलेको, प्रख्यात । (उदा. प्रसिद्ध कवि, प्रसिद्ध वैज्ञानिक।)

प्रसूति-/प्रसुति/ना. १. शिशु जन्मने तथा जन्माउने प्रक्रिया। २.शिशुलाई जन्म दिने महिला, सुत्केरी। (उदा. प्रसूति हुने महिलालाई समयमै अस्पताल लैजानु पर्छ।)

प्रसूति गृह-/प्रसुति ग्रिह/ना. सुत्केरी गराउने घर, शिशु जन्माउने अस्पताल।

प्रस्ताव-/प्रस्ताब्/ना. कुनै सभा गोष्ठी आदिमा छलफलका लागि प्रस्तुत गरिने विषय, कुनै कार्यका लागि गरिएको पूर्व योजना। (उदा. साहित्य गोष्ठी सञ्चालन गर्ने प्रस्ताव विद्यार्थीहरूले ल्याएका थिए।)

प्रस्ट-/प्रस्ट/ वि. राम्ररी देखिने, टड्कारो, स्पष्ट।

प्रहरी-/प्रहरि/ना. देशभित्र शान्ति सुरक्षाका निम्ति नियुक्ति गरिएको सरकारी कर्मचारी, पुलिस।

प्रहार- /प्रहार्/ना. [illegible], लट्ठी, हतियार आदिले हान्ने काम, आघात।

प्राइभेट-/प्राइभेट्/वि.सरकारसँग असम्बन्धित, व्यक्तिगत, निजी । (उदा. प्राइभेट स्कुल।)

प्राकृतिक-/प्राक्रितिक्/वि. प्रकृति सम्बन्धी, प्रकृतिको, आफैँ निर्माण भएको । (उदा. नेपाल प्राकृतिक सुन्दरताले सिँगारिएको देश हो।)

प्राङ्गारिक-/प्राङ्गारिक्/वि. पात पतिङ्गर कुहाएर बनाइएको । (उदा. प्राङ्गारिक मल रासायनिक मलभन्दा राम्रो हुन्छ।)

प्राण-/प्राण्/ना. १. जीवन, ज्यान । (उदा. बुढाको प्राण जाने बित्तिकै रुवाबासी चल्यो।) २. जीवनको शक्ति, शक्ति, तागत। ३. प्राणवायु।

प्राथमिक-/प्राथमिक्/वि. आरम्भको, सुरुको, पहिलो तहको। (उदा. प्राथमिक विद्यालय, प्राथमिक उपचार)

प्रारम्भ-/प्रारम्भ/ना. कुनै कामको सुरुआत, आरम्भ, थालनी,श्रीगणेश। (उदा. वैशाखदेखि नयाँ सत्रको पढाइ प्रारम्भ हुन्छ।)

प्रारम्भिक-/प्रारम्भिक्/वि. कुनै कामको सुरु भएको वेलाको, थालनीको।

प्रार्थना-/प्रार्थना/ना. ईश्वरको भजन, स्तुति, वन्दना।

प्रार्थनीय-/प्रार्थनिय/वि. प्रार्थना गर्न लायक, प्रार्थना गर्नुपर्ने।(उदा. प्रार्थनीय देवता)

प्रार्थी-/पार्थि/ना. प्रार्थना गर्ने, अनुरोध वा निवेदन गर्ने व्यक्ति।(उदा. प्रार्थी- राम बहादुर कुँबर।)

प्राविधिक-/प्राबिधिक्/वि. प्रविधि सम्बन्धी, प्रविधि जान्ने, कुनै विषयको विज्ञ। (उदा. प्राविधिकको सल्लाहविना घर बनाउनु हुँदैन।)

प्रिय-/प्रिय/वि. मन पर्ने प्यारो, माया लाग्दो, स्नेही। (उदा. प्रिय साथी, प्रिय मित्र।)

प्रीति-/प्रिति/ना. स्त्री र पुरुषका बिच हुने प्यार प्रेम, पिरती, माया, स्नेह। (उदा. मायाप्रीति बढेपछि उनीहरूले विवाह गरे।)

प्रुफ रिडिङ-/प्रुफ् रिडिङ्/ना. अशुद्धि संशोधन गर्ने काम, शुद्ध भए नभएको हेरेर पढ्ने काम। (उदा. राम्रोसँग प्रुफ रिडिङ गरे किताबमा गल्ती कम हुन्छ।)

प्रेम-/प्रेम्/ना. एक व्यक्तिको अर्को व्यक्तिसँग स्वभाव, गुण, व्यवहार आदिले हुने आकर्षण, प्रीति, प्यार, माया।

प्रेरणा-/प्रेरणा/ना. कसैलाई कुनै कार्य गर्न हौसला दिने काम, उत्साह। (उदा. गुरुले विद्यार्थीलाई प्रेरणा दिएर पढाउनु पर्छ।)

प्रेरित-/प्रेरित्/वि. कुनै काममा प्रेरणा दिइएको, अभिप्रेरित, उत्प्रेरित। (उदा. बुबाले मलाई विज्ञान पढ्न प्रेरित गर्नुभयो।)

प्रेसर कुकर-/प्रेसर् कुकर्/ना. टम्म मिल्ने बिर्को लगाई बाफ बाहिर जान नदिई खाना पकाउने बाक्लो भाँडो, बाफौँडी।

प्रोटिन-/प्रोटिन्/ना. शरीरलाई आवश्यक पोषक तत्त्व, मासु, दुध, गेडागुडी आदिमा पाइने पोषण तत्त्व। (उदा. प्रोटिन हुने खानेकुराले शरीर पुष्ट हुन्छ।)

प्रोटेक्टर-/प्रोटेक्टर्/ ज्यामिति पढ्दा चाहिने सामग्री, कोण नाप्ने उपकरण, चाप।

प्रोत्साहन-/प्रोत्साहन्/ना. कुनै कार्यका लागि उत्साह बढाउने काम, हौसला, प्रेरणा। (उदा. प्रशंसाले काममा प्रोत्साहन मिल्छ।)

प्रौढ-/प्रौढ्/ना. युवा अवस्था पार गरेको व्यक्ति, २.वि. उमेर र अनुभवका दृष्टिले पाको, परिपक्व, प्रबुद्ध। (उदा. प्रौढ व्यक्ति, प्रौढ शिक्षा)

प्लट-/प्लट्/ना. जमिन वा त्यसको एक टुक्रा।

प्लास्टिक-/प्लास्टिक्/ना. रासायनिक प्रक्रियाद्वारा तयार पारिने पुनः उत्पादन गर्न सकिने सजिलैसित नष्ट नहुने एक प्रकारको बहु उपयोगी वस्तु। (उदा. प्लास्टिकका भाँडाकुँडा हल्का हुन्छन्।)

प्लेटो-/प्लेटो/ना. प्राचीन ग्रिसका प्रसिद्ध विद्वान्, दार्शनिक।

प्वाँख-/प्वाँख्/ना. चराको शरीर ढाक्ने भुत्ला। (उदा. मयूरको प्वाँखबाट पङ्खा बनाइन्छ।)

प्वाल-/प्वाल्/ना. कुनै वस्तुमा रहेको छिद्र, दुलो, भ्वाङ। (उदा. साइकलबाट लडेर पाइन्टमा प्वाल पऱ्यो।)

फँडानी-/फँडानि/ना. वनका रुखहरू काट्ने काम, वन मास्ने काम। (उदा. गाउँलेहरू मिलेर जङ्गल फँडानी गरी बस्ती बसाले।)

फकाउनु-/फकाउनु/क्रि. कसैलाई विभिन्न उपायले मनाउनु। (उदा. दुष्टहरूले उनलाई फकाएर विदेश पुऱ्याएछन्।)

फग्लेटो-/फग्लेटो/ना. झ्याल, ढोका आदिका दुई फलेकमध्ये कुनै एक, पल्ला, खापा। (उदा. झ्यालको फग्लेटो खुलेछ)

फजुल-/फजुल्/वि. नचाहिँदो, विनासित्तिको, व्यर्थको। (उदा. फजुल खर्च गर्ने बानी राम्रो होइन।)

फटकिरी-/फट्किरि/ना. मिस्री जस्तै देखिने तर टर्रो स्वादको एक प्रकारको खनिज पदार्थ। (उदा. फटकिरीले धमिलो पानी सङ्लो पार्छ।)

फटाउनु-/फटाउनु/क्रि. १. फाट्ने पार्नु, एकै ठाउँमा मिलेका वस्तुलाई अलग पार्नु फाटो गराउनु। २. अमिलो हाली दुधको पानी र दुधमा हुने तत्त्व छुट्ट्याउनु। (उदा. दुध फटाएर चिज बनाइन्छ।)

फटाफट /फटाफट्/क्रियो. कतै नरोकिईकन हिँड्दाको किसिम, फड्का मारेर हिँड्दाको किसिम। (उदा. मसँग छुट्टिएपछि ऊ फटाफट घर गयो।)

फट्याङ्ग्रो-/फट्याङ्ग्रो/ना. लामा खुट्टा हुने फड्केर उफ्रँदै हिँड्ने एक प्रकारको किरो।

फतक्क-/फतक्क/क्रियो. १.पाकेको वस्तु बढी गिलो हुँदाको किसिम। (उदा. आँप फतक्क पाकेछ।) २.थकाइले ज्यादै गलेको किसिम। (उदा. दिनभरि हिँड्डा फतक्क गलियो।)

फनक्क-/फनक्क/क्रियो. १. जोडले घुम्दा वा अकस्मात् फर्कंदाको किसिम। (उदा. रामलाई भेट्नासाथ ऊ फनक्क घर फर्कियो।) २. रिसाउँदाको किसिम।

फन्कनु-/फन्कनु/क्रि. हे. रिसाउनु।

फन्को-/फन्को/ना. १. घुम्ने काम, परिक्रमा, घुम्ती। २. डोरी आदिको बँधाइको पटक, डोरीको फेरो। (उदा. डोरीले एक फन्को कसेकाले सामान खसेन।)

फन्न-/फन्न/क्रियो. कुनै वस्तु अचानक घुम्दाको किसिम। (उदा. मेसिन फन्न घुम्छ।)

फरक-/फरक्/ना. कुनै वस्तु, विषय आदिमा हुने अमिल्दो विशेषता, भिन्नता। (उदा. चित्रमा फरक छुट्याऊ)

फरफराउनु-/फर्फराउनु/अक्रि. कागज, कपडा आदि हावाले हल्लनु, फरफर गर्नु।

फराक-/फराक्/वि. चौडाइ धेरै भएको, फैलिएको, फराकिलो। (उदा. हाम्रो कक्षा कोठा फराक छ।)

फराकिलो-/फराकिलो/वि. फराक । (उदा. फराकिलो कोठा)

फरिया-/फरिया/ना. स्त्रीहरूले कमरदेखि गोली गाँठोसम्म छोपिने गरी लगाउने एक प्रकारको लुगा, गुनिउँ, साडी ।

फरेनहाइट-/फरेन्हाइट्/ना. तापक्रम नाप्ने एकाइ ।

फर्कनु-/फर्क्नु/क्रि. १. गएको ठाउँबाट पछाडि आउनु, एकापट्टिबाट अर्कापट्टि पल्टनु, दिशा बदल्नु । २. सापटी वा ऋण दिएको रुपियाँ, पैसा, सामान आदि फिर्ता हुनु ।

फर्सी-/फर्सि/ना. लहरामा ठुलो दाना फल्ने तरकारी खाइने एक प्रकारको फल वा त्यसको लहरे बोट ।

फल-/फल्/ना. रुख, बोट, लहरा आदिमा लाग्ने दाना वा गेडा । (उदा. मेवा, अनार, आँप उत्तम फल हुन् ।)

फलफूल-/फल्फुल्/ना. १. फल र फूल । २. फल तथा फूलको बोट बिरुवा । (उदा. उसले बगैँचामा फलफूल लगाएको छ ।)

फलाउनु-/फलाउनु/क्रि. फल लाग्ने पार्नु, उब्जाउनु । (उदा. किसानहरूले अन्न, फलफूल फलाए ।)

फलाँट-/फलाँट्/ ना. पहाडी भेगमा पाइने कडा काठ हुने एक प्रकारको वनस्पति ।

फलानो-/फलानो/सर्व. नाम उल्लेख नगरिएको वा किटान नगरिएको कुनै व्यक्ति, वस्तु आदि जनाउन प्रयोग हुने शब्द । (उदा. फलानो नभन, नामै तोकेर भन ।)

फलाम-/फलाम्/ना. केही कालो र खैरो रङको एक प्रकारको कडा धातु । (उदा. फलामको पाइप बलियो हुन्छ ।)

फलेक-/फलेक्/ना. हे. फल्याक

फल्नु-/फल्नु/क्रि. १. रुख, बोट, लहरो वा जरामा फल लाग्नु । (उदा. आँप रुखमा फल्छ ।) २. परिणाम देखिनु ।

फल्याक-/फल्याक्/ना. आराले चिरेर चेप्टो, चाक्लो र पातलो बनाइएको काठ । (उदा. फल्याकबाट डेस्क, ब्ल्याकबोर्ड, बेन्च आदि बनाइन्छ ।)

फसल-/फसल्/ना. खेतबारीमा हुने उब्जनी, अन्नबाली । (उदा. राम्रो वर्षा हुनाले यसपालि फसल राम्रो भयो ।)

फस्को-/फस्स्को/वि. फस्स फस्कने वा फुस्कने, खुकुलो, शिथिल ।

फस्नु-/फस्नु/क्रि. १. पासो, बन्धन, जाल आदिमा पर्नु । (उदा. चरो जालमा फस्यो ।) २. खाल्डो, हिलो आदिमा गाडिनु । (उदा. गाडी हिलोमा फस्यो ।) ३. समस्या वा फन्दामा पर्नु । (उदा. म समस्यामा फसेँ ।) ४. रक्सी, जुवा, तास आदि दुर्व्यसन तथा खराब काममा लाग्नु । (उदा. राम कुलतमा फस्यो ।)

फहराउनु-/फह्राउनु/ क्रि. फरफर गर्नु, हावाले हल्लनु ।

फाँड्नु-/फाँड्नु/क्रि. जङ्गलका झाडी, झारपात आदि काटेर तथा उखेलेर सफा पार्नु, फँडानी गर्नु । (उदा. वन फाँड्नु)

फाइदा- ना. लेनदेनमा आफूलाई हुने लाभ, नाफा ।

फागु-/फागु/ना. १. फागुन शुक्ल पूर्णिमाका दिन वा त्यसको भोलिपल्ट रङ, अबिर आदि खेलेर मनाइने उत्सव, होली । २. फागु पूर्णिमामा खेल्न प्रयोग गरिने रङ, फगुवा ।

फागुन-/फागुन्/ना. विक्रम संवत्को एघारौँ महिना ।

फाटो-/फाटो/ना. एक अर्काको विचार नमिल्दा हुने बेमेल, मतभेद ।

फाट्नु-/फाट्नु/क्रि. लुगा, जुत्ता, कपडा आदि च्यातिनु ।

फाराम-/फाराम्/ ना. कुनै विषय, व्यक्ति आदिसँग सम्बन्धित विवरण लेख्न सङ्घ संस्था आदिले तयार पारेको निश्चित ढाँचाको कागज । (उदा. प्रवेशिका परीक्षाको फाराम भरियो ।)

फारो-/फारो/ना. थोरैले काम चलाउँदाको स्थिति, किफायत । (उदा. पानी फारो गरेर चलाउनु पर्छ ।)

फार्म-/फार्म्/ना. १. योजना अनुसार बाली, तरकारी, फलफूल आदि लगाउने ठाउँ, खेती गर्ने ठाउँ । (उदा. कृषि फार्म) २. पशुपन्छी पाल्ने तथा संरक्षण र त्यससँग सम्बन्धित व्यवसाय गर्ने संस्था । (उदा. कुखुरा फार्म ।)

फाली-/फालि/ना. १.हलोको टुप्पामा जडान गरिने केही लामो चेप्टो, पातलो फलामको साधन २.काठ चिल्याउने रन्दाको फलामे पत्ती ।

फाल्नु-/फाल्नु/क्रि. कुनै वस्तुलाई एक ठाउँबाट अर्कोतिर हटाउनु, मिल्काउनु, फ्याक्नु, छुट्याउनु ।

फिक्का-/फिक्का/वि. स्वाद कम भएको खल्लो, चहक कम भएको, हल्का । (उदा. फिक्का रङ)

फिँजाउनु-/फिँजाउनु/क्रि. फिंजिने पार्नु, ओछ्याउनु, फैलाउनु । ( उदा. भाइले भुइँमा गुन्द्री फिँजायो ।)

फिरफिरे-/फिरफिरे/वि. १. हावाको धक्काले फिरफिर हल्लने वा घुम्ने । २. पात, कागत आदिबाट बनाइएको हावाको धक्काले घुम्ने खेलौना ।

फिल्टर-/फिल्टर्/ना. कुनै चिजमा रहेको फोहोर तथा कसर छान्न प्रयोग गरिने एक प्रकारको भाँडो वा त्यस्तो यन्त्र । (उदा. रमेशले फिल्टरमा छानेको पानी पियो ।)

फिस्टो-/फिस्टो/वि. भँगेरोभन्दा सानो एक प्रकारको चरो ।

फुकाउनु -/फुकाउनु/क्रि.१. मुखको हावा वा यन्त्रको सहायताले आगो आदि फुक्न लगाउनु। २. झारफुक गर्न लगाउनु।

फुकाउनु -/फुकाउनु/क्रि. बाँधेको जन्तु, सामान आदिलाई मुक्त गर्नु। (उदा. गाईवस्तु फुकाउनु।)

फुच्चे- /फुच्चे/वि. होचो कदको, पुड्को, सानो।

फटबल- /फुट्बल्/ना. लात्तीले हानेर खेलिने छाला वा रबरले बनेको ठुलो भकुन्डो वा त्यसको खेल।

फुटाउनु-/फुटाउनु/क्रि. १. टुक्रा पार्नु, टुक्र्याउनु, फोर्नु, चर्काउनु। (उदा. भाइले ऐना फुटायो।) २. बेमेल वा फुट गराउनु, फाटो पार्नु। (उदा. उसले साथीहरूलाई फुटायो।)

फुट्नु-/फुट्नु/क्रि. १. सग्लो वस्तु टुक्रिनु, टुट्नु, छुट्टिनु, चर्कनु, मिलेको वस्तु अलग्गिनु २. बेमेल हुनु, फाटो पर्नु।

फुत्त-/फुत्त/क्रियो. १. अकस्मात् निस्कँदा, पस्दा वा फ्याँक्दाको किसिम। २. उफ्रँदाको किसिम। (उदा. भ्यागुतो फुत्त उफ्रेर झाडीमा लुक्यो।)

फुपू-/फुपु/ना. बाबुकी दिदी वा बहिनी।

फुर्के-/फुर्के/वि. १. पुच्छरको फुर्को भिन्नै रङ भएको, टुप्पो र छेउमा फुर्को भएको। २. फुर्कने, छिट्टै मक्ख पर्ने। (उदा. फुर्के केटो चकलेट दिँदा मक्ख पर्‍यो।)

फुर्तिलो-/फुर्तीलो/ वि. धेरै फुर्ती भएको, छिटो र छरितो, जाँगरिलो।

फुर्ती-/फुर्ति/ना. काममा हुने उत्साह, जाँगर सक्रियता, धाक, रवाफ। (उदा. ऊ पढ्नमा फुर्ती गर्छ।)

फुर्सद-/फुर्सद्/ना. काम नभएको समय, खाली समय। (उदा. फुर्सदको समयमा उनी सङ्गीत सुन्छन्।)

फुल-/फुल्/ना. १. चरा, माछा, सर्प आदिको अन्डा, डिम्मा। (उदा. कुखुराको फुल पौष्टिक आहार हो।) २. भुट्दा फुलेको मकै।

फुलाउनु-/फुलाउनु/क्रि. फुल्ने पार्नु। (उदा. मालीले मिहिनेत गरेर फूल फुलायो।)

फुली-/फुलि/ना. स्त्रीहरूले नाकको दायाँ वा बायाँ भागमा लगाउने सानो फूल जस्तो सुन वा चाँदीको गहना, प्रहरी सेना आदिको पोसाकमा जडिने दर्जा अनुसारको चिह्न। (उदा. इन्स्पेक्टरको सर्टको काँधमा खुकुरी क्रसको फुली लगाइएको छ।)

फुलो-/फुलो/ना. १. ढिकीमा कुटेर तेल पेल्न तयार पारिएको तोरी, सर्स्युँ आदिको धुलो, २. भात पकाएको भाँडाको पिँधमा बस्ने भातको सिताको दाग। ३. आँखामा सेतो थोप्लो देखिने रोग।

फुल्नु-/फुल्नु/क्रि. १. कोपिला फूल हुनु। २. खुसी, रिस, घमन्ड आदिले गजक्क पर्नु। ३.कालो रौँ सेतो हुनु।

फुस्रो-/फुस्रो/वि. चिल्लो नभएको, सुक्खा, ओभानो। (उदा. फुस्रो कपाल राम्रो देखिँदैन।)

फूल-/फूल्/ना. फल लाग्नुभन्दा पहिले बोट बिरुवामा लागेका कोपिलाको फक्रेको अवस्था, पुष्प, कुसुम। (उदा. गुराँसको फूल।)

फूलपाती-/फुल्पाति/ना. फूल र पाती, देवी देवतालाई चढाइएको फूलपाती, दसैंको सातौं दिन वा त्यस दिनमा भित्र्याइने फूल, पात आदि। (उदा. फूलपाती भित्र्याउँदाको रमाइलो।)

फूलबारी-/फूलबारि/ना.फूल रोप्ने बारी, धेरै फूल भएको ठाउँ, फूलको बगैँचा।

फेटा-/फेटा/ना. टाउकामा फेरो पारेर बेरिने लामो कपडा वा त्यस्तो पहिरन। (उदा. पन्जाबीहरू टाउकामा फेटा बाँध्छन्।)

फेरि-/फेरि/क्रियो. अर्कोपल्ट, अझ पनि, पुनः।

फेरो- /फेरो/वि. घुमाउरो, घुमेको, लामो।

फेर्नु-/फेर्नु/क्रि. कुनै वस्तु, विषय आदिलाई परिवर्तन गर्नु, बदल्नु। (उदा. लुगा फेरेर खाजा खान जाऊ।)

फैलनु-/फैलनु/क्रि. वस्तु, विचार आदि फिँजिनु, विस्तार हुनु, धेरैतिर सर्नु। (उदा. गाउँभरि हैजा फैलियो।)

फोक्सो-/फोक्सो/ना. सास तान्दा फुल्ने र छाड्दा खुम्चने छातीभित्र रहने महत्त्वपूर्ण अङ्ग।

फोटो-/फोटो/ना. क्यामराबाट उतारिएको तस्बिर, छायाचित्र।

फोर्नु-/फोर्नु/क्रि. सग्लो वस्तुलाई टुक्रा पार्नु, फुटाउनु। (उदा. सानीले ओखर फोरेर दिउल भिकिन्।)

फोहोर-/फोहोर्/ना. घिनलाग्दो वस्तु, मैलो, मयल।

फौज-/फौज्/ना. १. सेना। २. ठूलो जमात, हुल।

फौजदारी-/फौज्दारि/वि. कुटपिट, हत्या, चोरी आदिसँग सम्बन्धित। (उदा. फौजदारी मुद्दा।)

फ्याँक्नु- क्रि. कुनै वस्तु कतैतिर फाल्नु, मिल्काउनु, हुत्त्याउनु।

फ्रक-/फ्रक्/ना. केटीले लगाउने कम्मरदेखि घुँडासम्म आउने केही फुकेको कपडा।

फ्रेम-/फ्रेम्/ना. फोटो, तस्बिर, ऐना आदिलाई घेराबन्दी गरी राखिने काठ आदिको खाका, ढाँचा, साँचो, चौकोस। (उदा. फ्रेम भाँचिनाले ऐना खुस्कियो।)

बँदेल-/बँदेल्/ना. वनमा पाइने एक प्रकारको सुँगुर जातको हिंस्रक जन्तु, जङ्गली सुँगुर ।

बकाइनो-/बकाइनो/ना. निमको जस्तो पात हुने, कीटाणु, कफ आदि नाश गर्ने गुण भएको एक जातको रुख ।

बकुल्लो-/बकुल्लो/ना. घाँटी र खुट्टा लामो हुने, सिमसारमा घुमफिर गर्ने एक जातको पन्छी ।

बक्खु-/बक्खु/ना. मोटो ऊनबाट बनेको कोट जस्तो लामो, बाक्लो लुगा ।

बखान-/बखान्/ना. गुणगानको वर्णन, तारिफ, प्रशंसा । (उदा. इन्द्रका अगाडि स्वर्गको बखान)

बगर-/बगर्/ना. नदी वा खोलाका किनारको ढुङ्गा र बलौटो भएको जमिन । (उदा. नदीको बगरमा ढुङ्गो र बालुवा हुन्छन् ।)

बगली-/बगलि/ना. कोट, कमिज आदिको दायाँबायाँतिर पैसा, कागज आदि राख्न हुने ठाउँ, खल्ती, गोजी । (उदा. पैसा बगलीमा राख ।)

बगाउनु-/बगाउनु/क्रि. १.पानीको प्रवाहमा हिँडाउनु । २. बढ्ता धन खर्च गर्नु । (अनावश्यक कुरामा धन नबगाऊ ।)

बगाल-/बगाल्/ना. पशुहरूको समूह, बथान, हाँच ।

बगैँचा-/बगैँचा/ना. १. फलफूलको खेती प्रशस्त भएको जग्गा । २. फूलका बिरुवा रोपेको बारी, फूलबारी, उद्यान । (उदा. बगैँचामा फलफूलका बिरुवा रोपिएका छन् ।)

बग्नु-/बग्नु/क्रि. पानी आदि तरल पदार्थ तलतिर झर्दै जानु, पानीमा कुनै वस्तु तैरिएर जानु । (उदा. पानीमा पात बग्यो ।)

बङ्गारा-/बङ्गारा/ना. मुखको दायाँबायाँ हुने खाएको कुरा चपाउन उपयोगी दाँत । (उदा. बङ्गरा दुख्नाले भुटेको मकै चपाउन सकिएन ।)

बङ्गुर-/बङ्गुर्/ना. बँदेल र सुँगुरको ठिमाहा, एक प्रकारको सुँगुर । (उदा. बङ्गुरको मासु ।)

बङ्ग्याउनु-/बङ्ग्याउनु/क्रि. बाङ्गो पार्नु, टेढो बनाउनु ।

बचत-/बचत्/ उपयोग गरेर बाँकी रहेको तथा बचेको धनमाल, भविष्यमा उपयोग गर्नका निम्ति बैङ्कमा पैसा राख्ने एक खाता । (उदा. श्यामले बैङ्कमा बचत खाता खोलेको छ ।)

बचाउ- ना. बचाउने काम, बचावट, बचाब ।

बचाउनु-/बचाउनु/क्रि. बचाउ गर्नु, रक्षा गर्नु, बचत गर्नु । (उदा. तिमीले मलाई सङ्कटबाट बचायौ ।)

बचेरो-/बचेरो/ना. चराको सानो बच्चो । (उदा. माउले बचेराका मुखमा चारो हालिदियो ।)

बच्चो-/बच्चो/ना.१.भरखर जन्मिएको शिशु, सानो बालक । २. चराको शिशु, बचेरो ।

बच्नु-/बच्नु/क्रि. १. खतरा वा सङ्कटबाट जोगिनु । २. उपयोग गरेर बाँकी रहनु । (उदा. बचेको खानेकुरा माग्नेलाई दिइयो ।)

बछेडो-/बछेडो/ना. घोडाको बच्चो ।

बजाउनु-/बजाउनु/क्रि. १. बाजा आदिबाट आवाज निकाल्नु । २. ठोकेर वा ठटाएर आवाज आउने पार्नु ।

बजार-/बजार्/ना. उपभोग्य सामानहरू खरिद बिक्री हुने ठाउँ, धेरै पसल भएको ठाउँ, हाट बजार ।

बजे-/बजे/क्रियो. खास समय बितेपछि, घडीको निश्चित समयमा । (उदा. दस बजेदेखि चार बजेसम्म विद्यालयमा पढाइ हुन्छ ।)

बजेट-/बजेट्/ना. सरकारले वर्षभरि गर्ने खर्च र आयको विवरण, आय व्ययको अनुमानित विवरण, लेखाजोखा । (उदा. अर्थमन्त्रीले सरकारको बजेट प्रस्तुत गर्छन् ।)

बजै-/बजै/ना. १. हजुर आमा, बाजेकी श्रीमती । २. वृद्ध आइमाई । ३. सासू ।

बज्नु-/बज्नु/क्रि. बाजा आदिबाट आवाज निस्कनु, आबाज आउनु । ( उदा. बिहाको बाजा बज्यो ।)

बटर-/बटर्/ना. प्रशोधन नगरेको घिउ, नौनी । (उदा. पाउरोटीमा बटर दलेर खाँदा मिठो हुन्छ ।)

बटुको-/बटुको/ना. तरकारी, दाल आदि खाइने केही गहिरो र गोलो घेरो भएको सानो भाँडो, कचौरो ।

बटुल्नु-/बटुल्नु/क्रि. छरिएका वस्तुलाई एक ठाउँमा जम्मा गर्नु, एकत्रित पार्नु, सङ्कलन गर्नु । (उदा. सानीले छरिएका किताब बटुलिन् ।)

बटुवा[1]-/बटुवा/ना. बाटो हिँड्ने मानिस, यात्री, यात्रु । (उदा. बटुवाहरू पाटीमा बास बसे ।)

बटुवा[2]-/बटुवा/वि. बाटिएको, बाटेको । (उदा. बटुवा डोरी)

बट्टा-/बट्टा/ना. मसला वा कुनै चिज राख्ने बिर्को समेत भएको काठ वा टिनको भाँडो, डब्बा, डिब्बा ।

बड्कौंला-/बड्कौंला/ना. भेडा, बाखा आदिको विष्ठा ।

बडहर-/बडहर्/ना. ठुला र खस्रा पात हुने गाईवस्तुलाई घाँस खुवाइने, अमिलो स्वादको फल फल्ने, दुध जस्तै सेतो चोप आउने एक जातको रुख ।

बडो-/बडो/वि. १. आकारका दृष्टिले ठुलो, विशाल। (उदा. बडो ठुलो ढुङ्गो) २. बढ्ता, बढी, धेरै, ठुलो दर्जाको ।

बढाउनु-/बढाउनु/क्रि. विस्तार गर्नु, वृद्धि गर्नु, थप गर्नु । (उदा. आम्दानी बढाउन धेरै मिहिनेत गर्नुपर्छ ।)

बढार्नु-/बढार्नु/क्रि. कुचो, खरेटो आदिले फोहोर मैला सोहोर्नु, सफा गर्नु । (उदा. भाइले कोठा बढाऱ्यो ।)

बढिया-/बढिया/वि. राम्रो गुण भएको, उत्तम, असल ।

बढ्नु-/बढ्नु/क्रि. कुनै वस्तुको आकार मात्रा आदिमा वृद्धि हुनु, योग्यता, क्षमता वृद्धि हुनु । (उदा. बिरुवा हलक्क बढ्यो ।)

बताउनु-/बताउनु/क्रि. कुनै कुरा, प्रसङ्ग, घटना आदिको विषयमा भन्नु, वर्णन गर्नु। (उदा. उसले यात्राका बारेमा सबै कुरा बतायो ।)

बतास-/बतास्/ना. बेगिलो हावा, हुरी । (उदा. बतासले छानो उडायो ।)

बत्ती-/बत्ति/ना. घिउ, तेल आदिमा भिजाई बाल्न सकिने कपास, धागो आदिबाट बनाइएको वस्तु। (उदा. पूजा गर्दा दियोमा बत्ती बालिन्छ ।)

बथान-/बथान्/वि. पशु, पन्छी आदिको समूह, हुल, बगाल। (उदा.जङ्गली हात्तीको बथान आएकाले गाउँलेहरू घर छाडेर भागे ।)

बदमास-/बद्मास्/वि. खराब काम गर्ने, खराब आचरणको, गलत आचारण भएको। (उदा. बदमास केटो ।)

बदला-/बदला/ना. १. सट्टामा लिइएको वा दिइएको, साटो, सोधभर्ना, क्षतिपूर्ति । २. प्रतिशोध । (उदा. बदला लिनु)

बदली[1]-/बदलि/ना. बदल्ने काम, साटफेर, हेरफेर गर्ने काम, अदलबदल ।

बदली[2]-/बदली/वि. बादल लागेको, धुम्मिएको। (उदा. आज बदली होला जस्तो छ !)

बधाई-/बधाइ/ना. कसैको सफलतामा दिइने शुभ कामना, प्रशंसा, स्याबासी । (उदा. प्रथम श्रेणीमा पास भएकाले तिमीलाई बधाई छ ।)

बनाउनु-/बनाउनु/क्रि. १. निर्माण गर्नु, बन्ने पार्नु । २. बिग्रेको सामान मर्मत गर्नु । (उदा. उसले बिग्रेको घडी बनायो ।)

बनोट-/बनोट्/ना. १. बन्ने तथा बनाउने काम । २. स्वरूप, आकार, संरचना । (उदा. घरको बनोट)

बन्चरो-/बन्चरो/ना. रुख ढाल्ने, दाउरा चिर्ने काममा उपयोगी फलामको हतियार ।

बन्द-/बन्द/वि. १. थुनिएको वा नखुलेको अवस्थाको, नचलेको, छोपिएको, ढाकिएको। २. रोकावट, छेकथुन, रोक्का । (उदा. बन्द ढोका)



[stamp]

बन्दा-/बन्दा/ना. पातहरू नफुलेको फल जस्तो डल्लो हुने एक जातको कोबी ।

बन्दुक-/बन्दुक्/ना. गोली बारुद भरेर ताकेर प्रहार गरिने एक प्रकारको हतियार । (उदा. उसले बन्दुकले हानेर चरो मार्‍यो ।)

बन्देज-/बन्देज्/ना. रोक्ने काम, रोकावट, रोक्का । (उदा. हडतालले आवागमनमा बन्देज लागेको छ ।)

बन्दोबस्त- ना. कुनै गतिविधि वा काम कारबाहीका लागि गरिने पूर्व तयारी, प्रबन्ध ।

बन्धन-/बन्धन्/ना. बाँध्ने काम वा प्रक्रिया, बाँध्ने साधन । (उदा. बन्धन चुँडिनाले बाँधेको सामान खस्यो ।)

बन्नु-/बन्नु/क्रि. १. कुनै वस्तु निर्माण हुनु, सप्रिनु, उन्नति हुनु । २. बिग्रेको सामान चल्ने अवस्थामा आउनु, मर्मत हुनु ।

बमोजिम-/बमोजिम्/नायो. अनुसार, मुताबिक ।

बयर-/बयर्, बएर्/ गर्मी ठाउँमा काँडादार झ्याङमा फल्ने पाकेपछि केही अमिलो र गुलियो हुने फल । (उदा. बयरको अचार चखिलो हुन्छ ।)

बयल-/बयल्/ना. गाईको भाले, गोरु । (उदा. बयल गाडा)

बयल गाडा-/बयल् गाडा/ना. गोरु वा बयलले तान्ने गाडा ।

बयान-/बयान्/ना. १. कुनै वस्तु, घटना, व्यक्ति आदिको वर्णन वा विवरण । २. अड्डा अदालतले कसैबाट लिने विस्तृत जानकारी । (उदा. गाउँलेहरू घटनाको बयान दिन अदालत गए ।)

बयेली-/बएलि/ना. धान, गहुँ आदिको बोटमा हावा चल्दा देखिने लहर । (उदा. धान बयेली खेलेको दृश्यले मन लोभिन्छ ।)

बर-/बर्/ना. ठुला हाँगा र बाक्ला पात भएर झाँगिने एक प्रकारको रुख । (उदा. चौतारामा बरको रुख छ ।)

बरबराउनु-/बर्बराउनु/क्रि. बरबर गर्नु, बकबक गर्नु, बेसुरमा कराउनु, अस्पष्ट बोल्नु । (उदा. उनी निद्रामा बरबराउँछन् ।)

बरबाद-/बर्बाद्/वि. बिग्रेको, नासिएको, बेकम्मा ।

बराजु-/बराजु/ना. बाजेका बाबु, हजुर-बुबाका बुबा, बाजेभन्दा पहिलेका पुर्खा । (उदा. बाजे बराजुका पालाको सामान उनले अझै जोगाएर राखेका छन् ।)

बराबर-/बराबर्/वि. कुनै वस्तुको लम्बाइ, चौडाइ आदि समान रहेको, आकार प्रकारमा एकनास । (उदा. टेबुल र कुर्सी बराबर साइजका छन् ।)

बरु-/बरु/संयो. त्यसभन्दा अझ, त्यसो हो भने, उसो भए । (उदा. केही नगरीकन बस्नुभन्दा बरु सानोतिनो व्यापार गर्नु राम्रो हुन्छ ।)

बर्गत-/बर्गत्/ना. १. क्षमता, शक्ति । २. हे. बल

बर्धन्ने-/बर्धन्ने/ना. दीर्घ उकार जनाउने मात्रा ।

बर्सनु-/बर्सनु/क्रि. बर्षा हुनु, पानी, असिना पर्नु । (उदा. पानी झमझम बर्सन्छ ।)

बर्साउनु-/बर्साउनु/क्रि.बर्सने पार्नु, खसाल्नु, झार्नु । (उदा. डाँकाहरूले गाउँलेमाथि गोली बर्साए ।)

बल-/बल्/ना. शरीरमा हुने शक्ति, तागत ।

बलियो-/बलियो/वि. बल भएको, शक्तिशाली, धेरै खप्ने, छिटो नबिग्रने ।

बल्नु-/बल्नु/क्रि. आगाको ज्वाला निस्कनु, बत्ती आदि सल्कनु ।

बल्ल-/बल्ल/क्रियो. मुस्किलले, बलले, कठिनसँग धेरै समयमा, धेरै पछि । (उदा. ऊ यस पालि बल्ल पास भयो ।)

वश-/बस्/ना. नियन्त्रण, पकड । (उदा. मृत्यु मान्छेको वशमा हुँदैन ।)

बस पार्क-/बसपार्क्/ना. टाढा टाढाबाट बस आउने र टाढा टाढा जान हिँड्ने ठाउँ । (उदा. बस पार्क गएर बस चढियो ।)

बसाउनु-/बसाउनु/क्रि. बस्ने पार्नु, बस्न लगाउनु, बसोबास गराउनु । (उदा. उसले गाउँलेलाई आफ्नो टोलमा बसायो ।)

बसोवास-/बसोबास्/ना. बस्ने ठाउँ, वास स्थान, बस्ती । (उदा. हाल तपाईंको बसोवास कहाँ छ ?)

बस्नु-/बस्नु/क्रि. आसनमा रहनु, गोडा खुम्च्याएर जमिनमा चाक अड्याउनु ।

बहनु-/बहनु/क्रि. १. तरल पदार्थ अग्लो ठाउँबाट होचोतिर बिस्तारै झर्नु, बग्नु । २. बिस्तारै हावा चल्नु ।

बहर-/बहर्/ना. गाईको भाले बाछो । विप. बाछी । (उदा. गाईले बहर पाएछ ।)

बहिनी-/बहिनि/ना. १. एकै आमाका गर्भबाट आफूभन्दा पछि जन्मिएकी स्त्री । २. काका, ठुला बुबा, सानी आमा, मामा, फुपू आदिकी आफूभन्दा कम उमेरकी छोरी । ३. आफूभन्दा कम उमेरकी स्त्री ।

बहिरो-/बहिरो/वि. कान नसुन्ने (मान्छे) ।

बहुदल-/बहुदल्/ना. धेरै दल हुने राजनीतिक व्यवस्था ।

बहुमत-/बहुमत्/ना. धेरै मानिसको मत । (उदा. बहुमतको कदर गर्नुपर्छ ।)

बहुमूल्य- /वि. धेरै मोल पर्ने, दामी ।

बहुवचन-/बहुबचन्/ना. एकभन्दा बढी वा अनेक जनाउने व्याकरणात्मक कोटि । (उदा. 'म' को बहुवचन हामी हो ।)

बाँ-/बाँ/ना. १. गाई कराउँदा आउने आबाज, २. बालबोलीमा गाईलाई जनाउने शब्द ।

बाँकी-/बाँकि/वि. खर्च वा उपयोग गरेर बचेको, शेष रहेको । (उदा. बाँकी पैसा तिमी आफैसँग राख ।)

बाँच्नु-/बाँच्नु/क्रि. जिउँदो हुनु, जीवित रहनु, जोगिनु ।

बाँझो-/बाँझो/वि. १. खनजोत नभएको, आवाद नगरिएको । (उदा. बाँझो खेत) २. सन्तान जन्माउन नसक्ने ।

बाँड्नु-/बाँड्नु/क्रि. कुनै वस्तु धेरै जनालाई भाग लगाएर दिनु, वितरण गर्नु ।


बाँदर-/बाँदर्/ना. मानिसका जस्तै हात, गोडा र अनुहार हुने, लामो पुच्छर भएको, स्तनधारी जनावर ।

बाँध-/बाँध्/ना. खोला, नदी आदिको पानी थुन्न बनाइएको एक प्रकारको छेकवार, पर्खाल, तटबन्ध । (उदा. गाउँलेले खोलामा बाँध बनाएर खेतमा पानी लगाए ।)

बाँध्नु-/बाँध्नु/क्रि. १. कुनै वस्तुलाई डोरी, धागो आदिले कस्नु, बन्धनमा पार्नु, घेर्नु । २. निर्माण गर्नु । (उदा. गाई बाँध्नु, पराल बाँध्नु ।)

बाँस-/बाँस्/ना. डोको, डालो, नाङ्लो आदि बनाउने, घर छाउने, बार्ने काममा उपयोगी एक प्रकारको वनस्पति ।

बाँसुरी-/बाँसुरी/ना. बाँस, निगालो आदिलाई प्वाल पारेर बनाइएको मुखले फुकेर बजाइने एक प्रकारको बाजा ।



बा-/बा/ना. बुबा, बाबु, पिता ।

बाण-/बाण्/ना. धनुमा राखेर ताँदोले लक्ष्यतिर हुत्त्याइने तिखो र धारिलो अस्त्र, काँड, तीर ।

बाइबल-/बाइबल्/ना. इसाईहरूको धार्मिक ग्रन्थ ।

बाइमात्रा- बाइमात्रा/ना. ह्रस्व इकार जनाउने मात्रा ( ि ) ।

बाइसे-/बाइसे/वि. पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा पहिले राप्तीदेखि पश्चिममा रहेकाससाना राज्यहरू ।

बाकस-/बाकस्/ना. लुगा, सामान आदि राख्ने काठ वा टिनबाट बनाइएको खोल्न तथा बन्द गर्न मिल्ने साधन ।

बाक्लो-/बाक्लो/वि. १. मोटाइ बढी भएको, मोटो २. गाढा, जमेको, घना । (उदा. बाक्लो कपडा)

बानी-/बानि/ना. निरन्तर अभ्यासबाट प्राप्त हुने असल वा खराब स्वभाव, आदत, लत । (उदा. अनावश्यक गफ गर्ने बानी राम्रो होइन ।)

बाखो-/बाक्खो/ना. मासुका निम्ति पालिने एक प्रकारको चारखुट्टे पशु ।

बाघ-/बाघ्/ना. मृग, बाख्रा, गाई आदिको सिकार गर्ने बिरालो जातको तर ठुलो टाटेपाटे वर्णको हिंस्रक जङ्गली जनावर ।

बाङ्गिनु-/बाङ्गिनु/क्रि. बाङ्गो हुनु, टेढिनु, दोब्रिनु । (उदा. भित्तामा ठोकिएको किला बाङ्गियो ।)

बाङ्गो-/बाङ्गो/वि. टेढो, अमिल्दो । (उदा. बाङ्गो लट्ठी ।)

बाङ्गोटिङ्गो- बाङ्गोटिङ्गो/वि. धेरै ठाउँमा बाङ्गिएको, टेढोमेढो, बाङ्गो । (उदा. बाङ्गोटिङ्गो रुख ।)

बाछो-/बाछो/ना. गाईको भाले बच्चो, बहर ।

बाज-/बाज्/ना. चिल जस्तो एक प्रकारको सिकारी चरो । (उदा. बाजले परेवाको सिकार गर्छ ।)



बाजा-/बाजा/ना. फुकेर, ठोकेर, रेटेर वा थिचेर विभिन्न ढङ्गले ताल र सुर निकालेर बजाइने साधन । (उदा. बिहामा बाजा बजाइएको थियो ।)

बाजे-/बाजे/ना. बाबुका बाबु, हजुर बुबा । (उदा. बाजेले मलाई धेरै माया गर्नुहुन्छ ।)

बाझाबाझ-/बाझाबाझ्/ना. आपसमा बाझ्ने काम,आपसी झगडा, भनाभन । (उदा. बाझाबाझले अन्त्यमा कुटाकुट नै भयो ।)

बाझ्नु- बाझ्नु/क्रि. कुनै निहुँमा एक अर्कामा भनाभन गर्नु, झगडा गर्नु । (उदा. छिमेकीसँग बाझ्नु राम्रो होइन ।)

बाट-/बाट/विभ. अपादान कारकमा लाग्ने विभक्ति । (उदा. म भऱ्याङबाट लडे ।)

बाटुलो-/बाटुलो/वि. गोलो वा डल्लो परेको, वृत्ताकार । (उदा. भकुन्डो बाटुलो हुन्छ ।)

बाटो-/बाटो/ना. १. हिँडडुल, आवतजावत गर्न सजिलो गोरेटो, मार्ग, सडक । (उदा. मलाई स्कुल जाने बाटो देखाइदेऊ ।) २. तरिका, उपाय ।

बाट्नु-/बाट्नु/कि .पोयो बटारेर डोरी, धागो आदि मोटो बनाउनु । (उदा. धागो बाटेपछि दऱ्हो हुन्छ ।)

बाठो-/बाठो/वि. बोली, व्यवहार आदिमा चलाख चतुर, बुद्धिमान्, टाठो, चनाखो । (उदा. बाठो मान्छे, बाठो स्याल)

बाढी-/बाढि/ना. झरी परेर खोला नदी आदिमा आउने पानीको ठुलो प्रवाह, ठुलो भेल । (उदा. बाढीले नदीको ढुङ्गा बगाएछ ।)

बादल-/बादल्/ना. [illegible]को तापले पानी सोसिँदा बनेको बाक्लो बाफ, कुहिरो, पानी बर्साउने मेघ । (उदा. बादल लागेपछि पानी पर्छ ।)

बादशाह-/बाद्साह/ना. राजाहरूका राजा, धेरै देशका राजा। (उदा. प्राचीन कालमा भारतमा अकबर नामका बादशाह थिए रे।)

बाधा-/बाधा/ना. कुनै काममा हुने अवरोध, खिचलो, विघ्न, रोकावट। (उदा. मेरो काममा बाधा नपुऱ्याऊ।)

बान्की-/बान्कि/ना. छाँटकाँट, रूपरङ, ढाँचा, नमुना। (उदा. बान्की मिलेका बुट्टाहरू।)

बान्ता-/बान्ता/ना. निलेको वस्तु मुखबाट निस्कने काम, वमन। (उदा. ढलको दुर्गन्धले झन्डै बान्ता आयो।)

बापत-/बापत्/नायो. काम गरेको नाताले, सट्टामा, बदलामा, निम्ति, लागि। (उदा. राम्रो काम गरेबापत उसले पुरस्कार पायो।)

बाफ-/बाफ्/ना. उम्लिएको पानीबाट माथितिर उड्ने धुवाँ जस्तो तत्त्व। (उदा. तातो पानीबाट बाफ आउँछ।)

बाबा-/बाबा/ना. १. जोगी, साधु आदिलाई आदर गर्दा भनिने शब्द। (उदा. बाबाजीले प्रसाद ल्याइदिए।) २. बाबु, वृद्ध व्यक्ति आदिलाई भनिने शब्द, ३. साना नानीलाई माया गर्दा भनिने शब्द। (उदा. सानी बाबा।)

बाबियो-/बाबियो/ना. घर छाउने, डोरी बाट्ने आदि उपयोगमा आउने लामो मसिनो एक प्रकारको घाँस। (उदा. बाबियोको डोरी।)

बाबु-/बाबु/ना. १. आमा बाबुले छोराछोरीलाई स्नेहपूर्वक भन्ने शब्द, २.भाउजूले देवरलाई भन्ने शब्द। (उदा. ठुला बाबु।) ३. बुबा।

बायाँ-/बायाँ/वि. देब्रे हाततिरको, दायाँको विपरीत, प्रतिकूल, विपरीत, उल्टो। (उदा. बायाँ हातमा किताब छ।)

बार-/बार्/ना. गाईवस्तु, मान्छे आदिलाई छेक्न बनाइएको छेको, घेरो, पर्खाल। (उदा. बगैंचा काँडे तारले बारिएको छ।)

बारग्राफ-/बार्ग्राफ्/ना. ग्राफमा बनाएको तथ्याङ्क देखाउने चित्र।

बारम्बार-/बारम्बार्/क्रियो. निरन्तर, लगातार।

बारी-/बारि/ना. मकै, गहुँ, कोदो, फापर, तोरी आदि लगाउन हुने पानी नलाग्ने जग्गा, पाखो जमिन, घर नजिकको जग्गाको खण्ड। (उदा. बारीमा मकै रोपिएको छ।)

बारे-/बारे/नायो. कुनै विषय, प्रसङ्ग आदिका विषयमा, सम्बन्धमा। (उदा. यसबारे धेरै छलफल नगरौं।)

बालक-/बालक्/ना. कम उमेरको सानो बच्चो, शिशु।

बालगीत-/बाल्गित्/ना. बालकहरूले बुझ्ने भाषामा तयार गरिएको गीत, बालकहरूको गीत। (उदा. केटाकेटी बालगीत गाउँदै छन्।)

बालग्राम-/बाल्ग्राम्/ना. बाल बालिकाहरूलाई हेरचाह गर्ने वा खेलाउने घर ।

बाला¹-/बाला/ना. स्त्री जातिले हातको नाडीमा लगाउने सुनको चुरा, बाजु । (उदा. दुलहीले हातमा सुनका बाला लगाएकी छन् ।)

बाला²-/बाला/ना. धान, गहुँ, जौ आदिको दानैदानाको गुच्छो, झुप्पो । (उदा. धानको बाला, गहुँको बाला । )

बालापन-/बालापन्/ना. केटाकेटीको स्वभाव, केटाकेटीपन,बालकको स्वभाव ।

बालिका-/बालिका/ना. सानी केटी, बालक स्त्री, २. किशोरी ।

बालिग-/बालिग्/वि. बालक अवस्था पुरा गरेको जवान भएको, उमेर पुगेको, वयस्क । विप. नाबालिग ।

बाली-/बालि/ना. १. खेतबारीमा लगाएको तथा उब्जेको अन्न । (उदा. धानको बाली, हिउँदे बाली) २. खेती, खेतीपातीको पटक वा खेप । (उदा. तीन बाली लाग्ने खेत ।)

बालुवा-/बालुवा/ना. खोला आदिको किनारमा हुने ढुङ्गाको मसिना कण । ( उदा. बालुवा भएको जग्गामा उब्जनी कम हुन्छ ।)

बाल्टिन-/बाल्टिन्/ना. हातमा झुन्ड्याउन मिल्ने उभिन्डो सहितको ठुलो मुख भएको पानी राख्ने तथा बोक्ने भाँडो ।

बाल्नु-/बाल्नु/क्रि. दाउरा, कोइला, बत्ती आदि सल्काउनु, जलाउनु । (उदा. जाडोमा आगो बालेर ताप्दा न्यानो हुन्छ ।)

बासी-/बासि/वि. बनाएर पकाएर एक वा एकभन्दा बढी रात राखिएको, ताजा नभएको, पुरानो । (उदा. धेरै बासी खानेकुरा खानु हुँदैन ।)

बास्ना-/बास्ना/ना. फूल, फल, खानेकुरा आदिबाट आउने मिठो सुगन्ध, सुवास । (उदा. फूलको बास्ना हावामा फैलियो ।)

बाहिर-/बाहिर/क्रियो. खास स्थानबाट परतिर, अर्कापट्टि, भिन्न स्थानमा, अलग ठाउँमा । (उदा. कर्फ्यु लगाएको समयमा घरबाट बाहिर निस्कनु हुँदैन ।)

बाहुन-/बाहुन्/ना. पुरोहित, पण्डित, ब्राह्मण हिन्दु संस्कृति अनुसार चार वर्णमध्ये एक वर्णको जाति, ब्राह्एमण ।

बिँड-/बिँड्/ना. हँसिया, खुकुरी, कोदालो आदिमा हातले समाउने ठाउँको काठ, फलाम आदि । (उदा. खुकुरीको बिँड फुस्कियो ।)

बिँडी-/बिँडि/ना. धूमपानका निम्ति पात वा कागजमा बेरिएको सुर्ती, पेपर आदि । (उदा. बिँडी, चुरोट, तमाखुले स्वास्थ्यका लागि हानि गर्छ ।)

बिउ-/बिउ/ना. १. खेतबारीमा छर्न तथा रोप्नका लागि राखिएको अन्न । २. रोप्नका लागि ब्याडमा उमारिएको धान,

कोदो आदिको बिरुवा । (उदा. धानको बिउ लहलह भएको छ ।)

बिउँझनु-/बिउँझनु/क्रि. १. निद्रा हट्नु, जागा हुनु । २. सतर्क हुनु, होसियार हुनु ।

बिगबिगी-/बिगबिगि/ना. भय, आशङ्का आदिले जताततै ढाकिएको स्थिति । (उदा. सहरमा चोरको बिगबिगी बढेको छ ।)

बिगार-/बिगार्/ना. १. कुनै वस्तुमा देखिने खराबी, विकार, दोष । २. हानि, नोक्सान । (उदा. मैले तिम्रो के बिगार गरेको छु र ?)

बिगार्नु-/बिगार्नु/क्रि.बिग्रने पार्नु, हानि पुऱ्याउनु, विफल बनाउनु । (उदा. रामले आजको परीक्षा बिगारेछ । खडेरीले यसपालिको बाली बिगारेछ ।).

बिग्रनु-/बिग्ग्रनु/क्रि/ कुनै वस्तुमा विकार आउनु, खराबी हुनु, सड्नु, कुहिनु । (उदा. पानीमा डुब्नाले मेसिन बिग्रियो ।)

बिघ्न-/बिग्घ्न/वि. सोचेको वा चाहेकोभन्दा बढी, ज्यादा, प्रशस्त । (उदा. यति बिघ्न खानेकुरा ।)

बिच-/बिच्/नायो. माझमा, मध्य भागमा ।

बिचरा-/बिचरा/विबो. सहारा नभएको, असहाय, अनाथ, अशक्त । (उदा. बिचरा बाटामा नै अलपत्र परेछ ।)

बिचार्नु-/बिचार्नु/क्रि. कुनै विषयमा विचार गर्नु, सोच्नु ।

बिजात-/बिजात्/वि. जातमा नमिल्दो, कमसल जातको ।

बिजातीय-/बिजातिय/वि. बिजातको, कमसल जातको, भिन्न जातको ।

बिजुली-/बिजुलि/ना. १. पानी पर्न लाग्दा आकाशमा चम्कने प्रकाश । २. धातुको तारबाट करेन्ट सरेर ताप, प्रकाश आदि प्राप्त हुने एक प्रकारको ऊर्जा । (उदा. बिजुली बत्ती)

बिजोर-/बिजोर/वि. जोडी नभएको, एक्लो । (उदा. १,३,५ बिजोर अङ्क हुन् ।) विप. जोर ।

बिझ्नु-/बिझ्नु/क्रि. काँडो आदि तिखो वस्तु शरीरमा गाडिनु, कसैको कुराले कसैको मन दुःख्नु ।

बित्ता-/बित्ता/ना. पन्जा फिँजाउँदा बुढी औँलादेखि कान्छी औँलासम्मको नापो । (उदा. तीन बित्ता अग्लो बिरुवा ।)

बित्तिकै-/बित्तिकै/नायो. लगत्तै, सकिनासाथ, तत्काल, तुरुन्तै । (उदा. खानेबित्तिकै व्यायाम गर्नु राम्रो हुँदैन ।)

बित्थामा-/बित्थामा/क्रियो. व्यर्थमा, विना काममा, बिनसित्ति । (उदा. बित्थामा तिम्रो काम गरिएछ ।)

बित्नु-/बित्नु/क्रि. १. समय टार्नु, वेला गुज्रिनु, अवेर हुनु । २. बित्याँस पर्नु, बरबादं हुनु, सिद्धिनु, मर्नु । (उदा. बिरामी मान्छे राति नै बितेछ ।)

बित्याँस-/बित्त्याँस/ना. कुनै काम बरबाद भएको स्थिति । विगार, विनाश, आपत्, विपत्, सङ्कट । (उदा. बडो वित्यास पऱ्यो ।)

बिदा-/बिदा/ना. १.सङ्घ, संस्था, कार्यालय बन्द हुने दिन, कुनै कामबाट पाइने वा लिइने छुट्टी, अवकाश । २. छुटकारा, मुक्ति ।

विर्नासित्ति-/बिनसिति/क्रियो. ब्यर्थमा, बित्थामा, अत्यन्त कम, नगण्य मात्रामा ।

विना-/बिना/ना. कस्तूरीको नाइटोमा हुने बास्नादार वस्तु ।

बिन्ती-/बिन्ति/ना. नम्र भएर गरिने अनुरोध, प्रार्थना । (उदा. उनले बिन्ती गरे ।)

बिब्लेटो-/विव्लेटो/ना. लुगा, कपडा आदिको उल्टो भाग ।

बिमा-/बिमा/ना. १. कुनै क्षति वा दुर्घटना भएमा एकमुस्ट रकम पाइने सर्तमा किस्ताबन्दी रूपमा बुझाइने धरौटी रकम, २. त्यस्तो व्यवसाय गर्ने संस्था । (उदा. जीवन बिमा गरेकाले म ढुक्क छु ।)

बिरलै-/बिरलै/क्रियो. ज्यादै थोरै, अत्यन्त कम, नगण्य मात्रामा, नगण्य मात्राको ।

बिराउनु-/बिराउनु/क्रि. गल्ती वा बिराम गर्नु ।

बिरामी-/बिरामि/ना. बिमार लागेको व्यक्ति, रोगी मान्छे ।

बिरालो-/बिरालो/ना. मुसा आदिको सिकार गर्ने बाघ जस्तो तर सानो आकारको घर पालुवा जनाबर ।

बिरुवा-/बिरुवा/ना. रुख, सागपात आदिको भरखर उम्रेको सानो, कलिलो बोट । (उदा. फूलको बिरुवा लगाउनु पर्छ ।)

बिर्को-/बिर्को/ना. भाँडा, सिसी, ठेकी आदिको मुख छोप्ने साधन, ढकनी । (उदा. औषधीको सिसीको बिर्को लगाउनु पर्छ ।)

बिर्सनु-/विर्सनु/क्रि. सुनेको, पढेको वा अनुभव गरेको कुरा सम्झनामा नरहनु, भुल्नु । (उदा. पढेको पाठ बिर्सनु हुन्न ।)

बिल-/बिल्/ना.बिक्री गर्दा बिक्रेताले सामानको विवरण र हिसाब लेखेर दिने कागज, टिपोट, रसिद । (उदा. फिस तिरेको बिल सुरक्षित राख्नुपर्छ ।)

बिल्लीवाठ-/बिल्लिबाठ्/ना. बेहालको स्थिति, बिजोग, बिचल्ली । (उदा. बाढी पहिरोले गाउँलेहरूलाई बिल्लीबाठ पाऱ्यो ।)

बिष-/बिस्/ना. प्राणी, वनस्पति आदिलाई खराब असर पार्ने वा विनाश गर्ने एक प्रकारको तत्त्व, जहर,बिख ।

बिसौनी-/बिसौनि/ बिसाउने ठाउँ, विश्राम स्थल। (उदा. भारी बिसौनी)

बिसौली-/बिसौलि/ना. आधा धार्नीको तौल। (उदा. एक बिसौली आलु।)

बिस्कुन-/बिस्कुन्/ना. १.घाममा सुकाउन फिँजाइएको अन्न। २. वि. यत्रतत्र छरिएको, अलपत्र परेको। (उदा. उसले सुकाएको बिस्कुन उठायो।)

बिस्तरा-/विस्त्त्रा/ना. फैलाएर ओछ्याइने वस्तु।

बिस्तारै-/बिस्तारै/क्रियो. अलि अलि गर्दै, हलुका किसिमले, हतार नगरीकन। (उदा. सवारी साधन बिस्तारै हाँक्नुपर्छ।)

बिहान-/बिहान्/ना. दिनको सुरुको समय, उज्यालो भएर घाम राम्रोसँग नछिप्पिँदाको समय। (उदा. बिहान डुल्नु स्वास्थ्यवर्धक हुन्छ।)

बिहीवार-/बिहिबार्/ना. हप्ताको पाँचौ दिन, बुधवारपछि आउने वार, बृहस्पतिवार।

बिहे-/बिहे/ना. उमेर पुगेका केटा र केटीको जोडी बाँध्ने परम्परागत संस्कार वा रीत, विवाह संस्कार।

बीच-/बिच्/ना. हे. बिच

बीजकीय-/बिजकीय/बिल वा बीजक सम्बन्धी

बीज गणित-/बिज् गणित्/ना. वर्ण, अङ्क आदिमा सङ्केतहरूको उपयोग गरी अज्ञात परिणाम पत्ता लगाउने गणितको एक शाखा (अल्जेब्रा)।

बीजाणु-/बिजाणु/ना. एउटा मात्र अङ्कुर निस्कने बीजको सूक्ष्म तत्त्व।

बुँद-/बुँद्/ना. पानी वा तरल पदार्थको थोपो, छिटो, बिन्दु।

बुँदा-/बुँदा/ना. सुनेको, भनेको, लेखेको वा सम्झेको कुनै विषयको मुख्य मुख्य कुरा, अभिव्यक्तिको महत्त्वपूर्ण पक्ष, सार कुरा। (उदा. गुरुले पढाएको सुनेर बुँदा टिप्नुपर्छ।)

बुइँगल-/बुइँगल्/ना. १. घरको सबैभन्दा माथिल्लो तलो। २. छानासँगै जोडिएको, भाँडाकुँडा आदि मात्र राख्न प्रयोग गरिने प्रायः अँध्यारो तलो। (उदा. बुँइगलमा थोत्रा सामान राखिएको छ।)

बुई-/बुइ/ना. बालकलाई पिठिउँमा बोक्ने काम, पिठिउँ। (उदा. नानी बुई चढ्यो।)

बुकी-/बुकि/ना. नरम र भुवादार फूल फुल्ने एक प्रकारको जङ्गली झार वा त्यसको फूल।

बुख्याचा-/बुक्ख्याचा/ना. १. खेतबारीमा हानि पुऱ्याउने पशुपन्छीलाई तर्साउनका लागि राखिने मानिसको आकारको वस्तु, पुत्ला, २. डर देखाउन राखिएको देखावटी वस्तु।

बुच्चे-/बुच्चे/वि. गहना नभएको वा फुकालिएको, बाहुला नभएको वा छोटो बाहुला भएको लुगा।

झ्नु ¹-/बुझ्नु/क्रि. कसैले भनेको सम्झनु, जान्नु, पत्ता लगाउनु, थाहा पाउनु ।

झ्नु ²-/बुझ्नु/क्रि. कसैले दिएको वस्तु सामान आदि ग्रहण गर्नु, जिम्मा लिनु, असुल गर्नु । (उदा. उसले आज तलब बुझ्यो ।)

ट-/बुट्/ना. सैनिकहरूले लगाउने एक प्रकारको छालाको जुत्ता ।

ट्टा-/बुट्टा/ना. १. कागज, कपडा आदिमा लेखिने तथा छापिने विभिन्न आकारका ढाँचा, चित्र आदि । २. चौरमा उम्रेका घाँस वा बोट बिरुवाको सानो बोट, बुट्यान ।

ट्यान-/बुट्टयान्/ना. साना बोट बिरुवा वा पोथ्राहरू भएको ठाउँ, बुटेन ।

ढी-/बुढि/वि. १. पाको उमेरकी, धेरै उमेर पुगेकी, वृद्धा । २. पत्नी, श्रीमती, स्वास्नी ।

ढी औँलो-/बुढि औँलो/ना. हात वा गोडाका औँलाहरूमध्ये सबैभन्दा मोटो र छोटो औँलो ।

ढो-/बुढो/वि. १.धेरै उमेरको, धेरै उमेर पुगेको, पाको उमेरको पुरुष, वृद्ध । २. लोग्ने, पति, श्रीमान् ।

द्ध-/बुद्ध/ना. १. बौद्ध धर्मका प्रवर्तक एक प्रसिद्ध पुरुष, सिद्धार्थ गौतम । २. समझदार, ज्ञानी, सज्जन, ज्ञान खुलेको, प्रबुद्ध ।



बुद्ध जयन्ती-/बुद्ध जयन्ति/ना. बुद्ध जन्मिएको दिन, वैशाखको पूर्णिमा र सो दिन मनाइने उत्सव वा पर्व । (उदा. बुद्ध जयन्ती नेपालको राष्ट्रिय पर्व हो ।)

बुद्धि-/बुद्धि/ना. सोच्ने तथा बुझ्ने क्षमता, ज्ञान, बोध, सुझबुझ ।

बुद्धिमान्-/बुद्धिमान्/वि. बुद्धि भएको ज्ञानी, समझदार ।

बुधवार-/बुधबार्/ना. हप्ताको चौथो दिन, मङ्गलवारपछि आउने दिन ।

बुबा-/बुबा/ना. पिता, बाबु, बा, जनक ।

बुबु-/बुबु/बाबो. केटाकेटीले दुधलाई भन्ने शब्द, दुध ।

बुरुस-/बुरुस्/ना. दाँत माझ्ने, कपाल कोर्ने, भुइँ सफा गर्ने काममा उपयोगी साधन ।

बुर्कुसी-/बुर्कुसि/ना. उफ्रँदै कुद्ने काम, फड्का मार्दै उफ्रने काम ।

बुर्लुक्क-/बुर्लुक्क/क्रियो. एक पटक उफ्रँदाको किसिम, बुरुक्क । (उदा. बाँदर बुर्लुक्क उफ्रेर गयो ।)

बुलाकी-/बुलाकि/ना. नाकका दुई प्वालका बिचको भागमा छेडेर लगाइने मुन्द्री वा त्यस्तो गहना ।

बूढी-/बुढी/वि. हे बुढी ।

बेइज्जत-/बेइज्जत्/ना. इज्जत नरहेको स्थिति, अपमान ।

बिसौनी-/बिसौनि/ बिसाउने ठाउँ, विश्राम स्थल। (उदा. भारी बिसौनी)

बिसौली-/बिसौलि/ना. आधा धार्नीको तौल। (उदा. एक बिसौली आलु।)

बिस्कुन-/बिस्कुन्/ना. १.घाममा सुकाउन फिँजाइएको अन्न । २. वि. यत्रतत्र छरिएको, अलपत्र परेको । (उदा. उसले सुकाएको बिस्कुन उठायो।)

बिस्तरा-/विस्स्त्रा/ना. फैलाएर ओछ्याइने वस्तु।

बिस्तारै-/बिस्तारै/क्रियो. अलि अलि गर्दै, हलुका किसिमले, हतार नगरीकन । (उदा. सवारी साधन बिस्तारै हाँक्नुपर्छ।)

बिहान-/बिहान्/ना. दिनको सुरुको समय, उज्यालो भएर घाम राम्रोसँग नछिप्पिँदाको समय। (उदा. बिहान डुल्नु स्वास्थ्यवर्धक हुन्छ।)

बिहीवार-/बिहिबार्/ना. हप्ताको पाँचौ दिन, बुधवारपछि आउने वार, बृहस्पतिवार।

बिहे-/बिहे/ना. उमेर पुगेका केटा र केटीको जोडी बाँध्ने परम्परागत संस्कार वा रीत, विवाह संस्कार।

बीच-/बिच्/ना. हे. बिच

बीजकीय-/बिजकीय/बिल वा बीजक सम्बन्धी

बीज गणित-/बिज् गणित्/ना. वर्ण, अङ्क आदिमा सङ्केतहरूको उपयोग गरी अज्ञात परिणाम पत्ता लगाउने गणितको एक शाखा (अल्जेब्रा)।

बीजाणु-/बिजाणु/ना. एउटा मात्र अङ्कुर निस्कने बीजको सूक्ष्म तत्त्व।

बुँद-/बुँद्/ना. पानी वा तरल पदार्थको थोपो, छिटो, बिन्दु।

बुँदा-/बुँदा/ना. सुनेको, भनेको, लेखेको वा सम्झेको कुनै विषयको मुख्य मुख्य कुरा, अभिव्यक्तिको महत्त्वपूर्ण पक्ष, सार कुरा। (उदा. गुरुले पढाएको सुनेर बुँदा टिप्नुपर्छ।)

बुइँगल-/बुइँगल्/ना. १. घरको सबैभन्दा माथिल्लो तलो। २. छानासँगै जोडिएको, भाँडाकुँडा आदि मात्र राख्न प्रयोग गरिने प्रायः अँध्यारो तलो । (उदा. बुँइगलमा थोत्रा सामान राखिएको छ।)

बुई-/बुइ/ना. बालकलाई पिठिउँमा बोक्ने काम, पिठिउँ। (उदा. नानी बुई चढ्यो।)

बुकी-/बुकि/ना. नरम र भुवादार फूल फुल्ने एक प्रकारको जङ्गली झार वा त्यसको फूल।

बुख्याचा-/बुक्ख्याचा/ना. १. खेतबारीमा हानि पुऱ्याउने पशुपन्छीलाई तर्साउनका लागि राखिने मानिसको आकारको वस्तु, पुत्ला, २. डर देखाउन राखिएको देखावटी वस्तु।

बुच्चे-/बुच्चे/वि. गहना नभएको वा फुकालिएको, बाहुला नभएको वा छोटो बाहुला भएको लुगा।

बुझ्नु १.-/बुझ्नु/क्रि. कसैले भनेको सम्झनु, जान्नु, पत्ता लगाउनु, थाहा पाउनु ।

बुझ्नु २.-/बुझ्नु/क्रि. कसैले दिएको वस्तु सामान आदि ग्रहण गर्नु, जिम्मा लिनु, असुल गर्नु । (उदा. उसले आज तलब बुझ्यो ।)

बुट-/बुट्/ना. सैनिकहरूले लगाउने एक प्रकारको छालाको जुत्ता ।

बुट्टा-/बुट्टा/ना. १. कागज, कपडा आदिमा लेखिने तथा छापिने विभिन्न आकारका ढाँचा, चित्र आदि । २. चौरमा उम्रेका घाँस वा बोट बिरुवाको सानो बोट, बुट्यान ।

बुट्यान-/बुट्टयान्/ना. साना बोट बिरुवा वा पोथ्राहरू भएको ठाउँ, बुटेन ।

बुढी-/बुढि/वि. १. पाको उमेरकी, धेरै उमेर पुगेकी, वृद्धा । २. पत्नी, श्रीमती, स्वास्नी ।

बुढी औँलो-/बुढि औँलो/ना. हात वा गोडाका औँलाहरूमध्ये सबैभन्दा मोटो र छोटो औँलो ।

बुढो-/बुढो/वि. १.धेरै उमेरको, धेरै उमेर पुगेको, पाको उमेरको पुरुष, वृद्ध । २. लोग्ने, पति, श्रीमान् ।

बुद्ध-/बुद्ध/ना. १. बौद्ध धर्मका प्रवर्तक एक प्रसिद्ध पुरुष, सिद्धार्थ गौतम । २. समझदार, ज्ञानी, सज्जन, ज्ञान खुलेको, प्रबुद्ध ।

बुद्ध जयन्ती-/बुद्ध जयन्ति/ना. बुद्ध जन्मिएको दिन, वैशाखको पूर्णिमा र सो दिन मनाइने उत्सव वा पर्व । (उदा. बुद्ध जयन्ती नेपालको राष्ट्रिय पर्व हो ।)

बुद्धि-/बुद्धि/ना. सोच्ने तथा बुझ्ने क्षमता, ज्ञान, बोध, सुझबुझ ।

बुद्धिमान्-/बुद्धिमान्/वि. बुद्धि भएको ज्ञानी, समझदार ।

बुधवार-/बुधबार्/ना. हप्ताको चौथो दिन, मङ्गलवारपछि आउने दिन ।

बुबा-/बुबा/ना. पिता, बाबु, बा, जनक ।

बुबु-/बुबु/बाबो. केटाकेटीले दुधलाई भन्ने शब्द, दुध ।

बुरुस-/बुरुस्/ना. दाँत माझ्ने, कपाल कोर्ने, भुइँ सफा गर्ने काममा उपयोगी साधन ।

बुर्कुसी-/बुर्कुसि/ना. उफ्रँदै कुद्ने काम, फड्का मार्दै उफ्रने काम ।

बुर्लुक्क-/बुर्लुक्क/क्रियो. एक पटक उफ्रँदाको किसिम, बुरुक्क । (उदा. बाँदर बुर्लुक्क उफ्रेर गयो ।)

बुलाकी-/बुलाकि/ना. नाकका दुई प्वालका बिचको भागमा छेडेर लगाइने मुन्द्री वा त्यस्तो गहना ।

बूढी-/बुढी/वि. हे बुढी ।

बेइज्जत-/बेइज्जत्/ना. इज्जत नरहेको स्थिति, अपमान ।

बेइमान-/बेइमान्/वि. इमान जमान नभएको, भर पर्न नसकिने ।

बेकाम-/बेकाम्/ना. काम नभएको अवस्था । (उदा. बेकाममा तिमी किन यहाँ आयौ ?)

बेग्लै-/बेग्लै/ वि. अलग्ग, छुट्टै, भिन्न ।

बेचबिखन-/बेच्बिखन्/ना. बेच्ने वा बिक्री गर्ने काम, किनबेच । (उदा. पहाडको जग्गा बेचबिखन गरेर उनीहरू तराईमा आए ।)

बेचैनी-/बेचैनि/ना. चैन नभएको स्थिति, चिन्ता, तनाब, छटपटी, दिक्दारी, अशान्ति । (उदा. छिमेकीको दु:ख देखेर बेचैनी भयो ।)

बेच्नु-/बेच्नु/क्रि. मूल्य लिएर सामान दिनु, ठग्नु, छल्नु ।

बेत[1]-/बेत्/ना. भित्रपट्टि खोक्रो नहुने, मालिङ्गो जत्रै डाँठ हुने, एक जातको बाँस । (उदा. बेतका टेबुल कुर्सीहरू आकर्षक हुन्छन् ।)

बेत[2]-/ बेत्/ना. ब्याउँदाको पटक, सुत्केरी हुँदाको खेप । (उदा. जर्सी गाईले दोस्रो बेतमा बाछी पाएको छ ।)

बेतबाँस-/बेत्बाँस/ना. नाङ्लो डालो, थुन्से, टोकरी, भकारी, कुर्सी, टेबुल, दराज आदि बनाउन उपयोगी वनस्पति, बेत । (उदा. बेतबाँसको फर्निचर)

बेदाना-/बेदाना/ना. भित्र गेडा नहुने रसदार अनार ।

बेन्च-/बेन्च्/ना. काठ, फलाम आदिले बनेको धेरै जना मानिस बस्न हुने, एक प्रकारको आसन ।

बेफ्वाँक-/बेफ्वाँक्/ना. विनाकाम, व्यर्थ, बेमतलब । (उदा. बेफ्वाँकको खर्च)

बेर्नु-/बेर्नु/क्रि. डोरी धागो, कपडा, कागज आदिले कुनै वस्तुलाई लपेट्नु, घेर्नु, जेल्नु । (उदा. भाइले लट्टाईमा धागो बेर्‍यो ।)

बेलना-/बेल्ना/ना. रोटी पकाउन मुछेको पिठो बेल्ने डोलो वस्तु । (उदा. बेलनाद्वारा रोटी बनाउने काम गरिन्छ ।)

बेलनाकार-/बेल्नाकार्/ना. बेलनाको जस्तै डोलो आकार भएको वस्तु ।

बेला-/बेला/ना. रेटेर बजाइने एक प्रकारको बाजा ।

बेलुका-/बेलुका/ना. घाम अस्ताउने वेला, साँझ । (उदा. काठमाडौंमा हिउँदमा बेलुका जाडो हुन्छ ।)

बेलुन-/बेलुन्/ना. १.हावा, ग्यास आदि भरेर आकाशमा उडाइने रबरको सानो थैलो ।

बेवास्ता-/बेवास्ता/ना. चासो वा ध्यान नदिइएको अवस्था ।

बेसरी-/बेसरि/क्रियो. जोड गरेर, जोडले, धेरै । (उदा. सबै मिलेर बेसरी ठेलेपछि गाडीको इन्जिन चल्यो ।)

बेसार-/बेसार्/ना. १. माटोमा अदुवा जस्तै गानो फल्ने, दाल, तरकारी आदिमा हालिने, पहेँलो रङको मसला। वि. २. सार नभएको, फोस्रो, निरर्थक ।

बेसहारा-/बेसहारा/ना. सहारा नभएको।

बेसी-/बेसि/वि. धेरै, प्रचुर, चाहिनेभन्दा बढी। (उदा. बेसी मुख चलाउनु हुँदैन ।)

बेहुलो-/बेहुलो/ना. बिहा गर्न तयार पारिएको केटो, दुलहा ।

बेहुली-/बेहुली/ना. बिहा गर्न तयार पारिएकी केटी, दुलही ।

बैङ्क-/बैङ्क्/ना. चाहेको वेला झिक्न पाउने गरी पैसा राखिदिने तथा धरौटी राखेर ऋण दिने संस्था ।

बैठक-/बैठक्/ना. घरमा मानिसहरूसँग भेटघाट गर्ने कोठा। (उदा. बैठक कोठाभरि पाहुना बसेका छन् ।)

बोकाउनु-/बोकाउनु/क्रि. कुनै सामान, भारी आदि बोक्न लगाउनु । (उदा. उसले भरियालाई भारी बोकायो ।)

बोको-/बोको/ना. खसी नपारेको भाले बाख्रो, बाख्राको भाले ।

बोक्नु-/बोक्नु/क्रि. कुनै भारी, सामान आदि उठाएर एक ठाउँबाट अर्को ठाउँमा सार्नु वा लैजानु ।

बोक्रो-/बोक्रो/ना. बोट बिरुवाका हाँगा, डाँख्ला आदिको बाहिरी तह, बोट बिरुवाको छाला, फलको बाहिरी आवरण । (उदा. सुन्तलाको बोक्रो ।)

बोझ-/बोझ्/ना. १.कुनै वस्तु बोक्दा हुने भार, भारी । २. कामको अभिभारा, जिम्मेवारी । (उदा. कामको बोझ)

बोट-/बोट्/ना. अन्न, फलफूल आदिको सानो वा मझौला रुख, पोथ्रो । (उदा. फूलको बोट ।)

बोडी-/बोडि/ना. लहरामा लामा कोसा फल्ने तरकारी खाइने एक प्रकारको अन्न । (उदा. बोडीको तरकारी स्वादिलो हुन्छ ।)

बोतल-/बोतल्/ना. सानो मुख हुने; सिसा, प्लास्टिक आदिको लाम्चो भाँडो, ठुलो सिसी । (उदा. पानीको बोतल, औषधीको बोतल ।)

बोध-/बोध्/ना. सुनेर, हेरेर, पढेर, कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता ।

बोधक-/बोधक्/ बुझाउने, बोध गराउने ।

बोरा-/बोरा/ना. पाट, प्लास्टिक आदिको धागोबाट बुनिएको ठुलो थैलो, धान, चामल आदि हाल्ने थैलो ।

बोलाउनु-/बोलाउनु/क्रि. १.नबोल्ने मान्छेलाई बोल्न लगाउनु । २. निम्तो गर्नु, डाक्नु । (उदा. उसले मलाई बिहामा बोलाएको छ ।)

बोली-/बोलि/ना. बोलेको कुरो, मुखबाट निस्किएको शब्द, वचन, भाषा ।

बोल्नु-/बोल्नु/क्रि. कुनै कुरा भन्नु, बताउनु, कुरा गर्नु, बात मार्नु ।

बौलाउनु-/बौलाउनु/क्रि. बौलाहा बन्नु, पागल हुनु । (उदा. पुत्र शोकले उनी बौलाएछन् ।)

ब्याज-/ब्याज्/ना. कसैलाई ऋण दिई कबुल-अनुसार मूल धनभन्दा बढी लिइने रकम । (उदा. बैङ्कको बचत खातामा पैसा राख्दा ब्याज पाइन्छ ।)

ब्यारे-/ब्यारे/नि. सच्याएको वा समर्थन गरेको जनाउन प्रयोग हुने शब्द । (उदा. मैले भाइलाई पिटेको होइन ब्यारे, बहिनीले पिटेको हो ।)

ब्युँझनु-/ब्युँझनु/क्रि. १. निद्रा हट्नु, जागा हुनु । २. सतर्क हुनु, होसियार हुनु, सचेत हुनु ।

ब्युँझाउनु-/ब्युँझाउनु/क्रि. १. निद्राबाट जागा पार्नु, जगाउनु । २. होसमा ल्याउनु, सचेत गराउनु ।

ब्रह्मा-/ब्रम्मा/ना. हिन्दु धर्म अनुसार सृष्टि गर्ने देवता, सृष्टिकर्ता ।

ब्राह्मण-/ब्राम्मण्/ना. हे. बाहुन ।

ब्रोङ्काइटिस/ब्रोङ्काइटिस्/ना.श्वास प्रश्वाससँग सम्बन्धित एक प्रकारको रोग ।

ब्लक[१]-/ब्लक्/ना. अक्षर, चित्र आदि छाप्नका लागि प्रयोग गरिने, काठ, धातु, प्लास्टिक आदिको साँचो वा त्यस्तो खाका ।

ब्लक[२]-/ब्लक्/ना. ठाउँ, क्षेत्र । (उदा. ब्लक नं.६८३)

ब्लड-/ब्लड्/ना. प्राणीको कुनै अङ्ग काटिँदा वा घाउ लाग्दा निस्कने रातो तरल पदार्थ, रगत ।

ब्लड बैङ्क-/ब्लड्बैङ्क/ना. बिरामीका लागि आवश्यक पर्ने रगत जम्मा गरेर विशेष प्रकारले सुरक्षित राख्ने घर ।

ब्ल्याकबोर्ड-/ब्ल्याक्बोर्ड/ना. कक्षाकोठाको भित्तामा अड्याएर राखिने काठ आदिले बनेको, प्राय: कालो रङको शैक्षिक सामग्री, कालोपाटी, बोर्ड ।

ब्वाँसो-/ब्वाँसो/ना. पशुलाई सुमसुम्याउँदै लट्ठ पारेर गुदद्वारबाट आन्द्रा झिकी मार्ने कुकुरको आकारको हिंस्रक जनाबर ।

भँगालो-/भँगालो/ना. नदी, खोला आदिमा एकभन्दा बढी खण्ड भएर बगेको पानीको प्रवाह ।

भँगेरो-/भँगेरो/ना. खैरो रङ्को एक प्रकारको सानो चरो । (उदा. भँगेराले धान खायो ।)

भकारी-/भकारि/ना. बाँस, निगालो आदिका चोयाबाट बनेको अन्न राख्ने ठुलो भाँडो ।

भकारो-/भकारो/ना. गाई, भैंसी आदिको मलमूत्र, गोबरको थुप्रो । (उदा. म भकारो सोहोर्छु ।)

भकुन्डो-/भकुन्डो/ना. रबर आदिबाट बनाइएको, हावा भरेर हात वा खुट्टाले हान्दै खेलिने गोलो वस्तु, बल । (उदा. भाइ भकुन्डो खेल्छ ।)

भक्कु-/भक्कु/ना. १. बलि दिनका लागि बलियो पारेको पशु । वि. २. भक्क परेको, मोटोघाटो । ३. धेरै, प्रशस्त । (उदा. बगैंचामा गएर सुन्तला भक्कु खाइयो ।)

भक्त-/भक्त/ना. ईश्वरको भक्ति गर्ने व्यक्ति । (उदा. नारद विष्णुका भक्त हुन् ।)

भक्ति-/भक्ति/ना. ईश्वरप्रति आस्था वा विश्वास, देवताप्रतिको निष्ठा । (उदा. देवताको भक्ति )

भगवान्-/भगबान्/ना. ईश्वर, परमात्मा, देवता, प्रभु ।

भजन-/भजन्/ना. देवी देवताको महिमा भएको गीत, त्यस्तो गीत गाउने काम, कीर्तन, भक्ति, सेवा । (उदा. मन्दिरमा भजन हुँदै छ ।)

भटमास-/भट्मास्/ना. खैरा भुस भएका कोसामा तीन वा चार ओटासम्म गेडा फल्ने, भुटेर खाइने अन्न वा गेडागुडी । (उदा. मकै भटमासको खाजा खाइयो ।)

भड्खारो-/भड्खारो/ना. ठुलो भ्वाङ, खाल्टो ।

भण्डार-/भन्डार्/ना. १. अन्न भाडाकुँडा रुपियाँ, पैसा आदि राख्ने कोठा, ढुकुटी, सामान सुरक्षित राख्ने कोठा, भँडार । (उदा. भण्डारबाट खाद्य सामग्री निकालियो ।)

भतभत-/भतभत्/ क्रियो. आगो, घाम, आदिको रापले पोल्दा वा घाउमा डाहा हुँदाको किसिम । (उदा. आगाले पोलेको ठाउँमा भतभत पोल्यो ।)

भत्कनु-/भत्कनु/क्रि. बनेको वस्तु फुट्नु भताभुङ्ग हुनु, घर, पुल आदि लड्नु । (उदा. भूकम्पले धेरै घर भत्किएछन् ।)

भत्काउनु-/भत्काउनु/क्रि. बनेको वस्तुलाई भताभुङ्ग पार्नु, लडाउनु, फुटाउनु । (उदा. उसले पुरानो घर भत्कायो ।)

भदा-/भदा/ना. दिदी बहिनीले आफ्ना दाजु वा भाइका छोरालाई बोलाउने नाता । (उदा. मेरो भदा दुई कक्षामा पढ्छ ।)

भदौ-/भदौ/ना. विक्रम संवत्‌को पाँचौं महिना, भाद्र। (उदा. म भदौ ५ गते जन्मेको हुँ।)

भद्दा-/भद्दा/वि. छाँटकाँट नपरेको, जिउडाल नमिलेको, कुरूप।

भन्ज्याङ -/भन्ज्याङ्/ना. दुई पहाडका बिचको गल्छेँडो। दुई पहाडका बिचको होचो वा खोच परेको ठाउँ, उकालो सकिने ठाउँ, घाटी। (उदा. भन्ज्याङको चौतारामा थकाइ मारियो।)

भनाभन-/भनाभन्/ना. झगडा हुँदा एक आपसमा गाली गर्ने, बाझाबाझ, झगडा, चर्काचर्की।

भन्कनु-/भन्कनु/क्रि. झिँगाहरू भुनभुन गर्दै एक ठाउँमा झुम्मिनु। (उदा. झिँगा भन्केको खानेकुरा खाँदा बिरामी भइन्छ।)

भन्ज्याङ-/भन्ज्याङ्/ना. दुई पहाडका बिचको होचो तथा खोँच परको ठाउँ, घाटी।

भन्दा-/भन्दा/नायो. दुई वा दुईभन्दा बढी वस्तुका बिच तुलना गर्दा प्रयोग हुने शब्द। (उदा. मभन्दा ऊ जान्ने छ।)

भन्नु-/भन्नु/क्रि. कसैलाई कुनै कुरा, बताउनु, कहनु, बोल्नु। (उदा. अरूलाई नराम्रो कुरा भन्नु हुँदैन।)

भमरो-/भमरो/ना. उडेर फलफूल आदिमा घुम्दै रस चुस्ने एक प्रकारको कालो किरो, भँवरो। (उदा. फूलमा भमरो बस्यो।)

भर-/भर्/ना. १. कुनै कुरा अड्याउने आधार, आड, जग। २. कसैमाथि गरिने भरोसा, विश्वास। (उदा. मलाई तिम्रो भर छ।)

भरखर-/भर्खर्/क्रियो. केही बेर अगि मात्र, एकछिन पहिले।

भरथेग-/भर्थेग्/ना. कसैलाई सकेको सहयोग गर्ने काम, सहयोग, मद्दत, आड, भरोसा। (उदा. छोरी घरमा बसी भने आमालाई भरथेग हुन्छ।)

भराभर-/भराभर्/ना. १. एक आपसमा भर्ने काम। (उदा. विद्यार्थीहरूले चित्रमा रङ भराभर गरे।) २. छिटो छिटो भर्ने काम।

भरि-/भरि/नायो. प्रायः नामका पछाडि जोडिएर सम्म, पर्यन्त, भर आदि अर्थ जनाउने शब्द। (उदा. गाग्रीभरि पानी छ।)

भरिनु-/भरिनु/क्रि. भर्ने काम गरिनु, भरिएको हुनु, पूर्ण हुनु। (उदा. गाग्रो भरियो।)

भरिपूर्ण-/भरिपूर्ण/वि. राम्ररी भरिएको, भरिभराउ, टनाटन। (उदा. ऊसँग भरिपूर्ण सम्पत्ति छ।)

भरिभराउ-/भरिभराउ/वि. सबैतिर भरिएको, परिपूर्ण, टनाटन। (उदा. खेतका सबै गरामा पानी भरिभराउ भएछ।)

भरिया-/भरिया/ना. भारी बोक्ने मानिस। (उदा. भरियाले दाउरा ल्यायो।)

भरोसा-/भरोसा/ना. कसैप्रति कुनै कामका लागि ढुक्क हुने स्थिति, विश्वास, भर ।

भर्खर-/भर्खर्/ना. हे. भरखर ।

भर्नु-/भर्नु/क्रि. १. कुनै भाँडोमा पानी, अन्न आदिले भरी पार्नु, गाग्रीमा अटाएसम्म पानी हाल्नु । (उदा. भाँडामा पानी भर ।) २. खाली ठाउँ पुर्नु, चित्र आदिमा रङ लगाउनु ।

भऱ्याङ-/भऱ्याङ्/ना. घरको तलामाथि वा अग्लो ठाउँमा जानका लागि बनाइएको खुड्किला भएको साधन, लिस्नो, सिँढी । (उदा. बहिनी भऱ्याङ चढेर माथि गई ।)

भल-/भल्/ना. आकाशबाट परेपछि जम्मा भएर बगेको धमिलो पानी । (उदा. आँगनमा भल बग्यो ।)

भलाइ-/भलाइ/ना. असल वा फाइदा हुने काम । (उदा. विद्यालय खोले समाजको भलाइ हुन्छ ।)

भलादमी-/भलाद्मि/ना. असल मान्छे, भलो गर्ने मान्छे, राम्रो काम गर्ने मान्छे । (उदा. भलादमीलाई सम्मान गर ।)

भलो-/भलो/वि. असल, सहयोगी, राम्रो । (उदा. भलो विचारले बेफाइदा गर्दैन ।)

भवन-/भबन्/ना. ठुलो घर । (उदा. यस भवनमा राष्ट्रपति बस्छन् ।)

भविष्य-/भबिस्स्य/ना. पछि आउने समय, भरे, भोलि, पर्सि, आर्घौं... आदि, भविष्यत् । (उदा. भविष्यको कुरो कसैलाई थाहा हुँदैन ।)

भविष्यत्-/भबिस्स्यत्/ना. पछि आउने समय, भविष्य । (उदा. पछि आउने समयलाई भविष्यत् काल भनिन्छ ।)

भव्य-/भब्ब्य/वि. ठुलो, राम्रो, आकर्षक । (उदा. कस्तो भव्य घर रहेछ ।)

भाँच्नु-/भाँच्नु/क्रि. लामो वस्तुलाई काट्ने हतियार प्रयोग गरेर वा नगरी टुक्रा बनाउनु । (उदा. फूलको हाँगा भाँच्नु हुँदैन ।

भाँडो-/भाँडो/ना. खानेकुरा जस्तो दाल, भात, तरकारी पकाउन तथा खान प्रयोग हुने धातु वा माटाको वस्तु वा माल ।

भाँती-/भाँति/ना. अनेक प्रकार, थरी थरी । (उदा. भाँती भाँतीका कुरा)

भाइ-/भाइ/ना. १. आफ्नै आमाबुबाबाट जन्मेको आफूभन्दा घटी उमेरको पुरुष व्यक्ति । २. आफूभन्दा घटी उमेरको व्यक्ति । (उदा. भाइ तीन कक्षामा पढ्छ ।)

भाइ टीका-/भाइ टिका/ना. तिहारमा दिदी बहिनीले दाजुभाइलाई टीका लगाउने दिन, तिहारको अन्तिम दिन । (उदा. ऊ भाइ टीकामा दिदीको घर जान्छ ।)

भाउ-/भाउ/ना. १. कुनै वस्तु किन्नका लागि दिनुपर्ने रकम, मोल, मूल्य, दर । (उदा. बजारमा सामानको भाउ बढेको छ ।) २. आदर, मान ।

भाउजू-/भाउजु/ना. दाजुकी श्रीमती । (उदा. भाउजू क्याम्पस जानुहुन्छ ।)

भाका-/भाका/ना. १. कुनै काम गर्न तोकिएको समय, म्याद । २. वाचा । (उदा. उसले भाकाभित्रै ऋण तिऱ्यो ।)

भाग-/भाग्/ना. १. कुनै वस्तुको खण्ड वा अंश । २. भाग लगाउने हिसाब । (उदा. उनीहरूले फलफूल भाग लगाए ।)

भागफल-/भाग्फल्/ना. कुनै अङ्कले अर्को अङ्कलाई भाग गर्दा आउने अङ्क । (उदा.३ ले ६ लाई भाग गर्दा २ भागफल आउँछ ।)

भाग्नु-/भाग्नु/क्रि. आफ्नो सुरक्षाका लागि सुटुक्क हिँड्नु, कसैबाट बच्न दौडेर अन्त जानु ।

भाग्य-/भाग्ग्य/ना. मानिसको जीवनमा सुख, दुख, प्रगति, नोक्सानी आदि हुने अवस्था । (उदा. मलाई भाग्यले साथ दिएन ।)

भाजक-/भाजक्/ना. गणितमा कुनै सङ्ख्यालाई भाग लिने अङ्क । (उदा. ६ अङ्कले ३० अङ्कलाई भाग गर्दा ६ भाजक हो ।)

भाज्य-/भाज्य/ना. भाग लगाइने सङ्ख्या । (उदा. ६ अङ्कले ३० अङ्कलाई भाग गर्दा ३० भाज्य हो ।)

भात-/भात्/ना. चामल पकाएर बनाएको खानेकुरा ।

भान्छा-/भान्छा/ना.हे. भान्सा ।


भान्सा-/भान्सा/ना. १. भात र अरू खानेकुरा पकाउने र खाने ठाउँ, भान्छा । २. भान्सामा तयार भएको खानेकुरा ।

भारत-/भारत्/ना. नेपालको दक्षिणतर्फ रहेको ठूलो देश । (उदा. भारत हाम्रो छिमेकी हो ।)

भारदार-/भार्दार्/ना. राजालाई सल्लाह दिने र राजाको नजिक रहने व्यक्ति । (उदा. राजाले भारदारका कुरा सुनेनन् ।)

भारी-/भारि/ना. बोक्नका लागि तयार कुनै चिज, वस्तु आदिको भार, बोझ ।

भालु-/भालु/ना. वनमा बस्ने एक प्रकारको हिंस्रक जनावर । (उदा. भालुले मासु, घाँसपात र अन्न पनि खान्छ ।)



भाले-/भाले/ना. १. पुरुष वा लोग्ने जातको जनावर वा चरा । २. अरूलाई आफ्नो नियन्त्रणमा राख्ने व्यक्ति । ३. कुखुराको भाले । (उदा. भाले बिहानै बास्यो ।)



भाव–/भाब्/ना. मानिसको सोच, विचार, मनको कुरो । (उदा. यस कवितामा गहिरो भाव लुकेको छ ।)

भावना–/भाबना/ना. मनमा उत्पन्न हुने कल्पना, अनुभूति, संवेग ।

भाव वाचक–/भाब् बाचक्/वि. दया, माया, लाज, ज्ञान जस्ता भाव बुझाउने, नदेखिने तर अनुभव हुने कुरा । (उदा. दया भाव वाचक नाम हो ।)

भाषण–/भासण्/ना. सभा वा भेलामा बोल्ने काम, प्रवचन । (उदा. नेताले राम्रो भाषण गरे ।)

भास–/भास्/ना. टेक्दा भास्सिने जमिन, दलदल ।

भासिनु–/भासिनु/क्रि. १. हिलोमा गाडिनु । २. जमिनको केही भाग भित्र जानु, धसिनु । (उदा. भूकम्पले बाटो भासियो ।)

भिक्षा–/भिक्छ्या, भिच्छ्या/ना. साधु सन्त, योगी, बाबाजीले घरघरमा गएर माग्ने काम । २. योगी, बाबाजीलाई दिइने खानेकुरा, पैसा आदि । (उदा. भिखारीलाई भिक्षा दिनुपर्छ ।)

भिक्षु–/भिक्षु/ना. १. भिक्षा माग्ने व्यक्ति । २.बौद्ध संन्यासी ।



भिक्षु

भिक्स–/भिक्स्/ना. रुघा लाग्दा घाँटी, नाक, टाउको आदिमा लगाउने बास्नादार मलम । (उदा. रुघा लाग्दा घाँटीमा भिक्स लगाऊ ।)

भिजाउनु–/भिजाउनु/क्रि. कुनै वस्तुमा पानी हाल्नु, पानीमा डुबाउनु । (उदा. बाल्टिनमा लुगा भिजाऊ ।)

भिज्नु–/भिज्नु/क्रि. पानी वा अरू तरल पदार्थले सुक्खापन हराउनु । (उदा. लुगा पानीले भिजेछ ।)

भिटामिन–/भिटामिन्/ना. खानेकुरामा हुने एक प्रकारको खाद्य तत्त्व । (उदा. भिटामिनले शरीरलाई निरोगी राख्न मद्दत गर्छ ।)

भिड–/भिड्/ना. मानिसको हुल, एक ठाउँमा जम्मा भएका धेरै मान्छेको समूह ।

भिडभाड–/भिड्भाड्/ना. धेरै भिड, घुइँचो ।

भित्ते पात्रो–/भित्ते पात्रो/ना. मिति हेर्न भित्तामा झुन्ड्याउने पात्रो, क्यालेन्डर । (उदा. भित्ते पात्रोमा चित्र पनि हुन्छन् ।)

भित्तो–/भित्तो/ ना. पर्खालको ठाडो भाग । (उदा. भित्तामा फोटो झुन्ड्याऊ ।)

भित्र–/भित्त्र/क्रियो. कुनै वस्तुको पछाडिको भागमा, अन्तरकुन्तरमा । (उदा. घरभित्र मानिस छन् ।) विप. बाहिर

भिनाजु–/भिनाजु/ना. दिदीको लोग्ने । (उदा. भिनाजु आज मात्र आइपुग्नु भयो ।)

भिन्न- /भिन्न/ वि. १. फरक, छुट्टै, अलग । २. सिङ्गो सङ्ख्याभन्दा घटीको सङ्ख्या । (उदा. $\frac{१}{२}$ भिन्न सङ्ख्या हो ।)

भिरालो-/भिरालो/वि. एकातिर अग्लो र अर्कोतिर होचो हुँदै गएको, सम्म नपरेको (जमिन) । (उदा. भिरालो पाखो, भिरालो बाटो ।)

भिर्नु-/भिर्नु/क्रि. १. गला वा काँधमा झोला झुन्ड्याउनु । २. कमरमा पटुका बाँधेर खुकुरी घुसार्नु । ३. लुगा लगाउनु । (उदा. हिजो आज त जो पनि कोट भिर्ने भए ।)

भिल-/भिल्/ना. जापानको एक जाति । (उदा. भिलहरू नेपाल आए ।)

भुइँ-/भुइँ/ना. जमिनको सतह । (उदा. सुन्तलाको हाँगाले भुइँ छोयो ।)

भुइँ कटहर-/भुइँ कटहर्/ना. खस्रो आँखैआँखा भएको काटेर खाने बास्नादार फल ।

भुजा¹-/भुजा/ना. १. भुट्दा फुलेको चामल, मुरही । २. दरबारको भाषामा भात वा खाना । (उदा. हामीले भुजा खायौं ।)

भुजा²-/भुजा/ना. कोण, त्रिभुज, चतुर्भुज आदि बनाउन प्रयोग हुने सरल रेखाहरू । (उदा. त्रिभुजमा तीन ओटा भुजा हुन्छन् ।)

भुटुन-/भुटुन्/ना. तरकारी पकाउँदा हालिने तेल, घिउ आदि । (उदा. सागमा घिउको भुटुन राम्रो हुन्छ ।)

भुट्नु-/भुट्नु/ क्रि १. मकै, भटमास आदिलाई तातो भाँडोमा राखेर नडढ्ने गरी धेरै बेर तताउनु । (उदा. चिउरा बनाउन धान भुट्नु पर्छ ।) २. आलु, करेला, मासु जस्ता तरकारीलाई पानी नहाली सुक्खै पकाउनु ।

भुर्र-/भुर्र/क्रियो. चरा उड्दाको आबाज आउने किसिम । (उदा. भँगेरो भुर्र उड्यो ।)

भुल-/भुल्/ना. नजानीकन वा जानेर पछि हुन गएको गल्ती, भुल्ने काम, त्रुटि । (उदा. काम गर्दा भुल भए सच्याउनुपर्छ ।)

भुल्नु-/भुल्नु/क्रि. पहिलेका कुरा बिर्सनु, सम्झनाबाट कुनै कुरो हटाउनु, यो हो कि त्यो हो निश्चित नहुनु । (उदा. उसले छोराको जन्म मिति भुल्यो ।)

भुसुक्क-/भुसुक्क/क्रियो. एक्कासि बिर्सँदाको किसिम । (उदा. किताब ल्याउन भुसुक्क बिर्सेछु ।)

भुस्सा-/भुस्सा/ना. १. धुलो सुर्ती । २. गाईवस्तुलाई खुवाउन काटेको पराल । (उदा. गाईलाई भुस्सा र पानी देऊ ।)

भूक्षय-/भुक्छ्यय/ना. वर्षा, बाढी, पहिरो आदिबाट माटो बगेर जाने क्रिया । (उदा. भूक्षयले गर्दा बारी बाँझो भयो ।)

भूखण्ड-/भूखण्ड/ना. जमिनको खण्ड ।

भूगोल-/भुगोल्/ना. पृथ्वी र पृथ्वीमा भएका वस्तु र घटनाबारे जानकारी गराउने शास्त्र । (उदा. म भूगोल पढ्छु ।)

भूत–/भुत्/वि. १. वितेको। २. मुक्त नभएको आत्मा। (उदा. भूतले तर्साउँछ भन्नु अन्ध विश्वास हो।)

भूतकाल–/भुत्काल्/ना. बितेको समय।

भूप–/भुप्/ना. राजा।

भूभाग–/भूभाग्/ना. जमिनको भाग वा खण्ड, क्षेत्र। (उदा. नेपालको अधिकांश भूभाग भिरालो छ।)

भूमध्य रेखा–/भुमद्ध्य रेखा/ना. पृथ्वीको बिच भागबाट वरिपरि तेर्सो घुमेको काल्पनिक रेखा। (उदा. नेपाल भूमध्य रेखाको उत्तरतिर पर्छ।)

भूमि–/भूमि/ना. घर, खेत, बारी आदि रहेको ठाउँ, जमिन, भुइँ, स्थान, भूभाग। (उदा. हिन्दुहरू भूमिलाई आमा सरह मान्छन्।)

भूमिका–/भूमिका/ना. १. कुनै व्यक्ति वा वस्तुको योगदान। केटाकेटी हुर्काउन आमाको ठुलो भूमिका हुन्छ। २. नाटक आदिमा पात्रले गर्ने अभिनय वा कार्य। ३. पुस्तकका बारेमा केही भनेर सुरु पानातिर लेखिएका कुरा। (उदा. त्यस पुस्तकमा उनले भूमिका लेखेका छन्।)

भृकुटी–/भृकुटि/ना. १. अंशुवर्माकी छोरी, भोटका राजा स्रङ्चङगम्पोसँग बिहा भएकी ऐतिहासिक नेपाली नारी। (उदा. भृकुटीले नेपाललाई चीनमा चिनाइन्।)

भेटाउनु–/भेटाउनु/क्रि. १. हराएको कुरा पाउनु, खोजेको कुरा पाउनु। २. अगाडि गएकालाई फेला पार्नु। (उदा. मैले हराएको कलम भेट्टाएँ।)

भेटी–/भेटि/ना. देवी देवतालाई चढाउने पैसा। (उदा. मन्दिरमा चढाएको भेटी पुजारीले लिन्छन्।)

भेट्नो–/भेट्नो/ना. फल वा फूललाई रुख वा लहरासँग जोड्ने डाँठ।

भेडीचोक–/भेडिचोक्/ना. भेडाको बथान जम्मा हुने ठाउँ। (उदा. भेडीचोकमा भेडाहरू छन्।)

भेडो–/भेडो/ना. ऊन तथा मासुका लागि पालिने, भ्या ...भ्या.. गरेर कराउने चारखुट्टे जनाबर। (उदा. भेडाहरू लेकमा पाइन्छन्।)

भेद–/भेद्/ना. फरक, भिन्नता। (उदा. काग र कोइली बिच भेद हुने धेरै कुरा छन्।)

भेदभाव–/भेद्भाब्/ना. कसैसँग असल र कसैसँग खराब व्यवहार गर्ने काम, पक्षपात। (उदा. हामीले कसैलाई भेदभाव गर्नु हुँदैन।)

भेल–/भेल्/ना. बाढी वा वर्षाले खोलामा बढेको पानी। (उदा. भेलले पत्कर बगायो।)

भेष–/भेस्/ना. पहिरन वा लवाइ, रूप। (उदा. भेष हेरेर नै मानिसको संस्कृति थाहा पाइन्छ।)

भैंसी-/भैंसि/ना. दुध, दही, मल आदिका लागि पालिने हिलो र पानीमा बस्न रुचाउने, कालो खालको चारखुट्टे जनावर।

भैलो-/भैलो/ना. तिहारमा लक्ष्मीपूजाको साँझमा घर घरमा गएर गाउने गीत। (उदा. तिहारमा भैलो खेलिन्छ।)

भोक-/भोक्/ना. खानेकुरा खाउँखाउँ लागेको अवस्था वा अनुभव। (उदा. मलाई खुब भोक लागेको छ।)

भोगटे-/भोगटे/ना. बाक्लो बोक्रो हुने पाक्दा पहेँलो देखिने एक जातको फल वा त्यसको रुख। (उदा. रमाले भोगटे साँधेर सबैलाई खुवाइन्।)

भोज-/भोज्/ना. १. बिहा, व्रतबन्ध वा अन्य जमघटमा धेरै मानिस मिलेर रमाइलोसँग खाना खुवाउने प्रबन्ध। (उदा. म आज भोज खान जान्छु।) । २. मिठा खानेकुरा खाने काम।

भोट[1].-/भोट्/ना. निर्वाचनमा आफूले चाहेको प्रतिनिधि छान्दा दिइने व्यक्तिगत मत, राय। (उदा. हामीले अध्यक्ष चुन्न भोट हाल्यौँ।)

भोट[2].-/भोट्/ना. नेपालको उत्तरतिर रहेको चीनको स्वशासित क्षेत्र, तिब्बत। (उदा. नेपालीहरू व्यापार गर्न भोट जान्छन्।)

भोटे-/भोटे/ना. भोटमा बस्ने मानिस, हिमाली क्षेत्रमा बसोवास गर्ने एक जाति। (उदा. सिन्धुपाल्चोकमा भोटेहरू बस्छन्।)

भोटो-/भोटो/ना. तुना बाँध्ने र अरू लुगाभन्दा भित्र लगाउने लुगा। २. फेर नभएको दौरा। (उदा. केटाकेटीले भोटो लगाउँछन्।)

भोलि-/भोलि/क्रियो. १. आजभन्दा पछि आउने पहिलो दिन। २. भविष्य। (उदा. भोलि विद्यालय बिदा हुन्छ।)

भौंतारिनु-/भौंतारिनु/क्रि. १. विनाकाम जतातत्तै हिँड्नु। २. थकाइ लागुन्जेल यताउति हिँड्नु। (उदा. म दुई घण्टादेखि भौंतारिरहेको छु।)

भौचर-/भौचर्/ना. बैङ्कमा पैसा जम्मा गर्दा प्रयोग हुने फाराम वा कागज। (उदा. बैङ्कमा पैसा जम्मा गर्न भौचर भर्नुपर्छ।)

भ्यागुतो-/भ्यागुतो/ना. पानी र जमिन दुवै ठाउँमा बस्ने र उफ्रेर हिँड्ने प्राणी।



भ्यागुते रोग-/भ्यागुते रोग्/नां. गाई भैंसी आदिको घाँटीमा खटिरा आउने रोग। (उदा. उसको गाईलाई भ्यागुते रोग लाग्यो।)

भ्रम-/भ्रम्/ना. एउटा कुरालाई अर्कै देख्ने वा बुझ्ने काम, भुल, अलमल, शङ्का। (उदा. डोरी देख्दा सर्पको भ्रम पर्‍यो।)

भ्रमण-/भ्रमण्/ना. अर्को ठाउँमा जाने काम, यात्रा, सफर। (उदा. हामी इलाम भ्रमणमा गयौँ।)


**मकल**-/मक्ल्/ना. ताप्नका लागि आगो बाल्ने माटोको भाँडो ।

**मकै**-/मकै/ना. सुक्खा जमिनमा गेडा उमारिने र घोगा भएर फल्ने अन्न ।

**मक्का**-/मक्का/ना. इस्लाम धर्म मान्नेको ठुलो तीर्थस्थल ।

**मखमल**-/मखमल्/ना. नरम भुवा हुने एक प्रकारको कपडा । (उदा. मखमलको चोलो)

**मखुन्डो**-/मखुन्डो/ १. अनुहार छोप्न लगाउने अनुहार जस्तै ढकनी । २. नक्ली अनुहार । (उदा. गाईजात्रामा मानिसहरू मखुन्डो लगाएर नाच्छन् ।)



**मग**-/मग्/ना. समाउने भएको चिया वा पानी खाने भाँडो । (उदा. मगमा पानी खाऊ ।)

**मगर**-/मगर्/ना. नेपालको मध्य पहाडी भागमा बस्ने एक जाति । २. गोहीको एउटा जात । (उदा. नारायणी नदीमा मगर गोही पाइन्छन् ।)

**मङ्गल**-/मङ्गल्/ना. १. शुभ सङ्केतको कुरो, राम्रो कुरो । २. सौर्य परिवारको तेस्रो ग्रहको नाम । (उदा. अमेरिकाले मङ्गल ग्रहमा यान पठाएको छ ।)

**मङ्गलवार**-/मङ्गल्बार्/ना. हप्तामा हुने सात दिन मध्येको तेस्रो दिन । (उदा. ऊ मङ्गलवार जन्मेको हो ।)

**मङ्गोल**-/मङ्गोल्/ना. सानो आँखा, थेप्चो नाक र गहुँगोरो वर्ण हुने एक जाति । (उदा. नेपालमा मङ्गोलहरू पनि छन् ।)

**मङ्सिर**-/मङ्सिर्/ना. विक्रम संवत् अनुसार आठौँ महिना । (उदा. मेरी बहिनी मङ्सिरमा जन्मेकी हुन् ।)

**मच्चिनु**-/मच्चिनु/क्रि. १. पिङ राम्ररी हल्लिनु । २. काम गर्न जोसिनु, जोस देखाउनु । (उदा. मच्चिएर मात्र काम हुँदैन ।)

**मजा**-/मजा/ना. रमाइलो, आनन्द । (उदा. मलाई गीत सुन्न मजा लाग्छ ।)

**मजबुत**-/मज्बुत्/बि. बलियो, दह्रो, टिकाउ, पक्का ।

**मझेरी**-/मझेरि/ना. १. घरको भुइँ तलामा चुलो, अँगेनो, ओछ्यान आदि बाहेकको बिचको भुइँ । (उदा. हामी मझेरीमा बसेर सुख दुःखका कुरा गर्छौं ।) २. माझको खाली भाग ।

**मझौला**-/मझौला/वि. साधारण, बिचको, ठिक्कको । (उदा. बेहुला बेहुली मझौला कदका रहेछन् ।)

**मञ्च**-/मन्च्/ना. १. सभा, भेला आदिमा प्रमुख व्यक्ति बस्ने उच्च ठाउँ, २ नाटक देखाउँदा कलाकारहरूले अभिनय गरेर

देखाउने ठाउँ। (उदा. उनी मञ्चमा पुगेपछि जोडसित ताली बज्यो।)

मञ्जन-/मन्जन्/ना. दाँत माझ्न प्रयोग गरिने धुलो वा मलम। (उदा. रामले मञ्जनले दाँत माझ्यो।)

मट्टीतेल-/मट्टितेल्/ना. छुट्टै गन्ध भएको बत्ती बाल्न र खाना बनाउन प्रयोग हुने तेल। (उदा. हामी मट्टीतेलमा खाना पकाउँछौँ।)

मट्याङ्ग्रो-/मट्याङ्ग्रो/ना. गुच्चा जस्तै गोलो माटाको डल्लो, गुलेलीको गोली।

मठ-/मठ्/ना. १. जोगी, सन्यासी आदि बस्ने ठाउँ। २. मन्दिर। (उदा. स्वामीजी मठमा बस्नुहुन्छ।)

मत-/मत्/ना. कुनै विषयमा राखिने विचार, राय, भोट। (उदा. चुनाबमा जनताले गोप्य मत दिए।)

मतपत्र-/मत्पत्र/ना. चुनावमा आफूले चाहेको व्यक्ति, छनोट गर्न मतदाताले प्रयोग गर्ने कागज। (उदा. मतपत्रमा उम्मेदवारका चि☐न हुन्छन्।)

मतलब-/मत्लब्/ना. कुनै कुराको भित्री आशय, अभिप्राय।

मद्दत-/मद्दत्/ना. कुनै काममा गरिने सहयोग, सघाउने काम। (उदा. हामीले असहायलाई मद्दत गर्नुपर्छ।)

मद्यपान-/मद्द्यपान्/ना. जाड, रक्सी आदि खाने काम। (उदा. मद्यपानले स्वास्थ्यलाई हानि गर्छ।)

मधुर-/मधुर्/वि. १. सुन्दा आनन्द लाग्ने, २. हे. मिठो। (उदा. सङ्गीतको मधुर ध्वनिले सबैलाई लट्ठ पार्छ।)

मध्याह्न-/मद्ध्यान्न/ना. दिउसो, दिनको बाह्र बजेको समय। (उदा. मध्याह्नमा बाहिर निस्कन गाह्रो पर्छ।)

मध्य-/मद्ध्य/ना. कुनै वस्तुको बिचको भाग, माझ। (उदा. यस रेखाको मध्य भागमा चिनो लगाऊ।)

मध्ये-/मद्ध्ये/नायो. धेरै वस्तु वा सङ्ख्याका बिचमा। (उदा. यी सबै चिजमध्ये मलाई चाँदीका गहना मन पऱ्यो।)

मन-/मन्/ना. १. प्राणीभित्र इन्द्रियबाट प्राप्त सूचना अनुभव गर्ने तत्त्व वा शक्ति, चित्त, दिल, हृदय। २. इच्छा, सोचाइ, सोच, विचारको केन्द्र। (उदा. तिम्रो मनका कुरा मलाई के थाहा ?)

मन गढन्ते-/मन गडन्ते/वि. कल्पना गरेको, तथ्य वा वास्तविकताभन्दा टाढाको। (उदा. तिमी खाली मन गढन्ते कुरा गर्छौ।)

मनमनै-/मन्मनै/क्रियो. नबोली। (उदा. उसले मनमनै के के सोच्यो।)

मन मुटाव-/मन् मुटाब्/ना. दुई थरीमा हुने आपसी बेमेल, शङ्का उपशङ्का। (उदा. राम र रमाबिच मन मुटाव बढेको छ।)

मन मोहक-/मन् मोहक्/वि. हेर्दा मन नै लोभिने, ज्यादै राम्रो, सुन्दर, मन लोभ्याउने। (उदा. हिमालका मन मोहक दृश्यले सबैलाई लोभ्याउँछ ।)

मनाउनु-/मनाउनु/क्रि. मान्ने पार्नु, मन्जुर गराउनु, स्वीकार गराउनु। (उदा. म यस कुरामा सबैलाई मनाउन सक्छु।)

मनुष्य-/मनुस्स्य/ना. मानिस, मान्छे। (उदा. मनुष्य जीवन महत्त्वपूर्ण छ।)

मनोरथ-/मनोरथ्/ना. मनमा उब्जिने कुनै चाहना, इच्छा, कामना। (उदा. मानिसहरू मनोरथ पूर्तिका लागि देवताको भाकल गर्छन्।)

मनोरञ्जन-/मनोरन्जन्/ना. मनलाई आनन्द लाग्ने काम। (उदा. मानिसहरू मनोरञ्जनका लागि नाटक हेर्छन्।)

मनोहर-/मनोहर्/वि. मनलाई नै हरण गर्ने, सुन्दर, राम्रो, मन पर्ने। (उदा. हिमालको मनोहर दृश्यले मन लोभ्यायो।)

मन्जुर-/मन्जुर्/वि. स्वीकार, सहमति, अनुमति। (उदा. यो काम गर्न म मन्जुर छु।)

मन्तव्य-/मन्तब्ब्य/ना. आफ्ना कुरा भन्ने वा बताउने काम, वक्तव्य, भाषण, प्रवचन। (उदा. प्रमुख अतिथिले सभामा मन्तव्य दिए।)

मन्त्र-/मन्त्र/ना. १. देवी देवताबाट शक्ति पाउन वा टुनामुना गर्न अरूले नसुन्ने गरी बोलिने (जपिने) पदावली, वाक्य आदि। २. गुप्त कुरो, भित्री कुरो। (उदा. गुरुले मलाई मन्त्र सुनाउनु भयो।)

मन्त्रालय-/मन्त्रालय/ना. सरकारका मन्त्रीले पाएको जिम्मेवारी अनुसार काम गर्ने अड्डा वा कार्यालय। (उदा. गृह मन्त्रालय)

मन्त्री-/मन्त्रि/ना. सरकारले गर्ने विभिन्न काममध्ये कुनै काम गर्ने जिम्मा पाएको प्रमुख अधिकारी। (उदा. वनमन्त्री, अर्थमन्त्री आदि।)

मन्त्री परिषद्-/मन्त्रि परिसद्/ना. मन्त्रीहरूको समूह, मन्त्री मण्डल, क्याबिनेट। (उदा. मन्त्री परिषद्को बैठकले बाढी पीडितलाई सहयोग रकम दिने निर्णय गर्‍यो।)

मन्दिर-/मन्दिर्/ना. देवी देवताको मूर्ति राखिएको घर। (उदा. ऊ प्रत्येक शनिवार मन्दिर जान्छ।)



मयल-/मयल्/ना. मानिसको शरीरको बाहिरी भागमा टाँसिएको फोहोर। (उदा. दिनहुँ ननुहाए शरीरमा मयल पर्छ।)

मयूर-/मयुर्/ना. रङ्गीन प्वाँख भएको राम्रो र ठुलो चरो, मुजुर।

मरण-/मरण्/ना. मर्ने काम, मृत्यु, देहान्त, स्वर्गारोहण, देहावसान। (उदा. आफन्तको मरणमा सबै दुःखी हुन्छन्।)

मरणोपरान्त-/मरणोपरान्त/ना. मरेपछि, मृत्युपछि। (उदा. उनले मरणोपरान्त पुरस्कार पाए।)

मरुभूमि-/मरुभुमि/ना. रुख, बिरुवा केही नभएको पानी नपर्ने, सुक्खा वा बालुवा मात्र भएको ठाउँ। (उदा. मरुभूमिमा मानव बस्ती हुँदैन।)

मर्का-/मर्का/ना. कुनै समस्याले परेको अप्ठेरो परिस्थिति, हैरानी, पिर। (उदा. तपाईंको निर्णयले मलाई मर्का पर्‍यो।)

मर्किनु-/मर्किनु/क्रि. हाड जोडिएको ठाउँ हल्लिनु, जोर्नीका हाड यताउता सर्दा हुने अस्वस्थता। (उदा. भलिबल खेल्दा उसको हात मर्कियो।)

मर्नु-/मर्नु/क्रि. प्राण छाड्नु, सधैँका लागि चेतना हराउनु, संसारबाट बिदा हुनु। (उदा. उसको कुकुर हिजो मर्‍यो।)

मर्म-/मर्म/ना. चोट लाग्दा र पिर, दुःख पर्दा हुने अनुभव, मनमा हुने पीडा, दुःख। (उदा. मेरो मर्म कसले बुझ्ला र!)

मर्मत-/मर्मत्/ना. बिग्रेको वस्तुलाई राम्रो अवस्थाको पार्ने काम। (उदा. हरिले बिग्रेको गाडी मर्मत गरेर चलाए।)

मल-/मल्/ना. बोट बिरुवा सपार्न माटोमा हालिने तत्त्व, कुहेको झारपात, गोबर। (उदा. भाइले बिरुवामा मल हाल्यो।)

मलद्वार-/मल्द्वार्/ना. प्राणीको शरीरबाट दिसा, गोबर वा फोहोर निस्कने अङ्ग। (उदा. दिसा गरेपछि मलद्वार राम्रोसँग धुनुपर्छ।)

मलम-/मलम्/ना. औषधीका रूपमा प्रयोग हुने नौनी जस्तै गिलो र नरम पदार्थ। (उदा. घाउमा मलम लगाऊ।)

मलमूत्र-/मलमूत्र/ना. दिसापिसाब, गुहुमुत।

मसलन्द-/मसलन्द/ना. अड्डामा प्रयोग हुने कागज, कलम, मसी आदि। (उदा. मसलन्द किन्नका लागि पैसा पुगेन।)

मसला-/मसला/ना. १. खानेकुरा स्वादिलो बनाउन मिसाइने चिज, जिरा, धनियाँ, मरिच, ल्वाङ वा त्यसको धुलो आदि। २. सुकाएको फलफूल। (उदा. काजु, किसमिस, छोहोरालाई मसला भनिन्छ।)

मसिनो-/मसिनो/ना. १. धानको असल जात, बास्नादार् धान। २. वि. धेरै सानो। (उदा. पिठो धेरै मसिनो नपार ।)

मसी-/मसि/ना. कलममा राखेर लेख्न प्रयोग गरिने तरल रङ । (उदा. मलाई निलो मसी मन पर्छ ।)

मस्जिद-/मस्जिद्/ना. इस्लाम धर्म मान्नेहरूको प्रार्थना घर । (उदा. ऊ मस्जिदमा गएर प्रार्थना गर्छ ।)

मस्त-/मस्त/वि. १. नसालु पदार्थ प्रयोग गरेर होस हराएको २. आनन्दित अवस्थाको। (उदा. कमललाई रक्सी मस्त लागेछ ।)

मस्तिष्क-/मस्तिस्क/ना. दिमाग, मगज, गिदी ।

महँगो-/महँगो/वि. १. धेरै मोल पर्ने, मूल्यवान्, बहुमूल्य । (उदा. महँगो सामान किन्न सकिँदैन ।)

मह-/मह/ना. फूलको रसबाट मौरीले चाकामा राखेको गुलियो पौष्टिक पदार्थ, मधु । (उदा. महबाट धेरै प्रकारका रोग निको हुन्छ ।)

महत्त्व-/महत्त्व/ना. कुनै व्यक्ति, वस्तु आदिको विशेष उपयोगिता, जरुरत। (उदा. सिकाइको महत्त्व नबुझ्नेले पढाउन सक्दैनन् ।)

महत्त्वपूर्ण-/महत्त्वपुर्ण/वि. महत्त्व भएको विशेषता वा उपयोगिता हुने । (उदा. मानवका लागि शिक्षा महत्त्वपूर्ण विषय हो ।)

महल-/महल्/ना. धेरै सुविधा भएको ठुलो घर, दरबार, भवन । (उदा. धनी मानिसहरू महलमा बस्छन् ।)

महर्षि-/महर्सि/ना. ठुला ऋषि वा योगी, महान् ऋषि। (उदा. महर्षि दुर्वासा रिसाहा थिए ।)

महसुल-/महसुल्/ना. सरकारले लिने कर, दस्तुर, शुल्क । (उदा. भन्सार महसुल, बिजुलीको महसुल ।)

महाकवि-/महाकबि/ना. ठुला कवि । (उदा. महाकवि लक्ष्मीप्रसाद देवकोटा ।)

महाकाव्य-/महाकाब्ब्य/ना. कवितामा लेखिएको लामो कथा, त्यस्तो साहित्यिक रचना। (महाकवि लक्ष्मीप्रसाद देवकाटाले विभिन्न महाकाव्य रचना गरेका थिए ।)

महात्मा-/महात्मा/ना. १.उच्च विचार भएको, अरूको भलो गर्ने, असल मान्छे । २. अरूलाई ज्ञानगुनको शिक्षा दिने, साधु, सन्त। (उदा. महात्माले ज्ञान प्रदान गर्छन् ।)

महाद्वीप-/महाद्‌विप्/ना. पानीले घेरिएको ठुलो भूखण्ड, महादेश । (उदा. संसारमा ६ ओटा महाद्वीप छन् ।)

महादेश-/महोदस्/ना. पृथ्वीका ठुला प्रमुख भूखण्ड ।

महान्-/महान्/वि. ठुलो, विशाल । (उदा. देवकोटा महान् कवि हुन् ।)

महामारी-/महामारी/ना. धेरै छिटो फैलने रोग, सरुवा रोग, हैजा, प्लेग आदि । (उदा. यस पालि महामारीले धेरै मानिस मरे ।)

महासभा-/महासभा/ना. १.ठुलो भेला वा सभा । २. संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रले भाग लिने बैठक । (उदा. नेपालले महासभामा भाग लियो ।)

महासन्धि-/महासन्धि/ना. धेरै देशका बिचमा हुने सम्झौता वा कुनै कुरा गर्ने वा नगर्ने लिखित सहमति । (उदा. नेपालले बालबालिका सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेको छ ।)

महासागर-/महासागर्/ना. जमिनको पानी बग्दै गएर जम्मा भएको ठाउँ, समुद्र । (उदा. पृथ्वीको धेरै भाग महासागरहरूले ढाकेको छ ।)

महिना-/महिना/ना. तिस दिनको समय । (उदा. बाह्र महिनाको एक वर्ष हुन्छ ।)

महिमा-/महिमा/ना. कसैले गरेको राम्रो कामको वर्णन, प्रशंसा, गुणगान । (उदा. असल व्यक्तिको महिमा सबैले गाउँछन् ।)

महिला-/महिला/ना. आइमाई, स्त्री, नारी । (उदा. महिला र पुरुष दुवै समान हुन् ।)

मही-/महि/ना. दही मथेर नौनी झिकी बनाइएको पेय, मट्ठा । (उदा. गाउँघरमा मानिसहरू पानीको सट्टा मही पिउँछन् ।)

महेश्वर-/महेस्वर्/ना. शिव, ठुला देवता, महादेव ।

माइजू-/माइजु/ना. मामाकी श्रीमती । (उदा. हाम्री माइजू क्याम्पसमा पढाउनु हुन्छ ।)

माइत-/माइत/ना. विवाह भएकी महिलाका आमाबाबु वा दाजुभाइको घर । (उदा. आमा माइत जानुभयो ।)

माउ-/माउ/ना. जनावर, चराचुरुङ्गी, किरा, फट्याङ्ग्रो आदिको आमा । (उदा. गाईको बाछो माउ खोज्दै छ ।)

माउसुली-/माउसुलि/ना. घरको भित्ता, दलिन आदिमा देखिने छेपारो जस्तो जन्तु, भित्ती । (उदा. माउसुलीले झिँगा खायो ।)

माकुरो-/माकुरो/ना. जालो लगाएर त्यसमा अल्झिने झिँगा आदि खाने किरो ।

माग्नु-/माग्नु/क्रि. कसैबाट केही कुरा पाउन अनुरोध वा आग्रह गर्नु । (उदा. मैले बुबासँग पैसा मागेँ ।)

माग्ने-/माग्ने/ना. कसैबाट केही पाउन अनुरोध गर्ने व्यक्ति, भिखारी । (उदा. हाम्रो घरमा माग्ने आयो ।)

माघ-/माघ्/ना. विक्रम संवत् अनुसारका बाह्र महिनामध्ये दसौँ महिनाको नाम । (उदा. माघ १ गते माघी पर्व हो ।)

माछो-/माछो/ना. पानीमा बस्ने लाम्चो आकारको जन्तु । (उदा. नदीमा माछा पाइन्छन् ।)

माझी-/माझि/ना. नाउ वा डुङ्गा चलाउने र माछा मार्ने व्यवसाय गर्ने व्यक्ति । (उदा. माझीले असला माछा मारे ।)

माझ्नु-/माझ्नु/क्रि. १.भाँडाकुँडा सफा गर्नु । २. बुरुस लगाएर दाँत सफा गर्नु । (उदा. उसले दाँत माझ्यो ।)

माटीकोरे-/माटिकोरे/ना. पहरामा प्वाल पारेर गुँड बनाई बस्ने तिखो चुच्चो हुने एक जातको चरो ।

माटो-/माटो/ना. पृथ्वीको सतहमा ढुङ्गो बालुवा आदिसँग मिसिएको कमलो पदार्थ, जमिन । (उदा.मलिलो माटोमा बाली सप्रन्छ ।)

माड-/माड्/ना. भात पाक्दै गर्दा आउने बाक्लो तरल पदार्थ, टाँस्ने कामका लागि मैदा पकाएर बनाएको वस्तु । (उदा. रमेशले माडले चङ्गा टाँस्यो ।)

माड्नु-/माड्नु/क्रि. रगड्नु, मिच्नु । (उदा. डल्लो माडेर धुलो बनायो ।)

मातहत-/मात्हत्/ना. अधीन, नियन्त्रण ।

मात्तिनु-/मात्तिनु/क्रि. १. मै हुँ भन्नेको घमन्ड बढ्नु । (उदा. जवानी चढेको मान्छे मात्तियो ।) २. लागु पदार्थको प्रयोगले असामान्य हुनु, नसा लाग्नु ।


मात्र-/मात्त्र/क्रियो. एक्लै, केवल, खालि । मेरो घरमा म मात्र छु ।

मातृभाषा-/मात्त्रिभासा/ना. आमाले बोल्ने भाषा, बोली फुट्दादेखि सिकेको भाषा । (उदा.उसको मातृभाषा नेवारी हो ।)

माथि-/माथि/नायो. अग्लो ठाउँमा, उँभो । (उदा. मुखमाथि नाक हुन्छ ।)

माथिल्लो-/माथिल्लो/ना. माथिको, उँभो रहेको, उपल्लो ।

मादल-/मादल्/ना. बिचमा खोक्रो र दुई छेउमा छालाले मोहरेको लाम्चो आकारको हातका औँलाले ठोकेर घिन्ताङ, घिन्ताङ बजाउने नेपालीको लोकप्रिय बाजा । (उदा. साथीहरू मादल बजाउँदै नाचे ।)




माध्यम-/माद्ध्यम्/वि. साधन, उपाय, आधार । (उदा. हामी हुलाकका माध्यमले चिठी पठाउँछौँ ।)

मान-/मान्/ना. आदर, सत्कार, दर्जा, सम्मान । (उदा. ठुलालाई मान गरौँ ।)

मानचित्र-/ना. पृथ्वीको वा यसका विभिन्न भूभागको चित्र वा नक्सा ।

मानव-/मानब्/ना. मान्छे, मानिस (उदा.मानव चेतना भएको प्राणी हो ।)

मानु-/मानु/ना.हे. मानो ।

माने-/माने/ना. बौद्ध मठ । (उदा. भिक्षु मानेमा गए ।)

मानो-/मानो/ना. १. गाउँघरमा अन्न नाप गर्न प्रयोग गर्ने दस मुठी जाने तामाको भाँडो । २. दस मुठीको परिमाण ।

मान्छे-/मान्छे/ना. मानिस, मानव ।

मान्द्रो-/मान्द्रो/ना. बाँसका चोयाबाट बुनेको गुन्द्री जस्तै बिस्कुन सुकाउन प्रयोग हुने वस्तु । (उदा.मान्द्रोमा धान सुकाऊ ।)

मान्यता-/मान्यता/ना. स्वीकृति, सहमति । (उदा.हाम्रो विद्यालयले सरकारी मान्यता पायो ।)

मान्नु-/मान्नु/क्रि. स्वीकार गर्नु, सहमत हुनु । (उदा. उसले मेरो सुझाब मान्यो ।)

मान्यजन-/ना. मान्नु पर्ने मानिस, आदर गर्नु पर्ने व्यक्ति, मान्य व्यक्ति ।

माफ-/माफ्/वि. दण्ड वा जरिमाना तिर्नु नपर्ने अवस्था, छुट, मिनाहा, क्षमा । (उदा.आमाले मलाई माफ दिनुभयो ।)

माफिक-/माफिक्/नायो. अनुसार, बमोजिम (उदा. अपराध माफिकको सजाय हुन्छ ।)

माम-/माम्/ना. भात (उदा. नानी माम खान्छ ।)

मामा-/मामा/ना. आमाका दाजुभाइ (उदा. हाम्रो घरमा मामा आउनु भएको छ ।)

माया-/माया/ना. कसैप्रति गरिने स्नेह, प्रेम, प्रीति, आत्मीयता । (उदा.बहिनीलाई माया गर ।)

मार्ग १.-/मार्ग/ना. हिँड्ने ठाउँ, बाटो, सडक, पथ । (उदा.मेरो घर विकास मार्गमा पर्छ ।)

मार्ग २.-/मार्ग/ना.हे. मङ्सिर । (उदा.ऊ मार्ग १० गते जन्मेको हो ।)

मार्नु-/मार्नु/क्रि. जीवित वस्तुलाई बाँच्न नदिनु, जीवित वस्तुको जीवन समाप्त पार्नु । (उदा.बाघले मृग मार्‍यो ।)

माल-/माल्/ना. उपयोगी वस्तु, सामान, मूल्य भएको वस्तु वा बेच्नका लागि राखिएका वस्तु । (उदा. बजारमा मालको मूल्य बढेको छ ।)

माला-/माला/ना. धागो वा डोरीमा उनिएका फूलको हार । हिरा, मोती आदि उनेर बनाइएको घाँटीमा लगाइने गहना । (उदा. बेहुलाले बेहुलीलाई माला लगाइदिए ।)

मालिक-/मालिक्/ना. घर,जग्गा, धन, सम्पत्ति आदिको हकदार वा अधिकारी । (उदा. म मेरो घरको मालिक हुँ ।)

मावल-/मावल/ना. मामाको घर । (उदा. म दसैँमा मावल जान्छु ।)

मास[१].-/मास्/ना. लहरामा कोसाभित्र फल्ने, दाल खान प्रयोग हुने अन्न। (उदा. खेतको आलीमा मास लगाइन्छ।)

मास[२].-/मास्/ना.हे. महिना। (उदा. माघ मास नलागी जाडो बढ्यो।)

मासिक-/मासिक्/वि. महिनाको, महिना दिनमा आउने वा पर्ने। (उदा. विद्यालयमा मासिक शुल्क बुझाउनु पर्छ।)

मासिनु-/मासिनु/क्रि. खर्च हुनु, सकिनु, नष्ट हुनु। (उदा. घरको उखुको झाङ मासियो।)

मासु-/मासु/ना. १.प्राणीका शरीरमा हाड ढाकेर रहेको नरम वस्तु। २.पशुलाई मारी पकाएर खान तयार गरेको खाद्य पदार्थ। (उदा.ऊ मासु खाँदैन।)

मास्नु-/मास्नु/क्रि. खर्च गर्नु, सक्नु, फैलन नदिनु। (उदा.उनीहरूले वन मासे।)

मांसपेसी-/माम्सपेसि/ना. रेसा नै रेसा भएको कसिलो मासु। (उदा.शरीर हड्डी, मांसपेसी र छालाले बनेको हुन्छ।)

मांसाहारी-/माम्साहारि/वि. मासुको आहारा वा परिकार खाने। (उदा. बाघ मांसाहारी जनावर हो।)

माहुते-/माहुते/ना. हात्तीको हेरचाह गर्ने तथा चलाउने मान्छे, हात्तीको गोठालो। (उदा.माहुतेले हात्ती चरायो।)

मिटर-/मिटर्/ना. १. कपडा नाप्ने लट्ठी वा फित्ता २. कुनै कुराको परिमाण नाप्ने यन्त्र। (उदा. गुडेको दुरी नाप्न ट्याक्सीमा मिटर राखिएको हुन्छ।)

मिठाई-/मिठाइ/ना. मिठो वा गुलियो खानेकुरा। (उदा. लड्डु, पेडा, जेरी आदि मिठाई हुन्।)

मिठो-/मिठो/वि. स्वादिलो, खाउँखाउँ लाग्ने, गुलियो। (उदा.आँप मिठो छ।)

मित-/मित्/ना. दुई साथी वा दौँतिरी बिचमा लगाइने नाता। (उदा. राम र छिरिङले मित लगाए।)

मितव्ययी-/मितब्यइ/वि. कम खर्च गर्ने, कम खर्च लाग्ने, फारो गरेर व्यवहार चलाउने। (उदा.हामी मितव्ययी बन्नुपर्छ।)

मिति-/मिति/ना. साल, महिना, गते र वार आदिको सङ्केत। (उदा. चिठीमा मिति लेख्न बिर्सनु हुँदैन।)


मितिनी-/मितिनि/ना. मित लगाएकी केटी, मितकी स्त्री। (उदा. रमा सीताकी मितिनी हुन्।)

मित्र-/मित्त्र/ना. साथी, दौँतरी। (उदा.मेरा मित्रहरू असल छन्।)

मिथिला-/मिथिला/ना. जनकपुरको पुरानो नाम।

मिनाहा-/ना. लेनदेनमा दिइने छुट।

**मिनीबस**-/मिनिबस्/ना. केही सानो बस । (उदा. हामी मिनीबस चढेर विद्यालय जान्छौँ ।)



**मिनेट**-/मिनेट्/ना. समय नाप्ने एउटा एकाइ, समयको सानो अवधि । (उदा. साठी सेकेन्डको १ मिनेट हुन्छ ।)

**मिल**-/मिल्/ना. धान कुट्ने, गहुँ पिस्ने, तेल आदि पेल्ने कारखाना। (उदा. उसले मिलमा गहुँ पिस्यो ।

**मिलन**-/मिलन्/ना. लामो समयपछि हुने भेट, भेटघाट । (उदा. धेरै वर्षपछि साथीभाइको मिलन भयो ।)

**मिलाउनु**-/मिलाउनु/क्रि. १. मिल्ने पार्नु (उदा. भाइले हिसाब मिलायो ।) २. एक चिजमा अर्को चिज मिसाउनु । (उदा. नुन, चिनी र पानी मिलाएर जीवन जल बनाइन्छ ।) ३. बिग्रेको सम्बन्ध सुधार गराइदिनु । (उदा. बल्ल तल्ल उसले हामी बिचको झगडा मिलायो ।)

**मिलीजुली**-/मिलिजुलि/ना. आपसमा राम्रो सम्बन्ध, मेलमिलाप । (उदा. साथीहरू मिलीजुली खेल्छन् ।)

**मिल्काउनु**-/मिल्काउनु/क्रि. फाल्नु, पर हुत्याउनु । (उदा.आमाले करसिङ्गर मिल्काउनु भयो ।)

**मिल्नु**-/मिल्नु/क्रि. १. राम्रो सम्बन्ध बनाउनु । (उदा. उनीहरू मिलेर पढ्छन् । २. कुनै सामानमा अर्को सामान ठिक हुनु । (उदा. मलाई पाँच नम्बरको जुत्ता मिल्छ ।)

**मिश्र**-/मिस्र/वि. दुई वा धेरै वस्तु मिसाएको। (उदा. मिश्र वाक्य ।)

**मिश्रित**-/मिस्रित/वि. मिसाइएको, घोलिएको, मिलावट भएको । (उदा. हिजोआज बजारमा मिश्रित खानेकुरा मात्र पाइन्छ ।)

**मिसाउनु**-/मिसाउनु/क्रि. एक चिजमा अर्को चिज हाल्नु । (उदा.भाइले चिनीमा नुन मिसाएछ ।)

**मिसिनु**-/मिसिनु/क्रि. एकै ठाउँ हुनु, अर्कोमा गाभिनु । (उदा. मनोहरा खोलो बागमतीमा मिसिन्छ ।)

**मिस्री**-/मिस्रि/ना. चिनी जस्तै गुलियो तर डल्लो हुने खानेकुरा । (उदा. हजुर आमाले हामीलाई मिस्री दिनुभयो ।)

**मिहिनेत**-/मिहिनेत्/ना. खटेर गरेको काम, परिश्रम । (उदा. विद्यार्थीले पढाइमा मिहिनेत गर्नुपर्छ ।)

**मुक्ति**-/मुक्ति/ना. संसारबाट मोक्ष, छुटकारा । (उदा. प्रजापति बाजेले मुक्ति पाए ।)

**मुख**-/मुख्/ प्राणीहरूले खानेकुरा खाने अङ्ग । (उदा. उसले मिठाई मुखमा हाल्यो ।)


मुखामुख-/मुखामुख्/ना. १.अचम्म मानेर वा शङ्काले एक-आपसमा हेर्ने काम, हेराहेर । २. परस्परमा हुने कुराकानी ।

मुख्य-/मुक्ख्य/ना. प्रमुख, प्रधान, मूल । (उदा. विद्यार्थीको मुख्य काम पढनु हो ।)

मुग्ध-/मुग्ध/ना. कुनै कुराको आनन्दमा अरू कुरा भुलेको अवस्था, लट्ठ । (उदा. गुराँस फुलेको देखेर ऊ मुग्ध भयो ।)

मुजुर-/मुजुर/हे. मयूर

मुटु-/मुटु/ना. प्राणीका शरीरमा रक्त सञ्चार गर्ने मुख्य अङ्ग ।



मुढा-/मुढा/ना. १. बिचमा सानो दुई छेउमा ठुलो हुने, बस्नका लागि बनाइएको सामान । २. हे. मुढो ।

मुढो-/मुढो/ना.ढालेको रूखको नचिरेको मोटो टुक्रो ।

मुताबिक-/मुताबिक्/नायो. अनुसार, बमोजिम ।

मुद्दा-/मुद्दा/ना. १.कुनै विषयमा भएको विवाद । २.झगडा, छलफलको विषय । (उदा. उनीहरूबिचको मुद्दा अदालतमा चल्दै छ ।)

मुद्रक-/मुद्द्रक/ना. १. किताब, पत्रिका आदि छापाखाना । २. छाप्ने यन्त्र वा संस्था । (उदा. मुद्रकले पुस्तक छाप्न ढिलो गरे ।)

मुद्रण-/मुद्द्रण/ना. टङ्कण भएको सामग्री, किताब वा पत्रपत्रिका आदि छाप्ने काम, छपाइ ।

मुद्रा-/मुद्द्रा/ना. १. सिक्का, धातुका पैसा । (उदा. उसको घरमा चाँदीका मुद्रा छन् ।) २. कुनै चिह्न भएको छाप ।

मुन्टो-/मुन्टो/ना. १. टाउको अडिने अङ्ग, शिर । २. कुनै लहराको कलिलो टुप्पो भाग ।

मुन्द्री-/मुन्द्रि/ना. कानमा लगाउने गोलाकार गहना । (उदा. दिदी मुन्द्री लगाउनु हुन्छ ।)

मुमा-/मुवाँ/ना. आमा, माता । (उदा. मुमा मावल जानुभयो ।)

मुरली-/मुरलि/ना. निगालो, बाँस वा धातुको नलीमा प्वाल भएको मुखले फुकेर बजाउने बाजा ।

मुला-/मुला/ना.सेतो वा रातो रङ हुने, जमिनमुनि फल्ने तरकारी, अचार आदि खाइने कन्द वा त्यसको साग । (उदा. मुलाको अचार बनाइन्छ ।)

मुलायम-/मुलायम्/वि. नरम, कमलो । (उदा.बच्चालाई मुलायम ओछ्यानमा सुताउनु पर्छ ।)

मुलुक-/मुलुक्/ना. देश ।

मुसलमान-/मुसल्मान्/ना. मुहम्मदले चलाएको धर्म, इस्लाम धर्मको अनुयायी।

मुसुक्क-/मुसुक्क/क्रियो. मुख थोरै खोलेर खित्का नछोडी। (उदा. हँसिला मान्छेहरू मुसुक्क हाँस्छन्।)

मुसुमुसु-/मुसुमुसु/क्रियो. आवाज ननिकाली अलि बेर हाँस्दाको किसिम। (उदा. तिमी किन मुसुमुसु हास्यौ?)

मुसो-/मुसो/ना. प्वालभित्र बस्ने, अन्न खाने, लामो पुच्छर भएको सानो जन्तु।

मुस्कान-/मुस्कान/ना. ठुलो आबाज नआउने मुसुक्क वा मुसुमुसु हँसाइ। (उदा. गुरुको मुस्कानले हामी दङ्ग भयौँ।)

मुस्लो-/मुस्लो/ना. दन्केको आगोको ठुलो ज्वालो, लप्को।

मुहान-/मुहान्/ना. नदी, खोला सुरु भएको ठाउँ, पानी उम्रेको ठाउँ, कुलो सुरु भएको ठाउँ। (उदा. पानी नपरेर नदीका मुहान सुके।)

मुहार-/मुहार्/ना. अनुहार, मुख। (उदा. उसको मुहार चम्किलो छ।)

मूर्ख-/मुर्ख/ना. कम बुद्धि भएको मान्छे। (उदा. मूर्खको सङ्गत गर्नु हुँदैन।)


मूर्ति-/मुर्ति/ना. धातु, माटो, पत्थर वा काठबाट बनाइएको देवी देवताको आकृति। (उदा. मेरा बुबाले बुद्धको मूर्ति बनाउनु भयो।)

मूर्तिकला-/मुर्तिकला/ना. मूर्ति बनाउने कला, त्यस्तो सिप। (उदा. नेपाल मूर्तिकलामा धनी छ।)

मूल-/मुल्/ना. १. पानी उम्रिएको ठाउँ, मुहान। (उदा. पानीको मूलमा फोहोर गर्नु हुँदैन।) २. मुख्य वा प्रमुख।

मूल्य-/मुल्ल्य/ना. कुनै वस्तु किन्दा त्यसको सट्टामा दिने पैसा, मोल। (उदा. मेरो नेपाली किताबको मूल्य ५० रुपियाँ रहेछ।)

मृग-/म्रिग/ना. वनमा बस्ने, घाँस खाने बाख्रा जत्रो चारखुट्टे जनावर, हरिण। (उदा. जङ्गलमा मृगहरू पाइन्छन्।)



मृत्यु-/म्रित्यु/ जीवनको अन्त, देहावसान। (उदा. गाउँका नेताको मृत्यु भयो।)

मृदङ्ग-/म्रिदङ्ग/ना. छालाले मोडेर बनाइएको ढोलक जस्तै तालबाजा, मादल। (उदा. विशेष पर्वमा मृदङ्ग बजाउने चलन छ।)

मेघ-/मेघ्/ना. आकाशमा जम्मा भएको बादल, पानी पार्ने कुहिरो। (उदा. आज मेघ गर्जेर पानी पर्‍यो।)

मेच-/मेच्/ना. चार खुट्टा भएको, एक जना मात्र अडेस लागेर बस्न मिल्ने आसन, कुर्सी। (उदा. मेचमा बस।)

मेट्नु-/मेट्नु/क्रि. कुनै वस्तुमा लागेको दाग, चिह्न, अक्षर, चित्र आदि पुछ्नु वा हटाउनु। (उदा.अक्षर नराम्रो भए मेटेर फेरि लेख।)

मेथी-/मेथि/ना. तरकारी पकाउँदा भुटुन तताएर पड्काइने तितो स्वाद भएको मसला। (उदा. उसले तरकारी पकाउँदा मेथी पड्कायो।)

मेलमिलाप-/मेलमिलाप्/ना. आपसी झगडा र रिस छोडेर मित्रता बढाउने काम। (उदा. छिमेकीसँग मेलमिलाप गर्नुपर्छ।)

मेला-/मेला/ना. कुनै पर्वमा हुने मानिसहरूको जमघट, उत्सव, जात्रा। (उदा. राम नवमी मेला)

मेलो-/ना. १. काम वा इलमको सिलसिला वा प्रक्रिया, कामको मेसो।

मेवा-/मेवा/ना. ठुला दाना हुने पहेँलो जातको फल, पपिता। (उदा. मेवाको बिरुवा छिट्टै हुर्केर फल लाग्छ।)

मेसिन-/मेसिन्/ना. धेरै किला, काँटा, पुर्जा आदिले बनेको यन्त्र, मोटर। (उदा. मेसिनबाट छिटो र धेरै काम हुन्छ।)

मैदा-/मैदा/ना. गहुँको मसिनो पिठो, आँटा। (उदा. दिदीले मैदाको रोटी बनाउनु भयो।)

मैदान-/मैदान्/ना. खुला र सम्म जग्गा, फाँट। (उदा. केटाकेटी मैदानमा खेल्छन्।)

मैन-/मइन्/ना. मौरीको चाकाबाट मह निकालेपछि बचेको ठोस वस्तु। (उदा. बत्ती बाल्ने काममा मैनको प्रयोग गरिन्छ।)

मैना-/मैना/ना. मानिसको जस्तो आवाज निकाल्ने चरो, सारौँ (रुपी) जस्तै चरो। (उदा. मानिसहरू मैना पाल्छन्।)


मैलो-/मैलो/वि. १.फोहोर देखिने धुलो, हिलो लागेको, नराम्रो देखिने। २. ना. फोहोर, मयल। (उदा.शरीरको मैलो फाल्न नुहाउनु पर्छ।)

मोची-/मोचि/ना. एक प्रकारको जापानी मिठाई। (उदा. जापानीहरू मोची खान्छन्।)

मोजा-/मोजा/ना. खुट्टामा लगाउने लुगा। (उदा. उसले मोजा लगाएर जुत्ता लगायो।)

मोटर-/मोटर्/ना.हे. १. मेसिन। २. यातायातको साधन, जिप, बस, कार आदि। (उदा. ऊ मोटर चढेर स्कुल गयो।)

मोटर साइकल-/मोटर् साइकल्/ना. साइकल जस्तो दुईपाङ्ग्रे तर आफैँ चल्ने सबारी साधन। (उदा. काका मोटर साइकल चलाउनु हुन्छ।)



मोटो-/मोटो/वि. शरीरको तौल बढी भएको। (उदा. दाजुको शरीर मोटो छ ।)

मोती-/मोति/ना. समुद्री किराबाट उत्पादन हुने बहुमूल्य गोलो सेतो दाना । (उदा. उनले मोतीका दानाको हार लगाएकी छन् ।)

मोल-/मोल्/ना. कुनै वस्तु किन्दा त्यस वापत बुझाइने दाम वा मूल्य। (उदा. यो गहना धेरै मोल तिरेर किनेको हो ।)

मोह-/मोह/ना. कुनै कुरा छोड्न वा त्याग्न गाह्रो हुने अवस्था, माया । (उदा. धनको मोह कसले त्याग्न सक्छ र !)

मोहनी-/मोहनिं/ना. अरूलाई मोहमा पार्ने काम, आफूप्रति आकर्षित गर्ने टुनामुना । (उदा. उसले तिमीलाई मोहनी लगायो कि क्या हो ?)

मोहित-/मोहित्/वि. मुग्ध, कुनै चिज, वस्तु वा व्यक्तिप्रति आकर्षित। (उदा. हिमालको दृश्यले मानिसलाई मोहित पार्छ ।)

मौका-/मौका/ना. कुनै काम गर्ने अवसर, उपयुक्त अवस्था । (उदा. मौकामा काम गरिहाल्नु पर्छ ।)

मौरी-/मौरि/ना. फूलको रस लिएर चाकामा मह बनाउने किरो, माहुरी। (उदा. हामीले मौरी पालेका छौं ।)



मौलाउनु-/ना. मौलाउने काम वा मौलने ।

मौलिक-/मौलिक्/वि. नक्कल नगरिएको, आफ्नो पन भएको। (उदा. नेपालको मौलिक कलाले विश्वमा प्रसिद्धि पाएको छ ।)

मौसम-/मौसम्/ना. जाडो, गर्मी, वर्षा आदिका आधारमा विभाजित समय, ऋतु, याम । (उदा. नेपालमा मौसम परिवर्तन भइरहन्छ ।)

म्याउ-/म्याउ/ना. १. बिरालो कराएको आबाज । २. बिरालो (बाबो.) । (उदा. बिरालो म्याउ गर्छ ।)

म्याद-/म्याद्/ना. १ .कुनै .कार्यका लागि तोकिएको सीमा, अवधि, अन्तिम मिति ।

म्युजियम-/म्युजियम्/ना. विशेष प्रकारका पुरानो सामग्री सङ्कलन गरी राखिएको ठाउँ, सङ्ग्रहालय । (उदा.म्युजियममा पुराना र महत्त्वपूर्ण कुरा राखिएका हुन्छन् ।)

म्वाइँ-/म्वाइँ/ना. माया दर्साउन गालामा चुम्ने काम, चुम्बन, चुप्पा ।

## य

**यज्ञ**-/यग्ग्यँ/ना. हिन्दु धर्मको विधिअनुसार जौ, चामल, घिउ आदि मुछेर आगोमा चढाउने काम, हवन गर्ने काम ।

**यताउता**/यताउता/क्रियो. यता वा उतातिर, छेउछाउ, वरपर । (उदा.तिमी यताउता नगरी घर जाऊ ।)

**यति**-/यति/वि. अत्यन्त थोरै वा धेरै, निश्चित वा सङ्केत गरिएको परिमाण जति । (उदा. बिहान उठेर मुख धुनु पर्छ ।)

**यन्त्र**-/यन्त्र/ना. किला, काँटा, पुर्जा आदिको सहयोगबाट चल्ने साधन, कल ।

**यम पञ्चक**-/यमपन्चक्/ना. तिहारका पाँच दिन, काग तिहारदेखि भाइ टीकासम्मका दिन ।

**यस**-/यस्/वि . १ कुनै व्यक्ति, वस्तु आदिलाई तोक्दा भनिने शब्द । (उदा. यस रुखको नाम सल्लो हो ।)

**यसरी**-/यसरि/क्रियो. यस्तो प्रकारले, तोकिएको जस्तै गरी । (उदा.यसरी बरालिनु हुन्न बाबु !)

**यही**-/यहि/वि. सर्व. धेरैमध्ये कुनै एक । (उदा. तिमीले खोजेको कलम यही हो ।)

**याक**-/याक्/ना. भाले चौंरी । (उदा. हिमाली क्षेत्रमा याक पालिन्छ ।)

**यातना**-/यातना/ना. रोग, घाउ, चोट तथा कुटपिटबाट हुने दु:ख, पीडा कष्ट । (उदा. प्रहरीले चोरलाई यातना दियो ।)

**यातायात**-/यातायात्/ना. १. सवारी साधनको आवतजावत । २. बाटोघाटो, मार्ग ।

**यात्रा**-/यात्त्रा/ना. एक ठाउँबाट अर्को ठाउँमा जाने काम, भ्रमण । (उदा. हामीले इलामको यात्रा गऱ्यौं ।)

**यात्रु**-/यात्त्रु/ना. १. यात्रा गर्ने व्यक्ति, यात्री ।

**याद**-/याद्/ना. कुनै व्यक्ति, स्थान, घटना आदिको सम्झना, स्मरण । (उदा. मलाई तिम्रो याद आयो ।)

**याम**-/याम्/ना. वेला, समय, मौसम । (उदा. यस याममा मानिसहरू बाली लगाउँछन् ।)

**यार्लिङ**-/यार्लिङ्/ना. कानको लोतीमा लगाइने गहना ।

**युग**-/युग्/ना. पुराण अनुसार ज्यादै लामो समयावधिलाई जनाउने शब्द लामो समयावधि ।

**युनिसेफ**-/युनिसेफ्/ना. केटाकेटीको हितमा काम गर्ने संयुक्त राष्ट्र सङ्घको संस्था । (उदा. युनिसेफले हाम्रो विद्यालयलाई पुस्तक दियो ।)

**यी**-/यि/सर्व. 'यो' सर्वनामको बहुवचन । (उदा. यी ज्ञानी छन् ।)

युरोप-/युरोप्/ना. १. संसारका सात महादेशमध्ये एक महादेश। २. एसियाको पश्चिमी भाग र अफ्रिकाको उत्तरी भागमा पर्ने एक महादेश। (उदा. युरोप एसियाभन्दा धनी छ।)

युवराज-/युबराज्/ना. राजाको जेठो छोरो, राजाको उत्तराधिकारी।

युवा-/युबा/ना. जवान, बाल जीवन बिताएको बुढाबुढी नभएको मान्छे। (उदा. युवाहरूले देश विकास गर्न सक्छन्।)

यो-/यो/सर्व. नजिक रहेको व्यक्ति वा वस्तु तोक्न प्रयोग गरिने शब्द। (उदा. यो किताब राम्रो रहेछ।)

योग-/योग्/ना. १. मनलाई एकाग्र पार्ने अभ्यास (उदा. योग गर्नाले शरीर स्वस्थ्य हुन्छ।) २. दुई वस्तुको मिलन। ३. गणितमा जोडको काम।

योगदान-/योग्दान्/ना. कुनै काममा पुऱ्याइएको सहयोग, देन। (उदा. सहिदको योगदान विर्सनु हुँदैन।)

योगफल-/योग्फल्/ना. विभिन्न सङ्ख्या जोड्दा आउने सङ्ख्या। (उदा. दुई र दुईको योगफल चार हो।)

योग्य-/योग्ग्य/वि. कुनै काम गर्न सक्ने सिप र क्षमता भएको। (उदा. योग्य शिक्षकले मात्र राम्रो पढाउन सक्छन्।)

योग्यता- /योग्ग्यता/ना. १. कुनै व्यक्तिमा रहेको क्षमता, दक्षता।

योगी-/योगि/ना. १.घरबार त्यागेको साधु, सन्त। २.योगको साधना गर्ने मानिस। (उदा. हाम्रो घरमा योगी आइपुगे।)

योजना-/योजना/ना. कुनै काम के, कसरी, कहिले र कसले गर्ने भनेर तयार पारेको कार्यक्रम वा रूपरेखा।

## र

रकम-/रकम्/ना. धन, सम्पत्ति, नगद, पैसा। (उदा. उनीहरूले ठुलो रकम खर्च गरेर व्यापार गरे।)

रक्त-/रक्त/ना. १. शरीरका नसामा बहने रातो तरल पदार्थ, रगत। २. रातो रङ। (उदा.रगतमा रक्तकण हुन्छन्।)

रक्तचाप-/रक्तचाप्/ना. शरीरमा सञ्चार हुने रगतको वेग वा गति। (उदा. उच्च रक्तचाप, निम्न रक्तचाप)

रक्तदान-/रक्तदान्/ना. अरूको शरीरका लागि रगत दिने काम। (उदा.दाजुले दुईपल्ट रक्तदान गर्नुभयो।)

रक्षा-/रक्छ्या, रच्छ्या/ना. बचाउने काम। (उदा.हामीले बोट बिरुवाको रक्षा गर्नुपर्छ।)

रक्सी-/रक्सि/ना. अन्न वा फलफूल कुहाएर त्यसबाट तयार गरिने नसा लाग्ने झोल पदार्थ, मदिरा। (उदा. रक्सी खानु राम्रो होइन।)

रग-/रग्/ना. ऊनीको ओढ्ने कपडा, कम्बल। (उदा. हामी रग ओढेर सुत्छौं।)

रगत-/रगत्/ना. प्राणीको शरीरका नसामा बग्ने रातो तरल वस्तु। (उदा. काटेको ठाउँबाट रगत बग्यो।)

रङ-/रङ्/ना. आँखाले देखिने कालो, रातो आदि नामले चिनिने वर्ण। (उदा. पानीको रङ हुँदैन।)

रङ्क-/रङ्क/ना. अत्यन्त गरिब मान्छे, भिखारी। (उदा. परिस्थितिले राजालाई पनि रङ्क बनाउछ।)

रङ्गमञ्च-/रङ्गमन्च्/ना. नाचगान, नाटक आदि देखाइने ठाउँ। (उदा. रङ्गमञ्चमा नाटक प्रदर्शन भयो।)

रङ्गशाला-/रङ्गसाला/ना. खेल वा ठुलो भेला सञ्चालन गर्न घेरिएको मैदान। (उदा.रङ्गशालामा खेल हुँदै छ।)

रङ्गाउनु-/रङ्गाउनु/क्रि. कुनै वस्तुमा रङ लगाउनु वा पोत्नु। (उदा. रमाले कपडा रङ्गाए।)

रचना-/रचना/ना. १. कुनै वस्तु बनाउने काम, निर्माण। २. कविता, कथा, निबन्ध आदि। (उदा. मुनामदन लक्ष्मीप्रसाद देवकोटाको रचना हो।)

रजाइँ-/रजाइँ/ना. राज्य गर्ने काम, शासन चलाउने काम, आफूखुसी गर्ने काम। (उदा. यस कार्यालयमा हाकिमले रजाइँ गरे।)

रजिस्टर-/रजिस्टर्/ना. ठुलो खालको कापी, खाता। (उदा. कामदारको ज्याला रजिस्टरमा लेख्नुपर्छ।)

रडाको-/रडाको/ना. हे. झगडा।

रतन्धो-/रतन्धो/ ना. राति आँखा नदेख्ने रोग। (उदा. उसलाई रतन्धो लागेको छ।)

रथ-/रथ्/ना. घोडाले तानेर चलाउने चार पाङ्ग्रे यातायात साधन, बग्गी। (उदा. रथयात्रा।)

रद्द-/रद्द/ना. खारेज वा हटाउने काम। (उदा.उसको परीक्षा रद्द भयो।)

रद्दी-/रद्दि/वि. काम नलाग्ने, बेकम्मा, फोहोर मैला।

रनक्क-/रनक्क/क्रियो. आगो, घाम, ज्वरो आदिले ताप्दाको किसिम। (उदा. न्यानो घामले जिउ रनक्क तात्यो।

रन्न-/रन्न/क्रियो. १. तात्ने गरी। २. रिसाउने गरी। (उदा. हरि बिनासित्ति रन्न भयो।)

रबर-/रबर्/ना. बरका जस्ता पात हुने चोपबाट विभिन्न किसिमका हलुङ्गा सामान बनाइने एक जातको वनस्पति वा त्यसको चोपबाट बनेको वस्तु। (उदा. बजारमा रबरबाट बनेका सामान पाइन्छन्।) (उदा. रबर खेती, रबरबाट बनेका सामान।)

रमणीय-/रमणिय/वि. एकदम राम्रो, सुन्दर, रमाइलो । (उदा. हामीले थुप्रै रमणीय स्थलको भ्रमण गऱ्यौं ।)

रमाइलो-/रमाइलो/वि. १. आनन्द लाग्ने । २.ना. मनोरञ्जन, रमझम । (उदा. वनभोजमा धेरै रमाइलो भयो ।)

रमाउनु-/रमाउनु/क्रि. आनन्द मान्नु, खुसी हुनु । (उदा. फूलबारी देखेर भाइ रमायो ।)

रमिता-/रमिता/ना. रमाइलो लाग्ने उत्सव, खेल, तमासा । (उदा. यस घरमा केको रमिता छ हँ !)

रवि-/रबि/ना. दिनको समयमा आकाशमा देखिने तापिलो, चम्किलो ग्रह, सूर्य ।

रवि बार-/रविबार/ना. हप्ताको पहिलो दिन, आइतवार ।

रस-/रस्/ना. कुनै वस्तुमा हुने झोल वा तरल पदार्थ । (उदा. हामीले उखुको रस खायौं ।)

रसिद-/ रसिद्/ना. कर, चन्दा आदि बुझाउँदा बुझ्नेले बुझाउनेलाई दिने पुर्जा, भर्पाई । ( उदा. शुल्क बुझाएपछि रसिद लिनुपर्छ ।)

रसिलो-/रसिलो/वि. १ रस भएको । २. मिठो, स्वादिलो । (उदा. आँप रसिलो छ ।) ३. मिठा कुराकानी गर्ने ।

रहनु-/रहनु/क्रि. १.कुनै कुरो कुनै ठाउँमा हुनु । (उदा. माछा पानीमा रहन्छ ।) २. बाँकी हुनु, बच्नु । (उदा. समयको कमीले अलिकति काम र□यो ।)

रहर¹-/रहर्/ना. इच्छा, चाहना । (उदा. मलाई इलाम घुम्ने रहर छ ।)

रहर²-/रहर्/ना.एक प्रकारको दाल ।

राँको-/राँको/ना. १. आगाको बल्दो ज्वालो, मुस्लो, लप्को । २. अँध्यारोमा बाटो हिँड्दा उज्यालोका लागि बाँसका मसिना कप्टेरा बालेर सँगै लिएर हिँड्ने आगो, मसाल, पुल्ठो ।

राँगो-/राँगो/ना. भैंसीको भाले । (उदा. राँगाले दाम्लो चुँडायो ।)

राई-/राइ/ना. १. किरात समुदायको एक जाति । २. कुनै व्यक्ति वा समुदायलाई दिइने मान, थर ।

राख्नु-/राख्नु/क्रि. खास वस्तुलाई खास ठाउँमा रहन दिनु, थन्क्याउनु । (उदा. तिम्रो पुस्तक त्यहीँ राख ।)

राजधानी-/राज्धानि/ना. कुनै पनि देशको केन्द्रीय सदर मुकाम, राष्ट्राध्यक्षको कार्यालय रहने ठाउँ । (उदा. नेपालको राजधानी काठमाडौं हो ।)

राजनीति-/राज्निति/ना. देशको शासन व्यवस्था चलाउने नीति । (उदा. अस्थिर राजनीतिले देश विकास हुन सकेन ।)

राजपत्र- /राजपत्र/ना. सरकारी सूचना, जानकारी, ऐन, नियम, निर्णय आदि प्रकाशित गरिने सरकारी पत्रिका, गजेट ।

राजपत्राङ्कित- ना. १. राजपत्रमा उल्लेख हुने तथा छापिने, २. नियुक्ति, सरुवा, बढुवा आदिबारे राजपत्रमा उल्लेख हुने पदहरू ।

राजभक्त-/राज्भक्त/वि. राजा वा राष्ट्र प्रमुखप्रति भक्त वा बफादार। (उदा. राजभक्तले राजालाई गलत सल्लाह दिए ।)

राजमार्ग- ना. देशको मुख्य सडक वा मार्ग, मूल सडक, राजपथ ।

राजा-/राजा/ना. चुनावबाट नभएर वंशका आधारमा बाचुन्जेल कुनै देशको राष्ट्र प्रमुख हुने व्यक्ति ।

राडी-/राडि/ना. बस्नका लागि खस्रो ऊनबाट बुनेको, ओछ्याउने सामान । (उदा.पुरोहित राडीमा बसे ।)

रात-/रात्/ना. घाम अस्ताएपछिको अँध्यारो समय, राति । (उदा. मानिसहरू राति पनि काम गर्छन् ।)

राति-/राति/ना. रातको समय, रात्री । (उदा. आज राति गाउँमा चोरी भएछ ।)

रातो-/रातो/वि. रगत जस्तो रङ । (उदा. मलाई रातो कपडा मन पर्छ ।)

रात्री-/रात्रि/ना. घाम अस्ताएपछि उज्यालो नहुँदासम्मको समय, रात, राति । (उदा. दाजु रात्री कलेजमा पढ्नु हुन्छ ।)

रानी-/रानि/ना. राजाकी श्रीमती, राजतन्त्र भएको देशकी महिला राष्ट्र प्रमुख ।

राम-/राम्/ना. रामायणका प्रमुख पात्र, दशरथका जेठा छोरा, सीताका पति । (उदा.रामसँग सीता पनि वनवास गइन् ।)

राम्रो-/राम्म्रो /वि.१. आँखाले हेर्दा हेरूँ हेरूँ लाग्ने, सुन्दर २. असल, भद्र, भलाद्मी । (उदा. राम्रो मान्छे)

राय-/राय्/ना. कुनै समस्या, विवाद, विषय आदिमा प्रस्तुत गरिने तर्क, विचार ।

रायो-/रायो /ना. खास गरी हिउँद महिनामा पाइने ठुला पात हुने एक जातको साग । (उदा. रायोको साग मिठो हुन्छ ।)

रावण-/राबण्/ना. रामायणको कथाको एक पात्र, प्राचीन लङ्काका राजा, रामसँगको लडाइँमा पराजित व्यक्ति । (उदा. रावणले लङ्कालाई सुन्दर बनाएका थिए ।)

राशि-/रासि/ना. १.जन्मदाको नक्षत्रका आधारमा ज्योतिषले छुट्याएको बान्ह समूह (उदा. मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धन, कुम्भ, मकर र मीन) २. रास, थुप्रो (उदा. ठुलो धन राशि)

राष्ट्र-/रास्ट्र/ना. देश, मुलुक । (उदा. हामी सबै मिलेर राष्ट्रको विकास गर्नु पर्छ ।)

राष्ट्रपति- /रास्ट्रपति/ना. गणतन्त्र भएको देशको राष्ट्र प्रमुख ।

राष्ट्रिय-/रास्ट्रिय/वि. राष्ट्रको राष्ट्र सम्बन्धी । (उदा. राष्ट्रिय हित गर्नु सबैको उद्देश्य हुनुपर्छ ।)

रास-/रास्/ना. अन्न आदिको ठुलो मात्रा, थुप्रो ।

रासायनिक-/रासायनिक्/वि. कुनै वस्तुका अत्यन्त सूक्ष्म भाग, अणु, परमाणु सम्बन्धी। (उदा. रासायनिक मलको प्रयोगले बाली सप्रन्छ ।)

राहत-/राहत्/ना. १. पीडितहरूलाई गुजाराका लागि दिइने सहयोग ।

राहु-/राहु/ना. ज्योतिष विद्या अनुसार एक ग्रहको नाम । (उदा. राहुले दुःख दिन्छ रे !)

रिँगटा-/रिँगटा/ना.घुमेको वा चक्कर लागेको अनुभव, चक्कर । (उदा. सर्बत खाएपछि मलाई रिँगटा हट्यो ।)

रिकापी-/रिकापि/ना. अचार खान प्रयोग हुने भाँडो, प्लेट ।

रिक्सा-/रिक्सा/ना. साइकलका तीन पाङ्ग्रा जोडिएको यातायात साधन ।

रिजर्भ्वायर-/रिजर्भ्वायर्/ना. १.कुनै चिज जम्मा पार्ने ठाउँ । २.पानी ट्याङ्की । (उदा. रिजर्भ्वायरमा पानी सकिएछ ।)

रित्तिनु-/रित्तिनु/क्रि. सामान सकिएर खाली हुनु, रित्तो हुनु । (उदा. मट्टीतेलको भाँडो रित्तिएछ ।)

रित्तो-/रित्तो/वि. खाली भएको, भित्र केही नभएको । (उदा. रित्तो गाग्री आँगनमा राख ।)

रित्याउनु-/रित्त्याउनु/क्रि. रित्तो वा खाली पार्नु । (उदा. भाइले पानी पोखेर गाग्री रित्याएछ ।)

रिबन-/रिबन्/ना. महिलाले कपाल बाँध्ने गर्ने चौडाइ कम लम्बाइ बढी भएको रङ्गीन कपडा । (उदा. गीताले रातो रिबन लगाइन् ।)

रिले-/रिले/वि. पालैपालो हुने, पालैपालो गरिने । (उदा. रिले दौड, रिले अनशन ।)

रिस-/रिस्/ना. कुनै व्यक्ति वा वस्तुप्रति अकस्मात् मनमा उब्जिने नराम्रो भावना, क्रोध । (उदा. बहिनीको कुरा सुनेपछि मलाई रिस उठ्यो ।)

रिसाउनु-/रिसाउनु/क्रि. रिस उठ्नु, क्रोध बढ्नु, झोकिनु । (उदा. मेरा कुरा सुनेर बुबा रिसाउनु भयो ।)

रीति-/रिति/ना. पहिलेदेखि चलेको चलन, प्रथा, रिवाज । (उदा. धनी भइयो भन्दैमा रीति छाड्नु हुँदैन ।)

रुँग्नु-/रुँग्नु/क्रि. सामान, बाली आदि जोगाउन पाले जस्तो भई बस्नु, रखबारी गर्नु ।

रुख-/रुख्/ना. जमिनभित्र जरा भएको र जमिन बाहिर काण्ड हाँगाबिगा भएको वनस्पति, बोट, गाछी । (उदा.भिरालो पाखोमा रुख रोप्नुपर्छ ।)

रुघा-/रुघा/ना. छिउँ आउने र नाकबाट पानी बग्ने एक प्रकारको रोग । (उदा. पानीमा रुझेकाले मलाई रुघा लाग्यो ।)

रुचाउनु-/रुचाउनु/क्रि. मन पराउनु । (उदा. भाइ सागपात रुचाउँछ ।)

रुचि-/रुनु/ना. १.खाने मन, खाने इच्छा, भोक । (उदा. रुचि बढाउने औषधी) । २. कुनै वस्तुप्रतिको इच्छा । (उदा. उसले रुचिपूर्वक कथा सुन्यो ।)

रुनु-/रुनु/क्रि. मनमा पिर परेर वा शरीरमा पीडा भएर आँसु बगाउनु, आँसु बगाएर हुँ.. हुँ आबाज निकाल्नु । (उदा. भिनाजु बिरामी भएको सुनेर दिदी रुनुभयो ।)

रुपियाँ-/रुपियाँ/ना. १. सय पैसा, सय पैसा मूल्य भएको धातु वा कागजको मुद्रा । (उदा. धेरै रुपियाँ भए म गाडी किन्थेँ ।) २. धनसम्पत्ति ।

रुमाल-/रुमाल्/ना. धोएको हातमुख वा शरीरको पसिना पुछ्न खल्तीमा बोकिने सानो चारपाटे कपडा । (उदा. रुमालले पसिना पुछ ।)

रुलर-/रुलर्/ना. नाप्न वा धर्का तान्न प्रयोग गरिने चौडाइ कम भएको प्लास्टिक वा काठको पातलो टुक्रा । (उदा. सिधा रेखा कोर्न रुलरको प्रयोग गरिन्छ ।)

रुवावासी-/रुवाबासि/ना. धेरैजना एकै चोटि रुने काम ।

रूख-/रुख्/ना. हे. रुख ।

रूढ-/रुढ्/ना. गणितमा अरू अङ्कले पूर्ण भाग नलाग्ने ३, ५ आदि सङ्ख्या ।

रूप-/रुप्/ना. १.आँखाले हेरेर थाहा हुने आकार, वर्ण । २.चेहरा, अनुहार । (उदा. रूप हेर्दा त ऊ ज्ञानी जस्तै लाग्छ ।)

रूपरङ्ग-/रुपरङ्ग/ना. आकार र रङ, रूपको आकार प्रकार ।

रूपान्तर-/रुपान्तर्/ना. अर्को रूपमा लैजाने वा बदल्ने काम । (उदा. कर्तृवाच्यलाई कर्मवाच्यमा रूपान्तर गर्न सकिन्छ ।)

रे-/रे/ना. आफूलाई पुरा जानकारी नभई अरूबाट पाएको सूचना, अर्को व्यक्तिलाई बताउँदा, वाक्यको अन्तमा प्रयोग हुने शब्द, अरे । (उदा. पानी नपरेकाले मधेसमा सुक्खा लागेको छ रे ।)

रेखदेख-/रेख्देख्/ना. हेरचाह गर्ने काम । (उदा. आमाबाबुले छोराछोरीको रेखदेख गर्छन् ।)

रेखा-/रेखा/ना. कागज वा जमिनमा तानिएको धर्सो, धर्को । (उदा. कागजमा सरलरेखा कोर ।)

रेखाखण्ड-/रेखाखन्ड/ना. लामो रेखाको केही भाग ।

रेखाचित्र-/रेखाचित्त्र/ना. रेखाहरूले बनेको चित्र । (उदा. उसले रेखाचित्रबाट घरको नक्सा बनायो ।)

रेडक्रस- /रेड्क्रस्/ना. राता दुई धर्का आपसमा काटिएर बनेको जोड आकारको (+) चिह्न, झन्डामा यस्तो चिह्न राख्ने अन्तरराष्ट्रिय सेवामूलक संस्था । (उदा. रेडक्रसले बाढी पीडितलाई राहत बाँड्यो ।)

रेडियो- /रेडियो/ना. विना तार खास ठाउँबाट प्रसार गरेको कुरो अरू ठाउँमा जस्ताको तस्तै सुनाउने यन्त्र । (उदा. धेरै मानिसहरू रेडियोबाट खबर सुन्छन् ।)

रेसा- /ना. बोट विरुवाका पात, डाँठ, फल आदिमा पाइने एक प्रकारको तन्तु, धर्सा ।

रैती- /रैति/ना. राजाले राज्य गर्ने मुलुकका जनता । (उदा. गणतन्त्रमा जनतालाई रैती भनिंदैन ।

रोकथाम- /रोक्थाम्/ना. कुनै कुरा फैलन वा बिग्रनबाट रोक्ने बचाउने काम, नियन्त्रण । (उदा. नेपालमा टिबी रोगको रोकथाम भएको छ ।)

रोकावट- /रोकावट्/ना. १. रोक्ने काम, रोक्का, बाधा, अवरोध ।

रोकिनु- /रोकिनु/क्रि. भइरहेको काम कुरा नहुनु, हट्नु । (उदा. चौबिस घण्टापछि मात्र वर्षा रोकियो ।)

रोक्का- ना. १. रोक्ने काम, रोकावट, अवरोध २. काममा निषेध ।

रोक्नु- /रोक्नु/क्रि. काम छोड्नु, थाम्नु, हुन नदिनु । (उदा. पालेले मलाई बाहिर नै रोक्यो ।)

रोग- /रोग्/ना. शरीर अस्वस्थ्य हुने समस्या । (उदा. रोग लाग्दा बिरामी भइन्छ ।)

रोटी- /रोटि/ना. पिठो मुछेर आगोको रापमा सेकेर बनाएको खानेकुरा । (उदा. हामी बेलुका रोटी खान्छौं ।)

रोप्नु- /रोप्नु/क्रि. बिरुवा सार्न र हुर्काउन त्यसको जरा माटोमा गाड्नु । (उदा. फूलबारीमा फूल रोप ।)

रोहु- /रोहु/ना. एक प्रकारको माछा । (उदा. रोहु माछा छिटै बढ्छ ।)

रौं- /रौं/ना. शरीरमा उम्रने कपाल, भुत्ला, केश, दाह्री, जुँगा इत्यादि । (उदा. उसका शरीरभरि रौं छन् ।)

र्‍याफ्टिङ- /र्‍याटिङ्/ना. डुङ्गामा बसेर खोला वा नदीमा घुमफिर गर्ने खेल, नौका विहार । (उदा. सुनकोसी नदीमा र्‍याफ्टिङ गरिन्छ ।)

र्‍याल- /र्‍याल्/ ना. मुखबाट आफैं आउने चिप्लो तरल पदार्थ । (उदा. मैले मिठाई खाँदा भाइले र्‍याल चुहायो ।)

**लक्कु-**/लक्कु/ना. पैसा, खवटा आदि एकमाथि अर्को राखेर बनाएको चाङ । (उदा. रमेशले पैसाको लक्कु बनायो ।)

**लक्कुढाल-**/लक्कुढाल/ना. भकुन्डोले खबटाको लक्कु ढाल्ने खेल । (उदा. केटाकेटीहरू लक्कुढाल खेल्छन् ।)

**लक्षण-**/लक्छ्यण्/लच्छ्यण्/ना. १. कुनै कुरो थाहा पाउने चिह्न, सङ्केत, विशेषता । २. रोग थाहा पाउने सङ्केत । (उदा. लक्षणबाट रोग चिनिन्छ ।)

**लक्ष्य-**/लक्छ्य, लच्छ्य/ना. गर्न ताकेको कुरो, उद्देश्य, कामको विषय । (उदा. यसपालि लक्ष्य अनुसारको प्रगति भएन ।)

**लक्ष्मी-**/लछ्मी/ना. धनकी देवी, विष्णुकी पत्नी । (उदा. हिन्दुहरू लक्ष्मीको पूजा गर्छन् ।)

**लख-**/लख्/ना. अनुमान, अडकल, अन्दाज । (उदा. आज बिहान आकाश हेरेर पानी पर्ने लख काटेको थिएँ ।)

**लखेट्नु-**/लखेट्नु/क्रि. खेद्नु, भगाउनु । (उदा. प्रहरीले चोरलाई लखेट्यो ।)

**लगन-**/लगन्/ना. विवाह, व्रतबन्ध आदिमा कुनै खास समयमा गरिने विधि, मुख्य साइत । (उदा. बेहुलाले लगनमा बेहुलीलाई सिन्दुर हाले ।)

**लगाउनु-**/लगाउनु/क्रि. १.शरीरमा लुगा गहना जुत्ता आदि पहिरनु । २. तेल वा रङ दल्नु, पोत्नु । ३. कसैलाई कुनै काम गर्न भन्नु, काम अऱ्हाउनु । ४. अर्थ बताउनु, अर्थ लगाउनु । (उदा. मैले शब्दकोश हेरेर शब्दको अर्थ पत्ता लगाएँ ।)


**लगानी-**/लगानि/ना. ब्याज वा नाफा आउने काममा प्रयोग भएको धन । (उदा. साहुले व्यापारमा लगानी गरे ।)

**लग्नु-**/लग्नु/क्रि. साथमा लिएर वा राखेर जानु, लैजानु । (उदा. कागले चल्लो लग्यो ।)

**लघु-**/लघु/वि. १. सानो, छोटो २. हलुङ्गो, हलुको, ३. थोरै ।

**लङ्गडो-**/लङ्गडो /वि. खुट्टो खोच्याएर हिँड्ने व्यक्ति, खोरन्डो, खँजाहा । (उदा. दुर्घटनामा परेर ऊ लङ्गडो भयो ।)

**लङ्गुर¹-**/लङ्गुर्/ना. लामो पुच्छर भएको रुखरुखमा हिँड्ने बाँदर जस्तै जन्तु, ढेडु । (उदा. लङ्गुरले केटाकेटी तर्सायो ।)



**लङ्गुर²-**/लङ्गुर्/ना. भित्तामा झुन्ड्याइने एक प्रकारको घडीको तल्लो भागमा झुन्डिएको वरपर हल्लने साधन । (उदा. भित्ते घडीको लङ्गुर हल्लिँदै छ ।)

लछार्नु-/लछार्नु/ क्रि. १. रुख बिरुवाका हाँगा तानेर भाँच्नु । २. फलफूलका बोक्रा जथाभाबी ढुङ्गाले ताछ्नु । ३. घिस्याउनु, धकेल्नु ।

लज-/लज्/ना.बास बस्ने होटल । (उदा. परदेश जाँदा सहरको लजमा बसियो ।)

लज्जावती-/लज्जाबति/वि. १. मान्छेले छुँदा पात खुम्चने एक प्रकारको झार २. लाज मान्ने आइमाई । वि. ३. लाज मान्ने, लजालु । (उदा. लज्जावती महिला विनयी हुन्छिन् ।)

लज्जित-/लज्जित्/वि. लाज मानेको, लजाएको । (उदा.आफ्नै व्यवहारले ऊ लज्जित भयो ।)

लट्टाई-/लट्टाइ/ना. चङ्गाको धागो बेर्ने साधन । (उदा. याचुले चङ्गा र लट्टाई किन्यो ।)

लट्ठा-/लट्ठा/लट्ठा/ना. माटो, ढुङ्गा वा इँटा सिमेन्टबाट बनेको खम्बा वा थाम, स्तम्भ । (उदा. बिजुलीको लट्ठाको बत्ती बिग्रेछ ।)

लट्ठी-/लट्ठि/ना. टेकेर हिँड्न वा अरूलाई पिट्न प्रयोग हुने काठको डन्डी । (उदा. हजुर बुबा लट्ठी टेक्नुहुन्छ ।)

लड्नु-/लड्नु/क्रि. १. पछारिनु, ढल्नु, लेट्नु, खस्नु । २. लडाइँ गर्नु । (उदा. अन्याय र अत्याचारका विरुद्ध लड्नुपर्छ ।)

लडाइँ-/लडाइँ/ना. १. जित्ने उद्देश्यले जुध्नु, लाप्पा खेल्नु । २. दुई देश वा समूहका सेना बिचमा हुने काटमार, भिडन्त, युद्ध । (उदा. लङ्कामा भयङ्कर लडाइँ भएको थियो रे ।)

लडाउनु-/लडाउनु/ क्रि. कुनै सामान ढाल्नु, गुडाउनु । २. युद्ध वा झगडा गराउनु ।

लप्सी-/लप्सि/ना. साना दाना हुने अचार खान प्रयोग हुने एक प्रकारको अमिलो फल ।

लबेदा- ना. दौरा, मयलपोस ।

लम्कनु-/लम्कनु /क्रि. १. लामो फड्को हालेर हिँड्नु । २. कुनै चिज छुन वा भेट्नका लागि ज़िउ तन्काउनु । (उदा. बाछो उफ्रेपछि माउ लम्क्यो ।)

लम्बाइ-/लम्बाइ/ ना. कुनै वस्तु कति लामो रहेछ भनेर एक छेउबाट अर्को छेउसम्म नापेको नाप ।

लरखराउनु-/लर्खराउनु/क्रि. राम्ररी खुट्टा नटेकी हल्लिएर हिँड्नु । (उदा. रक्सीको मातले त्यो मान्छे लरखराउँदै छ ।)

लरी-/लरि/ना. सामान ओसारपसार गर्ने लामो खालको ट्रक ।

लर्कनु-/लर्कनु/सक्रि. १. तलतिर झुप्पो परेर झुन्डिनु, झुन्डिएर हल्लनु । २. लर्को लाग्नु ।

लसुन-/लसुन्/ना. माटामुनि केस्रैकेस्रा भएको कन्द फल्ने तरकारी वा मसलाको रूपमा खाइने एक जातको बोट वा त्यसको कन्द ।

लस्कर-/लस्कर्/ ना. मानिस वा अन्य प्राणीको लाम, लहर, ताँती । (उदा.पानी परेपछि कमिलाको लस्कर देखियो ।)

लस्सादार-/लस्सादार्/वि. लिसो भएको, लेसाइलो, टाँसिने ।

लहर-/लहर/ना. पानीमा उठ्ने तरङ्ग, ताँती, लस्कर । (उदा. पोखरीमा पानीको लहर देखियो ।)

लहरे खोकी-/लहरे खोकि/ ना. एकोहोरो लागिरहने खोकी । (उदा. केटाकेटीलाई लहरे खोकी लाग्यो ।)

लहरो-/लहरो-/ना. थाङ्ग्रो वा रुख बिरुवामा बेरिने वनस्पति, बेलो, लता । (उदा. इस्कुसको लहरो थाङ्ग्रोमा चढ्यो ।)

लहलहाउँदो-/लहलहाउँदो/वि. लहलह भएको राम्ररी, सप्रेको । (उदा. लहलहाउँदो बाली, लहलहाउँदो धान)

लहलहै-/लहलहै/ना. १. अर्काले जे भन्छ, त्यसैमा बहकिने काम, अर्काको उक्साहट ।

लाइन-/लाइन्. १. ताँती, पङ्क्ति, लाम, लस्कर । २. धर्को । (उदा. चित्र बनाउनुभन्दा पहिले लामो लाइन कोर ।)

लाई-/लाइ/वि. कर्म र सम्प्रदान कारकमा आउने विभक्ति । (उदा. भाइलाई नपिट । गाईलाई घाँस देऊ ।)

लाख-/लाख्/ना. १०० हजारको सङ्ख्या, १००००० । (उदा. रामसँग एक लाख रुपियाँ छ ।)

लाखे-/लाखे /ना. नेवार संस्कृतिमा जात्रामा मखुन्डो लगाएर नाच्ने व्यक्ति ।

लागु-/लागु/ना. १. सेवन गर्दा लाग्ने नसालु पदार्थ । २. नीति नियम, सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्ने काम ।

लाग्नु-/लाग्नु/क्रि. १. एउटा वस्तुमा अर्को कुरा पोतिनु, टाँसिनु । (उदा. सेतो कपडामा कालो दाग लाग्यो ।) २. सुरु हुनु, देखिनु । (उदा. घाम लाग्यो ।) । ३. एक चित्तले खटेर काम गर्नु । (उदा. ऊ काममा लागेको छ । ४. कसैको पक्ष लिनु । (उदा. म कसैपट्टि लाग्दिनँ ।) ५. हिँड्नु । (उदा. बाच्छो माउका पछि लाग्छ ।)


लाज-/लाज्/ना. कसैका अगाडि पर्दा वा काम गर्दा हुने असजिलो, सङ्कोच, धक, अप्ठेरो । (उदा. तिमीसँग बोल्न मलाई लाज लाग्यो ।)

लाञ्छना-/लान्छना/ना. १. कसैलाई दोष लगाइने काम, आरोप ।

लाटो-/लाटो/वि. १. बोल्न नसक्ने, मूक । (उदा. लाटो मान्छेले इसारा गर्दछ ।) २. अबोध, हुस्सु । (उदा. लाटो मान्छे ।)

लाटो कोसेरो-/लाटो कोसेरो, ना. दिउँसो आँखा नदेख्ने चरो, उल्लु । (उदा. लाटो

कोसेरोले धानबालीमा बसेर मुसा खायो ।)



लात-/लात्/ना. १.खुट्टाले गरिने प्रहार २. खुट्टा, पाउ । (उदा. मेरो दयाको बदला उसले मलाई लात मार्‍यो ।)

लात्ती-/लात्ति/ना. खुट्टो, लात, खुट्टाको प्रहार ।

लाम-/लाम्/ना. मानिस कुनै प्राणीको लहर, लस्कर, पङ्क्ति, ताँती । (उदा. मानिसहरू भोट हाल्न लाम लागे ।)

लामखुट्टे-/लाम्खुट्टे/ना. लामा खुट्टा र मुखमा तिखो सुइरो भएको टिनिनी....गर्दै कराउने र मान्छे तथा जनावरको रगत चुस्ने किरो, मच्छड । (उदा. लामखुट्टेले रातभर सुत्न दिएन ।)

लामपुच्छ्रे-/लामपुच्छ्रे/ना. लामो पुच्छर भएको एक प्रकारको चरो । २. लामो देखिने तारो । वि. लामो पुच्छर भएको । (उदा. लामपुच्छ्रेले मकै खायो ।)

लाम्चो-/लाम्चो /वि. लामो आकारको । (उदा. उसले दुई टुक्रा काठलाई लाम्चो पाताले जोड्यो ।)

लायक-/लायक्/वि. १. योग्य, उपयुक्त, सुहाउँदो । २. समर्थ सक्षम ।

लार्भा-/लार्भा/ना. फुलबाट निस्किएका प्रारम्भिक अवस्थाका किरा । (उदा. मौरीका लार्भा, पुतलीका लार्भा ।)

लालटिन-/लाल्टिन्/ना. मट्टीतेल राखेर बालिने सिसा भएको एक प्रकारको बत्ती ।



लालमोहन-/लाल्मोहन्/ ना. रातो कालो रङको गोलो मिठाई । (उदा. बहिनीले लालमोहन खाई ।)

लालस-/लालस् /ना. कुनै कुरा पाउने इच्छा, लोभ, लालच । (उदा. धनको लालसले उसको घरमा झगडा पर्‍यो ।)

लालायित-/लालाइत्/वि. ज्यादै इच्छाएको, ज्यादै लोभिएको । (उदा. ऊ विदेश जान लालायित भएको छ ।)

लाली गुराँस-/लालि गुराँस्/ना. लेकका वनपाखामा रातै फुल्ने नेपालको राष्ट्रिय फूल ।

लालुपाते-/लालुपाते /ना. बोटका टुप्पाका पात राता भएर फुल्ने फूल ।

लास-/लास्/ना. मरेको शरीर, मुर्दा। (उदा. मसान घाटमा लास जलाउँछन्।)

लिङ्ग-/लिङ्ग/ना. १. स्त्री, पुरुष आदि जनाउन प्रयोग हुने शब्द। (उदा. लिङ्ग पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका हुन्छन्।) २. लोग्ने मान्छेको पिसाब गर्ने अङ्ग।

लिटर-/लिटर/ना. तरल पदार्थ नाप्ने एकाइ, तरल पदार्थ नाप्ने भाँडो। (उदा. मलाई एक लिटर दुध दिनुहोस्।)

लिटो-/लिटो /ना. केटाकेटीलाई खुवाउन भुटेको चामल, भटमास, गहुँ, घिउ र चिनीमा पकाएको ढिँडो जस्तो खानेकुरा। (उदा. केटाकेटीलाई लिटो खुवाइन्छ।)

लिनु-/लिनु/क्रि. कुनै सामान हातमा वा आफ्नो अधीनमा पार्नु, प्राप्त गर्नु, ग्रहण गर्नु। (उदा. उसले आफ्नो अंश लियो।)

लिपपोत-/लिप्पोत्/ना. लिप्ने र पोत्ने काम। (उदा. उसले घर लिपपोत गऱ्यो।)

लिप्नु-/लिप्नु क्रि. माटो, गोबर आदिलाई गिलो बनाएर भुइँमा दल्नु। (उदा. मैले गोबरले घर लिपेँ।)

लिम्बू-/लिम्बु/ना. नेपालको सुदूर पूर्वी पहाडमा मूल थलो भएको किरात जाति। (उदा. इलाममा लिम्बू जातिको बस्ती छ।)

लुइँचे-/लुइँचे /ना. वनमा पाइने एक जातको कुखुरो, वन कुखुरो। (उदा. लुइँचेले फलफूलका टुसा खान्छ।)

लुकाउनु-/लुकाउनु/क्रि. कुनै कुरा अरूले नदेख्ने गरी राख्नु। (उदा. उसले पैसा लुकाएछ।)

लुकामारी-/लुकामारि/ना. आपसमा लुकेर गर्ने काम। (उदा. केटाकेटीले लुकामारी खेले।)

लुक्नु-/लुक्नु/क्रि. अरूले नदेख्ने ठाउँमा बस्नु। (उदा. भाइ ढोका पछाडि लुकेछ।)

लुगा-/लुगा/ना. शरीरमा लगाउने कपडा २.ओढ्ने तथा ओछ्याउने कपडा। (उदा. जाडोमा न्यानो लुगा लगाउनु पर्छ।)

लुङ्गी-/लुङ्गि/ना. कमरदेखि कुर्कुच्चासम्म पुग्ने गरी लगाउने धोक्रो जस्तो लुगा। (उदा. आइमाई र लोग्नेमान्छे दुवैले लुङ्गी लगाउँछन्।)

लुछ्नु-/लुछ्नु/क्रि. १. रुख बिरुवाका हाँगा पात जबरजस्ती तानेर छुट्याउनु। २. कपाल, ओठ, जिब्रो आदि तान्नु। ३. दाँत, नङ्ग्रा आदिले लचिलो वस्तु तान्नु। (उदा. स्यालले मासु लुछ्यो।)

लुटपिट-/लुट्पिट्/ना. लुट्ने र पिट्ने काम। (उदा. डाँकाहरूले लुटपिट गरे।)

लुट्नु-/लुट्नु/क्रि. जबरजस्ती अरूको धनमाल लिनु । (उदा. डाँकाहरूले घरको सामान लुटे ।)

लुतो-/लुतो/ना. छालामा स-साना बिमिरा आएर चिलाउने र पाक्ने एक प्रकारको रोग । (उदा. उसको शरीरभरि लुतो छ ।)

ले-/ले /विभ. कर्ता वा करण कारकमा लाग्ने प्रत्यय । (उदा. कामदारले घर बनाए । चम्चाले भात खाऊ ।)

लेउ-/लेउ/ना. चिसोमा पलाउने अत्यन्त मसिनो वनस्पति । (उदा. पोखरीमा लेउ लागेको छ ।)

लेक-/लेक्/ना. पहाडको माथिल्लो चिसो भाग । (उदा. लेकमा प्रशस्त घाँस उम्रन्छ ।)

लेख-/लेख्/ना. कुनै विषयमा लेखिएको रचना । (उदा. गुरुले विद्यार्थीका विषयमा लेख लेखे ।)

लेखक-/लेखक/ना. किताब वा लेख लेख्ने व्यक्ति । (उदा. लेखकहरूको सम्मान गर्नु पर्छ ।)

लेखाचित्र-/लेखाचित्त्र/ना.कुनै कुराको चित्रात्मक वर्णन, ग्राफ, चार्ट । (उदा. उनले गाउँमा उत्पादन हुने खाद्यान्नको विवरण लेखाचित्रमा देखाइन् ।)

लेख्नु-/लेख्नु/क्रि. १. कलम, पेन्सिल आदिले कागजमा अक्षर, शब्द, वाक्य आदि बनाउनु। (उदा. गाउँलेले भित्तामा सूचना लेखे ।) २. ढुङ्गो, भित्तो आदि ठाउँमा अक्षरहरू कुँद्नु ।

लेट्नु-/लेट्नु/क्रि. लड्नु, पल्टनु । (उदा. भरिया फलैँचामा लेट्यो ।)

लेन्स-/लेन्स् /ना. कुनै वस्तु हेर्न सजिलो पार्ने विशेष प्रकारको सिसाको टुक्रा । (उदा. चस्माको लेन्स मिलेन भने हेर्न गाह्रो हुन्छ ।)

लेप-/लेप्/ना. १. लेप्ने वस्तु, लेपन । २. लेदो, मलम आदि ।

लेबिल-/लेबिल्/ना. १. कुनै वस्तुको सतह । २. बिक्रीका सामानमा टाँसिएको व्यापारिक चिह्न । (उदा. बिस्कुटको पुरियामा लेबिल टाँसिएको छ ।)

लैलै-/लैलै/ना. अर्काको बहकाउ, लहै लहै । २. विरह जनाउन प्रयोग हुने शब्द । (उदा. केही गरे पनि हुँदैन लैलै दुःखीको घरबार ।)

लोक-/लोक्/ना. १. जनता, समुदाय । २. देवताको वासस्थान । (उदा. स्वर्गलोक)

लोकोपकारी-/लोकोपकारि /वि. मानिसको हित गर्ने, अरूको भलाइ गर्ने । (उदा. मानिसले लोकोपकारी काम गर्नुपर्छ ।)

लोकप्रिय-/लोकप्रिय/वि. १. जनसमुदायमा प्यारो भएको, जनताद्वारा मन पराइएको । (उदा. समाजसेवी लोकप्रिय हुन्छन् ।)

लोखर्के-/लोखर्के /ना. मुसाभन्दा ठूलो र मुसाकै जस्तो रङ भएको रुखमा तलमाथि गर्न सक्ने सानो जन्तु ।

लोगो-/लोगो/ना. एक प्रकारको प्रतीक चिह्न, मानक, छाप ।

लोग्ने-/लोग्ने /ना. पति, श्रीमान्, पोइ । (उदा. उसको लोग्ने कार्यालयमा काम गर्छ ।)

लोग्नेमान्छे-/लोग्नेमान्छे/ना. पुरुष मान्छे । (उदा. लोग्नेमान्छे घर बाहिरको काममा बढी खट्छन् ।)

लोचन-/लोचन्/ना.हे. आँखा ।

लोप-/लोप्/ना. हराएको अवस्था, अलप, गायब, गुम । (उदा. एकसिङे गैंडा लोप हुने डरले संरक्षण गरिएको छ ।)

लोभ-/लोभ्/ना. अरूको वस्तु पाउने इच्छा, लालच, लालसा । (उदा. अरूको सम्पत्तिमा लोभ गर्नु हुँदैन ।)

लोभी-/लोभि/वि. अरूको सामान वा धनमा लोभ गर्ने । (उदा.लोभीहरूले काम बिगारे ।)

लौ-/लौ/नि. स्वीकृति, आश्चर्य, उदेक आदि जनाउँदा प्रयोग हुने शब्द । (उदा. लौ कुखुरा त मरेछन् ।)

लौको-/लौको /ना. लहरामा फल्ने एक प्रकारको तरकारी ।

लौरो-/लौरो /ना. टेक्न वा पिट्न प्रयोग गरिने काठको डन्डी, लट्ठी ।

ल्याउनु-/ल्याउनु/क्रि. कुनै सामान लिएर आउनु । (उदा. बजारबाट तरकारी ल्याउनुपर्छ है ।)

ल्होसार-/लोसार्/ना. शेर्पा, तामाङ, गुरुङ जातिको मुख्य पर्व वा नयाँ वर्ष । (उदा. यसपालिको ल्होसार ज्यादै रमाइलो भयो ।)

## व

वक्ता-/बक्ता/ना. मानिसको भेलामा भाषण गर्ने मानिस, बोल्ने व्यक्ति । (उदा. आजका वक्ता विद्वान् रहेछन् ।)

वक्तृत्व कला-/बक्त्रित्त्व कला/ना. कुनै विषयमा बोल्ने वा भाषण गर्ने सिप । (उदा. उनीहरूले वक्तृत्व कलामा भाग लिए ।)

वक्र-/वक्क्र/वि. यताउति घुमेको, बाङ्गो । (उदा. ममाथि यी सबैको वक्रदृष्टि परेको छ ।)

वक्ररेखा-/वक्क्ररेखा/ना. बाङ्गो रेखा, यताउति घुमेको रेखा ।

वचन-/बचन्/ना. मानिसको मुखबाट निस्कने शब्द, बोली, भनाइ । (उदा. तिम्रो वचन मैले मानें ।)

वचनबद्ध-/वचनबद्ध/ना. वचनले बाँधिएको, आफूले गर्छु भनेर वचन दिएको ।

वचनबद्धता-/बचन्बबद्धता/ना. वचनले

बाँधिएको स्थिति, कुनै काम गर्छु भनी दिएको वचन ।

**वञ्चित**-/बन्चित्/वि. पाउने सुविधा, अवसर, फाइदा जस्ता कुरा नपाएको, ठगिएको । (उदा. उनीहरू विद्युत् सुविधाबाट वञ्चित छन् ।)

**वडा**-/वडा/ना. घर वा जनसङ्ख्याका आधारमा छुट्याएको इलाका वा क्षेत्र । (उदा. गा.वि.स.मा नौ वडा हुन्छन् ।)

**वन**-/बन्/ना. धेरै र बाक्लै रुखहरू भएको ठाउँ, जङ्गल, झाडी । (उदा. वनमा बाघभालु हुन्छन् ।)

**वनपाले**-/वन्पाले/ना. वनको संरक्षण गर्ने सरकारी कर्मचारी । (उदा. वनपालेले चोर भगाए ।)

**वनभात**-/बन्भात्/ना. वनमा गरिने भोज, वनमा पकाएर खाइने भात ।

**वन वाटिका**-/बन्बाटिका/ना. १.जोगाइएको वन । २. कुञ्ज, निकुञ्ज, बगैंचा । (उदा. मलाई वन वाटिका घुम्दा आनन्द लाग्छ ।)

**वनस्पति**-/बनस्पति/ना. जमिनमा उम्रने बोट बिरुवा, रुख, झारपात, लेउ आदि । (उदा. वनस्पति मासिए जीव पनि मासिन्छन् ।)

**वयस्क**-/बयस्क/वि. उमेर पुगेको । (उदा. वयस्क मानिसले बढी परिश्रम गर्न सक्छन् ।)

**वर**-/बर्/ना. १. देवता, गुरु आदिले खुसी भएर दिने फल वा आशिष । २. विवाह हुन लागेको केटो, बेहुलो । (उदा. बेहुलीले वरलाई माला लगाइ दिइन् ।)

**वरपर**-/वरपर/क्रियो. यताउता, छेउछाउ, वरिपरि । (उदा. ऊ वरपर नहेरी अगाडि बढ्यो ।)

**वरिपरि**-/वरिपरि/ क्रियो. यताउता, छेउछाउ, वरपर । (उदा. घर वरिपरि सफा गर्नुपर्छ ।)

**वर्ग**-/बर्ग/ना. १. लम्बाइ, चौडाइ बराबर भएको भुइँ, ठाउँ वा वस्तु । २. समान आय, पेसा, उद्देश्य भएका मानिसको समुदाय । ३. जीवजन्तुको समूह । (उदा. सर्प घस्रने वर्गको जीव हो ।)

**वर्गमूल**-/बर्गमुल्/ना. एक प्रकारको हिसाब, कुनै गणितीय सङ्ख्याको दुई ओटा उस्तै गुणन खण्डमध्येको एक खण्ड । (उदा. १६ को वर्गमूल ४ हो ।)

**वर्गीकरण**-/बर्गिकरण्/ना. विभिन्न वर्गमा विभाजन गर्ने काम । (उदा. नामको वर्गीकरण गर ।)

**वर्ण**-/बर्ण/ना. मानव समुदायको रूप तथा आकृति । (उदा. युरोपेलीहरू गोरो वर्णका हुन्छन् ।)

**वर्णन**-/बर्णन्/ना. कुनै विषय, घटना आदिको क्रमवद्ध रूपमा भन्ने वा लेख्ने काम, बयान,

बेलीबिस्तार । (उदा. हिमालको वर्णन गर ।)

वर्णाङ्कित-/बर्णाङ्कित्/वि. वर्ण देखाइएको, वर्णित । (उदा. वर्णाङ्कित चित्र)

वर्तमान-/बर्तमान्/वि. अहिले भइरहेको, मौजुदा । (उदा. वर्तमान अवस्थामा सबै सचेत छन् ।)

वर्ष-/बर्ष/ना. १२ महिनाको समयावधि, साल । (उदा. यस वर्ष पानी कम पऱ्यो ।)

वर्षा-/बर्षा/ना. १. आकाशबाट पानी पर्ने काम, पानीको वृष्टि । २. धेरै पानी पर्ने मौसम, बर्खा । (उदा. वर्षाको समय)

वश-/बस्/ना. अधीन, काबु, नियन्त्रण । (उदा. ऊ मेरो वशमा छैन ।)

वस्तु-/बस्तु/ना. भौतिक पदार्थ, चिज । (उदा. सुन ठोस वस्तु हो ।)

वाक्-/बाक्/ना. वचन, वाणी, बोली । (उदा. संविधानले जनतालाई वाक् स्वतन्त्रता दिएको छ । )

वाक् पटुता-/बाक् पटुता/ना. बोल्ने सिप वा कला । (उदा. उसको वाक् पटुतालाई सबैले प्रशंसा गर्छन् ।)

वाकवाक-/वाक्वाक्/ना. वान्ता आउँदाको आवाज, वान्ता । (उदा. दुर्गन्धले वाकवाक आउला जस्तो भयो ।)

वाक्क-/वाक्क/ना. १. दिक्क । २. वान्ता । (उदा. चुरोट पिएपछि मलाई वाक्क आयो ।)

वाक्य-/वाक्क्य/ना. अन्त्यमा क्रियाले टुङ्गिएको शब्दको समूह । (उदा. वाक्यका सुरुमा कर्ता र अन्त्यमा क्रिया हुन्छ ।)

वाचा-/बाचा/ना अरू समक्ष गरिने प्रतिज्ञा, कबुल ।

वाण-/बाँण्/ना. प्राचीन कालमा युद्धमा प्रयोग हुने अस्त्र, तिर, काँड । (उदा. महाभारत युद्धमा धनुवाणको प्रयोग हुन्थ्यो ।)

वातावरण-/बाताबरण्/ना. पृथ्वीमा रहेका हावा, पानी, जन्तु, वनस्पति आदिको सामूहिक अवस्था । (उदा. आजभोलि पृथ्वीको वातावरण बिग्रँदै गएको छ ।)

वाद विवाद-/बाद्बिबाद/ना. १. कुनै विषयमा गरिने कुराकानी, छलफल । २. कुनै विषयमा पक्ष र विपक्ष बनाएर विद्यार्थीहरू बिचमा गराइने वक्तृत्व कला । (उदा. मैले वादविवाद प्रतियोगितामा भाग लिएँ ।)

वारिपारि-/वारिपारि/क्रियो. खोला वा सडकको ओल्लो र पल्लो किनारा । (उदा. नदीको वारिपारि रुख रोपिएका छन् ।)

वारुण यन्त्र-/बारुण यन्त्र/ना. आगो निभाउने यन्त्र भएको ठुलो रातो गाडी, दमकल । (उदा. वारुण यन्त्रले आगो निभायो ।)

**वार्षिक**-/बार्सिक्/वि. प्रत्येक वर्षमा हुने, वर्ष भरिका लागि ।

**वास**-/बास /ना. १. बसोवास गर्न बनाएको छाप्रो वा घर । २. कुनै ठाउँमा सुतेर वा बसेर रात बिताउने काम । (उदा. हामी गोठमा वास बस्यौं ।)

**वासस्थान**-/बासस्थान्/ना. बस्ने थलो, बसेको ठाउँ, वास ।

**वास्तविक**-/बास्तबिक्/ वि. सत्यमा आधारित, यथार्थ, तथ्यपूर्ण ।

**वास्ता**-/वास्ता/ना. चासो, सम्बन्ध, मतलब, सरोकार, सोधपुछ । (उदा. नेताको भाषणको कसैले वास्ता गरेनन् ।)

**विकर**-/बिकर/ना. विज्ञान प्रयोग शालामा प्रयोग हुने काँचको भाँडो ।

**विकर्ण**-/बिकर्ण/ना. चतुर्भजका वरिपरिका कोणहरूलाई जोड्ने रेखा ।

**विकलाङ्ग**-/बिकलाङ्क/ना. अङ्गभङ्ग भएको, शरीरको कुनै अङ्ग बेकम्मा भएको, अपाङ्ग ।

**विकसित**-/बिकसित्/वि. १. विकास भएको, उन्नति प्रगति भएको २. फुलेको, पूर्ण ।

**विकार**-/बिकार्/ना. १. कुनै वस्तुको स्वरुप, गुण आदिमा देखिने खराबी २. वस्तुको रूप, गुण आदिमा देखिने परिवर्तन ।

**विकास**-/बिकास् /ना. क्रमश: सुध्रँदै गएको अवस्था, उन्नति, प्रगति । (उदा. हाम्रो देशमा गाउँको विकास हुँदै छ ।)

**विकृति**-/बिक्रिति/ना. विग्रिएको वा खराब हुँदै गएको अवस्था, खराबी । (उदा. हिजोआज युवा वर्गमा विकृति बढेको छ ।)

**विज्ञ**-/बिग्यँ/वि. १. कुनै विषयमा जान्ने, खास विषयमा निपुण ।

**विगत**-/बिगत्/वि. बितेको, गएको, अतीत । (उदा. हामीले विगतका गल्ती सच्याउन सक्नुपर्छ ।)

**विघटन**-/बिघटन्/ना. सङ्घ, संस्था, संसद् आदिलाई अन्त, खारेज वा भङ्ग गर्ने काम । (उदा. हाम्रो सङ्गठन विघटन भयो ।)

**विचलित**-/बिचलित्/वि. आफ्नो लक्ष्य, उद्देश्य, कर्तव्य आदिबाट हटेको वा छोडेको । (उदा. पढाइ बिग्रेपछि ऊ विचलित भएको छ ।)

**विचार**-/बिचार्/ ना. कुनै विषयमा सोचिएको कुरा, मनमा आएको कुरो, सोच । (उदा. मेरो विचारमा अनुशासित विद्यार्थीले मात्र पढ्न सक्छन् ।)

**विचित्र**-/बिचित्त्र/वि. रङ्गीचङ्गी, अनौठो । (उदा. फूलबारीको दृश्य विचित्रको छ ।)

**विजय**-/बिजय/ना. जित्ने काम, युद्ध, प्रतियोगिता आदिमा पाएको सफलता, जित ।

विजया दशमी-/बिजया दसमि/ना. दसैंको दसौं दिन, टीकाको दिन । (उदा. विजया दशमीको दिन हिन्दुहरू टीका लगाउँछन् ।)

विज्ञान-/बिग्ग्याँन्/ना. कुनै वस्तुलाई अवलोकन र परीक्षण गरेर निकालेको ज्ञान, विशेष ज्ञान, विद्यालयमा पढाइ हुने एउटा विषय । (उदा. हामी विज्ञान पढ्छौं ।)

विज्ञापन-/बिग्ग्याँपन्/ना. सूचना वा प्रचार गर्ने काम । (उदा. प्रकाशकले पुंस्तकको विज्ञापन गर्छ ।)

वितरण-/बितरण्/ना. तोकिए अनुसार कुनै वस्तु बाँड्ने काम, विभिन्न व्यक्ति वा ठाउँमा पुऱ्याउने काम । (उदा. निमन्त्रणा पत्र वितरण गरियो ।)

विदेश-/बिदेस्/ना. आफ्नो मुलुकभन्दा भिन्न देश, अर्काको मुलुक ।

विदेशी-/बिदेसी/वि. १. अर्को देशको, अर्को देशमा बनेको वा रहेको । २. विदेशको मानिस ।

विद्या-/बिद्द्या/ना. पढेर वा अध्ययन गरेर प्राप्त हुने ज्ञान, सिप, शिक्षा । (उदा. विद्या सबभन्दा ठूलो सम्पत्ति हो ।)

विद्यार्थी-/बिद्द्यार्थि/ना. विद्यालयमा गएर पढ्ने केटाकेटी, छात्रछात्रा । (उदा. विद्यार्थीले धेरै मिहिनेत गर्नुपर्छ ।)

विद्यालय-/बिद्द्यालय/ना. विद्यार्थीलाई पढाउने संस्था, स्कुल, पाठशाला । (उदा. हाम्रो विद्यालय गाउँको बिचमा छ ।)

विद्युत्-/बिद्द्युत्/ना. धातुको तारमा तरङ्ग सरेर बत्ती बाल्न, मेसिन चलाउन, कुनै वस्तु तातो वा चिसो पार्न प्रयोग हुने ऊर्जा । (उदा. नेपालमा विद्युत् सङ्कट देखा परेको छ ।)

विद्वान्-/बिद्वान्/ना. धेरै विद्या आर्जन गरेको व्यक्ति, धेरै पढेलेखेको मान्छे । (उदा. विद्वान्ले धेरै कुरा सिकाउन सक्छन् ।)

विधायिका-/बिधाइका/ना. जनताबाट निर्वाचित प्रतिनिधिहरूको सभा, देशको ऐन कानुन बनाउने उच्च अङ्ग, संसद्, व्यवस्थापिका ।

विधि-/बिधि/ना. कुनै काम गर्ने तरिका, काम गर्ने ढङ्ग । (उदा. मलाई मल बनाउने विधि थाहा छ । )

विधेयक-/बिधेयक्/ना. संसद्मा पारित गराउनका लागि पेस गरिने कानुनको मस्यौदा । (उदा. मन्त्रीले संसदमा विधेयक पेस गरे ।)

विनम्र-/बिनम्म्र/वि. ज्यादै नम्र स्वभावको । (उदा. मानिस विनम्र बन्नुपर्छ ।)

विनय-/बिनय/ना. नम्रता, विनम्रता, भद्रता, शिष्टाचार ।

विना-/बिना/नायो. बाहेक । (उदा. मिहिनेत विना सफलता प्राप्त हुँदैन ।)

विनाश-/बिनास्/ना. ठुलो नोक्सान वा बिगार, तहसनहस । (उदा. बाढीले गाउँमा विनाश निम्त्यायो ।)

**विनीत**-/बिनित्/वि. १. नुहेको, झुकेको । २. नम्र, विनयी, प्रार्थी ।

**विन्दु**-/बिन्दु/ना. लम्बाइ, चौडाइ, उचाइ कुनै नभएको सानो चिह्न वा थोप्लो । (उदा. विन्दु विन्दुलाई जोड्दा सरल रेखा बन्छ ।)

**विपक्ष**-/बिपच्छ्य, विपक्छ्य/ना. विरोध गर्ने व्यक्ति वा समूह, प्रतिवादी, झगडिया, शत्रु पक्ष, शत्रुको सहयोगी । (उदा. विपक्षले सरकारको विरोध गरे ।)

**विपज्जाल**-/बिपज्जाल्/ना. विपत्तिको जालो, विपत्ति नै विपत्ति । (उदा. मानिसले विपत्जाल च्यात्न सक्नुपर्छ ।)

**विपत**-/बिपत्/ना. आपत्, कष्ट, समस्या । (उदा. विपत् पर्दा शत्रुलाई पनि सहयोग गर्नुपर्छ ।)

**विपरीत**-/बिपरित्/वि. उल्टो, आफ्नो अनुकूल नभएको, प्रतिकूल, विरुद्ध, अमिल्दो । (उदा. शासकको विपरीत विचार राख्नेले दुःख पाउँछन् ।)

**विभाजन**-/बिभाजन्/ना. भागवण्डा, भाग लगाउने काम, बाँडचुँड । (उदा. सरकारमा शक्ति विभाजन भएको छ ।)

**विभिन्न**-/बिभिन्न/वि. किसिम किसिमको, थरीथरीको, धेरै प्रकारको । (उदा. यस विद्यालयमा विभिन्न थरका विद्यार्थी छन् ।)

**विभूति**-/बिभुति/ना. देशका लागि ठूलो योगदान गरेको व्यक्ति । (उदा. हामीले राष्ट्रिय विभूतिको सम्मान गर्नुपर्छ ।)

**विभूषण**-/विभुसण्/ना. १. गहना । २. तक्मा, पदक । (उदा. राष्ट्रपतिले विभिन्न व्यक्तित्वलाई विभूषण प्रदान गरे ।)

**विमान**-/बिमान्/ना. आकाशमा उड्ने यातायात साधन, हवाई जहाज, वायुयान, प्लेन । (उदा. विमान स्थलमा विमान आर्लियो ।)

**विमान स्थल**-/बिमान् स्थल्/ना. हवाई जहाज बस्ने र उड्ने ठाउँ । (उदा. काठमाडौं विमान स्थलमा धेरै विमान बस्छन् ।)

**विराजमान**-/बिराज्मान्/वि. आनन्दसँग बसेको, शोभायमान । (उदा. विद्वान्हरू सभाको माझमा विराजमान थिए ।)

**विरुद्ध**-/बिरुद्ध/वि. विचार, मत वा सिद्धान्त नमिलेको, विपक्षमा लाग्ने । (उदा. विपक्षले सरकार विरुद्ध षडयन्त्र गरे ।)

**विरोध**-/बिरोध्/ना. कुनै काम कुराको विरोध वा विपक्षमा जाने काम, अवरोध गर्ने काम, मतभेद, फुट । (उदा. उनीहरू नराम्रो कुराको विरोध गर्छन् ।)

**विलास**-/बिलास् /ना. सुख सुविधाका कुराको प्रयोग गरेर आनन्द लिने काम । (उदा. केही मान्छे भोग विलासमा समय बिताउँछन् ।)

**विवरण**-/बिवरण्/ना. कुनै वस्तु, घटना, काम आदिको वर्णन वा बयान, (उदा.पत्रिकामा दुर्घटनाको विवरण छ ।)

**विवाद**-/बिबाद/ना. कुनै विषय, समस्या आदिमा विभिन्न व्यक्तिका बीच प्रकट भएको विचारको भिन्नता, वादविवाद ।

**विवाह**-/बिबाह/ना. महिला र पुरुषबिच पति पत्नीको सम्बन्ध कायम गर्ने धार्निक वा सामाजिक कार्य । (उदा. हरि र हिराले विवाह गरे ।)

**विविध**-/बिबिध्/वि. किसिम किसिमको, अनेक । (उदा. यस घरमा विविध परिकार पाक्छन् ।)

**विवेक**-/बिबेक्/ना. ठिक बेठिक वा असल-खराब छुट्याउन सक्ने क्षमता ।

**विवेचना**-/बिबेचना/ना. खास आधारमा कुनै विषय वा समस्याका सम्बन्धमा गरिने बौद्धिक छलफल, समीक्षा ।

**विशाल**-/बिसाल्/वि. निकै ठुलो, वडा, महान् । (उदा. काठमाडौँमा विशाल भवन बनेका छन् ।)

**विशेष**-/बिसेस् /वि. फरक गुणको, धेरै गुण भएको, उत्तम स्वभावको, विशिष्ट, विलक्षण । (उदा. नेतामा विशेष गुण हुनुपर्छ ।)

**विशेषज्ञ**-/बिसेसग्ग्यँ/वि. कुनै खास विषयमा गहिरो ज्ञान भएको, धेरै जान्ने । (उदा. उहाँ मुटुरोगको विशेषज्ञ हुनुहुन्छ ।)

**विशेषण**-/बिसेसण्/ना. गुण, विशेषता आदि जनाउने शब्द । (उदा. रातो कलममा 'रातो' शब्द विशेषण हो ।)

**विशेषता**-/बिसेस्ता/वि. कुनै वस्तुमा हुने विशेष गुण, विशिष्टता । (उदा.हाम्रो विशेषता नै सत्य बोल्नु हो ।)

**विश्लेषण**-/बिस्लेसण्/ना. १. कुनै विषयलाई विभिन्न आधारमा गरिने व्याख्या, केलाउने, छानविन गर्ने काम ।

**विश्व**-/बिस्स्व/ना. संसार, सम्पूर्ण सृष्टि, ब्रह्माण्ड । (उदा. विश्वमा धेरै मानिस बस्छन् ।)

**विश्वास**-/बिस्स्वास् /ना. कुनै व्यक्ति, काम, कुराप्रति भरोसा, पत्यार । (उदा. मलाई उसको कुरामा विश्वास छ ।)

**विश्वासिलो**-/बिस्स्वासिलो /वि. विश्वास गर्न योग्य, पत्यार गर्न लायक, भर गर्न सकिने । (उदा. राजनीतिमा विश्वासिलो वातावरण छैन ।)

**विश्राम**-/बिस्स्राम्/ना. थकाइ मार्ने काम, आराम । (उदा. भरियाले चौतारामा विश्राम गऱ्यो ।)

**विषय**-/बिसय/ना. १. पढाउने वा पढ्ने कुरो । (उदा. नेपाली विषयमा उनले ९० अङ्क ल्याएछन् ।) २. बयान गरिने कुनै पनि कुरो । ३. बोल्ने, लेख्ने, छलफल गर्ने, सूचना दिने कुरो ।

विषादी-/बिसादि/ना. विष भएको वस्तु, कीटाणु मार्ने औषधी ।

विष्णु-/बिस्नु/ना. हिन्दु धर्म अनुसार सृष्टिको पालन वा संरक्षण गर्ने देवता । (उदा. वैष्णव धर्म मान्नेहरू विष्णुको पूजा गर्छन् ।)

विसर्जन-/बिसर्जन्/ना. कुनै कार्यक्रम अन्त्य गर्ने काम । (उदा. सभाध्यक्षले सभा विसर्जन गरे ।)

विस्तार-/बिस्तार्/ना. १. फैलाउने वा बढाउने काम । २. सबै कुरा खोलेको विवरण । (उदा. गाउँमा सडक विस्तार भएको छ ।)

विस्तृत-/बिस्त्रित्/वि. फैलिएको, धेरै ठाउँ ढाकेको, विस्तारमा वर्णन गरिएको । (उदा. पत्रिकामा घटनाको विस्तृत विवरण छ ।)

विस्मयादि बोधक-/बिस्मयादि बोधक्/वि. हर्ष, बिस्मात, आश्चर्य आदि प्रकट गर्ने । (उदा. 'अहो' विस्मयादि बोधक शब्द हो ।)

विस्मित-/बिस्मित्/ना. मनमा परेको चोट, पिर, वेदना, दुःखको अनुभव, । (उदा. तिम्रो कुरा सुन्दा म विस्मित भएँ ।)

विहार-/बिहार्/ना. १ बौद्ध भिक्षु बस्ने मठ । २. घुम्ने काम । ३. भारतको एउटा राज्यको नाम । (उदा. दाजु विहारमा बस्नु हुन्छ ।)

वीर-/बिर्/वि. साहसी व्यक्ति, आँटी र निडर मान्छे, निर्भीक व्यक्ति, बहादुर व्यक्ति । (उदा. वीरहरूले देश बनाउँछन् ।)

वीरगति-/बिर्गति/ ना. लडाइँमा सहिद हुने काम । (उदा. राम प्रसादले वीर गति पाए ।)

वीरता-/बिरता/ ना. वीरहरूले देखाउने बहादुरी, पराक्रम, ठूलो साहस । (उदा. नालापानीमा नेपालीले वीरता प्रदर्शन गरे ।)

वीराङ्गना-/बिराङ्गना/ना. वीर महिला । (उदा. इतिहासमा नेपाली वीराङ्गनाले उदाहरणीय काम गरेका छन् ।)

वृक्ष-/ब्रिक्छ्य, ब्रिच्छ्य/ना. जमिनमा उभिएर हाँगैहाँगा भई फैलने ठुलो वनस्पति, रुख, बोट, गाछी । (उदा. हिन्दुहरू वृक्षको पूजा गर्छन् ।)

वृक्षरोपण-/ब्रिक्छ्यरोपण्/ना. रुख बिरुवा रोप्ने काम । (उदा. नाङ्गा डाँडामा वृक्षरोपण गर्नुपर्छ ।)

वृत्त-/ब्रित्त/ना गोलो आकृति । (उदा. वृत्तको चित्र बनाऊ ।)

वृत्तान्त-/ब्रित्तान्त/ना. सबै कुरो, विस्तारमा भनिने कुरो । (उदा. उनले शैक्षिक भ्रमणको वृत्तान्त सुनाए ।)

वृद्ध-/ब्रिद्ध/वि. पाको उमेर भएको, धेरै उमेरको । (उदा. वृद्धहरूको सम्मान गर्नुपर्छ ।)

वृद्धाश्रम-/ब्रिद्धास्स्रम्/ना. असहाय बुढाबुढीहरूलाई खानेबस्ने व्यवस्था

गरिएको आश्रम, बुढाबुढीको आश्रय स्थल । (उदा. वृद्धाश्रममा धेरै वृद्धहरू बस्छन् ।)

वृद्धि-/ब्रिद्धि/ना. ठुलो हुने, बढ्ने वा फैलने काम। (उदा. यसपालि धानको उत्पादनमा वृद्धि भयो ।)

वृहस्पति-/ब्रिहस्पति/ना. सौर्य परिवारको एक ग्रह। (उदा. वृहस्पति सबैभन्दा ठुलो ग्रह हो।)

वेग-/बेग्/ना. छिटो चाल, हिँड्ने, उड्ने वा दौडने गति। (उदा. पहाडका नदीको वेग छिटो हुन्छ ।)

वेद-/बेद्/ना. हिन्दु धर्मका प्राचीन र मूल धर्म ग्रन्थ। (उदा. उहाँले वेद पढ्नु भएको छ ।)

वैकल्पिक-/बैकल्पिक्/वि. कुनै व्यक्ति वा वस्तुको सट्टामा प्रयोग गर्न सकिने । (उदा. काठमाडौँबाट हेटौँडा जाने वैकल्पिक मार्ग खुलेको छ ।)

वैकुण्ठ-/ बैकुन्ठ/ना. सबै कुराको आनन्द भएको ठाउँ, विष्णुलोक। (उदा. भगवान विष्णु वैकुण्ठमा बस्छन् ।)

वैज्ञानिक-/बैग्याँनिक्/वि. विज्ञान सम्बन्धी, विज्ञान जान्ने। (उदा. वैज्ञानिकले विभिन्न आविष्कार गर्छन् ।)

वैधानिक-/बैधानिक्ता/ना. विधि वा नियम कानुन अनुसार भएको, वैधता ।

वैभव-/बैभव्/ना. धन सम्पत्ति वा सुख सुविधाका साधन । (उदा. उनको वैभव परिश्रमको कमाइ हो ।)

वैशाख-/बैसाख्/ना. विक्रम संवत्को पहिलो महिना, वर्ष सुरु हुने महिना।

व्यक्त-/ब्यक्त/वि. खुलस्त गरिएको, भनिएको, देखिने, बुझिने। (उदा.उसले आफ्नो दुःख व्यक्त गऱ्यो ।)

व्यक्ति-/ब्यक्ति/ना. मानिस, मान्छे। (उदा. असल व्यक्तिले अरूको सम्मान गर्छ ।)

व्यक्ति वाचक-/ब्यक्ति बाचक्/वि. कुनै खास व्यक्ति वा वस्तु बुझाउने । (उदा. 'हरि' व्यक्ति वाचक नाम हो ।)

व्यञ्जन-/ब्यन्जन्/ना. १. क् ख् आदि वर्ण। २. अचार, तरकारी आदि खानेकुरा, परिकार । (उदा. दरबारिया व्यञ्जनको कुरा नगर ।)

व्यथा-/ब्यथा/ना. पीडा, कष्ट, रोग । (उदा. हजुर बुबालाई दमको व्यथा लागेको छ ।)

व्यथित-/ब्यथित्/वि.व्यथाले पीडित। (उदा. ऊ पीडाले व्यथित छ ।)

व्यय-/ब्यय/ना. १. धन सम्पत्ति, माल आदि मास्ने काम, खर्च।

व्यवसाय-/ब्यवसाय/ना. जीवन निर्वाहका लागि गरिने काम, इलम, पेसा ।

व्यवस्था-/ब्यबस्था/ना. प्रबन्ध, बन्दोबस्त, रीतिस्थिति, चालचलन, काम हुने अवस्था। (उदा. देशको व्यवस्था नराम्रो भए जनताले दुःख पाउँछन् ।)

व्यवस्थापन-/ब्यबस्थापन/ना. कुनै कार्य वा गतिविधिको चाँजोपाँजो मिलाउने काम, उचित प्रबन्ध, व्यवस्थापकीय काम ।

व्यवस्थापिका-/ब्यबस्थापिका/ना. देशमा कानुन बनाउने संस्था विधायिका, संसद । (उदा. व्यवस्थापिकाले कानुन बनाउँछ ।)

व्याख्या-/ब्याक्खा/ना. कुनै शब्द अर्थ वा भनाइलाई अझ स्पष्ट पार्ने काम, कुनै भनाइको भाव विस्तार गर्ने काम ।

व्यापक-/ब्यापक्/वि. धेरै ठाउँमा फैलिएको, चारैतिर ढाकेको। (उदा. जङ्गलमा व्यापक डढेलो फैलेको छ ।)

व्यापार-/ब्यापार्/ना. फाइदाका लागि सामान र सेवा खरिद बिक्री गर्ने काम । (उदा. हामीलाई व्यापारमा घाटा लाग्यो ।)

व्यापारी-/ब्यापारि/ना. व्यापार गर्ने मानिस । (उदा. व्यापारीले नाफा लिन्छन् ।)

व्यायाम-/ब्यायाम्/ना. स्वस्थ्य र फुर्तिलो बनाउन गरिने शारीरिक अभ्यास, कसरत । (उदा. हामीले नियमित रूपमा व्यायाम गर्नुपर्छ ।)

## श

शक्ति-/सक्ति/ना. कुनै काम गर्न सक्ने क्षमता, बल, तागत, सामर्थ्य। (उदा. काम गर्न शक्ति चाहिन्छ ।)

शक्तिशाली-/सक्तिसाली/वि. प्रशस्त शक्ति भएको, बलियो, मजबुत ।

शङ्ख-/सङ्ख/ना. समुद्रमा पाइने घुँगी जातको किराको शरीर ढाक्ने खबटो जसबाट किरो निकालेर फुकेर बजाउने बाजा बनाइन्छ ।



शतांश-/सताम्स/ना.सय भागको एक भाग (उदा. एक शतांश भए पनि दान गर्नुपर्छ ।)

शताब्दी-/सताब्दि/ ना. सय वर्षको अवधि । (उदा. यो शताब्दी वैज्ञानिक चमत्कारको शताब्दी हो ।)

शत्रु-/सत्त्रु/ना. विरोधमा रहेको व्यक्ति वा पक्ष, वैरी, दुस्मन। (उदा. मानिसले शत्रुको पनि सम्मान गर्नुपर्छ ।)

शनि-/सनि/ना. सौर्य परिवारको एक ग्रहको नाम ।

शनिवार-/सनिबार्/ना. साताको अन्तिम दिन, शुक्रवारको भोलिको दिन । (उदा. शनिवार म मन्दिर जान्छु ।)

शब्द-/सब्द/ना. एक वा एकभन्दा बढी वर्णबाट अर्थयुक्त एकाइ । (उदा. शब्द शब्द मिलेर वाक्य बन्छ ।)

शयन-/सयन्/ना. १. सुत्ने ठाउँ, बिछ्यौना, खाट सय्या आदि ।

शरण-/सरन्/ना. आफ्नो सुरक्षाका लागि कसैकहाँ आश्रय लिने वा बस्ने काम । (उदा. शरणार्थीले क्याम्पमा शरण लिए ।)

शरणार्थी-/सरणार्थि/कसैको सरणमा बसेको व्यक्ति । (उदा. नेपालमा भुटानी शरणार्थी बसेका छन् ।)

शल्यक्रिया-/सल्ल्यक्रिया/ना. उपचारका लागि चिरफार गर्ने काम । (उदा. घाउको शल्यक्रिया, मुटुको शल्यक्रिया ।)

शाकाहारी-/साकाहारि/वि. माछा मासु नखाने, अन्न, सागपात र फलफूल मात्र खाने । (उदा. शाकाहारीले मासु खाँदैनन् ।)

शाखा-/साखा/ना. १. रुखको हाँगो । २. कुनै संस्था वा कार्यालयको अङ्गका रूपमा काम गर्ने एकाइ वा भाग । (उदा. गाउँमा बैङ्कको शाखा खुलेको छ ।)

शान्त-/सान्त/वि. हल्लाखल्ला वा झगडा नगर्ने, थोरै बोल्ने, नम्र स्वभावको । (उदा. ऊ शान्त स्वभावको छ ।)

शान्ति-/सान्ति/ना. शान्त वा स्थिर अवस्था, कुनै दु:ख पिर नभएको अवस्था । (उदा. समाजमा होहल्ला भयो भने शान्ति खलबलिन्छ ।)

शाब्दिक-/साब्दिक/वि. शब्द सम्बन्धी, शब्दको अर्थ सम्बन्धी । (उदा. मलाई यस शब्दको शाब्दिक अर्थ थाहा छैन ।)

शासक-/सासक्/वि. १. सरकारमा बसेर शासन चलाउने व्यक्ति । २. अरुलाई पीडा दिने व्यक्ति ।

शास्त्र-/सास्त्र/ना. कुनै विषयको सिद्धान्त वा विशेष ज्ञानसँग सम्बन्धित ग्रन्थ, यथार्थ वा वास्तविक ज्ञान भएको ग्रन्थ । (उदा. नियम, सिद्धान्त आदि शास्त्रमा लेखिएको हुन्छ ।)

शिक्षक-/सिक्छ्यक्/सिच्छ्यक/ना. शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति, गुरु । (उदा. आज शिक्षक नआएकाले पढाइ भएन ।)

शिक्षण-/सिक्छ्यण्/सिच्छ्यण्/ना. शिक्षा दिने पढाउने वा सिकाउने काम, अध्यापन । (उदा. ऊ विद्यालयमा शिक्षण गर्दछ ।)

शिक्षा-/सिक्छ्या, सिच्छ्या/ना. विभिन्न तरिकाले प्राप्त हुने ज्ञान वा सिप लिने दिने काम विद्या । (उदा. मैले आफ्नै गाउँको विद्यालयबाट प्राथमिक तहको शिक्षा लिएको हुँ ।)

शिखर-/सिखर्/ना. १.पर्वतको सबभन्दा माथिल्लो भाग, चुचुरो, टाकुरो। २. मन्दिरको गजुर । (उदा. विश्वको सर्वोच्च शिखर सगरमाथा हो ।)

शिथिल-/सिथिल्/वि. १.बढी काम गर्नाले गलेको वा थाकेको। २.बुढ्याइँ वा रोगले शरीर कमजोर भएको । ३.नकसिएको, खुकुलो । (उदा. आज धेरै काम गरेकाले म शिथिल भएको छु ।)

शिव-/सिव/ना. तीन मुख्य देवतामध्ये एक, महादेव, पशुपति। (उदा. पशुपति नाथ भनेका शिव हुन् ।)

शिवरात्री-/शिवरात्त्रि/ना. भगवान् शिवको उत्पत्ति भएको मानिने रात, शिवको पूजाआजा गरिने रात, (उदा. शिवरात्रीका दिन शिवको पूजा गरिन्छ ।)

शिर-/सिर्/ना. १. शरीरको सबभन्दा माथिल्लो, भाग, टाउको। २. कुनै वस्तुको माथिल्लो भाग, टुप्पो, शिखर। (उदा.उसको शिरमा टोपी खुब सुहाएको छ)।

शिरोपर-/सिरोपर्/वि. १. स्वीकार गरेको। २. शिरमाथि रहेको, शिरमा चढाउन उचित। (उदा. बुबा आमाको आज्ञा मलाई शिरोपर छ ।)

शिला-/सिला/ना. ढुङ्गो, पत्थर, चट्टान। (उदा. शिलामा अक्षर कुँदिएका छन् ।)

शिशु-/सिसु/ना. बालक, बच्चा, जन्मदेखि दुई वर्षसम्मको बच्चा। (उदा. मलाई आमाले शिशु अवस्थामा खुबै माया गर्नुहुन्थ्यो रे ।)

शिष्ट-/सिस्ट/वि. बानी ब्यहोरा राम्रो भएको, अनुशासित, सभ्य । (उदा. उसको भाइ ज्यादै शिष्ट छ ।)

शिष्य-/सिस्स्य/ना. विद्यार्थी, छात्र, पढ्ने व्यक्ति। (उदा. गुरुले शिष्यलाई शिक्षा दिए ।)

शीत-/सित्/ना. रात वा साँझको वेलामा आकाशबाट जमिनमा पर्ने चिसो पानीको कण, थोप्ला। (उदा. आज राति खुब शीत परेछ ।)

शीतल-/सितल्/वि. ठिक्क खालको चिसो, शरीरलाई अनुकूल हुने तापक्रम ।

शीर्षक-/सिर्सक्/ना. कुनै लेख, रचना, पुस्तक आदिको नाम । (उदा. मैले अनुशासन शीर्षकमा कविता लेखेको छु ।)

शुक्र-/सुक्क/ना. १. नौ ग्रहमध्ये एक ग्रहको नाम । (उदा. आज राति आकाशमा शुक्र ग्रह देखियो।) २. पुरुषको सन्तान उत्पादन गर्ने मुख्य तत्त्व ।

शुक्रवार-/सुक्क्रबार्/ना. हप्ताको छैटौं वार, सुवार। (उदा. शुक्रवार एक बजे छुट्टी हुन्छ।)

शुद्ध-/सुद्ध/वि. दोष नभएको, गल्ती नभएको, चोखो, सफा, स्वच्छ। (उदा. हामीले शुद्ध भाषाको प्रयोग गर्नुपर्छ।)

शुभ कामना-/शुभ कामना/ना. १. अरूको भलाइको चाहना, शुभेच्छा। २.कुनै शुभ वा असल काममा लागि दिइने सन्देश।

शुल्क-/सुल्क/ना. कुनै काम वा सेवाका निम्ति सरकारी वा अन्य संस्थामा तिरिने दस्तुर, रकम, कर। (उदा. स्कुलको शुल्क रु १००० बुझाइयो।)

शून्य-/सुन्न्य/ना. १. खाली, रित्तो वा सार वस्तु नभएको, केही नभएको। २. गणितमा केही नभएको जनाउन अङ्क पछाडि लेखिने गोलो चिनो। (उदा. शून्य, एकमा शून्य थप्दा दस हुन्छ।)

शून्यान्त-/सुन्न्यान्त/वि. गणितमा पाँचभन्दा माथि उपल्लो अङ्क र पाँचभन्दा तल तल्लो अङ्कमा झार्ने प्रक्रिया, अन्त्यमा शून्य बनाउने प्रक्रिया। (उदा. १२ लाई शून्यान्त गर्दा १० हुन्छ।)

शूर-/सुर्/वि. कसैसँग नडराउने, डर नमान्ने, सुरो, आँटिलो, वीर। (उदा. नेपालीहरू शूर जाति मानिन्छन्।)

शृङ्खला-/स्रिङ्खला/ना. कुनै वस्तुको रखाइको क्रम, सिलसिला, पङ्क्ति, लहर। (उदा. मालामा शृङ्खलाबद्ध रूपमा फूल उनिन्छन्।)

शेष-/सेस्/वि. १. बाँकी रहेको, बचेको। २. गणितमा भाग गर्दा बाँकी रहेको अङ्क। (उदा. ११ लाई २ ले भाग गर्दा १ शेष रहन्छ।)

शैक्षिक-/सैक्छिक्, सैच्छिक/वि. शिक्षासँग सम्बन्धित, शिक्षाको।

शैल-/सैल्/ना. शिला भएको, शिलाले बनेको, पहाड, पर्वत। (उदा. हिम शैल, शैलराज इत्यादि।)

शोभा-/सोभा/ना. राम्रोपन, सुन्दरता, प्रकाश। (उदा. राम्रा लुगा गहनाले उसको शोभा बढ्यो।)

शोभायमान-/सोभायमान्/वि. शोभाले भरिएको, शोभाले युक्त।

शोषण-/सोसण्/ना. सोस्ने, चुस्ने, सुकाउने काम, हडप्ने, धुत्ने वा थिचोमिचो गर्ने काम, अनुचित फाइदा लिनु। (उदा. गाउँका ठुलाठालुले गरिबको शोषण गर्छन्।)

शौचालय-/सौचालय/ना. दिसापिसाब गर्ने ठाउँ, पाइखाना, चर्पी। (उदा. हामीले सधैँ शौचालयमा दिसा पिसाब गर्नुपर्छ।)

श्रद्धा-/स्रद्धा/ना. आफूभन्दा ठूलाप्रति गरिने सम्मान, आदर, निष्ठा, भक्ति। (उदा. बुढाबुढीलाई श्रद्धा गर्नु पर्छ।)

श्रम-/स्रम्/ना. कुनै वस्तु उत्पादन गर्दा वा केही काम गर्दा पर्ने शारीरिक शक्ति, परिश्रम, मिहिनेत। (उदा. श्रमको फल मिठो हुन्छ।)

श्रमिक-/स्रमिक्/ना. श्रम वा परिश्रम गर्ने व्यक्ति, मजदुर, ज्यामी । (उदा. कारखाना श्रमिकले नै चलाउँछन् ।)

श्राद्ध-/स्राद्ध/ना. बाबु आमा, पुर्खा, आफन्त आदि मरेको तिथिमा उनीहरूको सम्झनामा गरिने पूजा । (उदा. हजुर बाको सम्झनामा हिजो श्राद्ध गरियो ।)

श्रावण-/स्रावण्/ना. विक्रम संवत् अनुसार वर्षको चौथो महिना, साउन । (उदा. मेरो जन्म श्रावण महिनामा भएको हो ।)

श्रीपञ्चमी-/स्रिपन्चमि/ना. माघ महिनाको शुक्ल पक्षको पञ्चमी तिथि, वसन्त पञ्चमी, सरस्वती पूजाको दिन । (उदा. श्रीपञ्चमीमा सरस्वतीको पूजा गरिन्छ ।)

श्रीपेच-/स्रिपेच्/ना. राजाले शिरमा लाउने मुकुट, ताज । (उदा. राजा ज्ञानेन्द्रले सरकारलाई श्रीपेच बुझाए ।)

श्रीमती-/स्रिमति/ना. १. विवाहित महिलाको नाम अगाडि प्रयोग हुने सम्मान बोधक शब्द । २. कसैकी पत्नी, स्वास्नी । (उदा. सीता रामकी श्रीमती हुन् ।)

श्रीमान्-/स्रिमान्/ना. १. पुरुषका अगाडि लेखिने सम्मान बोधक शब्द । २. अतिथि, मान्यजन, ठूला बडालाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द । ३. कसैको लोग्ने वा पति । (उदा. राम सीताका श्रीमान् हुन् ।)

शृङ्गार-/स्रिङ्गार्/ना. कुनै वस्तु, स्थान आदिलाई राम्रो बनाउने, सजाउने वा सिँगार्ने काम, सौन्दर्य बढाउने काम, सजावट । (उदा. हाम्रो घर शृङ्गार गरेपछि राम्रो देखिएको छ ।)

श्रेष्ठ-/स्रेस्ठ/वि. १. रूप, गुण योग्यता आदिमा सबैभन्दा उत्तम, उच्च । २. नेवार हरूको एक थर ।

श्रोता-/स्रोता/ना. कसैको भाषण, वर्णन, प्रवचन, गीत आदि सुन्ने व्यक्ति, कुनै कुरा सुन्ने व्यक्ति । (उदा. रेडियो नेपालका श्रोता धेरै छन् ।)

श्लोक-/स्लोक्/ना. कवितामा भएका चार पाउ, छन्दमा रचिएको रचनाको अंश, सिलोक । (उदा. उसले रामायणको श्लोक लय हालेर पढ्यो ।)


श्वास-/स्वास/ना. १. प्राणीले नाक र मुखबाट हावा भित्र तानिने र बाहिर फालिने वायु, सास ।

श्वास नली-/स्वास नली/ना. प्राणीले शरीर बाहिरबाट सास तान्ने र भित्रबाट बाहिर फ्याँक्ने नली ।

श्वास प्रश्वास-/स्वास प्रस्वास/ना. नाक र मुखबाट सास तान्ने र फाल्ने काम, प्रक्रिया ।

## ष

षट्कोण-/सट्कोण्/ना. छ कुना परेको, छ कुने । (उदा. मैले कापीमा षट्कोण खिँचें ।)



षड्यन्त्र-/सड्यन्त्र/ना. कसैलाई हानि नोक्सानी पुऱ्याउन गरिने गोप्य योजना, गुप्ती चाल ।

## स

संक्षिप्त-/सङ्छिप्त, सम्छिप्त/वि. संक्षेपमा भनिएको वा लेखिएको, छोटकरी, सङ्क्षिप्त ।

संक्षेप-/सङ्छेप्/ना. सार कुरा मात्र लिएर बनाइएको छोटो रूप, सारांश वा सार । (उदा. हिजो कक्षामा के भएको थियो, संक्षेपमा भन त ।)

संयुक्त-/संयुक्त/वि. विभिन्न वस्तु वा तत्त्वलाई एक साथ पार्ने, शब्द वा वाक्यलाई जोड्ने ,मिलेको, जोडिएको । (उदा. संयुक्त परिवार)

संयोजक-/सम्योजक्/ना. १. शब्द वा वाक्य जोड्ने शब्द । (उदा. र, पनि, तर आदि ।) २. कुने काम गर्न सबैलाई जुटाउने व्यक्ति । (उदा. शैक्षिक भ्रमण कार्यक्रमको संयोजक ।)

संयोजन-/संयोजन्/ना. दुई वा दुईभन्दा बढी तत्त्व मिल्ने वा मिलाउने काम, कुनै कामकुराको ठीक चाँजोपाँजो । (उदा. दलहरूको संयोजन भएमा चाँडो संविधान बन्छ ।)

संरक्षण-/संरक्छ्यन्/ना. रेखदेख गर्ने काम, हेरविचार । (उदा. हामीले यस वनको संरक्षण गरेका छौं ।)

संवत्-/सम्बत्/ना. वर्ष, साल । (उदा. विक्रम संवत् २०५० मा मेरा जन्म भएको हो ।)

संविधान-/संविधान्/ना. देशको मूल कानुन । (उदा. देशका सम्पूर्ण ऐनकानुनको मुख्य स्रोत संविधान बनाउन संविधान सभाको निर्वाचन भयो ।)

संवैधानिक-/सम्बैधानिक्/वि. संविधानसँग सम्बन्धित । (उदा. लोकसेवा आयोग संवैधानिक निकाय हो ।)

संसद्-/संसद्/ना. कानुन बनाउने ठाउँ, विधायिका । (उदा. संसद्ले नागरिकता सम्बन्धी कानुन बनायो ।)

संसार-/सम्सार्/सन्सार्/ना/. मान्छेले देख्ने, भोग्ने र अनुभव गर्ने सम्पूर्ण विश्व । (उदा.यस संसारमा धेरै मानिस बस्छन् ।)

संस्कृति-/सम्स्क्रिति/ना. कुनै राष्ट्र वा जातिको सामाजिक जीवनमा प्रचलित चालचलन ।

संस्था-/सम्स्था/ना. कुनै धर्म, सामाजिक काम,राजनीति आदिको प्रचार प्रसार गर्न निर्माण भएको सङ्गठन । (उदा. सहकारी संस्थाले लाभांश बाँड्यो ।)

संस्थागत-/सम्स्थागत्/वि. संस्थाका रूपमा रहेको । (उदा. कार्यालयको सुधार गर्न संस्थागत सुधार गर्नुपर्छ ।)

संस्थान-/सम्स्थान्/ना. साहित्य ज्ञान, विज्ञान, कला, संस्कृति आदिको विकास गर्ने उद्देश्यले तयार पारिएको संस्था । (उदा. दुग्ध विकास संस्थानले दुध बेच्छ ।)

संस्थापक-/सस्थापक/ना. कुनै सभा, सङ्गठन संस्था आदिको स्थापना गर्ने व्यक्ति । (उदा. उहाँ यस विद्यालयका संस्थापक हुनुहुन्छ ।)

सांस्कृतिक-/साम्स्क्रितिक्/वि. संस्कृतिसँग सम्बन्धित । (उदा. हामीले सांस्कृतिक सम्पदाको रक्षा गर्नु पर्छ ।)

सँग-/सँग/नायो. साथमा, सित, सहित, समेत, । (उदा. मसँग तिम्रो किताब छ ।)

सँगालो-/सँगालो/ना. सङ्कलन वा सङ्ग्रह गरिएको, सँगालिएको वस्तु । (उदा. कथाको सँगालो, पत्र पत्रिकाको सँगालो ।)

सँगिनी-/सँगिनि/ना. १.आइमाई साथी, मितिनी । २. एक प्रकारको गीत । (उदा. तिजमा सँगिनीहरू मिलेर गीत गाउँछन् ।)

सकिनु-/सकिनु/क्रि. काम पुरा गरिनु, सक्ने काम हुनु । (उदा. हाम्रो काम हिजो सकियो ।)

सक्कली-/सक्कलि/वि. नक्कली नभएको, असली, मौलिक, चोखो । (उदा. यो नोट सक्कली रहेछ ।) विप. नक्कली ।

सक्नु-/सक्नु/क्रि. काम सिद्ध्याउनु, टुङ्ग्याउनु, भएको जति खर्च गर्नु । (उदा. यति काम गर्न कति जति खर्च गर्नुपर्छ होला ?)

सखर-/सक्खर्/ना. उखुको रस पकाएर जमाइएको गुलियो पदार्थ, गुड । (उदा.सखर गुलियो हुन्छ ।)

सखरखण्ड-/सखर्खन्ड/ना.जमिनमुनि फल्ने एक प्रकारको गुलियो खालको कन्दमूल, सुठुनी । (उदा. माघे सङ्क्रान्तिमा उसिनेको सखरखण्ड खाइन्छ ।)

सखाप-/सखाप्/ना. विनाश वा ध्वस्त पार्ने काम, नाश । (उदा. असिनाले धानखेती सखाप पारेछ ।)

सगरमाथा-/सगर्माथा/ना. विश्वको सबभन्दा अग्लो हिमाली चुचुरो । (उदा. सगरमाथाको उचाइ ८८४८ मिटर छ । सगरमाथा सोलुखुम्बु जिल्लामा पर्दछ ।)



सघन- /सघन्/वि. बाक्लो, घना, कसिलो, खँदिलो ।

सघाउनु-/सघाउनु/क्रि. कसैलाई मद्दत वा सहयोग गर्नु । (उदा.कसैलाई अप्ठेरो पर्दा हामीले सघाउनु पर्दछ ।)

सङ्कट-/सङ्कट्/ना.सार्है आपत्, विपत्को स्थिति, सार्है अप्ठेरो अवस्था, कष्ट । (उदा. सानैमा बुबाको मृत्यु भएकाले उनको घरमा सङ्कट आइपर्‍यो) ।)

सङ्कलन-/सङ्कलन्/ना. वस्तु, सामान आदि बटुल्ने काम, जम्मा गर्ने काम, सङ्ग्रह । (उदा. मैले धेरै पुस्तकहरू सङ्कलन गरेको छु ।)

सङ्कष्ट-/सङ्कस्ट/ना. ठुलो कष्ट, सङ्कट, विपत्ति । (उदा.गर्मीका दिन सङ्कटले बिते ।)

सङ्केत-/सङ्केत्/ना. कुनै वस्तु विचार आदिलाई जनाउने चिह्न, इसारा, हाउभाउ । (उदा.रातो रङले क्रान्तिको सङ्केत गर्छ ।)

सङ्केत बोधक-/सङ्केत् बोधक्/ना. कुनै वस्तु विचार आदिलाई जनाउने चिह्न, इसारा, हाउभाउ ।

सङ्ख्या-/सङ्ख्या/ना. गणना गर्दा वा गन्दाको अङ्क, गन्ती । (उदा. कक्षा ५ मा विद्यार्थीको सङ्ख्या ४० रहेको छ ।)

सङ्गठन-/सङ्गठन्/ना. खास उद्देश्य वा कार्यका लागि व्यक्तिहरूद्वारा खोलिएको सङ्घ, संस्था, समिति । (उदा. नेपालमा विद्यार्थीका विभिन्न सङ्गठन रहेका छन् ।)

सङ्गठित- /सङ्गठित्/ १. सङ्गठन भएको, एकत्रित वा एकताबद्ध गरिएको ।

सङ्गीत-/सङ्गित्/ना. गीत गाउँदाको लय अनुसार बाजा बजाउँदाको ताल वा सुर, लय, ताल र बाजाका साथ गाइने गीत, (उदा.सङ्गीतले मानिसलाई लट्ठ पार्छ ।)

सङ्गीतकार-/सङ्गित्कार्/ना. गीतको लय अनुसार बाजाको धुन सिर्जना गर्ने व्यक्ति । (उदा. नारायण गोपाल गायकका साथै सङ्गीतकार पनि थिए ।)

सङ्ग्रहालय-/सङ्ग्रहालय/ना. महत्त्वपूर्ण वा दुर्लभ वस्तुहरू राखिएको ठाउँ वा भवन, म्युजियम । (उदा. पुरातत्त्व विभागमा सङ्ग्रहालय रहेको छ ।)

सचिव-/सचिब्/ना. मन्त्रालय अन्तर्गतका कर्मचारीको प्रमुख, सरकारको विशिष्ट श्रेणीको पदमा कार्यरत कर्मचारी, कुनै सङ्घ संस्थाको पत्राचार अभिलेख सम्बन्धी जिम्मेवारी पाएको व्यक्ति । (उदा. सचिवले सबै कर्मचारीलाई निर्देशन दिए ।)

सचिवालय-/सचिबालय/ना. सरकार वा ठुला सङ्घ संस्थाका सचिवहरूको मुख्य कार्यालय, कुनै कार्यालयको प्रशासनिक गतिविधिसँग सम्बन्धित कार्यालय । (उदा. हाम्रो दलको सचिवालय काठमाडौँमा छ ।)

सचेत-/सचेत्/वि. १. चेतना भएको, सजग, सतर्क, सावधान ।

सच्याउनु-/सच्च्याउनु/क्रि. गल्ती सपार्नु, भुल सुधार्नु, शुद्ध पार्नु । (उदा. उसले गृहकार्य गर्दा भएको गल्ती सच्यायो ।)

सजग-/सजग्/वि. होसियार, सतर्क, चनाखो, सचेत । (उदा. हामी परीक्षामा असफल भइन्छ कि भनेर सजग छौं ।)

सजाउनु-/सजाउनु/क्रि. कुनै स्थान, मञ्च आदिलाई फूल, तोरण, तुल आदि राखेर सिँगार्नु । (उदा. हामीले कक्षा कोठा झिलिमिली पारेर सजाएका छौं ।)

सजात-/सजात्/ना. एउटै जात वा वर्ग, एकै जातको, सँगै जन्मेको । (उदा. एउटै आमाबाबुबाट जन्मेका केटाकेटीलाई सजात भनिन्छ ।)

सजातीय-/सजातिय/वि. एउटै जात वा वर्गको, एउटै आमाबाबुबाट जन्मेको । (उदा. सजातीय प्राणी, सजातीय गुण आदि)

सजाय-/सजाय/ना. अपराधीलाई दिइने दण्ड, कुनै गलत काम गरे बापत दिइने यातना, सास्ती, दण्ड, जरिमाना । (उदा. उसले गल्ती गरेकाले सजाय पायो ।)

सजिलो-/सजिलो/वि. कम प्रयास वा परिश्रमले गर्न सक्ने, काम गर्न सहज, सरल । (उदा. सजिलो काम, सजिलो बाटो, सजिलो पाठ)

सजीव-/सजिब्/वि.प्राण वा जीव भएको, जीवन भएको । (उदा. सजीव वस्तु) विप. निर्जीव ।

सज्जन-/सज्जन्/ना. १.असल व्यक्ति, भलादमी मान्छे । २. वि. राम्रो चरित्रको, साधु प्रवृत्तिको । (उदा.सज्जन व्यक्तिले कुभलो चिताउँदैन ।)

सञ्चय-/सन्चय/ना. जम्मा गर्ने काम, बटुल्ने काम, सङ्ग्रह । (उदा. उसले धेरै सम्पत्ति सञ्चय गरेको छ ।)

सञ्चालन-/सन्चालन्/ना. सङ्घ, संस्था आदिलाई गति दिने वा चलाउने काम, गतिशील बनाउने काम, व्यवस्थापन । (उदा. हाम्रो विद्यालय राम्रोसँग सञ्चालन भएको छ ।)

सट्टा-/सट्टा/ना. कुनै वस्तुको बदलामा दिइने अर्को वस्तु, साटो, बदला । (उदा. तालिममा रामको सट्टा श्यामलाई पठाउनुहोस् ।)

सडक-/सडक्/ना. मोटर, बस आदि चल्ने फराकिलो बाटो, राजमार्ग । (उदा. सडकको बायाँबाट हिँड्दा खतरा हुँदैन ।)

सड्नु-/सड्नु/ क्रि.कुनै वस्तुमा विकार आउनु, खराबी आउनु, कुहिनु, दुर्गन्धित हुनु । (उदा. बासी र सडेको खानेकुराले हामी बिरामी हुन्छौं ।)

सत्-/सत्/वि. उत्तम, असल, चोखो, पवित्र, साँचो। (उदा. हामीले सधैँ सत् कार्य गर्नु पर्दछ ।)

सतर्क-/सतर्क/वि. कुनै कुराप्रति सजग, सावधान, होसियार, सचेत । (उदा. परीक्षामा अनुत्तीर्ण हुने डरले हामी सतर्क छौँ ।)

सतह-/सतह/ना. कुनै वस्तुको माथिल्लो तह वा बाहिरी भाग। (उदा. पानीको सतह)

सत्कार-/सत्कार्/ना. पाहुनाको आदर, सम्मान, सेवा, आगन्तुकलाई गरिने मान। (उदा. हामीले पाहुनालाई सत्कार गर्नुपर्छ।)

सत्तल-/सत्तल्/ना. मन्दिरको छेउमा बनाइएको धर्मशाला। (उदा. तीर्थयात्रीहरू सत्तलमा बास बसे ।)

सत्य-/सत्त्य/वि. साँचो, वास्तविक, यथार्थ जस्तो छ त्यस्तो । (उदा. हामीले सत्य कुरा बोल्नु पर्छ ।)

सत्यवादी-/सत्त्यबादि/वि. साँचो बोल्ने, सत्यवक्ता। (उदा. सत्यवादी मान्छेले कहिल्यै झुटो बोल्दैन ।)

सदन-/सदन्/ना. १. बस्ने वास, निवास, घर। २. संसदको सभा। (उदा. सदनमा अर्थ विधेयकबारे छलफल भयो ।)

सदर मुकाम- /सदर् मुकाम्/ना. क्षेत्र, प्रदेश, जिल्ला आदिको मुख्य प्रशासनिक केन्द्र ।

सदस्य-/सदस्स्य/ना. कुनै सङ्घ, संस्था, समितिमा संलग्न हुन पाउने अधिकार भएको व्यक्ति, सभासद् । (उदा. उनी विद्यालय व्यवस्थापन समितिको सदस्य हुन्।)

सदुपयोग-/सदुपयोग्/ना. कुनै वस्तुको उचित उपयोग, राम्रोसँग व्यवहारमा ल्याउने काम । (उदा. पैसाको सदुपयोग गर्न जान्नुपर्छ ।)

सद्भाव-/सद्भाब्/ना. असल भाव,भलो विचार, हितकारी कुरो। (उदा. गाउँलेहरू बिच हिजोआज सद्भाव बढेको छ ।)

सनई-/सनइ/ना. सहनाई, मुरली जस्तो एक प्रकारको बाजा, पन्चैबाजामध्ये एक बाजा। (उदा. सनईको स्वर तिखो हुन्छ ।)

सनातन-/सनातन्/वि.धेरै अघिदेखि चलिआएको, प्राचीन । (उदा. हिन्दुहरू सनातन धर्म मान्छन्।)

सन्चो-/सन्चो/ना. रोग आदि नलागेको स्थिति, आराम। (उदा. औषधी खाएपछि टाउको दुखेको सन्चो भयो ।)

सन्तति-/सन्तति/ना. सन्तान, छोराछोरी, नाति नातिनी आदि। (उदा. मेरा बुबा आमाको म पहिलो सन्तति हुँ ।)

सन्तान-/सन्तान्/ना. सन्तति, छोराछोरी, नाति नातिनी आदि । (उदा. मेरा बुबाआमाको म पहिलो सन्तान हुँ ।)

सन्तुलन-/सन्तुलन्/ना. वस्तुको तौल वा मात्रा मिलाउने काम, परस्पर नमिल्ने दुई पक्षलाई समान स्तरमा ल्याउने काम, मिलाउने वा बराबरी पार्ने काम । (उदा. काम गर्दा सन्तुलन मिलाउनु पर्छ ।)

सन्तुलित-/सन्तुलित्/वि. सन्तुलन मिलेको, ठिकसँग मिलाइएको, व्यवस्थित भएको । (उदा. हामीले सन्तुलित आहार खानुपर्छ ।)

सन्तुष्ट-/सन्तुस्ट/वि. सन्तोष प्राप्त गरेको, धीत मरेको, अघाएको । (उदा. उनको व्यवहारबाट म सन्तुष्ट भएँ ।)

सन्तोष-/सन्तोस्/ना. मनमा हुने आनन्द, सन्तुष्ट अवस्था, सुविधा वा कमाइले अघाएको अवस्था, अघाउने काम, प्रसन्नता । (उदा. परीक्षाको नतिजाले मलाई सन्तोष लाग्यो ।)

सन्थाल-/सन्थाल्/ना. झापा र मोरङमा बस्ने एक जाति वा तिनको भाषा । (उदा. नेपालमा सन्थाल जातिको सङ्ख्या थोरै छ ।)

सन्देश-/सन्देस्/ना. कसैलाई पठाइएको विशेष खबर, समाचार । (उदा. मैले साथीलाई नयाँ वर्षको शुभ कामना सन्देश पठाएको छु ।)

सन्धि-/सन्धि/ना. परस्परमा मेलमिलाप, सम्झौता, मित्रता । (उदा.नेपाल र भारतबिच विभिन्न प्रकारका सन्धि भएका छन् ।)

सपना-/सपना/ना. मानिस निदाएको बेला देखिने दृश्य वा घटना, मनमनै खेल्ने कुरा, स्वप्न । (उदा. आज राति सपनामा म मामाघरमा पुगेको थिएँ ।)

सपूत-/सपुत्/वि. राम्रो बानी व्यहोरा भएको सन्तान, योग्य सन्तान । (उदा. हामीले सपूत हुन सक्नुपर्छ ।)

सप्तमी-/सप्तमि/ना. औँसी वा पूर्णिमापछि आउने सातौँ तिथि । (उदा. नौरथाको सप्तमी तिथिदेखि दसैँ सुरु हुन्छ ।)

सप्रनु-/सप्प्रनु/क्रि. राम्ररी बढ्नु वा विकास हुनु, मौलाउनु । (उदा. यस वर्ष पानी परेकाले धान खेती सप्रिएको छ ।

सफर-/सफर्/ना. डुल्ने काम, भ्रमण, घुमफिर । (उदा. बसको सफर रमाइलो हुन्छ ।)

सफल-/सफल्/वि. राम्रो परिणाम भएको, काम सम्पन्न भएको, फल सहितको । (उदा.म परीक्षामा सफल भएँ ।)

सफाइ-/सफाइ/ना. १. सफा पार्ने काम, स्वच्छता, शुद्धता, सफा सुग्घर गर्ने काम । (उदा. फोहोर सफाइ गर्नाले रोग लाग्दैन ।) २. अपराधीलाई अभियोगबाट छुटकारा ।

सबारी-/सबारि/ना. घोडा, मोटर आदि बाहनमा बसेर कहीँ जाने काम, बाहनका रूपमा प्रयोग गरिने त्यस्तो साधन ।

(उदा. आज नेपाल बन्द भएकाले सवारी साधन चलेनन् ।)

सबेरै-/सबेरै/क्रियो. बिहान चाँडै, एकाबिहानै । (उदा. ऊ सबेरै उठेर पढ्न थाल्यो ।)

सबै-/सबै/वि. सम्पूर्ण, सारा भए भरको जम्मै । (उदा.सबै नेपालीमा एकता हुनुपर्छ ।)

सभा-/सभा/ना. १. प्रवचन, भाषण आदि सुन्न भेला भएको समूह, छलफल, विचार विमर्श आदि गर्न भेला भएका मानिसको समूह । (उदा. गाउँमा सभा बसेको थियो ।) २. समारोह, उत्सव । ३. सङ्गठित सङ्घ वा संस्था ।

सभापति-/सभापति/ सभा, समारोह, गोष्ठी आदि सञ्चालन गर्ने प्रमुख व्यक्ति, सभाको अध्यक्षता गर्ने व्यक्ति । (उदा. वाद विवाद कार्यक्रमको सभापति प्रधानाध्यापक हुनुहुन्थ्यो ।)

सभामुख-/सभाभुख्/ना. संसदको बैठकको अध्यक्षता गर्ने व्यक्ति । (उदा. संसदको बैठक सभामुखको अध्यक्षतामा बस्छ ।)

सभ्य-/सब्भ्य/वि. असल आचरण भएको, शिष्ट, भलाद्मी ।

सभ्यता-/सब्भ्यता/ना. १.सभ्य व्यक्तिमा हुने गुण, विशेषता, शिष्टता, भलादमीपन, २. कुनै जाति वा समाजको विकास उन्नति आदि भएको अवस्था । (उदा. सभ्य मानिसहरूले नयाँ सभ्यताको विकास गर्नु पर्दछ ।)

समकोण-/समकोण्/ना. समान दुरी भएको रेखाको बिच भागबाट ठाडो रेखा तान्दा बन्ने कोण । (उदा. समकोण नब्बे डिग्रीको हुन्छ ।

समझदार-/समझ्दार्/वि. १. समझ भएको, ज्ञान भएको, विवेकी ।

समझदारी-/समझ्दारि/ना. समझदार व्यक्तिमा हुने गुण वा विशेषता, विवेक । (उदा. उसले हामीसँग समझदारीका साथ व्यवहार गऱ्यो ।)

समतल-/समतल्/वि. बरावर सतह भएको, सम्म परेको । (उदा. तराईमा समतल भूभाग रहेको छ ।)

समतुल्य-/समतुल्ल्य/वि. सबैतिर बराबर भएको ।

समथर-/समथर्/वि. सम्म परेको, समतल । (उदा. तराईमा समथर जमिन हुन्छ ।)

समन्वय-/समन्न्वय/ना. कुनै दुई वा दुईभन्दा बढी व्यक्ति वा संस्थालाई मिलाउने काम, संयोजन गर्ने काम । (उदा. हाम्रो विद्यालयमा शिक्षकहरूबिच राम्रो समन्वय रहेको छ ।)

समबाहु-/समबाहु/ना. रेखा गणितमा दुई भुजा बराबर हुने । (उदा. समबाहु त्रिभुज खिच ।)

समय-/समय/ना. १. मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द, कुनै कामकाजको वेला ।

२. कुनै कार्य गर्न तोकिएको अवस्था मौका । समयको ख्याल गरेर काम गर्नु पर्दछ । (उदा. परीक्षामा तीन घण्टा समय दिइन्छ ।)

**समर्पण**-/समर्पण्/ना. कसैलाई कुनै वस्तु सम्मानपूर्वक दिने काम कसैलाई सुम्पने काम । (उदा. आज मन्दिरमा भगवान् रामलाई फलफूल समर्पण गरियो ।)

**समर्पित**-/समर्पित्/वि. अर्पण गरिएको, चढाइएको, सुम्पिएको । (उदा. मैले विद्यालयलाई एक रोपनी जग्गा समर्पित गरेको छु ।)

**समष्टि**- /समस्टि/ना. धेरै वस्तुको समूह, २. जम्मा, समग्रता ।

**समस्या**-/समस्स्या/ना. समाधान गर्न कठिन पर्ने अवस्था, जटिल अवस्था, असिजलो स्थिति । (उदा. मलाई गणितका समस्या समाधान गर्न कठिन भयो ।)

**समाउनु**-/समाउनु/क्रि. कुनै वस्तुलाई पक्रनु वा समात्नु । (उदा. राम्रा अक्षर लेख्न कलम ठिकसँग समाउनु पर्छ ।)

**समाचार**-/समाचार्/ना. ताजा सूचना वा नयाँ घटनाको विवरण, खबर, सूचना । (उदा. रेडियोबाट समाचार प्रसारण हुँदै छ ।)

**समाचार पत्र**-/समाचार् पत्र/ना. समाचार दिने पत्रिका, अखबार । (उदा. आजका समाचार पत्रहरूले नयाँ घटनाका बारेमा समाचार दिएका छन् ।)

**समाज**-/समाज्/ना. एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसको समूह । (उदा. हाम्रो समाज शान्तिपूर्ण छ ।)

**समाधान**-/समाधान्/ना. कुनै समस्या वा विवाद हटाउने काम । (उदा. उसले गणितका कठिन हिसाब पनि सजिलै समाधान गर्छ ।)

**समान**-/समान्/ना. गुण, आकार, उचाइ आदिका दृष्टिले उस्तै देखिने, उस्तै । (उदा. ती जुम्ल्याहा केटाको उचाइ समान छ ।)

**समानता**-/समान्ता/ना. बराबरको स्थिति, समान अवस्था । (उदा. छोरा र छोरीमा समानता हुनुपर्छ ।)

**समानान्तर**-/समानान्तर्/ना. समान दुरी वा अन्तर भएको, बराबरी फरकमा रहेको, गुण तथा आकारका दृष्टिले बराबर भएको । (उदा. उसको र मेरो घर समानान्तर दुरीमा छन् ।)

**समाप्ति**-/समाप्ति/ना. कुनै काम वा घटनाको अन्त्य, पुरा गर्ने काम । (उदा. म वाद विवाद कार्यक्रमको समाप्ति हुन लाग्दा पुगेछु ।)

**समारोह**-/ना. १. खास अवस्थामा गरिने विशेष कार्यक्रम, गोष्ठी, प्रवचन । २. उत्सव आदि ।

समिति-/समिति/ना. कुनै विशेष कामका लागि गठन गरिएको समूह, संस्था,परिषद्, सभा । (उदा. आज विद्यालय व्यवस्थापन समितिको बैठक बस्यो ।)

समी-/समि/ चिप्ला साना पात हुने एक प्रकारको अग्लो रुख । (उदा. समीको पात पूजा गर्दा प्रयोग गरिन्छ ।)

समीकरण-/समिकरण्/ना. समान बनाउने वा बराबर पार्ने काम, समन्वय वा एकताबद्ध गर्ने काम ।

समीर-/समिर्/ना. हावा, वायु, प्राण । (उदा. हावालाई समीर पनि भनिन्छ ।)

समुदाय-/ना. १. खास क्षेत्र, वर्ग, सामाजिक रीति, संस्कृति, व्यवसाय आदिमा आबद्ध मानिसहरूको समूह । २. कुनै विशेष वर्ग कुनै व्यवसायसँग सम्बन्धित समूह ।

समुद्र-/समुद्द्र/ना. जताततै पानी नै पानी भएको पृथ्वीको विशाल भाग, सागर, महासागर । (उदा. समुद्रको पानी नुनिलो हुन्छ ।)

समूह-/समुह/ना.कुनै वस्तु वा प्राणीको बथान थुप्रो, जमात । (उदा. फुटबलमा हाम्रो समूहले राम्रो खेल खेल्यो ।)

समूह वाचक-/समुह बाचक्/ना. समूह जनाउने । (उदा. गण समूह वाचक नाम हो ।)

समेत-/समेत्/नायो. कुनै व्यक्ति, वस्तु आदि सहित, कसैका साथ । (उदा. भाइसँग बहिनी समेत आई ।)

समोसा-/समोसा/ना. मैदाको पिठो बेलेर भित्रपट्टि आलु, गेडागुडी आदिको तरकारी हाली घिउ वा तेलमा पकाइएको तीनचोसे आकारको खानेकुरा, सिँगडा । (उदा. मलाई समोसा मन पर्छ ।)

सम्झना-/सम्झना/ना. कुनै व्यक्ति, वस्तु, घटना आदिलाई सम्झने काम, स्मृति, याद, स्मरण । (उदा. यस घटनाले मलाई बाल्यकालको सम्झना आयो ।)

सम्झनु-/सम्झनु/क्रि. कुनै वस्तु व्यक्ति, घटना आदिको स्मरण गर्नु, याद गर्नु । (उदा. हामीले सहिदलाई सम्झनु पर्छ ।)

सम्झाउनु-/सम्झाउनु/क्रि. १. झल्को दिलाउनु, सम्झना दिलाउनु । (उदा. तिमीले मलाई त्यो कुरा सम्झाउनु है ।) २. स्मरण गराउनु, स्पष्ट पार्नु ।

सम्पत्ति-/सम्पत्ति/ना. घर, खेत, सुन, चाँदी वा रुपियाँ, पैसा, धन । (उदा. उसले पर्याप्त सम्पत्ति आर्जन गरेको छ ।)

सम्पदा-/सम्पदा/ना. महत्त्वपूर्ण प्राकृतिक वस्तु, कलाकृति, बहुमूल्य वस्तु, सम्पत्ति । (उदा. नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण छ ।)

सम्पन्न-/सम्पन्न/वि. १.सम्पत्ति प्रशस्त भएको, धनी, समृद्ध । २. विभिन्न गुण, विशेषताले युक्त । ३. पूर्ण, पूरा । (उदा. आजको कार्यक्रम राम्रोसँग सम्पन्न भयो ।)

सम्पादक-/सम्पादक्/ना.समाचार पत्र पत्रिका, पुस्तक आदिलाई छाप्नका लागि ठिक अवस्थामा ल्याउने मानिस, सम्पादन गर्ने मानिस । (उदा. पत्रिका सम्पादन गर्ने मानिस सम्पादक हो ।)

सम्पादन-/सम्पादन्/ना. १. कुनै पत्र पत्रिका वा पुस्तकको विषयवस्तु, भाषा आदि ठिक्कसित मिलाई आवश्यक छाँटकाँट गर्ने काम । २. दिइएको जिम्मेवारी सम्पन्न गर्ने काम । (उदा. मैले आजको सम्पूर्ण कार्य सम्पादन गरिसकेँ ।)

सम्पूर्ण-/सम्पूर्ण/वि. सबै, जम्मै, भएभरको, सारा, पूर्ण रूपमा रहेको । (उदा. मलाई दिएको सम्पूर्ण गृहकार्य पूरा गरेँ ।)

सम्बन्ध-/सम्बन्ध/ना. कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम, आबद्धता, साइनो, नाता आदि । (उदा. साथीहरूसँग मेरो राम्रो सम्बन्ध रहेको छ ।)

सम्बोधन-/सम्बोधन्/ना. १. कसैलाई बोलाउने काम; सभा, समारोह आदिमा बोल्दा नाम, पद आदि उल्लेख गर्ने काम । २. समेट्ने काम । (उदा. नेपालमा पिछडिएको वर्गलाई राज्यले सम्बोधन गर्न सकेको छैन ।)

सम्मान-/सम्मान्/ना. कसैलाई गरिने विशेष आदर, इज्जत, मान, प्रतिष्ठा । (उदा. हामीले मान्यजनको सम्मान गर्नुपर्छ ।)

सम्मानोपहार-/सम्मानोपहार्/ना. सम्मान सहित उपहार दिने काम । (उदा. हामीले आगन्तुकलाई सम्मानोपहार प्रदान गर्‍यौँ ।)

सम्याउनु-/सम्म्याउनु/क्रि. सम्म पार्नु, जमिनको अग्लो होचो भाग मिलाउनु, तह मिलाउनु । (उदा. उसले खेत सम्यायो ।)

सम्राट्-/सम्म्राट्/ना. ठुलो भूभागमा शासन गर्ने राजा, बादशाह । (उदा. सम्राट् अशोक नेपाल आएका थिंए ।)

सयपत्री-/सयपत्रि/ना. धेरै पत्र मिलेको, ठुलो थुँगो फुल्ने एक जातको फूल । (उदा. दिदीले तिहारमा सयपत्रीको माला लगाइदिनु भयो ।)



सरकार-/सर्कार/ना. देशको शासन चलाउने सबैभन्दा ठुलो संस्था, मन्त्री मण्डल । (उदा. नेपाल सरकारले प्राथमिक शिक्षा नि:शुल्क गरेको छ ।)

सरकारी-/सर्कारि/वि. सरकारसँग सम्बन्धित, सरकारको। (उदा. हाम्रो गाउँमा सरकारी योजना लागु भएको छ ।)

सरल-/सरल्/वि. बाङ्गोटिङ्गो नभएको, सोझो, सिधा। (उदा. ऊ सरल स्वभावको छ ।)

सरल रेखा-/सरल् रेखा/ना. एक आपसमा नकाटिने गरी कोरिएका रेखा, सिधा रेखा। (उदा. दुई ओटा सरल रेखा खिच ।)

सरलीकरण-/सरलिकरण्/ना. कुनै अप्ठेरो कार्यलाई सजिलो पार्ने काम। (उदा. काम गर्ने तरिकालाई सरलीकरण गर्नुपर्छ ।)

सरसर-/सर्सर्/ना. हावा चल्दा पात हल्लिएर आउने आवाज। (उदा. सालघारीबाट सरसर आवाज आइ रहेको छ ।)

सरस्वती-/सरस्वति/ना. विद्याकी देवी, शिक्षाकी देवी। (उदा. तिम्रो मुखमा सरस्वतीले वास गरून् ।)

सराप-/सराप्/ना. सराप्ने काम,अर्काको कुभलो चिताएर गरिने गाली, अनिष्ट वचन, दुर्वाच्य । (उदा. झिँगाको सरापले डिँगो मर्दैन ।)

सरासर-/सरासर/क्रियो. नरोकिईकन, फटाफट, एकनाससित। (उदा. ऊ सरासर बजारतर्फ लाग्यो ।)

सरीसृप-/सरिस्रिप्/ना. घस्रेर हिँड्ने प्राणी। (उदा. सर्प सरीसृप प्राणी हो ।)

सरुवा-/सरुवा/ना. १. एक ठाउँबाट अर्को ठाउँमा सर्ने काम, स्थानान्तरण । (उदा. यस विद्यालयका शिक्षकलाई अर्को विद्यालयमा सरुवा गरिएको छ ।) वि. २. सर्ने, फैलने। (उदा. सरुवा रोग)

सरोकार-/सरोकार्/ना. १. कुनै काममा चासो, ध्यान, सम्वन्ध ।

सर्कनु-/सर्कनु/क्रि. १. खानेकुरा, पानी आदि निल्दा घाँटीमा असजिलो हुनु, एक प्रकारको खोकी लाग्नु । २. कुनै कुरा माथितिर सर्नु । (उदा. बाँधेको डोरी सर्केर माथि पुगेछ ।)

सर्त-/सर्त/ना. कुनै काम वा विधिमा संलग्न हुँदा पालन गर्नुपर्ने कुरा, कसैलाई दिइने वचन, बाजी । (उदा. उनीहरूले सर्त राखेर भलिबल खेले ।)

सर्दी-/सर्दि/वि. १. जाडो, ठन्डा, ठन्डी । २. चिसोपन, रुघा।

सर्नु-/सर्नु./क्रि. एक ठाउँबाट अर्को ठाउँ, जानु, ठाउँ बदल्नु, रोग फैलनु । (उदा. तिम्रो रुघा मलाई पनि सऱ्यो ।)

सर्प-/सर्प/ना. घस्रेर हिँड्ने लामो विषालु जीव, लामकिरो। (उदा. सर्प विषालु प्राणी हो ।)

सर्वत-/सर्बत्/क्रियो. १. एक प्रकारको गुलियो झोल। २. पानीमा चिनी, मरिचको धुलो,

फलफूलको रस मिलाएर बनाएको पेय। (उदा. गर्मीमा सर्वत खाइन्छ।)

सर्वनाम-/सर्वनाम्/ना. वाक्यमा प्राय: नामको सट्टामा प्रयोग हुने शब्द, सबैको नाम। (उदा. 'ऊ' सर्वनाम शब्द हो।)

सर्व साधारण-/सर्वसाधारण्/ना. सबै प्रकार वा स्तरका मानिसको समूह, साधारण जनता। (उदा. सरकारले सर्व साधारणको हित हुने काम गर्नुपर्छ।)

सर्वोच्च-/सर्बोच्च/वि. सबैभन्दा उच्च, सबभन्दा अग्लो। (उदा. विश्वको सर्वोच्च शिखर सगरमाथा हो।)

सर्वोत्तम-/सर्बोत्तम्/वि. योग्यता, गुण आदिले सबैभन्दा उत्कृष्ट, सबभन्दा उत्तम, सबभन्दा असल। (उदा. उसले परीक्षामा सर्वोत्तम नतिजा प्राप्त गऱ्यो।)

सर्सर-/सर्सर्/क्रियो. हे. सरसर

सलाई-/सलाइ/ना. मसिना सिन्कामा एकापट्टि बारुद लगाएर बनाइएको रगड्दा आगो पर्ने छेस्का भएको बट्टा, आगो पार्ने वस्तु। (उदा. त्यसरी उसले सलाई कोरेर आगो बाल्यो।)

सलाद-/सलाद्/ना. १. स्याउ, केरा, सुन्तला आदि फलफूल दहीमा मिसाएर बनाइएको खानेकुरा। २. काँक्रो, मुला, गाजर आदिका चानाको मिश्रण।

सल्फर-/सल्फर्/ना. एक प्रकारको रासायनिक वस्तु, गन्धक। (उदा. सल्फर दल्दा छाला चिलाउने रोग निको हुन्छ।)

सल्फर डाइअक्साइड-/सल्फर् डाइअक्साइड् /ना. एक भाग सल्फर र दुई भाग अक्साइड मिलेर बनेको तत्त्व। (उदा. सल्फर डाइअक्साइड हानिकारक ग्यास हो।).

सल्लाह-/सल्लाह/ना. एकभन्दा बढी व्यक्तिका बिच कुनै विषयमा हुने छलफल, कुनै कुरामा अरूलाई दिइने सुझाव। (उदा. साथीहरूबिच भोलि शनिवार भ्रमण गर्न जाने सल्लाह भयो।)

सल्लो-/सल्लो/ना. मसिना सिन्का जस्ता पात हुने एक प्रकारको ठुलो रुख। (उदा. मध्य पहाडी क्षेत्रमा सल्लाका रुख हुन्छन्।)

सऱ्हनी-/सरनि/ना. सराहना, प्रशंसा, तारिफ। (उदा. मेरो कामको सबैले सऱ्हनी गरे।)

सहनशील-/सहन्सिल्/वि. दु:ख, आपत्, विपत्, अपमान सहन सक्ने, धैर्यवान्।

सहनु-/सहनु/ क्रि. दु:ख, कष्ट आदि सहन गर्नु, धैर्य गर्नु, नआत्तिनु। (उदा. मानिसले दु:ख सहनु पर्छ।)

सहमत्-/सहमत्/ वि. प्रस्ताव वा सल्लाहमा मन्जुर हुनु, एकमत।

सहमति-/सहमति/ना. सहमत हुँदाको स्थिति, मन्जुरी, स्वीकृति।

सहयोग-/सहयोग्/ना. कसैलाई गरिने मद्दत, कसैका काममा सघाउने काम, आपसी सहायता । (उदा.उनीहरू एक-आपसमा संहयोग आदान प्रदान गर्छन् ।)

सहर-/सहर्/ना. धेरै बाक्ला घर, सडक, पानी, बिजुली आदिको सुविधा भएको ठुलो बस्ती, नगर । (उदा. ऊ सहरमा बस्छ ।)

सहानुभूति-/ना. अरुको दुःख देख्दा दुखित हुने अवस्था, समवेदना ।

सहायक-/सहायक्/ना. कसैको काममा सहयोग गर्ने व्यक्ति, अरु कसैको अधीनमा रही काम गर्ने व्यक्ति, सहयोगी । (उदा. सहायक हाकिमलाई सहयोग गरे ।)

सहारा-/सहारा/ना. आधार, भरोसा, सहायता, मद्दत । (उदा. बिरामी हुँदा अरूको सहारा आवश्यक हुन्छ ।)

सहिष्णु-/सहिस्णु/वि. १. दुःख, कष्ट सहन सक्ने, सहनशील । २. क्षमा गर्न सक्ने । (उदा. उनी सहिष्णु छिन् ।)

सहिष्णुता-/सहिस्णुता/ना. सहने गुण, सहनशीलता । (उदा. धार्मिक सहिष्णुता)

सही-/सहि/ना. १. कुनै निवेदन, लिखत आदिमा हस्ताक्षर वा दस्तखत गर्ने कार्य उसले निवदेनमा सही गऱ्यो । २. सत्य, साँचो । (उदा. मानिसले सही र गलत छुट्ट्याउन सक्नुपर्छ ।)

साँगुरो-/वि. चौडाइ कम भएको, कम फराकिलो, धेरै नअटाउने, सङ्कुचित ।

साँचो-/साँचो/ना. १.सत्य कुरो, (उदा. हामीले साँचो कुरा बोल्नुपर्छ ।) २.ताल्चा खोल्ने साधन । (उदा. उसले साँचाले ताला खोल्यो ।)


साँच्ची-/साँच्चि/क्रियो. साँच्चै, सत्य कुरा गर्दा भनिने थेगो । (उदा. साच्ची ऊ पास भएकै हो त ! )

साँच्चै-/साँच्चै/कियो. साँचो नै वास्तविक रूपमा सत्य, एक प्रकारको थोगो । (उदा. साँच्चै ऊ आयो त !)

साँझ-/साँझ्/ना. घाम अस्ताएपछिको समय । (उदा. बेलुकी बजारबाट आउँदा साँझ पऱ्यो ।)

साँढे-/साँढे/ना.१. धार्मिक दृष्टिले डामेर छाडिएको बहर, उदण्ड व्यवहार गर्ने गाईको बाछो । वि. २. उद्दण्ड, मिचाहा । (उदा. ऊ घरको साँढे भएको छ ।)

साइकल-/साइकल्/ना. दुई खुट्टाले चलाइने दुई पाङ्ग्रे सवारी साधन । (उदा. साइकल चढेर चाँडै आइयो ।)



साइज- /साइज्/ना. सानो वा ठुलो लम्बाइ वा चौडाइको आकार बुझाउने शब्द, आकार। (उदा. यस कोठाको साइज सानो छ ।)

साइनो- /ना. नाता सम्बन्ध ।

साउन- /साउन्/ना. विक्रम संवत् अनुसार वर्षको चौथो महिना । (उदा. मेरो जन्म साउन महिनामा भएको हो ।)

साक्षर- /साक्छ्यर, साच्छ्यर्/वि. अक्षर चिनेको, लेखपढ गर्न सक्ने । (उदा. मेरो हजुर बुबा साक्षर भएकाले चिठी पढ्न सक्नु हुन्छ ।)

साग- /साग्/ना. तरकारी खाइने एक प्रकारको सानो बोट । (उदा. सागको तरकारी पोसिलो हुन्छ ।)

सागपात- /साग्पात्/ना. तरकारीका रूपमा खाइने हरियो पात, कोसा, फल आदि हरियो तरकारी । (उदा. हामीले सागपात खानु पर्छ ।)

सागर- /साग्/ना. पानी नै पानी भएको गहिरो र ठुलो भाग, समुद्र । (उदा. सागर को किनारमा बस्दा रमाइलो हुन्छ ।)

साङ्ख्यिक- /साङ्ख्यिक्/वि. सङ्ख्या सम्बन्धी तथ्याङ्क वा आँकडा सम्बन्धी । (उदा. पाठ्यक्रम विकास केन्द्रले पुस्तकको साङ्ख्यिक विवरण तयार गरेको छ ।)

साङ्लो- /साङ्लो/१. फलामका मुन्द्रा जोडेर बनाइएको कुकुर, हात्ती आदि बाँध्ने डोरी । २. एक प्रकारको किरो । (उदा. भान्सामा साङ्लाले दु:ख दिएको छ ।)

साजसज्जा- /साज्सज्जा/ना. १. सजाउने काम, सजावट ।

साझा- /साजा/वि. सबैले उपभोग गर्न पाउने, धेरै जनाको लगानी रहेको, सामूहिक । (उदा. साझा सम्पत्तिको संरक्षण गर्नुपर्छ ।)

साट्नु- /साट्नु/क्रि.एउटा वस्तु दिएर अर्को वस्तु लिनु, साटफेर गर्नु रुपियाँ, पैसा आदिको लेनदेन गर्नु । (उदा. मैले एक हजार रुपियाँका खुद्रा पैसा साटें ।)

साता- /साता./ना. सात दिनको समूह, सप्ताह, हप्ता, (उदा. यो साता पढाइ भएन ।)

साथ- /साथ्/नायो. सँग, सित, समेत, सहित, सँगसँगै । (उदा. मेरा साथमा भाइ पनि थियो ।)

साथी- /साथि/ना. एकसाथ रहने वा सँगै रहने व्यक्ति, विभिन्न कार्यमा सहयोग गर्ने व्यक्ति । (उदा. ऊ मेरो निकै नजिकको साथी हो ।)

साधन- /साधन्/ना. कुनै काम गर्नका लागि आवश्यक सामान, कुनै कामको माध्यम, उपकरण, औजार । (उदा. काम गर्ने साधन जतन साथ राख्नुपर्छ ।)

साधारण-/साधारण्/वि. सामान्य गुण वा विशेषता भएको, सामान्य, मामुली, सरल, सजिलो। (उदा. ऊ साधारण लुगा लगाएर साथीको घर गयो।)

साधु-/साधु/ना. १. सोझो मान्छे, सज्जन, सन्त । (उदा. उनीहरू साधु प्रवृत्तिका छन्।)

साध्य-/साद्ध्य/वि. १. सिद्ध गर्नुपर्ने, पूरा गर्न सकिने २. गणितका नियमद्वारा प्रमाणित गर्नुपर्ने ।

सान-/सान्/ ना. १. इज्जत ढाँटबाँट, फुर्ती, बडप्पन (उदा. हिजोआज उसको सान बढेको छ।) २. हतियारको धार उध्याउने साधन, खुकुरीमा सान लगाउनु पर्ने भएको छ।

सान्त्वना-/सान्त्वना/ना. कसैलाई दुःख, शोक पर्दा वा कुनै हानि हुँदा सम्झाउने काम। (उदा. परीक्षामा असफल भएको विद्यार्थीलाई गुरुले सान्त्वना दिनुभयो।)

सापट-/सापट्/ना. फिर्ता लिने गरी कसैलाई कुनै वस्तु, धन आदि दिने वा कसैबाट कुनै चिज लिने काम। (उदा. मैले ऊसँग पाँच सय सापट लिएँ।)

सापटी-/सापटि/ना.हे. सापट।

साप्ताहिक-/साप्ताहिक्/वि. प्रत्येक हप्तामा हुने, हरेक हप्ताको, हप्ताभरिको, सात दिनको। (उदा. हाम्रो स्कुलमा साप्ताहिक भित्ते पत्रिका निस्कन्छ।)

साबित-/साबित्/वि. अपराध, कसुर स्वीकार गरेको, सबुत प्रमाण पुगेर प्रमाणित।

साबुन-/साबुन्/ना. लुगा धुन तथा शरीर नुहाउन प्रयोग गरिने वस्तु। (उदा. साबुन र पानीले लुगा धोइयो।)

साबेल-/साबेल्/ना. माटो, गिटी आदि उठाउने तथा फ्याँक्ने काममा प्रयोगमा आउने ठुलो पातो र लामो बिँड हुने एक प्रकारको औजार, बेल्चा। (उदा. कामदारले साबेलले माटो फ्याँके।)

सामग्री-/सामग्ग्रि/ना. कुनै कामका लागि चाहिने सामानको समूह, सामान, साधन, उपकरण, औजार । (उदा. गुरुले कक्षा कोठामा शैक्षिक सामग्री देखाउनु भयो।)

सामाजिक-/सामाजिक्/समाजमा हुने, समाजमा पाइने, समाजसँग सम्बन्धित, समाजमा घुलमिल भएर बस्ने, समाजको हित हुने । (उदा. तिम्रो साथी सामाजिक काम गर्दो रहेछ।)

सामान-/सामान्/ना. कुनै काममा प्रयोग गरिने वस्तु, सामग्री साधन, उपकरण । (उदा. आमा घरमा चाहिने सामान किन्न बजार जानुभयो।)

सामान्य-/सामान्न्य/वि. १. खास गुण वा विशेषता नभएको, साधारण, मामुली । (उदा. सामान्य कुरामा झगडा नगर।) २. धेरैसँग मिल्ने गुण भएको सरल, सजिलो। (उदा. ऊ सामान्य व्यक्ति हो।)

सामीप्य- /सामिप्प्य/ना. समीपमा रहँदाको स्थिति नजिक हुनुको भाव, आत्मीयता, हार्दिकता ।

सामु- /सामु/नायो. अगाडि, अगिल्तिर, सामुन्ने । (उदा. मेरा सामु थुप्रै समस्या छन् ।)

सामुदायिक- /सामुदाइक्/वि.समुदायमा आधारित, समुदायको, सार्वजनिक । (उदा. सामुदायिक वनको सुरक्षा गर्नु हाम्रो कर्तव्य हो ।)

सामूहिक- /सामूहिक्/वि. समूहसँग सम्वन्धित, समूहमा आधारित । (उदा. सामूहिक प्रयासबाट विकासका काम सफल हुन्छन् ।)

सारङ्गी- /सारङ्गि/ना. तार रेटेर बजाइने एक प्रकारको बाजा । (उदा. गाइनेले सार ङ्गी बजाएर गीत गायो ।)

सारस- /सारस्/ना. खुट्टा, गर्दन र चुच्चो लामो हुने पानीको छेउछाउमा बस्ने एक प्रकारको, चरो । (उदा. सारसले माछा खायो ।)



सारा- /सारा/वि. भए जति सबै, भएभरको, सम्पूर्ण । (उदा. असिनाले सारा धानबाली सखाप पाऱ्यो ।)

सारौँ- /सारौँ/ना. चुच्चो र खुट्टा पहेँलो हुने एक प्रकारको चरो, डाङ्ग्रे, रुपी । (उदा. बाँसघारीमा सारौँ करायो ।)

सारांश- /साराम्स/ना. कुनै वर्णन, लेख आदिको मुख्य सार, सार कुरा, तात्पर्य, निचोड, सार संक्षेप । (उदा. उनले बिदा कथाको सारांश लेखे ।)

सार्क- /सार्क/ना. दक्षिण एसियाली क्षेत्रीय सङ्गठनको रोमन वर्णबाट बनेको संक्षिप्त रूप (SAARC) । (उदा. नेपाल सार्कको एक सदस्य हो ।)

सार्नु- /सार्नु./क्रि. कुनै वस्तुलाई एक ठाउँबाट अर्को ठाउँमा लैजानु, बदल्नु, रोग, कीटाणु आदि फैलाउनु, जस्ताको तस्तै सार्नु । (उदा. मैले फूलको बिरुवा सारेँ ।)

सार्वजनिक- /सार्बजनिक्/वि. सबैले उपयोग गर्न पाउने, सबैलाई चाहिने, सबैका लागि हुने । (उदा. सार्वजनिक सम्पत्तिको सबैले संरक्षण गर्नुपर्छ ।)

साऱ्है- /सारै/क्रियो. धेरै, कठिन, बढ्ता, ज्यादै । (उदा. मलाई आज साऱ्है तिर्खा लागेको छ ।)

साऱ्हो- /सारो/वि. गिलो नभएको, कडा, कठोर, बढ्ता । (उदा. माटोभन्दा ढुङ्गो साऱ्हो हुन्छ ।)

साल- /साल्/ना. १. एक वर्षको समय । (उदा. उसको जन्म २०५५ सालमा भएको हो ।) २. एक प्रकारको काठ । (उदा. सालको

काठ) ३. गर्भमा बच्चा रहने थैली। (उदा. बच्चा जन्मँदा पहिले साल देखिन्छ।)

सालिक-/सालिक्/ना. धातु, ढुङ्गा, काठ आदिमा कुँदिएको वा बनाइएको प्रतिमा, स्मारक। (उदा. काठमाडौँमा महाकवि देवकोटाको सालिक छ।)

सावधान-/सावधान्/वि. १. होस रहेको, होसियार, सतर्क, सचेत।

सावधानी-/सावधानि/ना. सतर्कता, होसियारी। (उदा. यात्रामा हिँड्दा सावधानी अपनाउनु पर्छ।)

सावित-/साबित्/ना. अपराध वा कसुर स्वीकार गरेको, प्रमाण पुगेको, प्रमाणित। (उदा. हिजो उसको घर चोर्ने चोर सावित भयो।)

सास-/सास्/ना. नाक तथा मुखबाट भित्र तानिने र फोक्सोबाट बाहिर निस्कने वायु, श्वास। (उदा. दमको रोगीलाई सास फेर्न गाऱ्हो हुन्छ।)

सास्ती-/सास्ति/ना. अत्यन्त कडा यातना, कष्ट, दण्ड, सजाय

साहस-/साहस्/ना. कठिन काम गर्न सक्ने क्षमता, आँट, हिम्मत। (उदा. शेर्पाहरूमा हिमाल चढ्ने साहस धेरै हुन्छ।)

साहसी-/साहसि/आँट भएको, निर्भीक, निडर। (उदा. पासाङ ल्हामु शेर्पा एक साहसी महिला थिइन्।)

साहित्य-/साहित्त्य/ना. मिठो भाषा र शैलीमा लेखिएको रचना (उदा. कविता, कथा, निबन्ध, नाटक आदिलाई साहित्य भनिन्छ।)

साहु-/साहु/ना. १.व्यापारी, पसले २.धनी व्यक्ति, ऋण दिने व्यक्ति। (उदा. मलाई केही रकम आवश्यक भएकाले साहुसँग सापटी लिएको छु।)

सिँगान-/सिँगान्/ना.नाकबाट निस्कने लस्सादार कफ जस्तो फोहोर (उदा. रुघा लाग्दा सिँगान धेरै आउँछ।)

सिँगार-/सिँगार्/ना. शरीर, अनुहार आदिलाई सुन्दर पार्ने काम, लुगा, गहना आदि मिलाएर लगाउने काम, सजावट। (उदा. सिँगार गर्नाले घर राम्रो देखिन्छ।)

सिँगार्नु-/सिँगार्नु/क्रि. सिँगार्ने काम गर्नु, शृङ्गार गर्नु, सजाउनु। (उदा. हामीले आफ्नो कक्षा कोठा सिँगार्नु पर्छ।)

सिउँडी-/सिउँडि/ना. टुप्पामा बाक्लो सानो पात हुने काट्ता सेतो चोप आउने एक प्रकारको काँडादार वनस्पति। (उदा. सिउँडीको काँडाले मलाई घोच्यो।)

सिँचाइ-/सिँचाइ/ना. कुलो, नहर आदिद्वारा जमिन भिजाउने काम वा पानी ल्याएर पानी पटाउने काम। (उदा. सिँचाइको सुविधा भएकाले धान रोपियो।)

सिँढी-/सिँढि/ना. अग्लो ठाउँमा जानका लागि बनाइएको तह तह परेको टेक्ने ठाउँ,

खुड्किलो, भऱ्याङ । (उदा. धरहरामा चढ्दा सिँढी चढ्नुपर्छ ।)

सिंह-/सिम्ह/ना. गर्दनमा लामा रौँ (जगर) भएको खैरो, रातो वर्णको जङ्गली हिंस्रक जनावर । (उदा. वनको राजा सिंह हो ।)

सिउनु-/सिउनु/क्रि. धागो हालेको सियोले कपडा आदि खिलेर गाँस्नु, खुट्नु । (उदा. उसले कपडा सियो ।)

सिउरनु-/सिउरनु/क्रि. कुनै वस्तु घुसार्नु वा अड्काउनु । (उदा. उसले कानमा सयपत्री फूल सिउरियो ।)

सिकर्मी-/सिकर्मि/ना. काठको काम गर्ने मानिस, खाट, मेच आदि बनाउने मान्छे । (उदा. सिकर्मीले झ्याल ढोका पनि बनाउँछ ।)

सिकाउनु-/सिकाउनु/क्रि. कसैलाई केही कुरा सिक्न लगाउनु, सिक्न प्रेरित गर्नु, पढाउनु । (उदा. गुरुले मलाई पढ्न सिकाउनु भयो ।)

सिकार-/सिकार्/ना. १. वन्यजन्तुलाई मासुका लागि वा मनोरञ्जनका लागि मार्ने काम (उदा. वन्य जन्तुको सिकार गर्नु अपराध हो ।) सिकारमा मारिएको पशु वा त्यसको मासु ।

सिकारी-/सिकारि/ना. सिकार लेख्ने व्यक्ति, सिकार खेल्ने मान्छे । (उदा. सिकारीले चरा मारेछन् ।)

सिक्का-/सिक्का/ना. धातुको मुद्रा, ढक, ढ्याक । (उदा.मैले एक रुपियाँको सिक्का पाएँ ।)

सिक्नु-/सिक्नु/क्रि. अरूबाट कुनै कुरा जान्नु तथा बुझ्नु, ज्ञान, सिप आदि प्राप्त गर्नु । (उदा. हामीले आफूभन्दा जान्नेबाट सिक्नुपर्छ ।)

सिङ-/सिङ्/ना. गाई, भैँसी आदि पशुका टाउकामा उम्रने कडा र तिखो अङ्ग । (उदा. गोरुको सिङ भाँचियो ।)

सिङ्गो-/सिङ्गो/वि. सम्पूर्ण अङ्ग भएको सग्लो, पुरा । (उदा. उसले सिङ्गो मेवा खाइसक्यो ।)

सिट-/सिट्/ना. बस, रेल, सिनेमा हल आदिमा बस्नका लागि बनाइएको ठाउँ, आसन, मेच, कुर्सी । (उदा. सिटमा बस ।)

सिट्ठी-/सिट्ठि/ना. १.मुखले फुकेर आवाज निकाल्ने एक प्रकारको साधन । (उदा. ट्राफिक पुलिसले सिट्ठी बजायो ।) २. रस चुसेर फालेको वस्तु ।

सिठी-/सिठि/ना. १. चुरोट, बिँडी आदिको ठुटो वि.२. दुब्लाएर वा सुकेर हाड छाला मात्र भएको, सार्है दुब्लो । (उदा. ऊ रोगले सिठी भएको छ ।)

सित-/सित/नायो.सँग, साथ, सहित, अर्थ जनाउने शब्द । (उदा.मसित राम्रो कलम छ ।)

सितो-/सितो/ना. पाकेको भातको गेडो । (उदा. भातको सितो भुइँमा पोखिएछ ।)

सित्तै-/सित्तै/क्रियो. मूल्य नतिरीकन, विनापैसा, विनामोल । (उदा. मैले सित्तैमा पुस्तक पाएँ ।)

सिद्रा-/सिद्द्रा/ना. सिन्की झैँ खाँदिर सुकाइएको सानो जातको माछा । (उदा. मलाई पकाएको सिद्रा मनपर्छ ।)

सिधा-/सिधा/वि. १. ठाडो वा तेर्सो तर सोझो परेको । (उदा. सिधा धर्को तान ।) २. सरल, सोझो, सुधो । (उदा. ऊ सिधा मान्छे छ ।)

सिध्याउनु-/सिध्याउनु/क्रि. समाप्त पार्नु, टुङ्ग्याउनु । (उदा. गृहकार्य समयमा नै सिध्याउनु पर्छ ।)

सिद्ध-/सिद्ध/ना. १. सिद्धि प्राप्त गरेको व्यक्ति, योगी, २. पूर्ण, सम्पन्न, सफल ३. तर्कद्वारा प्रमाणित ।

सिद्धान्त- /सिद्धान्त/ना. १. तर्क, प्रमाण, प्रयोग परीक्षण आदिद्वारा सिद्ध गरिएको नियम, २. विचार दर्शन । ३. शास्त्र आदिको आधारभूत नियम ।

सिनेमा-/सिनेमा/ श्रव्य र दृश्य दुवैमा प्रस्तुत हुने चित्र । (उदा. उनीहरू सिनेमा हेर्न गए ।)

सिन्को-/सिन्को/ना. १.पात गाँस्न प्रयोग गरिने बाँसको सानो छेस्को । २. दाँत आदि कोट्याउन हुने पातलो सानो काठ, बाँसको टुक्रा, छेस्को । (उदा. दाँतमा मासु अड्केकाले सिन्काले झिकेँ ।)

सिप- /सिप्/ना. कुनै काम गर्न सक्ने विशेष क्षमता, दक्षता ।

सिपाही-/सिपाहि/ना. सुरु दर्जाको सैनिक, सैनिक जवान । (उदा. ऊ नेपाली सेनाको सिपाही हो ।)

सिमल-/सिमल्/ना. राता ठुला ठुला फूल र भुवासहित फल फल्ने एक प्रकारको ठूलो अग्लो रूख । (उदा. सिमलको भुवाको तकिया बनाइन्छ ।)

सिमाना-/सिमाना/ देश वा कुनै ठाउँको अन्तिम रेखा, साँध, किनार, छेउ । (उदा. नेपालको दक्षिण सिमानामा भारत पर्छ ।)

सिमी- /सिमि/ना. एउटै भेट्नामा तीन् ओटा हरिया पात हुने लहरामा फल्ने एक प्रकारको तरकारी, हरिया कोसा फल्ने लहरे तरकारी । (उदा. मलाई सिमीको तरकारी मनपर्छ ।)

सिमेन्ट-/सिमेन्ट्/ना. चुन ढुङ्गालाई धुलो पारी रासायनिक प्रक्रियाद्वारा बनाइएको धुलो; घर, पर्खाल आदि निर्माणमा प्रयोग गरिने वस्तु । (उदा. घर ढलान गर्दा राम्रो सिमेन्टको प्रयोग गर्नुपर्छ ।)

सिम्रिक-/सिम्म्रिक्/ना. गाढा रातो रङ हुने वनस्पति, गाढा रातो रङ । (उदा. सिम्रिक नेपालको राष्ट्रिय रङ हो ।)

सियो-/सियो/ना. धागो उनेर लुगा सिउन प्रयोग गरिने तिखो साधन, सानो तिखो सुइरो । (उदा. टाँक लगाउन खोज्दा सियो नै भाँचियो ।)

सिरक-/सिरक्/ना. कपडाको खोलभित्र कपास, भुवा आदि राखेर तगिएको बाक्लो ओढ्ने लुगा, (उदा. जाडोमा सिरक ओढिन्छ ।)

सिरसिर-/सिर्सिर्/ क्रियो. हावा चल्दाको किसिम । (उदा. डाँडामा सिरसिर हावा चलेको थियो ।)

सिर्जना-/सिर्जना/ना. नयाँ निर्माण, सृष्टि रचना, उत्पत्ति, सिर्जना । (उदा. उसले कविता सिर्जना गऱ्यो ।)

सिलसिला-/सिल्सिला/ना. एकपछिको अर्को क्रम, सङ्गति मिलेको लहर, पङ्क्ति, प्रसङ्ग, सन्दर्भ । (उदा. सिलसिला मिलाएर निबन्ध लेख ।)

सिलबर-/सिलबर्/ना. चाँदी जस्तै देखिने सेतो धातु । (उदा. सिलबरको भाँडो छिटो तात्छ ।)

सिलसिला-/सिल्सिला/ना. एकपछि अर्को क्रम, सङ्गति, लहर, प्रसङ्ग ।

सिलिन्डर-/सिलिन्डर् /ना. गोलो लाम्चो र डोलो आकारको भाँडो, डोलो वस्तु । २. ग्यासको भाँडो । (उदा. खाना पकाउने ग्यास सिलिन्डरमा भरिन्छ ।)

सिलौटो-/सिलौटो/ना. मसला आदि पिस्ने चेप्टो ढुङ्गो । (उदा. सिलौटामा मसला पिसिन्छ ।)

सिसा-/सिसा/ना. १.बालुवा, चुन, सोडा आदिबाट बन्ने सजिलैसँग फुट्ने पारदर्शक वस्तु । (उदा. सिसाको ऐनामा अनुहार देखिन्छ ।) २. खरानी रङको धेरै गऱ्हुँगो एक प्रकारको पग्लने धातु ।

सिसी-/सिसि/ना. सिसाबाट बनेको गोलो

लाम्चो आकारको औषधी आदि राख्ने सानो भाँडो । (उदा. झोल औषधी सिसीमा र ाखिएको हुन्छ ।)

सिसौ-/सिसौ/ना. फर्निचरका लागि उत्तम मानिने एक प्रकारको अग्लो रुख वा त्यसको काठ । (उदा. तराईमा सिसौका रुख पाइन्छन् ।)

सिस्नो-/सिस्नो/ना. पात र डाँठमा मसिना तिखा तर नरम काँडा हुने एक प्रकारको बोट । (उदा. मलाई सिस्नोले पोल्यो ।)

सीता-/सिता/ना. पुराण अनुसार अयोध्याका राजा रामकी पत्नी, जानकी । (उदा. रावणले सीतालाई हरेर लङ्का लगेको थियो ।)

सुँगुर-/सुँगुर/ना. ठाढा पातला रौं हुने बँदेलका आकारको जनावर । (उदा. हामी सुँगुर पाल्छौं ।)

सुँघ्नु-/सुँघ्नु/क्रि. नाकले कुनै वस्तुको गन्ध वा बास्ना लिनु । (उदा. उसले फूलको बास्ना सुँघ्यो ।)

सुँड-/सुँड्/हात्तीको अघिल्लो भागमा लट्केको लामो अङ्ग, हात्तीको नाक। (उदा. हात्तीले सुँडले पानी पिउँछ ।)

सुइँकुच्चा-/सुइँकुच्चा/ना. अरू कसैले चाल नपाउने गरी भाग्ने काम, छिटो दौड्ने काम। (उदा. उसले मावल जान सुइँकुच्चा ठोक्यो ।)

सुई-/सुइ/ना. घडी, मिटर आदिमा समय अङ्क आदि सङ्केत गर्ने सियो जस्तो वस्तु, सुइरो । (उदा. घडीको सुईले त एक बजेको देखाएछ ।)

सुकाउनु-/सुकाउनु/क्रि. ताप, घाम, हावा आदिबाट पानी आदि उडाउने वा हटाउने काम। (उदा. उसले घाममा लुगा सुकायो।)

सुकुल- /सुकुल्/ना. परालबाट बनाइएको एक प्रकारको गुन्द्री, विच्छ्याउने वस्तु ।

सुक्खा-/सुक्खा/वि. १. पानी नभएको, रुखो, रसिलो नभएको । ना. २. पानी नपरेको समय, खडेरी । (उदा. मौसम सुख्खा भएकाले खेत रोप्न पाइएन ।)

सुक्नु-/सुक्नु/क्रि. घाम, बतास, आगो आदिबाट पानी वा ओस हट्नु, सुक्खा हुनु, रसिलोपन हट्नु। (उदा. तिर्खाले गर्दा ओठमुख सुक्यो ।)

सुख-/सुख्/ना. मनमा हुने आनन्द, मनको शान्ति, हर्ष, खुसियाली, आराम, सुबिस्ता । (उदा. उसको दिन सुखले बितेको छ ।)

सुगन्धित- /सुगन्धित्/वि. बास्ना फैलिएको, सुगन्धले युक्त ।

सुगा-/सुगा/ना. हरिया पखेटा र रातो मोटो चुच्चो हुने तालिम दिँदा केही शब्द बोल्ने एक प्रकारको चरो। (उदा. सुगाले 'आमा' भन्यो ।)

सुताउनु-/सुताउनु/क्रि. सुत्न लगाउनु, पल्टन लगाउनु। (उदा. आमाले भाइलाई सुताउनु भयो ।)

सुती-/सुति/वि. १.कपासको धागोबाट बुनिएको । (उदा. गर्मीमा सुतीको लुगा लगाइन्छ ।)

सुत्केरी-/सुत्केरि/ना. भरखर बच्चा जन्माएकी स्त्री, भरखर बच्चा पाएकी महिला । (उदा. सुत्केरीको राम्रो स्याहार गर्नुपर्छ ।)

सुत्त-/क्रियो. सजिलैसँग छिटो गरी पस्दा वा निस्कँदाको अवस्था, सुट्ट । (उदा. सर्प प्वालभित्र सुत्त पस्यो ।)

सुत्नु-/सुत्नु/क्रि.भुइँ, विस्तारा आदिमा पल्टनु, निदाउनु। (उदा. राति दश बजेपछि सुत्नु पर्छ ।)

सुदूर-/सुदूर्/ १. धेरै टाढाको, ज्यादै परको ।

सुधार्नु-/सुधार्‌नु/क्रि. कमजोरी वा कमीलाई हटाउनु, सच्याउनु, सपार्नु । (उदा. नराम्रो बानी क्रमश: सुधार्नु पर्छ ।)

सुध्रनु-/सुद्घ्रनु/क्रि. खराब अवस्थाबाट असल अवस्थामा पुग्नु, सप्रनु । (उदा. बल्ल तिम्रो साथीको बानी सुध्रियो ।)

सुन-/सुन्/ना. खिया नलाग्ने ताप तथा रापले पग्लने पहेँलो रङको चम्किलो बहुमूल्य धातु, सुवर्ण । (उदा. उनले सुनको गहना लगाएकी छिन् ।)

सुनगाभा-/सुन्‌गाभा/ना. रुखका कापमा बोट लागी फुल्ने एक जातको फूल सुनाखरी । (उदा. जङ्गलमा सुनगाभा फुलेको छ ।)

सुनसान-/सुन्‌सान्/ना. हल्ला नभएको अवस्था शून्यता, एकान्त चकमन्न समय । (उदा. प्राय: रातमा सुनसान हुन्छ ।)

सुनाउनु-/सुनाउनु/क्रि. सुन्न लगाउनु । (उदा. बाल बालिकालाई रमाइला कथा सुनाउनु पर्छ ।)

सुन्तला-/सुन्तला/ना. काँचोमा हरियो र पाकेपछि पहेँलो रङको बोक्रा हुने भित्रपट्टि केस्रा रसिला हुने गुलियो जातको फल । (उदा. मलाई सुन्तला पन पर्छ ।)

सुन्दर-/सुन्दर्/वि. देख्दा राम्रो, आकर्षक, रमणीय, असल । (उदा. फूलबारी सुन्दर देखिन्छ ।)

सुन्निनु-/सुन्निनु/क्रि. जिउमा वायु, रगत आदि जमेर फुल्नु, ढाडिनु । (उदा. चिसोले उसका खुट्टा सुन्निए ।)

सुन्नु-/सुन्नु/क्रि. कसैले भनेको कुरो वा कसैबाट आएको आवाज कानले थाहा पाउनु, भनिएको कुरा कानले ग्रहण गर्नु । (उदा. मैले तिम्रो कुरा सुनेँ ।)

सुम्पनु-/क्रि. १. जिम्मा लगाउनु, दिनु, अर्पण गर्नु ।

सुरिलो-/सुरिलो/वि. १. बिचमा हाँगा नभएको सोझो अग्लो रुख । (उदा. उसको बोली सुरिलो छ ।) २. तिखो र मधुरो । (उदा. सुपारीको रुख सुरिलो हुन्छ ।

सुरु-/सुरु/ना. कुनै कामको थालनी, सुरुआत । (उदा. उनीहरूले गृहकार्य गर्न सुरु गरे ।)

सुरुआत-/सुरुआत्/ कुनै कामको थालनी गर्ने काम, सुरु, आरम्भ । (उदा. मैले पढ्ने कामको सुरुआत गरेँ ।)

सुर्ती-/सुर्ति/ना. चुरोट, बिँडी, खैनी आदि बनाइने रायोको साग जस्ता पात हुने एक जातको बोट वा त्यसको धुलो । (उदा. उसले कागजमा बेरेर बिँडी खायो ।)

सुलभ-/सुलभ्/वि. सजिलै पाइने, खोज्न कठिन नपर्ने, सजिलो, सरल । (उदा. अहिले बजारमा सुलभ मूल्यमा खाद्यान्न पाइनु पर्छ ।)

सुवास-/सुवास्/ना. मिठो बास्ना, सुगन्ध । (उदा. बगैँचामा फूलको सुवास चल्यो ।)

सुविधा-/सुविधा/ना. आवश्यक वस्तु वा सेवा सहजै उपलब्ध हुने स्थिति, सहजता, सुविस्ता। (उदा. आजभोलि जुम्लामा पनि यातायातको सुविधा पुगेको छ।)

सुश्री-/सुस्रि/ना. अविवाहित नारीलाई जनाउने सम्मान सूचक शब्द, कुमारी।

सुसेली-/सुसेलि/ना. ओठ गोलो पारी निकालिएको सुरिलो आबाज; हावा, खोलो आदि बग्दाको आबाज, सुस्केरा। (उदा. उसले सुसेली हालेर गीत गायो।)

सुस्त मनस्थिति-/सुस्त मनस्थिति/ना. मानसिक दृष्टिले कमजोर अवस्था। (उदा. सुस्त मनस्थिति हुनेले पनि धेरै काम गर्न सक्छन्।)

सुस्तरी-/सुस्तरि/क्रियो. बिस्तारै, सुस्तसँग। (उदा. उनीहरू सुस्तरी हिँडे।)

सुहाउनु-/सुहाउनु/क्रि. राम्रो देखिनु, आकर्षक देखिनु। (उदा. उसलाई ढाका टोपी खुब सुहायो।)

सूक्ष्म-/सुक्छ्रुम,सुच्छ्रुम/वि. आँखाले देख्न गाह्रो हुने अत्यन्त सानो, मसिनो। (उदा. सूक्ष्म कीटाणुहरू सजिलै देखिँदैनन्।)

सूचना-/सुचना/ना. सर्व साधारणका लागि प्रकाशित जानकारी वा विज्ञापन, कुनै विषय वा घटनाबारे दिइने जनाउ। (उदा. विद्यालयमा भोलि बिदा हुने सूचना टाँसिएको छ।)

सूची-/सुचि/ना. कुनै विषय, घटना वा सामानको नाम लेखेको लेखोट, विवरण, नामावली। (उदा. आज बजारबाट किन्ने सामानको सूची बनाइयो।)

सूत्र-/सुत्र/ना. व्याकरण, गणित, विज्ञान आदिको आधारभूत नियम, फर्मुला, सिद्धान्त। (उदा. सूत्र प्रयोग गरेर हिसाब गरियो।)

सूर्य-/सुर्य/ना. दिनको समयमा आकाशमा देखिने चम्किलो वस्तु, घाम, रवि। (उदा. सूर्य पूर्वबाट उदाउँछन्।)

सूर्यमुखी-/सुर्यमुखि/ना. १.सूर्यतिर फर्केर फुल्ने पहेँला ठुला थुँगा हुने एक जातको फूल। (उदा. साठी सेकेन्डको एक मिनेट हुन्छ।) २.वि. सूर्यतर्फ मुख फर्केको। (उदा. सूर्यमुखी फूलबाट तेल बनाइन्छ।)

सृष्टि- /स्रिस्टि/ना. १. सिर्जना वा रचना गर्ने काम, रचना। २. उत्पत्ति, जन्म। ३. सिर्जना भएको संसार विश्व प्रकृति।

सेकेन्ड-/सेकेन्ड्/ना. मिनेटभन्दा सानो समयलाई जनाउने अंश, मिनेटको साठी भागको एक भाग।

सेखी- /सेखि/ना. १. अर्काको अगाडि देखाइने फुर्ती, घमन्ड, धाक।

सेचन-/सेचन्/ना. पानी आदिको छर्काइ। (उदा. जलको सेचन) बोट बिरुवाका फूलमा मौरी, भँमरा आदिले केशर छर्कने काम।

(उदा. मौरीहरूले बिरुवामा पराग सेचन गर्छन् ।)

सेट-/सेट्/ना. वस्तुहरूको समूह, एउटै आकार, रङ, रूप हुने वस्तुहरूको समूह, थुप्रो, थान । (उदा. मैले एक सेट कलम किनें ।)

सेतो-/सेतो/वि. चामलको पिठो, दुध आदिको जस्तो (रङ) सफेद, श्वेत । (उदा. मेरो कमिज सेतो रङको छ ।)

सेरोफेरो-/सेरोफेरो/ना. वरिपरिको जमिन, आसपासको क्षेत्र । (उदा. यहाँको सेरोफेरो सफा छ ।)

सेल-/सेल्/ना. पानीमा चामलको पिठो मुछेर ताईमा तताएको तेल वा घिउमा पकाएको चुरा जस्तो रोटी । (उदा. मैले तिहारमा सेल खाएँ ।)

सेलरोटी-/सेल्रोटि/ना.हे. सेल । (उदा. आमाले सेलरोटी पकाउनु भयो ।)

सेलाउनु-/सेलाउनु/क्रि.तातो वस्तुलाई चिसो पार्नु, चिसो हुनु । (उदा. तिम्रो चिया सेलायो ।) फूल, प्रसाद आदि उपयुक्त ठाउँमा लगेर फाल्नु, मृतकको सद्गति गर्नु ।

सेवक-/सेबक्/ना. सेवा गर्ने व्यक्ति । (उदा. ऊ बिरामीको सेवक हो ।)

सेवन-/सेबन्/ना. सेवा गर्ने काम, ओखती खाने तथा लगाउने काम । (उदा. उसले ओखती सेवन गऱ्यो ।)

सेवा-/सेबा/ना. रोगी आदिलाई गरिने हेर विचार, मान्यजनलाई गरिने आदर, स्वार्थविना गरिने काम । (उदा. म बिरामीको सेवा गर्न चाहन्छु ।)

सोच्नु-/सोच्नु/क्रि. विचार गर्नु, चिन्तन गर्नु, (उदा. उसले प्रश्नको उत्तरबारे सोच्यो ।)

सोधीखोजी-/सोधिखोजि/ना. सोधेर जानकारी लिने काम, सोध्ने खोज्ने काम । (उदा. उसले मेरा बारेमा सोधीखोजी गरेछ ।)

सोध्नु-/सोध्नु/क्रि. कसैलाई कुनै कुराको प्रश्न गर्नु । (उदा. मैले गुरुलाई प्रश्न सोधें ।)

सोमवार-/सोमबार्/ना. आइतवारको भोलिपल्टको दिन । (उदा. हप्ताको दोस्रो दिन सोमवार हो ।)

सोली-/सोलि/ना. पिँधतिर सानो र मुखतिर फुक्दै गई ठुलो भएको चोयाको टोकरी, तेल आदि पदार्थ खन्याउन आवश्यक पर्ने साधन । (उदा. किसानले सोलीमा हालेर साग बेच्न लग्यो ।)

सोस्नु-/सोस्नु/क्रि. कुनै ठाउँमा वा केही वस्तुमा रहेको पानी वा अन्य तरल पदार्थ खिच्नु, सुकाउनु (उदा. भुइँमा पोखिएको पानी कपडाले सोस्यो ।)

सोही-/सोहि/वि. उही (उदा. म जे भन्छु सो कुरा नगर ।)

सौखिन- /सौखिन्/वि. १. सोख चाहने, सुखसुबिस्ता मन पराउने, मोजमस्तीमा रुचाउने । २. विलासी ।

सौगात-/सौगात्/ना. कोसेली, उपहार ।

सौरमण्डल-/ना. १. सूर्यको परिवेश भित्र रहेका ग्रह तथा उपग्रहको समूह । २. सूर्यको परिधि ।

सौन्दर्य-/सौन्दर्य/ना. राम्रोपन, सुन्दरता । (उदा. पर्यटक हिमालको सौन्दर्य देखेर रमाए ।)

स्कुल-/स्कुल्/ना. विद्यार्थीलाई पढाउने संस्था, विद्यालय, पाठशाला । (उदा. नानीहरू स्कुल गए ।)

स्केल-/स्केल्/ना. नापको एकाइ वा त्यसको नाप लिने साधन, रुलर । (उदा. स्केलले किताब नाप ।)

स्क्वायर-/स्क्वायर्/ना. लम्बाइ र चौडाइको बराबर साइज । (उदा. यो कोठा स्क्वायर आकारको छ ।)

स्टार्च-/स्टार्च/ना. आलु, भात आदिमा बढी पाइने तत्त्व । (उदा. स्टार्चले शरीरलाई शक्ति दिन्छ ।)

स्टिल-/स्टिल्/ना. फलामबाट बनेको एक प्रकार को कडा उज्यालो धातु । (उदा. स्टिलका थाल, कचौरा चम्किला हुन्छन् ।)

स्टोर-/स्टोर्/ ना. खास प्रयोजनका लागि सामान सङ्ग्रह गर्ने कोठा, भण्डार । (उदा. स्टोरमा सामान राखिएको छ ।)


स्तन-/स्तन्/ना. आइमाईको दुध रहने थैलो, दुद । (उदा. बच्चाले आमाको स्तन चुस्छ ।)

स्तनपायी- /स्तन्पाइ/वि. स्तनबाट दुध चुसाउने, बच्चालाई आफ्नो दुध खुवाउने ।

स्तम्भ-/स्तम्भ/ना. भवन आदिको खाँबो । (उदा. सिंहदरबारमा ठुला ठुला स्तम्भ राखिएका छन् ।)

स्तुति-/ना. १. देवीदेवताको प्रार्थना, भजन, गुणगान आदि । २. कसैको प्रशंसा, तारिफ ।

स्तूप-/स्तुप्/ना. कसैको स्मारक, किल्ला आदि बनाउन ढुङ्गा, माटो थुपारी बनाइएको अग्लो ढिस्को । (उदा. काठमाडौंमा बौद्ध स्तूप छ ।)



स्त्री-/स्त्रि/ना. आइमाई, महिला, नारी । (उदा. स्त्रीहरू उदार हुन्छन् ।)

स्थल-/स्थल्/ना. ठाउँ, भुइँ, स्थान । (उदा. वनभोज स्थलमा भिड रहेछ ।)

स्थान-/स्थान्/ना. कुनै वस्तु अडिने आधार स्थल, ठाउँ । (उदा. आफ्नो स्थान आफैं निश्चित गर ।)

**स्थानमान**-/स्थान्मान्/ना. कुनै आधारमा रहेको । (उदा. स्थानमान तालिकामा अङ्कको स्थान देखाइन्छ ।)

**स्थानान्तरण**- /स्थानान्तरण्/ना. १. ठाउँ सर्ने वा सार्ने काम, पद वा ठाउँको परिवर्तन, स्थानान्तर ।

**स्थानीय**-/स्थानिय/कुनै खास ठाउँको, रैथाने स्थान सम्बन्धी । (उदा. बाहिरबाट ल्याइएको भन्दा स्थानीय सागसब्जी स्वस्थकर, राम्रो हुन्छ ।)

**स्थापना**-/स्थापना/ना. कुनै वस्तुलाई खडा गर्ने वा जोड्ने काम संस्था, देवालय सङ्गठन आदि खडा गर्ने काम । (उदा. यस वर्ष यस मन्दिरमा मूर्ति स्थापना गरिने छ ।)

**स्थायी**-/स्थायि/वि. पछिसम्म वा नियमले तोकेको, समयसम्म रहिरहने । (उदा. स्थायी चेकपोस्ट)

**स्थिति**-/स्थिति/ना. अवस्था । (उदा. देशको स्थिति ठिक छैन ।)

**स्थिर**-/स्थिर्/वि. स्थायी रूपले रहेको, ढलपल नगर्ने । (उदा. स्थिर सरकार बनेपछि देश विकास हुन्छ ।)

**स्नातक**-/स्नातक्/ना. कुनै विश्व विद्यालयबाट बी. ए. वा शास्त्री सरहको उपाधि प्राप्त गरेको व्यक्ति । (उदा. दाजुले यसपालि स्नातक गर्नुभयो ।)

**स्नेह**-/स्नेह/ना. आफूभन्दा साना व्यक्तिलाई गरिने प्रेम, माया । (उदा. बाबुआमाले छोराछोरीप्रति स्नेह प्रकट गर्छन् ।)

**स्पष्ट**-/स्पस्ट/वि. देख्न, सुन्न, पढ्न वा बुझ्न सकिने, छर्लङ्ग, प्रस्ट । (उदा. ऊ स्पष्ट कुरा मात्र मन पराउँछ ।)

**स्मरण**-/स्मरण्/१. कुनै कुराको मनमा हुने सम्झना, सम्झाइ । २. स्मृति, समझ ।

**स्मरणीय**-/स्मरणिय/ वि. सम्झनु पर्ने, भुल्न नहुने ।

**स्मृति**-/स्म्रिति/ना. कुनै कुराको सम्झना स्मरण । (उदा. मेरो मस्तिष्कमा बुबाको ताजा स्मृति छ ।)

**स्याउ**-/स्याउ/ना. नास्पातीको जस्तै बोट हुने र चिसो ठाउँमा फल्ने एक प्रकारको फल । (उदा. जुम्लामा स्याउ फल्छ ।)

**स्याउला**-/स्याउला/ना. धेरै पात भएका हाँगा, पातैपात भएको हाँगो । (उदा. किसानहरू गाईवस्तुलाई स्याउला ओछ्याइ दिन्छन् ।)

**स्याबास**-/स्याबास्/ना. राम्रो काम गरे बापत प्रशंसा गर्दा प्रयोग गरिने शब्द । (उदा. स्याबास कति राम्रो अक्षर लेखेछौ ।)

**स्याल**-/स्याल्/ना. मुख केही चुच्चो र पुच्छर झुप्प परेको कुकुर जस्तै देखिने मासु खाने एक जङ्गली जनावर ।

स्याहार-/स्याहार्/ना. कुनै व्यक्ति वा वस्तुको हेरचाह गर्ने काम। (उदा. भाइ बहिनीको स्याहार गर।)

स्याहार सम्भार-/स्याहार् सम्भार्/ना.स्याहर्ने वा सम्भार गर्ने काम, संरक्षण। (उदा. आफ्नो सामानको स्याहार सम्भार गर्नुपर्छ।)

स्याहार सुसार्-/स्याहार् सुसार्/ना.स्याहर्ने वा सुसार्ने काम, सेवा। (उदा. आमाहरूले बच्चाको स्याहार सुसार गर्छन्।)

स्रोत-/स्रोत्/ना. पानीको धारा नदीको मुहान। (उदा. पानीका स्रोत सुक्दै छन्।)

स्वच्छ-/स्वच्छ/वि. कुनै प्रकारको फोहोर मैला नभएको, शुद्ध, पवित्र। (उदा. पानी स्वच्छ पिउनु पर्छ।)

स्वतन्त्र-/स्वतन्त्र/वि. आफैँले सोचेर बुझेर काम गर्न सक्ने खुल्ला, फुक्का, मुक्त। (उदा. नेपाल स्वतन्त्र देश हो।)

स्वर-/सोर्/ना. गाउँदा वा बोल्दा निस्कने आवाज, ध्वनि। (उदा. उसको स्वर मसिनो छ।)

स्वर्ग-/स्वर्ग/ना. सत्कर्म गर्नेहरू मरेपछि जान्छन् भनी पुराण आदिमा वर्णन गरिएको ठाउँ। (उदा. धर्मात्माहरू मरेपछि स्वर्ग जान्छन्।)

स्वर्ण-/स्वर्ण/ना. १. पहेँलो रङको महँगो धातु, सुन। २. सय वर्षको अवधि।

स्वर्ण पदक-/स्वर्ण पदक्/ना. वि. सुनको तक्मा, (उदा. सुनको पदक परीक्षामा प्रथम भएर मैले स्वर्ण पदक पाएँ।)

स्वर्गारोहण-/स्वर्गारोहण्/ना. १. स्वर्ग जाने काम। २. मृत्यु, देहावसान।

स्वभाव-/स्वभाब्/ना. आफ्नो वा निजी भाव आनीबानी, चालचलन। (उदा. ऊ असल स्वभावको मान्छे हो।)

स्वस्थ-/वि. १. शारीरिक, मानसिक रूपमा कुनै रोग नभएको, निरोगी, तन्दुरुस्त। २. छल कपट नभएको।

स्वागत-/स्वागत्/ना. मान्यजन वा प्रिय व्यक्ति आउँदा अगाडि लम्केर गरिने अभिनन्दन। (उदा. हामीले मामाको स्वागत गर्‍यौँ।)

स्वाद-/स्वाद्/ना. कुनै वस्तु खाँदा वा चाख्दा हुने अनुभव; गुलियो, अमिलो, पिरो, तितो, टर्रोको अनुभव। (उदा. तरकारीको स्वाद अनौठो छ नि।)

स्वादिष्ठ-/स्वादिस्ठ/वि. स्वादयुक्त, स्वादिलो।

स्वाभिमान-/स्वाभिमान्/ना. आफ्नो महत्त्वमाथि गरिने गौरव, गर्व। (उदा. मानिसले स्वाभिमान गुमाउनु हुँदैन।)

स्वाभिमानी-/स्वाभिमानि/वि. आफ्नो महत्त्वमाथि गौरव गर्ने। (उदा. स्वाभिमानी व्यक्तिहरू अन्याय सहँदैनन्।)

स्वारी-/स्वारि/ना. मैदा बेलेर बनाइएको पुरीका आकारको नरम रोटी। (उदा. मैले तरकारी र स्वारी खाएँ।)

स्वार्थपूर्ति-/स्वार्थपुर्ति/ना. आफ्नो मात्र भलाइ गर्ने प्रवृत्ति, निजी लाभ लिने काम। (उदा. नेताहरू स्वार्थपूर्तिमा लागेका छन्।)

स्वावलम्बन-/स्वाबलम्बन्/ना. आफ्नै खुट्टामा उभिने वा आत्मनिर्भर हुने काम। (उदा. किसानहरू स्वावलम्बनतर्फ लम्किए।)


स्वावलम्बी-/स्वावलम्बि/वि. स्वावलम्बनको भावना भएको, आफ्नै खुट्टामा उभिएको। (उदा. हामी स्वावलम्बी बन्न सक्नुपर्छ।)

स्वास्थ्य-/स्वास्थ्य/ना. स्वस्थ वा निरोगी हुँदाको स्थिति तन्दुरुस्ती। (उदा. हामीले आफ्नो स्वास्थ्यमा ध्यान दिनुपर्छ।)

स्वास्थ्यकर्मी-/स्वास्थ्यकर्मी/ ना. चिकित्सा क्षेत्रमा काम गर्ने प्राविधिक कार्यकर्ता।

स्वास्नी-/स्वास्नि/ना. पत्नी, गृहिणी। (उदा. उसकी स्वास्नी असल छिन्।)

स्विटर-/सुइटर्/ना. ऊनी वा त्यस्तै अन्य रेसाको धागोबाट बुनिने न्यानो र बाक्लो गन्जी।



स्वीकार-/स्विकार्/वि. समर्थन जनाउने काम, मन्जुरी, कबुल। (उदा. घर बनाउने कुरा बुबाले स्वीकार गर्नुभयो।)

स्वीकृत-/स्विक्रित्/वि. स्वीकार जनाइएको, मान्यता दिइएको। (उदा. हाम्रो प्रस्ताव संस्था प्रमुखबाट स्वीकृत भयो।)

स्वीकृति-/स्विक्रिति/ना. १. स्वीकार गर्ने काम, ग्रहण, २. समर्थन, मन्जुरी, अनुमति। (उदा. होस पुऱ्याएर काम गर है, नत्र बिग्रन्छ।)

होसियार-/होसियार्/वि. होस वा चेतना भएको, सजग, सचेत, बुद्धिमान्, चलाख। (उदा. होसियार मान्छेले काम गर्दा दुःख पाउँदैनन्।)

ह्याकुलो-/ह्याकुलो/ना. छातीको अगिल्लो उठेको भाग, छाती। (उदा. खसीको ह्याकुलो मोटो रहेछ।)


ह्वारह्वार-/ह्वार्ह्वार्/ क्रि. ठुलो आगो बल्दाको आवाज, धेरै मानिस एकैचोटि निस्कने वा पस्ने गर्दाको आवाज। (उदा. मट्टीतेल हालेपछि आगो ह्वाह्वार बल्यो।)

ह्वास्स-/ह्वास्स/क्रियो. नराम्रो गन्ध आउने गरी। (उदा. उसको कोठामा पस्ने बित्तिकै ह्वास्स गनायो।)

ह्वेल-/ह्वेल्/ना. सबैभन्दा ठुलो स्तनपायी जलजन्तु, संसारको सबभन्दा ठुलो प्राणी, सबभन्दा ठुलो माछो।

हँ-/हँ/विबो.कुनै कुरा स्पष्ट नहुँदा दोहोऱ्याउन जोड दिने शब्द । (उदा. हँ, तिमी गइसक्यौ र !)

हँसिया-/हँसिया/ना. घाँस काट्न प्रयोग गरिने एक प्रकारको हतियार । (उदा. म हँसियाले घाँस काट्छु ।)



हँसाउनु-/हँसाउनु/क्रि. हाँस्न लगाउनु, हाँस्ने पार्नु, हाँसो उठाउनु । (उदा. मनोज सबैलाई हसाउँछ ।)

हँसिलो-/हँसिलो/ वि. सधैँ हाँसिरहे झैँ देखिने, प्रसन्न । (उदा. हँसिलो अनुहारले खुसी प्रकट हुन्छ ।)

हंस-/हम्स/ना. जीवात्मा, होस, चेतना । (उदा. उसको हंसले ठाउँ छोड्यो ।)

हक-/हक्/ना. १. ऐन कानुन परम्परा आदिले दिएको सुविधा, अधिकार ।

हकदार-/हक्दार्/ना. १. हक लाग्ने वा हक पाउने व्यक्ति, हकवाला ।

हगि-/हगि/विबो. हो कि होइन, हकि । (उदा. तिमी भोलि आउँछौ हगि ।)

हजरत मुहम्मद-/हजरत् मुहम्मद्/ना. मुसलमान धर्मका प्रवर्तक, महात्मा । (उदा. मुसलमानहरू हजरत मुहम्मदप्रति आस्था प्रकट गर्छन् ।)

हजुर-/हजुर्/ना. १. ठूला बडा वा मान्य जनलाई सम्बोधन गर्दा भनिने शब्द । २. मान्य जनले बोलाउँदा उत्तरमा भनिने शब्द । ३. मान्यजनसँग कुरा गर्दा वा सही थाप्दा प्रयोग गरिने शब्द ।

हजुर आमा-/हजुर् आमा/ना. आमा वा बाबुकी आमा, बजै । (उदा. हजुर आमाले कथा सुनाउनु भयो ।)

हजुर बुबा-/हजुर् बुबा/ना. आमाका बुबा, बाबुका बुबा, बाजे । (उदा. हजुर बुबा विद्यालय जानुभयो ।)

हटाउनु-/हटाउनु/क्रि. एक ठाउँबाट अन्यत्र पुऱ्याउनु, छुट्याउनु, झिक्नु । (उदा. गाउँलेले तरकारी बजार हटाए ।)

हडबढ- /हड्बढ्/ना. १. कुनै काम छिटो गर्नुपर्दा हुने अन्योल, आत्तिँदा हुने गडबढी । २. हतपत, हतार ।

हड्डी- /हड्डि/ना. १. प्राणीको मासुभित्र रहने कडा भाग, हाड ।

हतपत-/हत्पत्/ना. कुनै काम दिई सिध्याउन गरिने चाल, हतार । (उदा. हतारमा काम गर्दा बिग्रन सक्छ ।)

हतार-/हतार्/ना. चाँडो गर्न आत्तिएको अवस्था, हतपत, चटारो । (उदा. मलाई घर जान हतार भइसक्यो ।)

हतारहतार-/हतार् हतार्/ना. चाँडोचाँडो, छिटोछिटो। (उदा. गीताले हतार हतार भात खाइन्।)

हतास-/हतास्/ना. आशा मरेको, निराश। (उदा. हतास मानसिकताले सफलता प्राप्त हुँदैन।)

हत्तेरी-/हत्तेरि/विबो जरुरी काम बिर्सेमा खिन्नता व्यक्त गर्न प्रयोग गरिने शब्द। (उदा. हत्तेरी, मैले त गृहकार्य नै भुलेछु।)

हतोत्साह-/हतोत्साह/वि. जाँगर मरेको, उत्साह सेलाएको। (उदा. ऊ काम गर्न हतोत्साह भयो।)

हतौडा-/हतौडा/ना. ढुङ्गा आदि फोर्ने वा तातो फलाम पिट्ने घन। (उदा. मैले हतौडाले ढुङ्गा फोरेँ।)

हत्केलो-/हत्केलो/ना. पाँच औँला जोडेर हात उत्तानो पारी बनेको भाग।

हप्ता-/हप्ता/ना. सात दिनको समय, सप्ताह। (उदा. वैशाखको पहिलो हप्ता मेरो परीक्षा छ।)

हमला-/हमला/ना.हे. आक्रमण।

हम्किनु-/हम्किनु/क्रि. हावा चलाउनका लागि पङ्खा आदि हल्लाउनु। (उदा. आमाले पङ्खाले हम्किनु भयो।)

हरहर-/हरहर/नुहाउने काम (बालबोली)। (उदा. बाबुले हरहर गऱ्यो।)

हरतरह-/हर्तरह/ना. अनेक किसिम, धेरै उपाय। (उदा. हरतरहका उपाय गर्दा पनि यस केटालाई सपार्न सकिएन।)

हरफ-/हरफ्/ना. अक्षरको हार, पङ्क्ति, ताँती। (उदा. मैले कविताको पहिलो हरफ नै बुझिनँ।)

हराउनु-/हराउनु/क्रि. १. हार्ने पार्नु। २. नदेखिनु, लोप हुनु, गायब हुनु (उदा. मेरो कलम हरायो।)

हरिण-/हरिण्/ना. ठुला ठुला आँखा हुने एक प्रकारको मृग।

हरित कण-/हरित् कण्/ना. बोट बिरुवाका पात र हाँगालाई हरियो बनाइराख्ने र प्रकाश सोस्ने मसिना कण। (उदा. बिरुवाले सूर्यको हरित कणको मद्दतले प्रकाश संश्लेषण प्रक्रियाद्वारा खाना तयार पार्छ।)

हरित तारा-/हरित् तारा/ना. लिच्छवि कालका राजा अंशुवर्माकी छोरी तथा तिब्बतका राजा स्रङ्चन गम्पोसँग बिहे गर्ने महिला, जसले तिब्बतमा बौद्ध धर्मको प्रचार गरेकी थिइन्।

हरियाली-/हरियालि/ना. हरिया घाँसपात र बोट बिरुवाले चारैतिर आकर्षक देखिने अवस्था। (उदा. नेपालको हरियाली देखेर पर्यटक लोभिन्छन्।)

हरियो-/हरियो/ना. पहेँलो र निलो रङ मिसाउँदा बन्ने रङ, सागपातमा हुने रङ। (उदा. साग हरियो हुन्छ ।)

हरिलो भरिलो-/हरिलो भरिलो/वि. चारैतिर हरियालीले ढाकेको। (उदा. इलाम हरिलो भरिलो जिल्ला हो ।)

हरे-/हरे/विबो. निराशा आदि बुझाउन प्रयोग गरिने शब्द। (उदा. हरे शिव ! के सुन्नुपर्‍यो नि यस्तो !)

हर्न-/हर्न्/ना. हावाको जोड पर्दा आबाज निक्लने यन्त्र ।

हर्पे-/हर्पे/ना. घिउ, तेल, दही आदि हाल्ने काठको भाँडो ।

हर्ष-/हर्स/ना. चिताएको कुरा पुग्दा मनमा हुने आनन्द । (उदा. पाँच कक्षामा प्रथम हुँदा मेरो मनमा हर्ष छाएको छ ।)

हल-/हल्/ना. १.कुनै कठिन समस्याको समाधान। (उदा. मैले हिजोको हिसाब हल गरेँ ।) २.एउटै जुवामा नारिएका गोरुको जोडी। ३. एक जोडा गोरुले एक दिनमा जोतिसक्ने जमिनको एकाइ। (उदा. उसले एक हलको मेलो जोतिसक्यो ।)

हलक्क-/हलक्क/क्रियो. बोट बिरुवा आदि छिट्टै बढ्दाको किसिम। (उदा. नास्पातीको बोट त हलक्कै बढ्यो ।)

हलुका-/हलुका/वि. सजिलै उचाल्न र बोक्न सकिने, हलुङ्गो। (उदा. हेर्दा ठुलो भए पनि यो दराज त हलुका रहेछ ।)

हलुवा-/हलुवा/ना. सुजीको पिठो घिउ वा तेलमा भुटेर गुलियो मिसाई पानी हालेर पकाएको स्वादिष्ठ खानेकुरा।

हलेदो-/हलेदो/ना. बेसारको जस्तै बोट हुने वनस्पति, बेसार। (उदा. हलेदो औषधीका रूपमा प्रयोग गरिन्छ ।)

हलो-/हलो/ना. गोरु, राँगा आदिले तानेर खेतबारी जोत्ने फाली, अनौ, हरिस, जुवा र जोतारो भएको साधन ।

हल्ला-/हल्ला/ना. बिस्तारै फैँलिएको राम्रो वा नराम्रो अपुष्ट खबर, अपत्यारिलो समाचार। (उदा. बजारमा सामान महँगो हुने हल्ला छ ।)

हल्लिनु-/हल्लिनु/क्रि. यताउति हुनु, यताउति हिँडिनु। (उदा. भुइँचालोले घर हल्लियो ।)

हवस्-/हवस्/विबो. मान्य जनबाट कुनै काम अऱ्हाउँदा मन्जुरी जनाएर भनिने शब्द (उदा. हवस्, म आइहाल्छु ।)

हवाइ जहाज-/हबाइ जहाज्/ना. आकाशमा उड्ने यान, वायुयान, प्लेन ।



हस्तकला-/हस्तकला/ना. हातद्वारा गरिने काम, हातको सिप वा कला । (उदा. यस पसलमा हस्तकलाका सामान पाइन्छ ।)

हाँगो-/हाँगो/ना. रुखबाट निस्केको सानोतिनो डाँठ, रुखको मूल काण्डबाट फाटी बेग्लाबेग्लै बाँडिएर बढेको भाग ।

हाँगिनु-/हाँगिनु/क्रि. हाँगाबिगा फैलिनु, झाँगिनु । (उदा. नास्पातीको बोट हाँगियो ।)

हाँडी-/हाँडि/ना. मकै आदि भुट्ने कसौंडीका आकारको तर मुख ठुलो भएको माटाको भाँडो । (उदा. दिदीले हाँडीमा मकै भुट्नुभयो ।)

हाँस-/हाँस्/ना. औंला नछुट्टिएको पन्जा हुने, हिलो र पानीमा खेल्न रुचाउने एक जातको चरो ।

हाँस्नु-/हाँस्नु/क्रि. खुसीले मुखबाट शब्द निकालेर आनन्द प्रकट गर्नु, खुसी हुनु, दङ्ग पर्नु, हाँसो निकाल्नु । (उदा. मेरा कुरा सुनेर आमा हाँस्नुभयो ।)

हाच्छिउँ-/हाच्छिउँ/ना. नाकभित्र केही पस्दा वा अरू कुनै कारणले नाकबाट सासको झोक्का निस्कँदा सुनिने शब्द । (उदा. भाइले हाच्छिउँ गऱ्यो ।)

हाजिर-/हाजिर्/वि. अगाडि रहेको, उपस्थित, तयार । (उदा. मैले भन्ने बित्तिकै ऊ हाजिर भइहाल्यो ।)

हाजिरी जवाफ-/हाजिरि जबाफ्/ना. सोध्नेबित्तिकै दिइने जवाफ । (उदा. हाजिरी जवाफ प्रतियोगितामा म प्रथम भएँ ।)

हाट-/हाट्/ना. तोकिएको वार वा समयमा गाउँमा लाग्ने सानो बजार । (उदा. आज पञ्चमी डाँडामा हाट लाग्छ ।)

हाड-/हाड्/ना. मानिस, पशुपक्षी आदिका शरीरभित्र शरीरकै अङ्गका रूपमा रहने मासुले जेलिएको सेतो कडा पदार्थ, हड्डी ।

हात-/हात्/ना. शरीरको कुमदेखि औंलाका टुप्पासम्मको अङ्ग, बाहु, बाँहा, हस्त ।

हातपात-/हात्पात्/ना. अनुमति वा इच्छाविना पुरुष वा स्त्रीले पुरुष वा स्त्रीमाथि जबर जस्ती हात हाल्ने काम, बलात्कार । (उदा. त्यस केटाले त्यस केटीमाथि हातपात गरेछ ।)

हात लागी-/हात् लागि/ना. १.कुनै वस्तु आफ्नो अधीनमा आउने काम २. गणितको क्रियामा सङ्ख्याको अन्तिम अङ्क लेखेर बाँकी रहेको सङ्ख्या ।

हात हतियार-/हात् हतियार्/ना. १. खुँडा, भाला, बन्दुक आदि हतियारको समूह, कर्मीको साधन । २. मजदुर वा कर्मीले काम गर्ने ज्याबल, औजार ।

हाता-/हाता/ना. कुनै भवनको चौघेरो, सीमा, घेरो। (उदा. यसपालि कार्यालयको हातामा वृक्षरोपण गर्ने गर्ने कार्यक्रम छ।)

हात्ती पाइले-/हातित पाइले/ना. खुट्टा सुन्निएर थाम जस्तै हुने रोग। (उदा. उसलाई हात्ती पाइले रोग लाग्यो।)

हात्तीसार-/हात्तिसार्/ना. हात्ती बाँध्ने ठाउँ, हात्ती राखिने ठाउँ। (उदा. हात्तीसारमा थुप्रै हात्ती पालिएका छन्।)

हानि-/हानि/ना. खेती, व्यापार, व्यवसाय आदिमा भएको घाटा, नोक्सान (उदा.यसपालि असिनाले धानखेतीमा हानि पुऱ्यायो।)

हानिकारक-/हानिकारक्/वि. हानि पुऱ्याउने, नोक्सान गर्ने।

हान्नु-/हान्नु/क्रि. १. हतियार, सिङ, मुक्का, लात्ती आदिले कसैमाथि प्रहार गर्नु, हिर्काउनु २. घन्टी आदि बजाउनु, ठोक्नु। (उदा. पाले दाइले दोस्रो घन्टी हान्यो।)

हामी-/हामि/(एकवचन, म) सर्व. प्रथम पुरुषको बहुवचन बुझाउने शब्द। (उदा. हामी विद्यार्थी हौं।)

हार- /हार्/ना. १. खेल, युद्ध आदिमा हुने पराजय २. असमर्थता ३. हिरा मोती आदिको माला, सिक्री ४. लाइन, लहर

हार्मोनियम-/हार्मोनियम्/ना. हावा भरेर औंला चाली बजाइने बाक्स आकारको एक बाजा।




हाल-/हाल्/ना. अहिलेको समय, तत्काल, (उदा. हाल देशमा शान्ति छाएको छ।)

हाल्नु-/हाल्नु/क्रि. १. कुनै वस्तुमा कुनै कुरा राख्नु, २. मुखमा खानेकुरा राख्नु। (उदा. उसले अङ्गुर मुखमा हाल्यो।)

हावा-/हावा/ना. प्राणी, वनस्पति आदिको जीवनका लागि सास फेर्न चाहिने, पृथ्वीको चारैतिर फैलिएको अदृश्य तर निरन्तर बहिरहने पदार्थ। (उदा. बिहान चिसो हावा बहन्छ।)

हावापानी-/हावापानि/ना. प्राणीको जीवन र स्वास्थ्यमा असर पार्ने स्थानीय हावा, पानी आदि प्राकृतिक पदार्थ, जलवायु। (उदा. नेपालको हावापानी हाम्रो लागि लायकको छ।)

हाहाकार- /हाहाकार्/ना. १. आतङ्कपूर्ण कोलाहल, हल्लाखल्ला २. अत्याउने स्थिति ३. उपभोग्य सामानको ज्यादै अभाव।

हाहाहुहु-/हाहाहुहु/ना. ठट्टा मजाक। (उदा. केटाकेटीहरू हाहाहुहु गर्दै छन्।)

हिँड्डुल-/हिँड्डुल्/ना. सुस्तरी यताउति हिँड्ने र घुम्ने काम, घुमफिर। (उदा. रातभर विना काममा हिँड्डुल गर्ने काम राम्रो होइन।)

हिँड्नु-/हिँड्नु/क्रि. खुट्टा चालेर फट्को मार्दै वा सार्दै एक ठाउँबाट अर्को ठाउँमा जानु। (उदा. हामी दुई घण्टा हिड्यौं।)

हिंसा- /हिम्सा/ना. १. प्राणीलाई मार्ने काम, काटमार, हत्या।

हिउँ-/हिउँ/ना. लेकको पहाडको टाकुरामा जमेको पानीको सेतो ढिक्का। (उदा. हिमालमा हिउँ नै हिउँ हुन्छ।)

हिजो-/हिजो/क्रियो. गएको दिन, आजभन्दा पहिलो दिन। (उदा. म हिजो मामाघर गएको थिएँ।)

हिटर-/हिटर्/ना. भात पकाउन, पानी आदि तताउन वा जाडामा ताप्न प्रयोग गरिने बिजुली बलेको तार, बिजुलीको चुलो, (उदा. आजभोलि ग्यास, मट्टीतेल, सौर्यशक्ति आदिबाट पनि हिटर चलाइन्छ।)

हित-/हित्/ना. कसैको असल हुने काम, फाइदा, लाभ। (उदा. हामीले सबैको हित चिताउनु पर्छ।)

हिन्दु-/हिन्दु/ना. वेद, धर्म शास्त्र, नीति शास्त्र, पुराण आदिलाई आफ्नो धर्म ग्रन्थ मान्ने जाति वा धर्म। (उदा. उनीहरू हिन्दु हुन्।)

हिन्दुस्तान-/हिन्दुस्तान्/ना. हिन्दुहरू धेरै सङ्ख्यामा बसेको ठाउँ, भारत। (उदा. हिन्दुस्तान नेपालभन्दा विकसित छ।)

हिफाजत-/हिफाजत्/ना. जोगाएर राख्ने काम, सुरक्षा, जतन।

हिमाल-/हिमालय/ना. हिमालय। (उदा. शेर्पाहरू हिमाल चढ्न प्रसिद्ध छन्।)

हिम्मत-/हिम्मत्/ना. कठिन काम गर्ने आँट, पराक्रम, बहादुरी। (उदा. मलाई यो काम गर्न सक्ने हिम्मत छ।)

हिरा-/हिरँ/ना. कोइलाखानीको आसपासमा पाइने अति साह्रो बहुमूल्य रत्न। (उदा. हिराका गहना महँगा हुन्छन्।)

हिलो-/हिलो/ना. पानीमा मुछिएको माटो, माटाको लेदो। (उदा. रोपाइँमा हिलो छ्यापाछ्याप गर्छन्।)

हिसाब- /हिसाब्/ना. १. जोड घटाउ आदि कार्य, अङ्कको गणना, गणित ३. आयव्ययको विवरण

हीन-/हिन्/वि. निन्दा गर्न योग्य, नीच, अधम, (उदा. बुद्धिहीन मान्छेले विद्वान्का कुरा बुझ्न सक्दैन।)

हीरा-/हिरँ /ना. हे. हिरा।

हुर्काउनु-/हुर्काउनु/क्रि. बढ्ने पार्नु, हुर्क्ने पार्नु। (उदा. मैले चल्ला हुर्काएँ।)

हुर्किनु-/हुर्किनु/ क्रि. जवान होइनु, हुर्कनु। (उदा. छोराछोरी हुर्किए।)

हुल-/हुल्/ना. बथान, ताँती। (उदा. एक हुल गाई यतै आए।)

हुलमुल-/हुल्मुल्/ना. मान्छे धेरै भएको अवस्था, भिडभाड। (उदा. हुलमुलमा जिउ जोगाउनु भन्छन्।)

हेप्नु-/हेप्नु/क्रि. कसैको डर, धाक नमान्नु, अरूलाई आफूभन्दा तलको ठान्नु, अपमान गर्नु, थिचोमिचो गर्नु, हेला गर्नु। (उदा. हामीले कसैलाई हेप्नु हुँदैन।)

हेरचाह-/हेर्चाह/ना. रेखदेख गर्ने काम, हेरविचार गर्ने काम, (उदा. केटाकेटीको हेरचाह गर्नुपर्छ।)

हेरविचार-/हेरबिचार्/ना. हेरचाह। (उदा. केटाकेटीको हेरविचार गर।)

हेर्नु-/हेर्नु/क्रि. आँखाद्वारा कुनै व्यक्ति वा वस्तुको रङ, आकृति आदिको ज्ञान प्राप्त गर्नु, हेरविचार गर्नु, कुर्नु, रुङ्नु, विवेक पुऱ्याउनु। (उदा. गरिबको दुःख हेर्नुपर्छ।)

हेला- /ना. १. अनादर, अपमान २. उपेक्षा बेवास्ता ३. निन्दा हेपाइ।

हेलचेक्र्याइ-/हेल्चेक्र्याइँ/ना. जरुरी कामकुरामा पनि ध्यान नदिने बानी, अटेरीपन, (उदा. यस काममा पनि हेलचेक्र्याइँ गऱ्यौ भने तिमीले सजाय पाउँछौ।)

हेल्थ असिसेन्ट-/हेल्थ असिस्टेन्ट/ना. स्वास्थ्य-चौकीमा बिरामीको उपचार गर्ने व्यक्ति, स्वास्थ्य सहायक। (उदा. गाउँमा हेल्थ असिटेन्ट आएको छ।)

हैजा-/हैजा /ना. पटकपटक दिसा र वमन भइरहने एक सरुवा रोग। (उदा. यसपालि हैजाले धेरै केटाकेटी बिरामी परे।)

हैरान- /हैरान्/वि. १. दिक्क लाग्दाको स्थिति, दिकदार, निराश, वाक्क २. थाकेको।

होचो-/होचो/वि. अग्लो नभएको, पुड्को। विप. अग्लो। (उदा. यो घरभन्दा त्यो घर होचो छ।)

होटेल-/होटेल्/ना. मूल्य तिरेर खानपिन गर्न र बस्न पाइने घर। (उदा. आज होटेलमा धेरै यात्री आएका छन्।)

होमवर्क-/होम्वर्क्/ना. विशेष गरी विद्यार्थीलाई घरमा गर्नका लागि दिइने काम, गृहकार्य। (उदा. उसले सबै होमवर्क गरिसक्यो।)

होली-/होलि/ना. फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म एकापसमा रङ छ्यापेर वा अबिर दलेर मनाइने उत्सव, फागु, होली,

फागुका अवसरमा गाइने गीत । (उदा. यसपालिको होली सार्है रमाइलो भयो ।)

होस-/होस्/ना. मान्छेमा हुने चेतना, ज्ञान, सुद्धी, बुद्धि, स्मरण, समझ, अक्कल । (उदा. होस पुर्‍याएर काम गर है, नत्र बिग्रन्छ ।)

होसियार-/होसियार्/वि. होस वा चेतना भएको, सजग, सचेत, बुद्धिमान् ,चलाख । (उदा. होसियार मान्छेले काम गर्दा दु:ख पाउँदैनन् ।)

होस्टे-/होस्टे/ना. समूहमा बोझिलो वस्तु उचाल्दा, ठेल्दा वा तान्दा भनिने शब्द ।

होहल्ला-/होहल्ला/ना. १. ठुलो हल्ला, कोलाहल, हल्लीखल्ली । (उदा. भूकम्प जाँदा टोलमा होहल्ला मच्चियो । २. झगडाको आबाज, खलबल । ३. अनावश्यक हल्ला, अफवाह ।

ह्याकुलो-/ह्याकुलो/ना. छातीको अगिल्लो उठेको भाग, छाती । (उदा. खसीको ह्याकुलो मोटो रहेछ ।)

ह्वारह्वार-/ह्वार्ह्वार्/ क्रि. ठुलो आगो बल्दाको आबाज, धेरै मानिस एकैचोटि निस्कने वा पस्ने गर्दाको आबाज । (उदा. मट्टीतेल हालेपछि आगो ह्वाह्वार बल्यो ।)

ह्वास्स-/ह्वास्स/क्रियो. नराम्रो गन्ध आउने गरी । (उदा. उसको कोठामा पस्ने बित्तिकै ह्वास्स गनायो ।)

ह्विस्की-/हिवस्कि/(आ) ना. एक प्रकारको रक्सी । (उदा. जाडो मौसममा ह्विस्की खान्छन् ।)

ह्वेल-/ह्वेल्/ना. सबैभन्दा ठुलो स्तनपायी जलजन्तु, संसारको सबभन्दा ठुलो प्राणी, सबभन्दा ठुलो माछो ।

5266